

६
INLS
Darpan
अनेसास
दर्पण
अनलाइन पत्रिका
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
International Nepali Literary Society

अनेसास

# दर्पण

INLS Darpan

## अनलाइन पत्रिका





**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**International Nepali Literary Society (INLS)**

केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी., अमेरिका

अनेसास दर्पण

INLS Darpan

**अनलाइन पत्रिका**

| | | |
|---|---|---|
| प्रकाशक | : | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)<br>केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी., अमेरिका |
| संस्करण | : | अनलाइन |
| अङ्क | : | छ |
| प्रधान सम्पादक | : | लालगोपाल सुवेदी |
| कार्यकारी सम्पादक | : | स्पन्दन विनोद |
| प्रविधि सम्पादक | : | कुसुम ज्ञवाली |
| प्रकाशन | : | वि.सं. २०७६ (जनवरी-फेब्रुअरी-मार्च, २०२०) |
| सर्वाधिकार | : | © प्रकाशकमा |
| आवरण कला | : | निक जोशी |
| कम्प्युटर सेटिङ | : | दीपेन्द्रकुमार जोशी 'निक'/सुमिना जोशी<br>निक द डिजाइनर, नारायणगढ, चितवन<br>०५६-५७१७४०/९८४५०५३३९१ |

INLS Darpan

Online Magazine by International Nepali Literary Society (INLS) Central Committee

अनेसास
# दर्पण INLS Darpan
## अनलाइन पत्रिका

वर्ष : ६ अङ्क : १ पूर्णाङ्क : ६ जनवरी-फेब्रुअरी-मार्च, २०२०

सल्लाहकार :

**राधेश्याम लेकाली** (अध्यक्ष : केन्द्रीय कार्य समिति)

**गीता खत्री** (अध्यक्ष : बोर्ड अफ ट्रस्टी)

प्रधान सम्पादक :

**लालगोपाल सुवेदी**

कार्यकारी सम्पादक :

**स्पन्दन विनोद** (पोर्चुगल)

प्रविधि सम्पादक :

**कुसुम ज्ञवाली**

सम्पादक

**राजेश बुढाथोकी** (अस्ट्रेलिया)

**प्रकाशचन्द्र घिमिरे** (अमेरिका)

**महेश्वर शर्मा** (अस्ट्रेलिया)

**नीलकण्ठ सुवेदी** (अमेरिका)

**ऋषि बराल** (नेपाल)

**खगेन शर्मा** (भारत)

**अरुण पौडेल** (जापान)

**सरोज भण्डारी 'सर्वहारा'** (कोरिया)

**गणेश आचार्य** (इटाली)

# शुभकामना

**अनेसास दर्पण**, सन् १९९३ को जुलाईमा प्रकाशित भएको अनेसासको इलेक्ट्रोनिक न्युजलेटरसित गाँसिएको लामो इतिहास छ । त्यही न्युजलेटर सन् १९९४ मा इलेक्ट्रोनिक पक्षमा अनेसासको वेभसाइट inls.org मा र मुद्रण पक्षमा **अन्तर्दृष्टि** नामले साहित्यिक पत्रिकामा विकसित भई यो निःशुल्क अमेरिकाका सबै साधारण सदस्यलाई वितरण गरिन्थ्यो । अनेसासको विकास र विस्तारले व्यापक रूप लियो अनि डायस्पोरामा नेपाली सङ्ख्याको बढ्दो चापले **अन्तर्दृष्टि**को भोलुम पनि ठुलो भो, निःशुल्क वितरण गर्न पनि सम्भव भएन भने त्यसको विकल्पमा इलेक्ट्रोनिक न्युजलेटर र inls.org को विकसित रूपमा **अनेसास दर्पण** आयो । यसले अनेसासको पत्रिका प्रकाशनको १९९३ देखिको इतिहास बोकेको छ, १९९४ देखिको **अन्तर्दृष्टि** साहित्यिक पत्रकारिताको परम्परा थामेको छ र साइबरको विकासको साथ विश्वभरका नेपालीको बिचमा मिनेटमा वितरण गर्न सकिने उपायलाई अङ्गीकार गरेको छ । त्यसमाथि अहिले त लालगोपाल सुवेदीजस्ता उच्चकोटीका साहित्यकारको सम्पादन परिषद् पाएको छ । **अनेसास दर्पण**ले अनेसासको इतिहासलाई सगौरव भविष्यको काखमा राखी अनलाइन पत्रिकाको वृत्तमा सर्वपठनीय बनाएर अन्तर्राष्ट्रियकरण गर्नेछ भन्ने कुरामा हामी विश्वस्त छौँ . **अनेसास दर्पण**को उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

**होमनाथ सुवेदी**
संस्थापक अध्यक्ष,
अनेसास, केन्द्र, संयुक्तराज्य अमेरिका
जनवरी ६, २०२०

# अध्यक्षको मन्तव्य

विश्व प्रविधिमय भएको छ। नेपाली साहित्यका हजारौँ पत्रपत्रिका अनलाइन भर्सनमा प्रकाशित भइरहेका छन् । पाठकहरूको पहुँच पनि अनलाइन पत्रिकामै बढी छ। कागजीस्वरूपमा प्रकाशित गरिने पत्रिकाहरू खर्चिला र महङ्गा हुँदैगएका छन् भने पत्रिका समयमै पाठकसम्म पु¥याउन निकै कठिन छ। यसैले अनेसासका तर्फबाट विश्वभरिका सबै नेपालीको भावना अटाउन सक्ने सबैभन्दा सुगम चौतारी 'अनेसास दर्पण' हुनसक्छ भन्ने बुझेर नै हामीले यस खालको अनलाइन प्रत्रिका प्रकाशन गर्न थालेका हौँ ।

'अनेसास दर्पण' को छैटौँ अङ्क पस्कन पाउँदा हामीलाई खुसी लागेको छ । यसमा धेरैभन्दा धेरै स्रष्टाहरूलाई समेट्ने प्रयास गरिएको छ । प्रवासमा कविहरूको नै सङ्ख्या बढी भएकाले तुलनात्मक रूपमा कविताहरू बढी हुनु स्वाभाविक हो। यस अङ्कमा कविताहरू बढी आएकाले रचनाविन्यासलाई वैज्ञानिक तवरले व्यवस्थित गरिएको मैले पाएँ। यहाँ प्रकाशित रचनाहरूले एकातर्फ सबै विधाको प्रतिनिधित्व गरेका छन् भने पूर्ववर्ती अङ्कहरूको दाँजोमा यो अङ्क स्तरीयसमेत बनेको छ। यसका लागि प्रधान सम्पादक लालगोपाल सुवेदी र सबै सहयोगीजनलाई धन्यवाद भन्न चाहन्छु। सबै रचनाकारहरूप्रति हाम्रो सम्मान छ। यहाँहरूबाट यसका धनात्मक ऋणात्मक पक्षका बारेमा निष्पक्ष प्रतिक्रियाको समेत आशा गर्दछौँ।

**राधेश्याम लेकाली**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्य समिति

# हार्दिक शुभकामना

अन्तर्राष्ट्रिय नेपाली समाजले विगत केही वर्षदेखि प्रकाशन गर्दै आइरहेको **अनेसास दर्पण** अनलाइन पत्रिकाको अङ्क ६ प्रकाशन हुन लागेको खबरले मलगायत अनेसास परिवारलाई ज्यादै खुसी बनाएको छ। यस कठिन कामको जिम्मा लिएर नेपाली भाषा-साहित्य, कला र संस्कृतिलाई विश्वविस्तारीकरणको अभियानमा आ-आफ्नो क्षेत्रबाट समर्पण देखाउने प्रधान सम्पादक लालगोपाल सुवेदीसहित सम्पादन मण्डलका सबैलाई मुरी-मुरी धन्यवाद दिन चाहन्छु।

विश्वभर छरिएर रहेका नेपाली भाषाभाषीहरूलाई भाषाको सरल र सुलभ माध्यमबाट एकताको सूत्रमा आबद्ध गर्न यस अनलाइन प्रकाशनले ठुलो भूमिका निर्वाह गर्नेछ भन्ने मैले ठानेकी छु। मानिसहरूको मौलिक परिचयसँग भाषा-साहित्य, कला, संस्कृति जोडिएको हुन्छ। भाषाले नै मान्छेको मौलिकता र संस्कृतिलाई सम्बर्द्धन र संरक्षण गर्दै समाजलाई अगाडि बढाइरहेको हुन्छ। साहित्यबाटै त्यहाँको सभ्यताको परिचय पाउन सकिन्छ। त्यसैले हामी जहाँ बसे पनि, जहाँ रहे पनि आफ्नो भाषा, संस्कृतिलाई सधैँ संरक्षण-सम्बर्द्धन गर्नमा तल्लीन छौँ। यो नै हाम्रो परिचय र पहिचान हो।

यसै पुनीत उद्देश्य परिपूर्ति गर्ने हेतुले **अनेसास दर्पण**ले सबैतिरको सबैखाले लेखरचनालाई आफ्नो प्रकाशनभित्र समावेश गर्न सफल हुनेछ भन्ने मैले विश्वास लिएकी छु। अनेसासका सम्पूर्ण आजीवन सदस्यज्यूहरू, अनेसासलाई माया गर्ने सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरू तथा नेपाली भाषा-साहित्यलाई माया गर्नेहरूबिच **अनेसास दर्पण** लोकप्रिय भई फैलँदै र मौलाउँदै जाओस् मेरो हार्दिक शुभकामना छ।

**गीता खत्री**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
बोर्ड अफ ट्रस्टी (BoT)

# प्रधान सम्पादकको कलम

राधेश्याम लेकालीको अध्यक्षतामा निर्वाचित अनेसास केन्द्रीय कार्य समिति (२०१८-२०२०) ले आफ्नो कार्यकाल पूरा गर्दैगर्दाको अन्तिम चरण विश्वव्यापी कोरोना क़हरको कटु प्रभावबाट अछुतो रहेन । अमेरिकाको बोस्टनमा आयोजना गर्न लागिएको अनेसास अमेरिका क्षेत्रीय साहित्य सम्मेलन कोरोनाकै कारणले टरेर गयो भने महिला सम्मेलन लगायत अन्य धेरै महत्त्वपूर्ण कार्यक्रमहरू पनि टरे । तैपनि हामीलाई प्राप्त जम्माजम्मी पन्ध्र-सोह्र महिनाको अवधिमा गर्न सकिएका कार्यहरू भने उल्लेख्य र ऐतिहासिक छन् ।

बेलायतमा सम्पन्न छैटौँ अन्तर्राष्ट्रिय साहित्य सम्मेलन, जापानमा सम्पन्न तेस्रो अनेसास च्याप्टर सम्मेलन, दार्जिलिङमा सम्पन्न दोस्रो नेपाली साहित्य सम्मेलन, असममा सम्पन्न विशेष साहित्यिक कार्यक्रम, मेरिल्यान्डमा सम्पन्न एएनए सम्मेलन प्रवासमा रहेका हामी नेपाली भाषा साहित्य र संस्कृतिप्रेमीहरूका लागि साँच्चै नै अविष्मरणीय घटनाहरू हुन् । बेलायत, जापान र असम च्याप्टरको प्रायोजन र अनेसास केन्द्रको आयोजनाबाट महत्त्वपूर्ण प्राज्ञिक कार्यहरू सम्पन्न भएका छन् । बेलायत र जापान च्याप्टरका साथीहरूको अभूतपूर्व खटाइबाट नै यति गहकिला कार्यहरू सम्पन्न हुन सके । उहाँहरूलाई केन्द्रीय कार्य समितिका तर्फबाट म हादिक बधाई तथा धन्यवाद भन्न चाहन्छु । बेलायतका माइकल हट र जापानका हारुहितो नोजुको सहभागिता र कार्यपत्र प्रस्तुतिले नेपाली साहित्यमा विश्वव्यापीकरण अभियान ओजिलो बन्दै गएको अनुभूति हुन्छ । यसै अवधिमा २० वटा उत्कृष्ट नेपाली कथाहरूलाई अङ्ग्रेजीमा अनुवाद गरी पुस्तकाकार कृतिका रूपमा प्रकाशन गरिएको छ भने संस्थापक अध्यक्ष होमनाथ सुवेदीद्वारा लिखित समालोचना ग्रन्थको प्रकाशन समेत अनेसासबाट भएको छ । यसै मेसोमा उत्कृष्ट कविता र निबन्धहरूको अङ्ग्रेज़ी अनुवाद समेत प्रकाशन प्रक्रियामा छ । हामीबाट थोरै कार्य भए पनि तिनमा गुणात्मकता छ । अब हामीबाट हुने काम गुणात्मक हुनुपर्छ । यसमा कसैको दुईमत छैन ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज केन्द्रीय कार्य समितिका पदाधिकारीहरूबिच दर्जनौँ सघन प्रकारका बैठकहरू भएका छन् । प्रायः तीन या चार घण्टा समय खर्च गरी गरिएका बैठकमा अनेसासको प्रतिष्ठा कसरी उच्च बनाउने र कसरी गहकिला कामहरू सम्पन्न गर्ने भन्ने ध्येयबाट व्यापक बहस र विमर्शहरू भए । यिनै मिटिङहरूको प्रतिफल हो पुरस्कारहरू र प्रतिभा चयन प्रक्रियामा आएको व्यापक परिवर्तन । हामीले जोसुकैका नाममा स्थापित २०० सय डलरका पुरस्कार दिने परम्परा भङ्ग गरी, पुरस्कार राशीसमेत अभिवृद्धि गरी पुरस्कारलाई संस्थागत बनाएका छौँ भने प्रतिभा चयन विधि पनि निष्पक्ष, विधिसम्मत र वैज्ञानिक बनाउने प्रयत्न गरेका छौँ । यसका लागि हामीबाट निकै बहसहरू भए । यिनै बहसहरूको प्रतिफल हो यस पटकको प्रतिभा चयन । पुरस्कृत प्रतिभाको नाम सार्वजनिक भएपछि पहिले-पहिलेझैँ हामीले नकारात्मक गुनासाहरू खासै सुन्नु परेन । साँच्चै भन्ने हो भने यसबाट अलिकति भए पनि अनेसासको साखवृद्धि भएको अनुभूति विज्ञजनहरूले गरेका छन् । यो अनेसासका शुभचिन्तकहरूबाट आएको प्रतिक्रिया हो । लकडाउनको अवधिमा भौतिक उपस्थिति जनिने खालका कार्यक्रमहरू गर्न नसकिए पनि हामीबाट अनलाइन मिटिङहरू भइ नै रहे । अनेसास विधान संशोधन एजेन्डालाई निष्कर्षमा लैजानका लागि खर्च गरिएको समय साँच्चै नै उल्लेख्य छ, बहस उल्लेख्य छ । पहिले केन्द्रीय कार्य समितिमा १२ जना मात्र अटाउँथे भने यस पटकबाट १७ जना अटाउने गरी यसको संरचना निर्माण भएको छ । आजीवन सदस्यहरूको विवरण अभिलेखीकरणका लागि छुट्टै नयाँ वेभसाइटको निर्माण गरिएको छ । नीतिगत रूपमा अन्य महत्त्वपूर्ण कार्यहरूसमेत भएका छन् । कोरोना कहरमय यस अवधिमा महासचिव गणेश घिमिरेबाट सञ्चालन भइरहेको अनेसास अनलाइन संवाद तथा उपाध्यक्ष भीमसेन सापकोटाद्वारा सञ्चालित योग तथा ध्यान कार्यक्रम पनि अनेसासलाई माया गर्ने मनहरूसँग जोडिन गरिएका असल कार्यहरू नै हुन् ।

साहित्य समाजको ऐना हो भन्ने भनाइ आज पनि निकै सान्दर्भिक छ । प्रवासिएका नेपाली मनहरूको प्रतिबिम्ब साहित्य, संस्कृति र कलामा नै खोज्नुपर्दछ । अनेसास यसका लागि सबैभन्दा भरपर्दो माध्यम हो । यसै तथ्यलाई मनन गरी अनेसासले 'अन्तर्दृष्टि' त्रैमासिक पत्रिका र 'अनेसास दर्पण' अनलाइन पत्रिका प्रकाशन गर्दैआएको छ । यस निरन्तरतालाई यो हाम्रो कार्यकालले कायम गरेको छ । अनेसासको

कान्छो प्रयत्न 'अनेसास दर्पण' अनलाइन पत्रिका तपाईँहरूको हातमा छ । बृहत् अनेसास परिवारलाई एकै ठाउँमा भेला गराउने विविध विचार, कला, भावभङ्गिमा र बान्कीहरूलाई समेट्न सक्ने यो माध्यम हाम्रा लागि वरदान नै हो ।

कोरोना कहरको द्विविधागत परिस्थितिका कारण केही समय त हामी पनि अन्यौलग्रस्त नै बन्न पुग्यौँ। कर्तव्यबोधले घच्घच्याएपछि बँचेखुचेको समयमै पनि केही त गर्नैपर्छ भन्ने भाव जागृत भयो र यही भावको मूर्तरूप हो यो अङ्क । विधागत विविधताले सिँगारिएको रङ्गीचङ्गी फूलबारीजस्तै होस् पत्रिका भन्नेतर्फ हामी सचेत भयौँ । यसैअनुरूप विविध विधाका लागि च्याप्टरका साथीहरूलाई भन्न लगाएर रचनाहरूको आह्वान गर्‍यौँ तर हाम्रो अपेक्षाअनुरूपका रचना धेरै समयसम्ममा पनि प्राप्त हुन सकेन । यो अङ्क प्रकाशन ढिलो हुनुको प्रमुख कारण यो पनि हो । धेरै प्रवासी साथीहरूलाई समेट्नु पनि पर्ने र स्तरीयता पनि दिनुपर्ने दुवै चुनौती हाम्रा सामु आए । यसका लागि बलियो कलम भएका स्रष्टाहरूसँग प्रत्यक्ष सम्पर्क गरेरै भए पनि स्तरीय कविता, स्तरीय निबन्ध, स्तरीय कथा, समालोचना र लेखहरू जुटाई यसलाई साहित्यिक पौष्टिकतायुक्त बनाउने प्रयत्न गरिएको छ। प्रवासी स्रष्टाहरूलाई समेट्ने प्रयास पनि गरिएको छ । धेरै सङ्ख्यामा कविताहरू आएकाले सबै कविता यस अङ्कमा अटाउन सकिएन । बाँकी रचनाहरूलाई अर्को अङ्कमा समावेश गर्ने हाम्रो योजना छ। 'अनेसास दर्पण' का लागि ज-जसले हामीलाई रचना पठाउनुभयो उहाँहरू सबैमा सम्पादक समूहका तर्फबाट हार्दिक धन्यवाद भन्न चाहन्छु। मलाई 'अनेसास दर्पण' का लागि प्रधान सम्पादकको ज़िम्मेवारी प्रदान गरिएकोमा केन्द्रीय कार्य समितिमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यो सामूहिक कार्य हो । जस जति सबै सहयोगीहरूमा जाओस् । यदि अपजस छन् मेरै मात्र भागमा परोस् । पुस्तक र पत्रिका प्रकाशनको समूह नितान्त प्राज्ञिक हुनुपर्दोरहेछ । प्राविधिकहरूको पनि निकै जरूरी रहेछ। यसो भयो भने 'अनेसास दर्पण' मात्र होइन अनेसासकै प्रतिष्ठा र साखमा बढोत्तरी आउन सक्छ ।

जय अनेसास ! जय नेपाली भाषा र साहित्य !

**लालगोपाल सुवेदी**
प्रधान सम्पादक
(सचिव, अनेसास केन्द्रीय कार्य समिति)

# विषयक्रम

## शुभकामना क्रम


| | | |
|---|---|---|
| १) | होमनाथ सुवेदीको मन्तव्य | ६ |
| २) | राधेश्याम लेकालीको मन्तव्य | ७ |
| ३) | गीता खत्रीको मन्तव्य | ८ |
| ४) | प्रधान सम्पादकको कलम | ९ |


## गद्य कविता खण्ड (भाग १)


| | | |
|---|---|---|
| १) | कृसु क्षेत्री | १७ |
| २) | शिव गौतम | १९ |
| ३) | गोविन्द गिरी 'प्रेरणा' | २० |
| ४) | राम लामा | २१ |
| ५) | प्रकाश नेपाल | २२ |
| ६) | डा. मधु माधुर्य | २३ |
| ७) | किसन धामी | २६ |
| ८) | दीप पाठक | २८ |
| ९) | ईश्वरी भट्ट | २९ |
| १०) | मुक्ति गौतम | ३० |
| ११) | नारायण अधिकारी | ३१ |
| १२) | सुशील नेपाल | ३२ |
| १३) | गोपाल रेग्मी | ३३ |
| १४) | सुरेश पोखरेल | ३४ |

१५) यम पौडेल 'मट्टिखान' ३५
१६) अतिथि कवि श्रवण मुकारुङ ३५

## समालोचना/लेख खण्ड

१) महेश पौडेल ३७
२) लालगोपाल सुवेदी ४९
३) ज्ञानु अधिकारी ५३
४) उपमा आचार्य ७०
५) पदम विश्वकर्मा ७६
५) हरिप्रसाद काफ्ले 'शैव' ८०

## छन्दोबद्ध कविता खण्ड (भाग - २)

१) दुर्गा रिजाल ८४
२) हरि घिमिरे ८५
३) सुदीपभद्र खनाल ८५
४) राजेन्द्र श्रेष्ठ 'राज' ८६
५) देव भट्टराई ८६

## कथा/लघुकथा/नाटक खण्ड

१) नीलम कार्की 'निहारिका' ८८
२) पुनम काफ्ले १००
३) सुरेन उप्रेती १०६
४) रश्मि भट्ट १११
५) अनुराधा शाह ११४

६)	शिव लामिछाने	११५

## कवितामा नारी हस्ताक्षर (गद्य कविता खण्ड, भाग -३)

१)	मनु लोहोरुङ राई	१२४
२)	राखी गौचन	१२६
३)	कल्पना सुवेदी	१२७
४)	नम्रता गुरागाईं	१२८
४)	विजयासिम	१२९
५)	नीरा शर्मा	१३०
६)	दीपा राई पुन	१३१
७)	कमला प्रसाईं	१३३
८)	रजनी श्रेष्ठ	१३४

## निबन्ध/नियात्रा/संस्मरण खण्ड

१)	भारती गौतम	१३६
२)	युवराज नयाँघरे	१४१
३)	गीता खत्री	१४९
४)	आचार्य राजन शर्मा	१५४

## गीत/गजल/मुक्तक खण्ड

१)	ज्योति पौडेल	१५८
२)	सुनील संगम	१५८
३)	रूपक श्रेष्ठ	१५८
४)	डा. ऋषि बस्ताकोटी	१५९

५)	ज्ञानेन्द्र गदाल	१५९
६)	गोबर्द्धन पूजा	१६०
७)	नीलकण्ठ सुवेदी	१६०
८)	निरु न्यौपाने	१६१
९)	आनन्द श्रेष्ठ	१६१
१०)	हरिमाया अधिकारी खतिवडा	१६२
११)	स्पन्दन विनोद	१६२
१२)	पुरु सुवेदी	१६३
१३)	अरुण पौडेल	१६४
१४)	ऋषि बराल	१६४
१५)	कृष्ण बजगाईं	१६५
१६)	सबी श्रेष्ठ	१६५

## र अन्त्यमा

१)	राधेश्याम लेकाली	१६७
२)	प्रकाश पौडेल 'माइला'	१६७
३)	गणेश घिमिरे	१६८

## जाँदाजाँदै

हार्दिक आभार	१६९

●

# गद्य कविता खण्ड (भाग १)

कविता

# स्टयाचु अफ लिबर्टीमा एक शरणार्थी

Give me your tired, your poor
Your huddled masses yearning to breathe free
- Emma Lazarus

● कृसु क्षेत्री

रातभरि जुनकीरीझैँ हिँड्दै
दिनभरि सडक बालकझैँ
एउटै बोरामा निदाउँदै
परिचय खोज्नेलाई
परिचयविहीन बन्दै
देश सोध्नेलाई अनागरिक भन्दै
तिमीसम्म आइपुगेको
म एउटा शरणार्थी
ए स्टयाचु अफ लिबर्टी !
न्युयोर्क हार्बरको बिचमा
सगर्व उभिएकी
ए चम्किलो तारा !
म तिम्रो मोहक मादक
स्वरूपको बत्तीमा
आत्मदाह गर्न उभिएको
पुतली

प्वाँख पलाउन थालेपछि
आकर्षण गर्न थाले
तिम्रा किम्बदन्तीहरूले
जाज्वल्य ज्योतिपुञ्ज लिएर
अनन्त अनन्त आकाशमा
आलोकित हुने
एउटा शाश्वत सत्यमा
तिम्रो मोहपासमा मन्त्रमुग्ध म
समुद्रमा घिस्रँदै
जमिनमा पौडदै
कोलम्बसझैँ टेकेको छु
टेक्दाटेक्दै
सबैभन्दा अग्लो आकृतिमा
समुद्री गर्जनजस्तो स्वरमा
बलिरहेको प्रदीप्त ज्वाला लिएर
उभिरहेकी एउटी देवीको आकृति देख्छु
अझ भनौँ
अनुहारमा चाउरी परेर पनि
स्नेह बर्साइरहने गाउँमै छाडेर आएकी
आमाको आकृति देख्छु

जब समावेशी हातले मलाई सुम्सुम्याउँदै
मातृवात्सल्य अँगालोमा कस्छ्यौ
बिर्सन्छु सबै विगतका पीडाहरू
तिमीसम्म आइपुग्दाका यातनाहरू
घृणा र सजायँहरू
एउटा दुर्व्यसनीझैँ आइपुगेको छु यहाँसम्म
आँखामा टाँसेर
तिम्रो आकृति

लाग्छ
मसाल बोकेर
अँध्यारोमा, वर्षात्मा
हिमपातमा वा हावाहुरीमा
एक्लै उभिइरहेकी
मुकुट लाएर
आशाको गर्वको
स्वाभिमानको
चम्किलो आँखामा
मौन ओठहरूमा
शुष्क गुम्फनमा
हातमा किताब लिएर
निसहायहरूको सहाराझैँ उभिएकी
आमा हौ यस धरतीकी

तर नियाल्दै जाँदा
तिम्रो चाउरी परेको अनुहारमा
देखिन्छ विषादका रेखाहरू
सेतै कपालमा देखिन्छ
चिन्ताको हिमाल
थरथर काँप्दै गरेको शरीरमा
देखिन्छ दुःखको सागर
घाम देख्न नपाएझैँ देखिन्छ
बादलको घुम्टी ओढेर
पानीमा डुब्दै उत्रिदै गरेको
तिम्रो आकृति
छातीभित्र दावानलझैँ सल्किएको
गतिशील ज्वालामुखीको आगो
अनि आँखामै आएको सुनामी

सायद हुनसक्छ
आज तिम्रा सन्तानले
पर्खाल लाएर सभ्यता छेक्छु भन्छ
प्रवेश निषेधको घोषणा गर्दै
तिमी समीप पुग्ने बाटो रोक्छु भन्छ
रङको आधारमा
भाषाको आधारमा
जातिको आधारमा
क्षेत्रको आधारमा
धर्मको आधारमा विभेद गर्छ
र भिराउँछ अर्थहीन बिल्लाहरू
नानीका लागि पाठशाला बनाउन छाडेर
बन्दीगृहहरू थपिरहन्छ
लिङ्कन मार्टिन लुथरलाई
बर्सौंपछि दाहसंस्कार गर्दै
खुट्टामा जिपिएस लगाएका
नवीन दासहरू जन्माउँछ

म पनि एउटा शरणार्थी
खुट्टामा बाँधिएको जिपिएसमा
तिमीसम्म आइपुगेको छु आमा
म आफ्ना सबै पीडा भुलेर
तिम्रो दुःख कम गर्न आइपुगेको छु
तिमी आँसुको पोखरीमा
डुबेर उभिएको हेर्दैछु
न्युयोर्क हार्बर तिम्रो आँसुको
तलाउ बन्दै गरेको
आफ्नै आँसुले तिम्रो विचारको
ज्वाला निभेको हेर्दैछु

भयो अब तिमी अग्लिनुको
कुनै अर्थ छैन
हाम्रो मनमा गर्व गरेर
तिमी उभिनुको कुनै औचित्य छैन
गरिबीको विरुद्धमा
रङभेदको विरुद्धमा
स्वतन्त्रताको पक्षमा
स्वाधीनताको पक्षमा
आकाश छुने गरी
अग्लिएको छु किन भन्नु ?

ए स्वतन्त्रताकी देवी !
तिमी हुनु र नहुनुको
कुनै अर्थ छैन
औचित्य सावित गर
नभा हामी शरणार्थीहरूको
आत्महत्यामा सहभागी बन
अँगालो मार, हात समात
आऊ हामीसँगै आत्मदाह गर ।

●

बालगीत

# मदालसाको लोरी

● शिव गौतम

तिमी शुद्ध छौ, तिमी बुद्ध छौ
यस्ता कुरा तिमी बुझ्दछौ
निद्रा र मोहबाट उठ न
मदालसा सुत न सुत न

तिमी शुद्ध छौ, तिमी बुद्ध छौ
तिमी र त दाग रहित छौ
निद्रा र मोहबाट उठ न
मदालसा सुत न सुत न

देलान् कतिले नाम तिमीकन
साइनो कतिले कुनै लगाइकन
मोहमा नपर यी हुन् साधारण
वरण नगर त्यस्ता कुनै आवरण

कुनै नाम हुन्न शुद्धताको
जुनै नाम होस् फगत नाम हो
तिमीले यो सब बुझ्नु राजा
रुनेका ती आँसु पुछ्नु बाबा

माया हो यो छायाँ यो सब
रुनु के का लागि तिमीले तब
निद्रा र मोहबाट उठ न
मदालसा सुत न सुत न

कविता

# चराको चिन्ता

● गोविन्द गिरी 'प्रेरणा'
बृन्दावन, भारत

मन्दिर छेउको चौतारीमा
गुड बनाएका चराहरू
बाटो हेरिरहेछन् भक्तहरूको !
कहाँ गए मानिसहरू
के भयो मानिसलाई
भगवान्लाई भोकै राखेर
कहाँ हराए
भगवान्लाई बिर्सेर
किन घरमै लुकिरहेछन् ?

भगवान्का लागि चढाएका
अक्षता नै त थियो आहारा
तिनीहरूले बजाउने शङ्ख घण्टा
हामीले सुन्ने सङ्गीत
हामीले जन्मेदेखि नदेखेको
यो सुनसान कहाँबाट आयो
के ले तर्सायो मान्छेहरूलाई ?

हावा चलेको छ
पातहरू हल्लिएका छन्
नदी पनि बगिरहेछ सुस्तरी
तर मान्छेहरू देखिन्नन्
न मन्दिरमा
न टोलमा
न सहरमा
कहाँ हराए मानिसहरू
कहाँ अन्तर्ध्यान भए ?

●

कविता

# लत्रिएको आडम्बर

● राम लामा
अमेरिका

कमलको फूलझैँ फक्रिएको जवानी
जवानीसँगै भुन्भुनाएका भमरा
सिर्सिरे हावासँगै सल्बलाएका उत्सुकता
आकासिँदै गरेका उत्साह
सबै-सबै, तारापुञ्जसँगै रुमलिए ।

सगरमाथालाई पनि उछिनेको सम्पन्नता
उपभोग र उपयोगको म्याराथुनमा
तोडिएका अनगिन्ती किल्लाहरू
कतै बासना त कतै उन्माद
नाङ्गै जन्मिएको, रुँदै जन्मिएको
त्यही शरीर, यति धेरै खर्चिलोमा बदलियो
त्यही मुहार, यति धेरै हँसिलोमा बदलियो
उन्मत्त छ
न विगतको याद, न कर्तव्यको बोध ।

जिन्दगी सधैँ एकनास कहाँ हुन्छ र ?
समय न हो बदलिन्छ
धर्तीमा टुसाएको तामा
फूर्ति गरी बाँस बनी आकासिए पनि
एकदिन, त्यही टुप्पो धर्तीमा लत्रिएझैँ
मान्छे पनि लत्रिन्छ ।

आफ्नै उद्गमस्थल पुग्ने रहर गर्छ
त्यही दैलो उघार्दै
त्यही अँगेनामा त्यही ओदान
चिज सबै त्यहीँ छन्
तर, जिन्दगीभर अगुल्टो ठोस्दै
ढुङ्ग्रोले आगो फुक्दै
सन्तानको पेट भर्ने आमा
आगो फुक्दाफुक्दै प्राण गुमाइसकेकी छिन् ।

उनकै सम्झनामा
त्यही ढुङ्ग्राले आगो फुक्दै
आफ्नो अहङ्कार र आडम्बरलाई
पोलेर खरानी बनाउँछ
आफ्ना सन्तान पनि
आफू जसरी नै लत्रिएपछि फर्किएलान्
अनि, अँगेनाको डिलमा बसी
आगोको रापमा पारिवारिक सम्बन्धलाई
न्यानो पार्लान् भन्ने
झिनो आशालाई पोको कस्दै
पश्चात्तापको घेराभित्र
आफ्नै आँगनमा लम्पसार परेर
एक मुठी प्राण त्यागिदिन्छ ।

●

कविता

# बादलभित्र उनी

● प्रकाश नेपाल

म घरबाट बाहिर निस्केपछि
कसैले भनिदिएको हो - यो बाटो उ पारि जान्छ
जहाँ मान्छेहरू सरकार जाँन्दैनन्
झाँक्री र झारफुकबाहेक
उपचार जाँन्दैनन्
साँझ बिहानको छाकबाहेक
प्रचार जाँन्दैनन्

म भने
सिमलको भुवाजस्तै मेरा चाहनाहरू बटुलेर
हावाले कहिले यता कहिले उता उडाउँदै
पसेर बादलभित्र
सेताम्मे हिमालहरूमा ठोक्किएर
रगताम्य हुन्छु र पनि छोड्दिन सपनाहरू बुन्न

उनीहरू भने
आफ्ना रहरहरू बन्धकी राखेर
हिउँको चिसो सिरेटोमा
युद्ध लड्दै लिपुलेकको
हारमा जीत बोक्दै जिन्दगीको
दुई मुठी खुसी पैँचो मागेर
उड्दै उड्दै मनको आकाशभरि
त्यही लिपुलेक छातीमा राखेर
उडिरहेछन् निरन्तर
दुई छाक, नून र तेलको लडाइँ
लडिरहेछन् निरन्तर । ●

क्वान्टम कविता

# तेस्रो किनारामा 'म'

● डा. मधु माधुर्य

'मौन छ गोलसिमल
फुल्ने कि नफुल्ने
दोधारमा छ साँकुरा
मृत्युको दुर्गन्ध फर्माउँदै
झुल्केको वसन्त देखेर
मौन छ समय !

ooo

आ-आफ्ना स्थानमा
व्यस्त देखिन्छन्
केही मनुवाहरू
एक चित्रकार रङहरूसँग खेलिरहेछ
क्यानभासमा कुनै अमूर्त आकृति कोर्दै
उफ ! वीभत्स चित्र टल्किरहेछ निक्खर कालो रङमा !

एक वैज्ञानिक जटिल योजनामा मग्न छ
चन्द्रमालाई 'ट्रान्जिट' बनाएर
मङ्गल ग्रहमा मानवबस्ती बसाउने तरखरमा !

एक अर्थशास्त्री सोचिरहेछ
डलर, युरो र पाउन्डको थुप्रोले
कसरी उठाउने शानको अर्को सगरमाथा !

एक सैन्य अफिसर
सीमा सुरक्षाको नाममा 'जिपिएस सर्भे' गर्दैछ
क्षेप्यास्त्रले ध्वस्त पार्न देश र महादेश एकै प्रक्षेपणमा !

यी दृश्यहरू हेर्दाहेर्दै
कोलाहल मच्चियो कोरोना सङ्क्रमणको
एकपछि अर्को देशान्तरमा र पूरै पृथ्वीमा !

मानिसहरू -
कोही विमारले मर्न थाले
कोही आत्तिएर मर्न थाले
भागेर बाँचेकाहरू
आ-आफ्ना घरमा लुक्न थाले
अदृश्य कोरोना
एकाएक दुख र मृत्युको पर्याय बन्यो
सञ्चार माध्यमको सास र धुकधुकी बन्यो
अन्ततः सन्त्रासको 'इपिसेन्टर' बन्यो
र
राष्ट्रहरू
'लक डाउन' को नाममा
कोरोना भाइरस विरुद्ध
घोषणा गर्न थाले अघोषित युद्धको
बेलुकी सात बजे थाली ठटाएर मानिसहरू
'भाग कोरोना' भन्दै ठाडो आदेश दिइरहेका छन्
यो दृश्य देखेर बहुलाएको एक कवि
अत्याधुनिक सभ्यतालाई प्रतिप्रश्न गरिरहेछ :

१
के 'अपराध' भो ?
कुन 'फैसला' भो ?
पृथ्वीका सब मान्छे -
घर-घरमा कैद भो !

२
न विभेद वा पक्षपात भो
न धन वा पदको मापन भो
के आश्चर्य हो यो आज ?
मान्छे मान्छेका लागि अछुत भो

३
सडक र गल्ली सुनसान भो
शून्य घाटजस्तो भो सहर, विश्व बिरानो भो
कहिले सकिएला कोरोना सङ्क्रमण ?
रित्तिए धैर्यता र आँसु, मात्र खुल्दुली बाँकी भो !

ooo

बन्द कोठाको चार भित्ता -
मान्छेको भूत, भविष्य, वर्तमान र सम्भावना
बनिरहेको बेला -
किंकर्तव्यविमूढ 'म'
समय-नदीको तेस्रो किनारामा
अलपत्र छु !

●

कविता

# म र ऊनी

● किशनसिंह धामी

मेरो मन र उनको मन
म पुरुष उनी महिला
माघे सङ्क्रान्तिको रातमा
नौलो रुमालले
लुकामारी खेल्दै थिइन्
सँगै पञ्चेबाजाका धुन
उडिरहेका थिए
सङ्गीतप्रेमीहरू
सङ्गीतमा रमाइरहेका थिए
छपक्क अनुहार घुम्टोले छेक्छिन्
र
सजाएको डोलीमा
आएर थचक्क बस्छिन्
डोले हतारिए र डोला चढाए
उनी डराइन् र डाको छोडेर रोइन्
बालक स्वरमा रोइन्
तिनको रुवाइले
डोलेहरू रोए
घर रोयो, आँगन रोयो
गोठ रोयो, जङ्गल रोयो
गाउँ रोयो, बस्ती रोयो
प्रत्येकको आँखा रोयो
जो जति रोए पनि डोली नचढी नहुने
त्यसैले उनी डोली चढिन् ।
लामो बाटो उकाली-ओराली पार गर्दै
थाकेका डोलेहरूले उनलाई पनि थकायो
थकित अनुहारले बिहानी प्रभात ब्युँझायो
नयाँ घर देखायो
तर
घर नयाँ चुल्हो उस्तै
पँधेरो नयाँ पानी उस्तै
बन नयाँ घास उस्तै
आँगन नयाँ बारी उस्तै
नाता नयाँ मान्छे उस्तै
ओछ्यान नयाँ लुगा उस्तै
उस्तै-उस्तै नजरले उनी
हुर्केको आँगन सम्झिन्
र आमाको काख पनि ।
फौजी स्वभावका पितामहलाई पचेन
डोली चढिसकेपछि फिर्ता हुनुहुँदैन भनेर
जूनबिनाको रातमा
उज्यालो तमसुक खोज्न मुग्लान पसेँ
आँगनबाट मुग्लानको भूमि भएर
झुलाघाट तरेँ
टनकपुर छिरेँ
कर्णालीमा फेरी तरेँ

मालवाहक शक्तिमान मोटरसँगै
मान्छे तरेँ
भेरीको बबै तरेँ
दाउन्नेको भीर तरे
नारायणी तरेँ
त्रिशुली तरेँ
मुग्लिनको बाटो हुँदै
राजधानी छिरेँ ।
कोपिला फक्रिँदै थियो
रोमाञ्चमा पुरिदै गएको जवानीसँगै
शरीरले शरीर माग्यो
समयको गल्ती आरम्भ भयो
गल्ती च्यातिए
सिउन धेरै सियोहरू ल्याएँ
सबै सियोहरू असारे झरीले
निम्त्याएको बाढीझैँ भाँचिए
जिन्दगी कहिले हँसिलो मिठो गुलियो
कहिले पिरो, नुनिलो र अमिलो
उनको भाग्यमा लेखेका
कयौँ नदेखिने पुस्तकहरू
छरपस्ट भए
छरपस्टले मान्छे चिनायो
भत्किएको लामो यात्रासँगै
काला र गोराको बिचमा
जीवन सिकायो
शिक्षित चेलीको
कुशल आमा हुनु छ भन्ने सिकायो
झकुलो, घाँघर र चौबन्दीहरू
कोट, पैन्ट र समिजहरूमा बिलाए
कतै बिकिनीहरूमा पनि रमाए
थाहा छ उनलाई
झोला बोकिनँ जिन्दगीमा
र हात सुम्सुम्याएन जीवनमा
बरु हज्जार खोला तरेँ
माया र ममता खोज्न
कति काँडाहरू टिपेँ
कति झाडुहरू बडारेँ
कति रूखहरू रोपेँ
रूखले कति रथका पाङ्ग्राहरू बनाएँ
तर
रथका पाङ्ग्रा बन्न सकिनँ
र रथ खोज्न गएँ
कतै सजाएको रथले लोभ्यायो
कतै रथका पाङ्ग्रामा अल्झिएँ
कतै रथ हेरेर नै अघाएँ
रथको पाङ्ग्राका लागि
रोपेको रूखको हाँगाले
जिन्दगी बैशाखी बनायो
र चाहना डोलीसँगै बिलायो
डोलीसँगै बिलायो ।

●

कविता

# सपनामा घर

● दीप पाठक
टोक्यो, जापान

कस्तो सुन्दर सपना देखेको थिएँ
मलाई बिउँझेकोमा पछुतो लागिरह्यो
मान्छेहरूका पनि
कस्ता-कस्ता सपना हुन्छन्
तर आखिर जिन्दगी त
बिउँझेपछि भोग्नुपर्छ
सपना पनि अजिबको देखेछु आज
आफैँ उडेर देश पुगेको
आफैँ झरेको आफ्नो घरमा
र आफैले ढकढकाएको आफ्नै ढोका
र बोलेको आफ्नै भाषा
आमा-आमा, ए आमा
म आएँ ढोका खोल
आखिर बर्सौँपछि
सपना नै भए पनि
घरको सङ्घार छोएँ
आमा भन्न पाएँ
कस्तो खुसीले पुलकित भएको म आज
कुटमिराको रूखमा चढेर
एकभारी कुटमिरो झारिदिएँ
र सोधेँ - आजलाई पुग्छ आमा यति भए ?
आमाले भोलिसम्म पुग्छ भन्नुभो
ताउलो आफैँ उचालेर गोठसम्म लगेँ
र भैँसीलाई कुँडो राखिदिएँ
आमाले भैँसीलाई खाउ भन्नुभो ।
एक अँगालो सुकेका बाँसहरू चिरेर
अँगेनाको डिलसम्म लगिदिएँ
आमाले फु-फु गर्दै आगो फुक्नुभो
सुकेका बाँसका दाउरा
कति सजिलै बलिदिए आगो बनेर
आमाले दिउरीमा बसाल्नुभो पानी
क्रमशः थप्दै जानुभयो
चियापत्ती, चिनी र दूध
कुन्नि कताबाट झिकेर राख्नुभयो
दुई-दुई दाना सुकमेल र ल्वाङ
स्टिलका मद्रासी गिलासमा
बिँड भाँचिएको छान्नुले
जतनले छान्नुभयो दुई गिलास चिया
र भन्नुभयो - बाबु लौ .......
छातीमा कसैले चुस्स घोचेजस्तो भयो
म झसङ्ग बिउझिएँ
आँखैसामु थियो
परदेशकै बिस्तरा, परदेशकै सिरानी
थिएन आमाको हातको चिया
थिए त केवल
बग्दै गरेका तातो-नुनिलो
आँसुका थोपाहरू
आँखैसामु - आफैसामु
मैले तिनै पिइदिएँ घरको यादमा ।

कविता

# केमा सजाइनँ मैले

● ईश्वरी भट्ट
न्यु ह्याम्पसायर

फूलमा सजाइनँ कि
पातमा सजाइनँ
जरामा सजाइनँ कि
हाँगाहाँगामा सजाइनँ
केमा सजाइनँ मैले

मनमा सजाइनँ कि मैले
तनमा सजाइनँ
रूपमा सजाइनँ कि मैले
रङ्गमा सजाइनँ
केमा सजाइनँ मैले

नदीमा सजाइनँ कि मैले
किनारमा सजाइनँ
वनमा सजााइनँ कि मैले
बुट्यानमा सजाइनँ
केमा सजाइनँ मैले

हिमालमा सजाइनँ कि मैले
पहाडमा सजाइनँ
लेकमा सजाइनँ कि मैले
बेसीमा सजाइनँ
केमा सजाइनँ मैले

तराईमा सजाइनँ कि मैले
भञ्ज्याङमा सजाइनँ
चौतारीमा सजाइनँ कि मैले
भन माया तिमीलाई मैले
कहाँ-कहाँ सजाइनँ

अझै के प्रश्न छ ?
सुन्दर सजावटको
अझै के प्रश्न छ ?
तिम्रो मेरो-बन्धनको
चौतर्फी सजावटमा

सजाउँदा-सजाउँदै तिमी
स्वर्गकी भएकी छौ
सुन्दर मनको धड्कनमा
प्रातःकालीन बुककदझैँ रहेकी छौ
माया तिमी मुटुमै सजिएकी छौ ।

कविता

# उस्तै छैन यो सहर

● **मुक्ति गौतम**
चौरजहारी, रुकुम
हाल : टिमिन्स, क्यानाडा

उस्तै छैन यो सहर
बाटो छैन उस्तै
उस्तै छैन झन् गन्तव्य
म फेरिएँ
वा यो सहर फेरिएकोले
यस्तो भएको हो

घाम अर्कै लाग्छ
न्यानो पुग्दै-पुग्दैन जिउसम्म
हावा अर्कै - छलिएर बग्छ
पानी अर्कै बर्सिन्छ - भिजाउँदैन
बरु आँसुले निथ्रुक्क पार्छ
अर्कै नचम्किने
चट्याङ पर्छ यो सहरमा
बरु चम्किन्छ मन
घरि-घरि रफ्तारले उतै पुग्न ।

ठेस लाग्ने चिरपरिचित ढुङ्गा छैन
पटक-पटक ठोक्किँदा मिल्ने
त्यो आत्मीय दुखाइ छैन यो सहरमा
घरि-घरि बन्ने घाउ
र घाउमा छुने
मुलायम औँलाहरूको स्पर्श छैन
केही नभएजस्तो
कोही नभएजस्तो छ यो सहर

मान्छेहरू छन्, आँखाहरू छैनन्
चराहरू छन्, चिरबिर छैन
घरहरू छन्, ढोकाहरू छैनन्
थाहा छैन कसरी छिर्छन्
मान्छेहरू घर भित्र !
आकाश छ
उचाइ छैन
उचाइ चुम्ने रहर छैन
म फेरिएँ
वा भूगोल फेरियो यो सहरको
एकाएक कसरी हरायो सहर
र आकाशबिचको दूरी ?

●

कविता

# बासँग संवाद

● नारायण अधिकारी

बा !
म बा भएपछि मात्र
मैले तपाईंलाई राम्रोसँग चिनेँ ।
हिजोआज
जब म छोराछोरीका
असीमित मागहरूका अगाडि
निशब्द हुन्छु -
'बा ! त्यतिबेला तपाईंको मौनताभित्र
सुन्न नसकेको आवाज
प्रस्ट सुनिरहेको हुन्छु ।
बा !
तपाईंलाई मैलै उतिबेला जस्तै
मेरो छोराले मलाई चिन्दैन आज
माया गरेर तपाईं
नातिको खबर सोध्नुहुन्छ - सन्चै छ ?
बा !
तपाईंको चासो म उसलाई पुऱ्याइदिन्छु
तर
उसको जवाफ सुन्न
तपाईंसँग समय पुग्ला-नपुग्ला
भनेको थिएँ
बरु मै भनिदिन्छु - अहिले ऊ सन्चै छ ।
तपाईं नि बा !
जिन्दगीका जुन जुन पहाडसँग ठोक्किनुभयो
मेरो लागि
मैले देखिन ती
तर म आज अनुभव गरिरहेको छु
ती पनि कठोर थिए
हिजोआज म ठोक्किने पहाडजस्तै ।
एउटा कुरा बा !
अहिले पनि मलाई सम्झना छ
त्यसदिन औधि खुसी भएको थिएँ
खाली खुट्टा विद्यालय जाने म
तपाईंले पहिलोपल्ट
किनिदिएका जुत्ता लगाएर
म पैताला हिँडेको दिन ।
बा, भन्नु न आज !
निःशब्दै सही
आमा तपाईंको खुब ध्यान राख्नुहुन्थ्यो
भन्नुहुन्थ्यो - 'बालाई खाना खान बोला ।'
आमाले धरा छोडेपछि
तपाईं एक्लो हुनुभएको थियो
हामीले राम्रो हेरचाह गर्न सकेनौँ सायद
तपाईं पनि आमाकै बाटो पछ्याउँदै
त्यही यात्रामा जानुभयो
जहाँ आमा जानुभयो
बा ! उतिबेला सोध्न बिर्सेको
एउटा जीवन्त प्रश्न आज सोद्धै छु
बा ! तपाईंलाई अहिले कस्तो छ ?

कविता

# एक्लो मन र यो असहजता

● **सुशील नेपाल**
राजमित्र प्राङ्गण, माल्डेन, बोस्टन।

आज कता कता दुखेको छ
मन हो कि जस्तो लाग्छ
तर मेरो यो भौतिक आनन्दको उन्मादले
दुख्नुलाई झुक्याउँछ
एउटा छाप्रो, एउटा टहरो
आँगनमा लम्पसारिएको कालो कुकुर
झिसमिसेमा तरकारी बेच्न आउने भैयाहरू
एकाएक हराए होलान्
सबै अलप भए होलान्
त्यो कुकुरले मान्छे चिन्थ्यो
कुईंकुईं गर्दो हो !
आज आयो गयो
भोलि पनि आउला जाला
झोक्राएर झ्यालबाट हेर्छु
यो शून्यताको असहजता बिच
महामारीले
थर्काएको छ
त्यसमाथि मान्छेको छालाको रङको कलह
उता त छँदै थियो जातिपातीको
यता पनि उस्तै
आफ्ना रहरहरूलाई बल्लबल्ल पछारेको छु
यो चिन्तनको जङ्गलमा
दुखाईको डढेलो बलेकोबल्यै छ
दनदन, दनदन
आज कता-कता के के दुखेको छ।

●

# महाभारत

● गोपाल रेग्मी

समयले दिने उपहारको पोकामा
कहाँ हुन्छन् र मात्र खुसी, समृद्धि र शान्तिरूपी उपहारहरू !
जब समयको शनि दृष्टि उघ्रन्छ
समयले पोल्टाबाट झिक्छ कलहका बीउहरू
जन्मन्छन् कंश, शकुनी, र दुर्योधनहरू
हार्छन् सत्यवादी युधिष्ठिरहररू जुवाका खालमा
यदुवंशी पतनका नियतिले कुत्कुताएपछि
विवेकशून्य हुन्छन् पात्रहरू
अरूका कठोर र लामा तपस्या देखेर
डराउने इन्द्रजस्तै
सहिष्णु शान्त र समृद्ध समाजले
गाड्न थाल्छ जब-जब जरा बलियो गरी
डराउँछ समय आफ्नो सत्ता डगमगाउने डरले
फेरि छर्छ कलहका बीउहरू
र अर्को महाभारत जन्मन्छ
घर बालेरै भए पनि आगो ताप्ने पात्रहरू
आगो निभेपछि होसमा आउँछन् ।
कलहले विजयगान गर्दै समयसँगै डाँडो काट्छ
के पक्ष, के विपक्ष हारको भारले थिचिएर
फेरि लेखिन्छ महाभारतको अर्को संस्करण
यसरी हरेक युगमा महाभारत
नयाँ संस्करणमा अभिनीत हुन्छ
मान्छेहरू भट्याउँछन् नयाँ महाभारत
यदायदा ही धर्मस्य ग्लानिर्भवती भारत
अभियुत्थानम्धर्मस्य तदात्मानम् सृजाम्यहम् ।

कविता

# मन छ

● **सुरेश पोखरेल**
आलिङ्टन, टेक्सास

युरोपको छक्छकाउने रेल पनि चढियो
अमेरिकी सडकमै भेल पनि हेरियो
दिल्लीमा बसको ठेलाम ठेल पनि खेपियो
क्रुज यात्रा पनि भ्याइयो
क्रान्ति र शान्ति दुवैको गीत पनि गाइयो
प्रेम र घृणाका तीखा वाणहरू पनि पचाइयो
भाँती-भाँतीका सर्वत पानी पनि चखियो
आफ्नै लागि कु वा सुनाम पनि राखियो
हरियो 'युरो' र 'डलर' हरू पनि छामियो
जिन्दगीलाई उमेरले पनि डामियो ।
तर
रहरहरू अझै
छिचिमिराझैँ उड्न तल्लीन छन्

फेरि एकपल्ट
अघाउँदी
पौडाहा बगरमा
डण्डीबियो खेल्न मन छ
सिन्कौली र कपर्दीमा
साथीसँगी झेल्न मन छ
प्यासिँदा
उधिनेर खोल्सीको बालुवा
सङ्ल्याएर पानी
सालको पातले पिउने मन छ

सातपत्रे छँदै होला
पत्रैपत्र गाँजेर
पाक्दो हो खनिऊँ र गलेनी
टिपेर सोली झुसी
धीत मर्नेगरी खाने मन छ
फुल्न छाडेको छैन होला
पिरतीको पलाँस
त्यसकै छहारीमा सुस्ताई
जनगीतहरू
फेरि एकपल्ट गाउन मन छ

अमारो र अमला
कौवर अनि कुसुम
बयर र बाँदरझुल्लाहरू
पर्खंदै होलान् मलाई
टिप्न नसके सजिलै
हानेर झटारै पनि
तृप्त हुनेगरी खान मन छ
पङ्ख रहँदै
छिचिमिराको
उडेर त्यहीँ पुग्न मन छ
पुनः एकपटक नै सही
रहर पुऱ्याउने मन छ ।

# नेपाली माया

● यम पौडेल 'मट्टिखान'
बोस्टन, अमेरिका

मोबाइलसँगै खेले पनि
कम्प्युटर सधैँ खोले पनि
अङ्ग्रेजी सबै बोले पनि
मनको बह कहनलाई
घतलाग्दो स भन्नलाई
उही नेपाली चाहिने
नेपालको मायाले मलाई मा-यो नि
नेपालीको मायाले गाह्रो पा-यो नि !

पार्टी-क्लब धाए पनि
न्याप पप गाए पनि
थकाइ मार्दा निदाउँदा
पहाड पर्वत नदीनाला गाउँघर देखिने
लोकगीत छमछमी सपनीमा नाचिने
धर्मकर्म चाडवाड उही संस्कृति खोजिने
दाजुभाइ दिदीबैनी उही नेपाली चाहिने
नेपालको मायाले मलाई मा-यो नि
नेपालीको मायाले गाह्रो पा-यो नि !

अमेरिका डुले पनि सेतै कपाल फुले पनि
बाटो माटो नेपाल आमा प्राणभन्दा प्यारो हुनी
सपनीमा रङ्गीचङ्गी दुनियाँमा भुले पनि
नेपालकै सपनीले मलाई मारे नि
नेपाल-नेपाल धडक्नीले मलाई मा-यो नि
नेपालीको मायाले गाह्रो पा-यो नि
नेपालको मोहनीले मलाई मा-यो नि !



# अतिथि कविको कलम

● श्रवण मुकारुङ

श्रवण मुकारुङ युवा पुस्ताका चर्चित कवि तथा गीतकार हुन्। सत्ताको ज्यादतीबारे विरोध गरेर उनले कविताहरू लेखेका छन् । गाउँले जीवनका दुःख र तिनका सङ्घर्षलाई विषय बनाएर उनले कविता र गीतहरूको सिर्जना गरेका छन् । आजका कवितामा जीवनदृष्टिको प्रमुख भूमिका हुन्छ र यसैले समाज बदल्न सकिन्छ भन्ने उनको मान्यता छ। कविताबारे उनको आत्मधारणा यस्तो छ :

'कवितालाई म पूर्वीय दर्शनले भनेको ब्रह्मनाद वा क्वान्टम फिजिक्सले भनेको डिभाइन साउन्ड भन्छु। जुन आवाज सर्वत्र छ तर त्यसलाई सामान्य अवस्थामा सुन्न सकिँदैन । जसलाई सुन्न जो कोही विशेष अवस्थामा पुग्नैपर्छ।'

## म जनता

म जनता
मेरो शरीर मेरो देश हो
कुल्च मेरो छाती
थुन मेरो आवाज
भाँच मेरो हातखुट्टा
यो स्वतन्त्रताको अन्तिम लडाइँबाट
म तिम्रो असली अनुहारको
अभिलेख राख्न चाहन्छु।

# समालोचना/लेख खण्ड

# नेपाली डायस्पोरा र साहित्यः एक विमर्श

● महेश पौड्याल

'नेपाली डायस्पोरा' भन्ने वाक्यांशलाई आज पनि इन्भर्टेड कमाभित्रै राख्नुपर्ने बाध्यता छ प्राज्ञिकहरूका बिच । यसका केही कारणहरू छन् । पहिलो, आज जसलाई 'डायस्पोरा' भनेर सूचीकृत र अध्ययन गर्छौं, ऊ केही समयपछि नेपाल फर्किएको पाइन्छ। यसरी थुप्रै प्रवासी नेपालीहरू नेपाल फर्केर पुनः नेपाली समाजमै विलय भइरहेका छन् । यसमा विदेशी नागरिकताधारीहरू पनि छन् । अन्य कतिपय एउटा देशबाट अर्को देश पनि सरिरहेका छन् । कुनै एक देशमा मात्रै सीमित छैन उनीहरूको बसाई। अर्काथरि यस्ता छन्, जसका बाआमा एउटा एउटा विदेशी भूमिका छन्, छोराछोरी तर अर्कै मुलुकतिर छन् । अर्को कारण, डायस्पोरिक सिद्धान्तकारहरूले तय गरेका, डायस्पोरा हुनुका मापदण्ड र आप्रवासनको समायावधि हेर्ने हो भने पनि पश्चिमा मुलुकमा असली र सैद्धान्तिक हिसाबले सटिक नेपाली डायस्पोरा छैनन् । तर, जहाँ सदियौँदेखि बसेका, उतैका भएका र नेपाल फर्कने सम्भावना पनि नभएको नेपाली बस्छन्, हामीले नेपाली डायस्पोराको अध्ययनको दायराभित्र उनीहरूलाई पारेकैछैनौँ । प्रवासी, आप्रवासी, अस्थायी श्रम स्वीकृति लिएर विदेसिएका सबैसबै डायस्पोरा हुनुको सैद्धान्तिक परिधिभित्र हुँदैनन् । अर्को, अझ जटिल प्रश्न के छ भने, आजको राजनैतिक नक्साभित्रको नेपालको जुन सीमाना छ, त्यसबाहिर पनि दुई प्रकारका नेपाली छन्। डायस्पोराको अध्ययन गरिरहँदा यी दुई प्रभेद छुट्याउनुपर्छ। कतिपय नेपाली कतै बसाइँ सरेनन्, तर ऐतिहासिक कारणले देशको नक्सा र सीमाङ्कन फेरिँदा उनीहरूको राष्ट्रियता पनि फेरियो। उदाहरणका लागि भारतको सिक्किम, कुमाऊ-गडवाल वा दार्जिलिङतिरका नेपालीहरूको रस्तीबस्ती भारत र नेपालका बिच भएका सन्धिपछि गरिएको सीमानिर्धारणका कारण भारतमा पर्न गएको हो। पछि, तिनै नेपाली भारतका अन्य प्रान्तहरूमा पनि सरे । अर्कोतिर, भारतभित्रै, कुनै समयमा, आजको राजनैतिक नेपालबाट बसाइँ सरेर गएका र कालान्तरमा उतैका

भएका नेपालीहरू पनि त बस्छन् । उनीहरू डायस्पोरा हुन् । डायस्पोरालाई नागरिकतासँग होइन उद्भवसँग जोडरे हेर्नु जरुरी छ । कतिपय सन्दर्भमा डायस्पोराको प्रश्न नागरिक र अधिकारसँग जोडेर हेर्ने गरिएको पनि पाइएको छ। यसमा एकप्रकारको मनोविज्ञान विद्यमान छन्। पहिलो, नेपालमा जरो भएका, तर शताब्दिऔँदेखि भारतमा भएका एकथरि नेपालीहरूमा, उनीहरूलाई 'नेपाली डायस्पोरा' भन्यो भने, उनीहरूको नेपालसँग रहेको ताँदो सतहमा आउँछ र भारतमा, नागरिकसरह पाइरहेको सुविधाबाट वञ्चित होइन्छ कि भन्ने डर हो । वास्तवमा, भारतमा नेपाली बहुल क्षेत्र, विशेषगरी उत्तरपूर्वी प्रान्तहरूमा 'आप्रवासी' भएको आरोपमा बेलाबेला नेपालीहरूले दुःख पाइरहेकाले, उनीहरू नेपालसँगको कुनै पनि तारतम्यको कुरा त्यहाँका स्थानीयसम्म नपुगोस् भन्ने आशयमा यसो भन्छन्। कुरा मार्मिक पनि छ। तर, मान्छेको सभ्यतामा आप्रवासन एउटा वैश्विक सत्य हो । इतिहासका सबै मोडमा मान्छे मुलुक छोडेर अर्कै मुलुकमा बसोवास गर्न पुगेको छ र डायस्पोरा बनेको छ । कुनै अर्को महादेशको डायस्पोरा हुनु भनेको बस्दैआएको मुलुकमा अनागरिक हुनु भन्ने अर्थमा बुझ्नु जरुरी हुँदैन । आखिर, अमेरिका वा अस्ट्रेलियामा बस्ने सबै गोरे, बेलायती डायस्पोरा हुन् । अमेरिकामा बस्ने सबै अश्वेत अफ्रिकी डायस्पोरा हुन् । फिजीको आधाउधी जनसङ्ख्या भारतीय डायस्पोरा हुन् । यस कुराले नागरिक अधिकारको प्रश्नमा कुनै पनि समस्या ल्याउँदैन । यो केवल पितृभूमिसँगको तादम्यका सन्दर्भमा हो । र, भावनाले, डरले वा वितृष्णाले कसैको पनि पितृभूमिसँगको सम्बन्धमा टिपेक्स लाउन सक्दैन । करिब एक दशकदेखि नेपाली डायस्पोराका सन्दर्भमा सैद्धान्तिक बहस चल्दैआएको छ । सबै सैद्धान्तिक मापदण्डलाई साक्षी राखरे हेर्ने हो भने असली नेपाली डायस्पोरा पश्चिममा छैनन्, अपितु पूर्वमा छन् – भारत, भुटान र बर्मामा । केही, दशकौँअघिदेखि ब्रिटिस आर्मीको बाटो हुँदै हङकङ, बेलायत र ब्रुनाईमा बस्न पुगेका सैनिक वा पूर्वसैनिकका परिवार पनि यसमा थपिन्छन् । अरू आप्रवासी जो विगतका एकदुई दशकमा नेपालबाट बाहिर गए, हो तिनका सन्तान भने डायस्पोरा हुन् । यो प्रस्टता हामी सबैलाई चाहिन्छ । तर, अचेल प्राज्ञिक र साहित्यिक समुदायले 'रणनैतिक तात्त्विकता' का लागि 'डायस्पोरा' शब्दलाई अलि खुकुलो बनाएको बुझिन्छ । त्यस सन्दर्भमा नेपालको राजनैतिक भूगोलभन्दा बाहिर रहेका प्रायः सबैलाई यसै परिभाषाले समेटेको बुझिन्छ । तर

यो फगत एक रणनैतिक तात्त्विकता अर्थात् स्ट्रेटजिक इसेन्सियालिज्म हो भनेर बुझ्नुपर्ने हुन्छ । तसर्थ, यस अनुच्छेदभन्दा तल, नेपाली डायस्पोरा भनियो भने, यसैगरी बुझ्न अनुरोध छ । सैद्धान्तिक जटिलताई यहीँनेर छोडेर अलिकति विमर्श साहित्यको गरौँ । 'नेपाली डायस्पोराको साहित्य' भन्नु र 'डायस्पोरिक साहित्य' भन्नुमा भिन्नता छ । डायस्पोराको परिभाषाले समेट्ने सबै नेपालीले लेखेको साहित्य नेपाली डायस्पोराको साहित्य हो । तर, साहित्य 'डायस्पोरिक' हुनलाई दुई मापदण्ड छन् । पहिलो – त्यसको लेखक डायस्पोरा हुनुपर्ने र दोस्रो – त्यस साहित्यको कथ्यमा डायस्पोराका कथा, व्यथा र मर्म समेटिएको हुनुपर्ने । यसमा, मूलतः आप्रवासनले जन्माएको आर्थिक, सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक पीडा, पितृभूमिप्रतिको सम्झना र प्रेम, आफूभित्र दुई संस्कृतिको घर्षणका कारण उत्पन्न भएको द्वन्द्व र दोधार, आफ्ना भाषा र संस्कृतिको र प्रेम, असुरक्षा, मातृभूमि फर्कने उत्कट चाहना तर प्रतिकूलताका कारण त्यसो गर्न नसक्नुको पीडा, बहुसांस्कृतिक परिवेशमा पहिचानको सङ्कट, मूल्य र मानविन्दुहरूको घर्षण आदि विषय डायस्पोरिक राइटिङमा रहन्छन् । पश्चिम होस् या पूर्व, नेपाल बाहिर रहेका नेपालीहरूले साहित्यको श्रीवृद्धिमा योगदान गर्नु र विभिन्न कठिनाइका वाबजुद आफूलाई बुद्धि विलास र साहित्य-सिर्जनामा लगाउनु हामी सबैका लागि गौरवको कुरा हो । नेपाली डायस्पोरा साहित्यको उठान र प्रस्थानविन्दुको खोजी गर्दा फेरि पनि हामी पूर्वकै देशहरूमा ठोक्किन्छौँ – विशेष गरी भारतमा । तर, पछिल्ला कतिपय अध्ययन, अनुसन्धान, प्रतिनिधि ग्रन्थ प्रकाशन आदिमा यी मुलुकलाई पछि पारिएको र अध्ययनलाई पूरै पश्चिमा मुलुक केन्द्रित पारिएको देखिन्छ, जुन खेदपूर्ण हो । शदियौँदेखि भुटान, भारत र बर्मामा बसेका नेपालीहरूलाई डायस्पोरिक साहित्यको अभ्यासबाट बाहिर राख्नु यस कुराको द्योतक हो, कि डायस्पोरा भन्नेबित्तिकै एक विशेष प्रभावको वशमा हाम्रो अध्ययन खण्डित हुन पुगेको छ । आसाममा उखु खेती गर्नेहरू, नागाल्यान्डका दुर्गम पहाडमा गोठ पाल्नेहरू र बर्माका कोइलाखानीहरूमा काम गर्ने गरिब नेपालीहरू यस्ता अध्ययन वा प्रतिनिधित्वको दायरामा हत्तपत्त किन पर्दैनन् ? आखिर, पश्चिमतिर लागेका नेपालीको कथाभन्दा यिनीहरूको ऐतिहासिक यथार्थ बेग्लै छ र सही डायस्पोरा हुनुका सबै मापदण्ड पूरा गर्छन् उनीहरू । पश्चिमा मुलुकमा पुगेर उतैको नागरिकता लिएर बसेका नेपालीहरू स्वइच्छा र चाहनाले गएका हन् । तर, पूर्व हान्निएका यी

नेपालीहरूलाई विभिन्न ऐतिहासिक कहरले हुत्याएर सीमाना कटाएको हो । विश्वसाहित्यमा डायस्पोरा राइटिङ् एक प्रकारको फेसन बनेको छ, विशेष गरी उत्तरऔपनिवेशिक कालखण्डमा । धेरैलाई डायस्पोरिक लेखन भनेको उत्तरऔपनिवेशिक साहित्यको एक पाटो हो भन्ने भ्रम पनि छँदैछ। तर, यो उपनिवेशकालभन्दा धेरै नै पुरानो लेखन हो। पहिलो पुस्ताका नेपाली डायस्पोरा लेखनमा एक नजर लआगौँ । माथि नै भनियो, सबैभन्दा धेरै र सैद्धान्तिक दृष्टिले पनि साँचा नेपाली डायस्पोरा भारतमा छन्। १९१६ को सुगौली सन्धिपश्चात् भारतमा पर्न गएका सिक्किम, दार्जिलिङ, सिमला, नैनीताल, कुमाउँ र गडवालका नेपालीहरू रैथाने हुन् तर डायस्पोरा होइनन्, यद्यपि उनीहरूको उसताकको विशुद्ध नेपाली संस्कृतिमा केही परिवर्तन आएको हुनसक्छ। तर भारतका अन्य राज्यका अधिकांश नेपाली, जो नेपालबाट गए, त्यी डायास्पोरा हुन्। १८१५ को सन्धीपूर्वको नेपाल र अङ्ग्रेज शासित भारतबिचको युद्ध हारे पनि नेपालीहरूले देखाएको साहसबाट प्रभावित अङ्ग्रेजले उडिसाको कटकमा नेपाली युवाहरूमात्र संलग्न एउटा छुट्टै गोरखा पल्टन बनायो। सन् १९१९ मा बर्माले भारतको असममा आक्रमण गर्दा भारतको कटकमा अवस्थित गोरखा पल्टनका जवानहरूलाई परिचालित गरियो र त्यो युद्ध जितियो। त्यसपछि ती सैनिकहरूका सन्तानलाई पनि भारतीय सेनामै भर्ना गर्न पाइयोस् भनेर घरभिट्टा दिई असममा बसाइयो । यसरी नेपालीहरू असममा बसेपछि, नेपालीको पूर्वी पहाडमा बसेका उनीहरूका आफन्तहरू पनि भारत पसे भने, कतिपय जातीय हिंसा छल्न असम पुगे। असमका कार्विआङ्लङ्, सधियाँ, तेजपुर, डिब्रुगढ, बाङाइगाउँ, कोक्राभ्कार आदि अनेक ठाउँमा नेपालीका घना बस्ती छन् र उनीहरू सङ्गठित रूपमा बसेका छन्। १९५० तिर असमको ब्रह्मपुत्र नदीको वरिपरि भीषण बाढी आउँदा केही नेपाली भागेर मेघालय, अरुणाचल प्रदेश र मणिपुर पसे र तीमध्ये कति देशै काटेर बर्मा पुगे । मणिपुरका राजा बद्धुचन्द्र सिंहले सन् १९४१ तिरै नेपाली राजकुमारी ईश्वरीदेवीलाई बिहे गरेर लाँदा उनको दाइजो र मालमत्ता बोक्न र बाटोमा सुरक्षा सुनिश्चित गर्न खटाइएका नेपालीहरू फर्केनन्, उनीहरू उतैका भए । करिब एकलाखको हाराहारीमा छन् मणिपुरमा सदियौँदेखि बसेका नेपालीहरू । यिनीहरूमध्ये अधिकांश आदिम रैथानेहरू सैनिक मार्गबाट गएका हुन् भन्ने तथ्यगत प्रमाणहरू छन्। इतिहासकार मुक्ति गौतम आफ्नो 'मणिपुरमा नेपाली जनजीवन'

नामक पुस्तकमा भन्छन्, 'ब्रिटिस इन्डिया र नेपाल माझ भएको युद्धको परिणामस्वरूप १५ मई १८१५ का दिन नेपाली नायक अमरसिंह र ब्रिटिस जनरल आक्तरलोनीमाझ युद्ध-विरामको सन्धिपत्रमा हस्ताक्षर भएपछि नेपालीहरू भारतीय सेनामा विधिवत भर्ना हुनथाले । उक्त सन्धिको पाँचौं सर्त उल्लेखनीय छ । त्यसमा भनियो, काजी आमरसिंह थापा र काजी रणजोर सिंह थापाको व्यक्तिगत सम्मान रक्षार्थ नियुक्त भएका सिपाहीहरूबाहेक अन्य सबै सिपाहीहरूलाई इच्छाअनुसार भारतीय सेनामा भर्ना हुने अनुमति छ ।' यसैअनुसार भारतीय सेनामा लागेर र हुँदै जाँदा उतैका भएका नेपालीहरूका 'कोलोनी' आज पनि भारतमा छन् । असम र मणिपुरजस्तै मेघालय, मिजोरम, अरुणाचल प्रदेश र बर्मासम्ममा नेपाली बसोबास छ । मेघालयका नेपालीहरू असमबाटै विस्तारित हुन् भन्ने मान्यता छ । असममा जस्तै नागरिक हक र अधिकार पाएका नेपाली भने मणिपुरकै हुन् । नागाल्यान्डमा पनि पुराना नेपालीको बसोबास छ । भूमि र नागरिक अधिकारका प्रश्नमा उनीहरू सीमान्तकृत नै छन् । यही दशा अरुणाचल प्रदेश, मिजोरम र बर्माको नेपालीको पनि हो । जहाँसम्म भुटानको प्रश्न छ, १६२० मा भुटान नरेश साबद्रुङ् गावाङ् नाम्ग्यालले उनका पिताको अस्ती राख्नका लागि चाँदीको स्तुप बनाउन नेपाली कालिगढलाई काठमाडौँबाटै झिकाए । पछि १६३४ मा भुटानको एकीकरणपश्चात् ल्होत्साम्पा अर्थात् दक्षिणवासीहरू भनेर नेपाल र भारतबाट कामदारहरू भित्र्याइए । १८८० तिर आउँदा यी धेरैजसो नेपाली कामदारका परिवारलाई भुटान सरकारकै पहलमा बसोबासको मेसो मिलाइयो । यो बसाईको ठीक सयवर्षपछि, अर्थात् १९८० मा आइपुग्दा भुटानको कुल जनसङ्ख्याको २८ प्रतिशत नेपाली थिए । इतिहासकै कारण विदेसिएका नेपालीहरू हङकङ, बेलायत र ब्रुनाईमा पनि छन् । दुवै विश्वयुद्धमा र त्यसपछि पनि बेलायती सेनामा कार्यरत गोर्खाहरूलाई सेवापश्चात् हङकङमा र १९९७ सम्ममा अवकाश लिएका सैनिक र तिनको परिवारलाई पनि आधिकारिक रूपमै बेलायतमा बसाउने व्यवस्था गरियो । यसरी हेर्दा हङकङका नेपालीहरूको इतिहास लामो छ । बेलायती सेनाकै माध्यमबाट सिङ्गापुर र ब्रुनाईमा बस्न पुगेका अल्पसङ्ख्यक नेपालीहरू डायस्पोरा हुन् । हिजोआज पढ्नका लागि जापान, बेलायत, नर्वे, फिनल्यान्ड, अस्ट्रेलिया, अमेरिका लगायतका देशमा जाने फेसनै चलेको छ । केही कामका लागि कोरिया, मलेसिया, भारत र खाडी देशहरूमा जाने चलन छँदै छ । यिनीहरू

सिद्धान्ततः डायस्पोरा हैनन् । पढ्न र काम गर्न विश्वको कुनै कुनो त के, सकिन्छ भने चन्द्रमा गए पनि हुन्छ । अर्काथरी मान्छे छन्, जो डिभी परेर होस्, या अन्य स्वइच्छाले नेपाली नागरिकता त्यागेर अन्य देशका गएका छन् । उनीहरू नेपालसँग स्मृति र विस्मृतिको दोसाँधमा बाँच्दैनन् । बार्थले भनेजस्तो उनीहरूसँग सतकौँको दूरी छैन पितृभूमिसँगको । उनीहरू डायस्पोरा हैनन् । उनीहरूका सन्तान डायस्पोरा हुनेछन् । पश्चिमतिर भविष्यका डायस्पोरिक लेखक नवोदित प्रतिभा हिमांशु निभा कुँवर र अनुराग लामिछानेजस्ता बाल लेखकहरूमा खोज्न सुहाउँछ । जहाँसम्म वास्तविक नेपाली डायस्पोरिक साहित्यको प्रश्न छ, अनुसन्धानले नछोएका, चर्चामा नआएका, नाम नचलेका, प्रकाशित हुन नभ्याएका या नसकेका, पहुँच नभएका असङ्ख्य आप्रवासी नेपालीका आलेखका खेस्राहरू सङ्कलन गर्नुपर्छ । भुटानको स्थिति फेरिएको छ अहिले, नेपालीहरू इतिहासको क्रूर नियतिको चपेटामा छिन्नभिन्न बने । १९८० तिर लेखिएका काव्यहरूको अध्ययन हुनुपर्छ र आँकलन गरिनुपर्छ कति दुखेको छ देश । मेघराज अधिकारी, श्याम राई र लेकनाथ प्रधानका काव्यहरूलाई ब्यूँझाउनुपर्छ । बलराम पौडेलको पर्दाभित्रको भुटानले बोकेका कहरपूर्ण इतिहासलाई यसको आधार बनाउन सकिन्छ । लीलबहादुर क्षेत्री र हरिभक्त कटुवालजस्ता मूर्धण्य लेखकहरूको बलियो उपस्थितिले असमेली नेपाली साहित्यको अध्ययन निकै भएको छ । त्यसैले यस लेखमा असमेली नेपाली साहित्यको ऐतिहासिक र सङ्ख्यागत बेलिबिस्तार प्रस्तुत गर्नु आवश्यक ठानिएको छैन । तर आवश्यकता छ, असमेली नेपाली साहित्यलाई नेपाली डायस्पोरा साहित्यको परिधिभित्र ल्याइनुपर्छ र अग्रभागमा राखेर अध्ययन गरिनुपर्छ । कतिपय जानकारहरू तर्क गरेको सुनेको छु कि असमका नेपाली आफूलाई डायस्पोरा भनिएको मन पराउँदैनन् । तर यो एक भावनात्मक तर्कमात्रै हो । सिद्धान्ततः डायस्पोराको परिभाषाको परिधिभित्र परिसकेपछि मान्ने–नमान्ने प्रश्न औचित्यहीन हुन जान्छ । फेरि, असमलगायत पूर्वोत्तर भारतका नेपालीहरूमाँझ नेपालको आदिम संस्कृति र सभ्यताप्रतिको आस्था र प्रेम सधैँ अक्षुण्ण रहेको छ र उनीहरू नागरिकताका हिसाबले भारतीय भएका भए पनि आफ्नो मूल जरो नेपालमा भएको कुरालाई कहिल्यै नकार्दैनन्, जसरी नेपालसँग सीमाना जोडिएका केही भारतीय भूभागमा बस्ने नेपाली भाषीहरू यदाकदा नकार्छन् । पूर्वोत्तर भारतमा नेपाली साहित्यको विस्तारविन्दु ब्रह्मपुत्र वरिपरिसम्म पुगेको आभास सबैलाई भएको हो । 'बह्मपुत्रको

छेउछाउ' लाई फगत एक उपन्यास नमानेर भारतीय नेपाली साहित्यको विस्तारको सीमाविन्दु मान्नेहरू पनि धेरै छन् । तर, १९५० तिर ब्रह्मपुत्रमा आएको बाढीका कारणले होस् या जीविकोपार्जनका लागि होस्, असमबाट पनि अझ पूर्वतिर हान्निएका नेपालीहरूले पनि भाषा साहित्यको विकासमा योगदान गरेका छन् भन्ने कुरा प्रायः उपेक्षा गरिन्छ । २००५ सालको छेउछाउ पूर्वी नेपालका पहाडी जिल्लाबाट विविध कारणले मुग्लान पसेको नेपाली ती पहाडको जस्तै भूगोल र मौसम खोज्न नागाल्यान्ड, मणिपुर, अरुणाचल, मेघालय र बर्मा पुगे । कम्पनी सरकारको पल्टनबाट निवृत्त भएर उतै बस्नेहरूको इतिहास त अझै पुरानो छ । पानीखेती, रिजालटाहार, बाँझगजा, ठुलो चौर, सुन्तोलाबारी, तोरीबारीजस्ता नाउँ यी क्षेत्रका राजपत्रमा अङ्कित आधिकारिक नाउँ हुन् । पूर्वोत्तर भारतमा साहित्यिक आधारविन्दु असमभन्दा पनि सुदूर अर्थात् भारत र बर्माको सीमातिर खोजिनुपर्छ जस्तो लाग्छ र यो कडी तुलाचन आलेसम्म तान्न सकिन्छ । ब्रिटिसकालीन भारतमा गोर्खा फौजका जवान तुलाचन आलेको 'मणिपुरको लडाइँको सवाई' सन् १८९४ मा लेखिएको थियो भन्ने इतिहासकार मुक्ति गौतमले 'मणिपुरमा नेपाली जनजीवन' (१९९९) नामक ग्रन्थमा उल्लेख गरेका छन् । नेपाली लोकसाहित्य परम्पराको एक विशिष्ट विधा सवाई नेपालमा समेत त्यति विकासित नभइसकेको बेला तुलाचन्द आलेले उक्त सवाई लेखेर एक ऐतिहासिक काम गरेका हुन् । उपनिवेशवादी कम्पनी सरकार र मणिपुरी फौजमाझ भएको युद्धको वर्णन गर्दै लेखेको आलेको यो पुस्तक ऐतिहिासिक दस्तावेज हो । उनको उक्त सवाईको पाण्डुलिपि कतै पनि उपलब्ध छैन, तर त्यस आलेखका केही अंशहरू यदाकदा प्रकाशित छन् । नमुनाका लागि नेपाली साहित्यको इतिहासमा विद्यावारिधि गरेकी डा. गोमादेवी शर्माले आफ्नो सोधका क्रममा सङ्कलन गरेका यी हरफहरू यहाँनिर प्रस्तुत गरिएको छ – जोगराजलाई पत्र भनी हुकुम जब दीया हुकुमपाई पल्टनले किल्ला घेरी लिया ॥ तहाँ पछी मनिपुर्ले थाहा पनी पाया जोगराजको हुकुम पाई गोली चलाया जती जाने फौजले दरबार लुटी लिया । लूटका शरूमा राजा भगाया । स्मरण रहोस्, योगराज भनेर जुन युवराजको तुलाचन आलेले वर्णन गरे, ती युवराज टिकेन्द्रजीतको सेनामा धेरै नेपालीहरू थिए, जो त्यो बेलासम्म मणिपुरका रैथाने भइसकेका थिए । युवराजका अङ्गरक्षक सुवेदार निरञ्जन नेपाली थिए, जसलाई

अङ्ग्रेजहरूले सन् ८ जुन १९९१ मा फाँसी दिए । अखिल मणिपुर गोर्खा विद्यार्थी सङ्ठनको मुखपत्र ‘सन्देश’ को सन् २००२ को संस्करणमा सुवेदार निरञ्जनको जीवनी पहिलोपटक प्रकाशित भएको हो । तुलाचन आलेको सवाई नेपाली लोकसाहित्यको सवाई विधाको विकासक्रमको त्यस प्रथम चरणमै लेखियो जुन बेला नेपालमा सन् १९४३ पछिका केही दशकहरूमा वसन्त शर्माले समुद्र लहरी, लालबहादुर आउँमासीले भोटको लगाइको सवाई, नरबहादुर राणाले जङ्गबहादुरको सवाईजस्ता सवाई लेखेर यस विधाको जग बसाइरहेका थिए । तुलाचन आलेको सवाई आएपछि यसको व्यापक प्रभावस्वरूप अन्य सवाइहरू लेखिए उत्तरपूर्वी भारतमा, जसमा धनवीर भण्डारीको अब्बर पहाडको सवाई (१९९४) र भैँचालाको सवाई (१८९७), कृष्णबहादुर उदासको आछामको सवाई (१९०८), गजवीर रानाको नागाहिल्सको सवाई १९३३) र रामचन्द्र ढुङ्गानाको कानीको सवाई (१९३३) महत्त्वपूर्ण छन् । स्मरण रहोस्, अब्बर पहाड बह्मपुत्र पारि अरुणाचलको त्यो पहाडी भेग हो, जहाँ आज पनि अनेकन नेपालीहरू कुनै नागरिक अधिकारबिना अब्बर र मिस्मीहरू खेतीपाती कमाएर बसेका छन्, । ‘आछाम’ उत्तरपूर्वी राज्य असमको कथ्यरूप हो र नागाहिल्स आजको नागाल्यान्ड हो, जहाँ राजमार्गबाट निकै पर, पहाडहरूमा गाइबाखा पालेर नेपालीहरू नागाहरूलाई दूध ख्वाइरहेका छन् । नागाल्यान्ड, जहाँ नेपाली त के, नागाबाहेक अन्य भारतीयहरूलाई पनि भूमि किनबेचको कुनै अधिकार छैन, सधैँ नेपालीको सहनशीलताको सीमा नाप्ने ब्यारोमिटर हो । तर नागाल्यान्डका यिनै भीरपाखाहरूबाट पनि त हरिप्रसाद गोर्खा राईजस्ता कवि र दार्शनिक हुर्किएर आएको सत्य हो ! भारतको स्वतन्त्रता सङ्ग्राम उत्कर्षमा पुगेको बेला खासै साहित्यिक गतिविधि भएको देखिँदैन । तर भारतको स्वतन्त्रतापछि साहित्यिक गतिविधिहरूमा निकै क्रियाशीलता आएको देखिन्छ। सिलङका कवि रामचन्द्र गिरी स्वतन्त्रता सेनानी पनि थिए । उनले आधुनिक नेपाली कविताको नवजागरण कालखण्डमा एक प्रमुख साहित्यिक हस्ताक्षरको रूपमा आफूलाई उभ्याएका हुन् । भारती, उदय, गोरखा संसारजस्ता पत्रपत्रिकाभरि फैलिएका उनका अनेक रचनाहरू आजपर्यन्त सङ्कलित भएर कृतिका रूपमा आउन सकेका छैनन् । उनको एकमात्र प्रकाशित ग्रन्थ समाज दर्पण सन् १९८२ मा निस्किएको थियो । गिरीकै समकालीन हुन् नागाल्यान्डका हरिप्रसाद गोर्खा राई । कोहिमाकै पहाडमा जन्मेर त्यस भेगमा

बाँचेका नेपालीका सुख-दुःखका गीत र कविता लेखेर प्रसिद्धी कमाए । बाबरी र मनचरीको बोली काव्यकृतिमा राईले दोस्रो विश्वयुद्धमा बर्माबाट भागेका नेपालीहरूसँगको साक्षात्कारका पीडादायी र कारुणिक अनुभव सँगसँगै विदेशमा नेपाली हुनुको पीडाका कथा बुनेका छन् । घरदेश र परदेशको खाडल, प्रकृति प्रेम र माया पिरती उनको काव्यलहरीको प्राण हुन् । बिहारका चन्द्रेश्वर दुबेले मणिपुरबाटै लेखे भानुभक्त र घाँसी (१९६२) र देवकोटै देवकोटा (१९९१) । अनुसन्धान, विवेचना, चर्चा-परिचर्चाका लागि दुबेले पर्याप्त कृतिहरू दिएर गएका छन् । उनका भावी पत्नी, मेची बग्दै थियो, सम्झनाको डोको, लाहुरे देशको माटो, जिन्दगीको बाटो, उर्वशीलगायतका अनेक कृति विश्लेषणको दायराबाट निकै बाहिर पर्नु दुर्भाग्यपूर्ण हो । विदेशमा बस्ने नेपालीहरूको वास्तविकताका कारुणिक बिम्बहरूले भरिएका दुबेका कृति पठनीय छन् । पूर्वोत्तर भारतमा समालोचनाको जग उनैले बसाले । तुलाचन आले र चन्द्रेश्वर दुबेले छोडेर गएको विराट् धरोहरमा उभिएर आधुनिक साहित्यमा आसामपछि सर्वाधिक विकास गरेको भने मणिपुरले नै हो । नरध्वज लिम्बुको ज्ञानज्योति (१९५३), सीताराम लम्सालको लोकशिक्षा मञ्जरी (१९७५) र कृष्णप्रसाद काफ्लेको मनका खुडका खण्डकाव्य (१९९१) ले छन्दकविताको मणिपुरेली संस्करणको प्रतिनिधित्व गरेका छन् । स्व. आशारानी राई र स्व. पदमबहादुर राई (ओल्ड ब्वाई) ले आधुनिक मणिपुरेली साहित्यको जग बसाए भने यसलाई उत्कर्षसम्म पुऱ्याए कवि आलोक गौतम र अनिरुद्ध गौतमले । कविता सँगसँगै कथा साहित्यको विकासमा भाषा आन्दोलनकी अभियन्ता र मणिपुरमा नेपाली शिक्षाको विस्तारकी नेतृ आशारानी राईको यम द्वितीया नामक कथासङ्ग्रह प्रकाशित छ भने पदमबहादुर राईको कस्तुरी कवितासङ्ग्रह र सीमाना कथासङ्ग्रह प्रकाशित छन् । आलोक गौतमका मान्छे भित्रको मान्छे बोल्छ र थुप्रै फुटकर कविताहरू प्रकाशित छन् । अनिरुद्ध गौतमका दुई काव्यकृति चस्माभित्रको घायल आँखा ( १९८३) अज्ञात शब्दका पछिपछि (१९८६) को प्रकाशनपछि उनी साहित्यिक जगतबाट पलायन भएको देखिन्छ । उनको काव्यमा प्रयोगधर्मिता बढी पाइन्छ भने वैश्विक विषय सँगसँगै मुग्लानका नेपालीको पीडा छर्लङ्गिएर आउँछ । यी स्रष्टाहरूको अभियानमा काव्यकारिताका रङ थपे कवि कमल थापा 'प्रकाश', घनश्याम कोइराला, भवानी अधिकारी, डा. गोमा अधिकारी, कीर्तिमणि खतिवडा, नेत्रप्रसाद अधिकारी, सीताराम अधिकारी,

राहुला राई बोगिको, सूरज चापागाईं, चूडामणि खरेल र दीपक पन्थले । कमल थापा प्रकाशको योगदान हरेक दृष्टिले विशिष्ट छ । नेपालमै समेत नाटक त्यति विकासित नभइसकेको अवस्थामा मणिपुरमा नेपाली नाटकको विकासलाई उनले त्यो उत्कर्षमा पुऱ्याए, जुन न अगाडि देखिएको थियो, न उनको निधनपछि देखियो । १९७७ तिर मणिपुरको राजधानी इम्फालको मध्यमा अवस्थित जि.एम. हलमा पहिलोपल्ट नेपाली भाषाको प्रियतम खण्डकाव्य, लक्ष्मीप्रसाद देवकोटाको मुनामदनलाई नाट्यरूपान्तरण गरी प्रदर्शन गराएर कमल थापाले एक ऐतिहासिक काम गरेका थिए । त्यसपछि सुस्केरा र हार-जित नाटकको लेखन र मञ्चन पनि उनीबाटै भयो । जानकारहरू भन्छन्, उनका मौलिक नाटक अरू पनि थिए र मञ्चन गरिएको पनि हो, तर उनकी छोरी प्रशंसाको भनाइ छ, ती नाटकका पाण्डुलिपिहरू उपलब्ध छैनन् अहिले र लानेहरूले पनि फिर्ता ल्याएनन् । यो निश्चय नै दुःखको कुरा हो । पारिवारिक स्रोतका अनुसार उनका थप डायरी र बहीहरू थिए, जसमा थुप्रै अप्रकाशित नाटक र कविता थिए । खण्डकाव्य याद र गीतिकाव्य आँसु पनि कमल थापाले लेखेको कुरा पारिवारिक स्रोतले बताएको हो । मरणोपरान्त उनको कविताकृति आह–चाह हालै प्रकाशित भएको छ । घनश्याम कोइरालाको मिस्कल, कीर्ति खतिवडाको म, सीताराम अधिकारीको आधुनिक मान्छे, नेत्रप्रसाद अधिकारीको कलिला बेलपत्रहरू र दीपक पन्थको गजलसङ्ग्रह पूर्णिको जून आधुनिक मणिपुरेली नेपाली कविताका प्रतिनिधि हुन् । देवीप्रसाद थापा मामा कथासाहित्यमा मणिपुरेली नेपालीको एक प्रभावशाली नाम हो । नेपाली साहित्यको समग्र स्तर, प्रकाशन र प्रवर्द्धनमा र भारतका अन्य राज्य र नेपालको साहित्यिक सङ्घ-संस्थासँग समन्वय गर्न, स्थानीय स्कुल र कलेजका पाठ्यक्रममा नेपाली साहित्यलाई स्थान दिलाउन र स्थानीय समाजसँग नेपाली साहित्यलाई जोड्न साहित्यकार भवानी अधिकारी, डा. दुर्गा शर्मा, डा. गोमा अधिकारी, डा. सीताराम, राहुर राई बोगिकोजस्ता कर्मठ साहित्यकारको भूमिका सदैव प्रशंसायोग्य रहेको छ । मूलधारको भनिएको नेपाली साहित्यको अध्ययनले सधैँ उपेक्षा गरेको र नेपथ्यमा पारिएको उत्तर पूर्वी भारतका राज्यहरूमा फैलिएको नेपालीहरूले आफ्ना सीमित अधिकारहरूको असीमित प्रयोग गरेर नेपाली साहित्यको विस्तार गरेका छन् । सामान्य जीवनशैली बाँचेका मेघालयका नेपाली यदाकदा त्यहाँबाट खेदिएका र कतैकतै जङ्गलमै गोली हानेर मारिएको भन्ने

खबर हामीले नसुनेका हैनौँ । त्यस्तो प्रतिकूलताकै बिचमा पनि अक्षरको खेती जारी राखेका छन् धर्म लिवाङ्, पदम क्षेत्री, श्याम लिवाङ्, हेम जोशी र विक्रमवीर थापाले । समग्र उत्तरपूर्वी भारतको नेपाली साहित्यमा हेम जोशी र विक्रमवीर थापाको भूमिका अग्रणी रहेको छ। उता थोरै नेपालीहरू अल्पसङ्ख्यक नेपालीहरूको रूपमा रहेको मिजोरममा लक्ष्मी मिनुले आधुनिक युगलाई हाँकिरहेकी छिन् भने उनीसँग विष्णु पराजुली 'बेहोसी', गीता राई र सुनिता सुब्बाजस्ता कविहरूले निर्माण गरेको गौरवशाली धरोहर छ । बर्माको मोरेर तमुमा नेपालीहरू कृषि र स-साना व्यापार-व्यवसाय गररे बसेका छन्। उनीहरू साहित्यक्षेत्रमा त्यति अगाडि आउन सकिरहेका छैनन्, कारण जुन्ता सरकारको शासनमा प्रकाशन र विस्तार त्यति सहज छैन । यति हुँदाहुँदै पनि बर्मेली नेपालीहरूमा केही साहित्य गतिविधि नभएको भने होइनन्। तमुवासी खिमबहादुर बुढाथोकी बर्मेली नेपाली साहित्यमा एक प्रतिनिधि नाम हो । उनका तेस्रो गुराँस, बाध्यता भनौँ कि वीरता, अतीतका पाइला गरी तीन उपन्यास र अन्य दुई निबन्धसङ्ग्रह प्रकाशित छन् । भुटान, भारत र बर्माका नेपालीहरूको यथार्थ अन्यत्रका सुविधासम्पन्न नेपालहरूको भन्दा फरक छ। अन्यत्रका नेपालीहरू चाहेर विदेसिएका हुन्, चाहेर स्वदेसिन सक्छन्। धेरै विकल्प छन् उनीहरूसँग। देशसँग भौगोलिक रूपमा मात्रै विछिन्न छन्, अरू कुनै पनि हिसाबले छैनन्। छन् यदि भने स्वइच्छाले छन्। तर भुटान, भारत र बर्माका नेपालीहरूसँग यो सुविधा छैन । उनीहरू विभिन्न ठाउँमा काममै व्यस्त हुने हुनाले सफ्रानले भनेजस्ता 'समाज' बनाएर बस्दैनन् । छुट्टिमा यदाकदा रिजोर्टमा मिटिङ या सम्मेलन गरेर तयार पारिएको साहित्य डायस्पोरिक साहित्य हुनसक्दैन । भुटानको प्रश्न अहिले आएर यहाँनिर त्यति सान्दर्भिक नहोला, तर नेपाल या अमेरिकैमा भए पनि उनीहरू डायस्पोरा नै हुन् । भारत र बर्माका नेपालीहरू कागजी रूपमा उताका भए, तर सधैँ अपहेलित । छोडेको नेपालका देवी–देउता पुजिरहेका छन्, नेपाल लेखिरहेका छन् गीतहरूमा गाइरहेका छन् । सङ्गठित छैनन् कतिपय ठाउँमा, छरिएर बसेका छन्। तरै पनि संस्कृति बचाएका छन्, थोरै हाँसेका छन्, धेरै रोएका छन् र पनि आफ्नो भाषा साहित्यको विस्तारका लागि बलसक्दो योगदान गरिरहेका छन् । लेख्ने धेरै छन्, तर त्यहाँ सम्पादन, प्रकाशन र बजार व्यवस्थापन सधैँ एक जटिल समस्याकै रूपमा रहेको छ । उनीहरूको साहित्यको खोजी गरिनुपर्छ, अनुसन्धान हुनुपर्छ, अनि असली

नेपाली डायस्पोरा साहित्यको इतिहास र अभिलेख तयार हुन्छ । साहित्यकै लागि बनेका सरकारी निकाय, विश्वविद्यालयका साहित्यसम्बन्धी अनुसन्धान शाखा र लेखक र समालोचकहरूको ध्यान यतातिर जानु आवश्यक छ । समग्र नेपाली साहित्य जगत्को उत्थान गर्नका लागि यस क्षेत्रका स्रष्टालाई सहयोग गर्नु हामी सबैको आवश्यकता हो । हामीले हाम्रा अनुसन्धान, पाठ्यक्रम विकास, सम्पादन, प्रकाशन, समीक्षा, समालोचना, अनुवाद आदिजस्ता कार्यमा उत्तरपूर्वी भारतजस्तो विकट र उपेक्षित क्षेत्रलाई सस्नेह स्थान दिन थाल्यौँ भने उनीहरूमाथि न्याय हुने छ र त्यसले हाम्रै वाङ्मयलाई समृद्ध बनाउने छ । नत्र डायस्पोरा फेसनको वामवृत्ति आँधीमा हामी पनि उड्न थाल्यौँ भने आउँदै गरेको पुस्तालाई हामीले गलत कुरा सिकाइरहेका हुनेछौँ जसबाट कालान्तरमा हामी पश्चात्तापका भागी हुनेछौँ । अँ, हामीले ‘रणनैतिक तात्त्विकता’ का लागि स्वीकारेका अन्य मुलुकका आप्रवासी नेपालीको साहित्यलाई, तिनको कथ्यपक्षमा डायस्पोरिक विषय वा चेतनालाई मापदण्ड बनाएर अध्ययन गर्नु जरुरी छ । तिनीबाट मात्रै डायस्पोरिक लेखनका स्वभाव र धारहरूको सापेक्षतामा तिनको मापन गर्न सकिन्छ र अन्यत्रको डायस्पोरिक साहित्यसँगको तिनको साम्य र वैसम्य छुट्याउन सकिन्छ । अथवा, तिनमा विशिष्ट नेपाली शैलीको केही नयाँपन छ वा छैन, छ भने कस्तो छ, त्यो आँकलन गर्न सकिन्छ । नेपाल बाहिर छापिएजति सबै पुस्तक भेला पारेर डायस्पोर विभाग वा सेल बनाएरमात्रै चाहिँ ‘डायस्पोरिक’ हुँदैन । अनि, अँ एउटा महत्त्वपूर्ण कुरा – डायस्पोरिक नेपाली साहित्यको भविष्य बनाउन वा बचाउन हामीले विदेशमै जन्मेर हुर्कँदै गरेको हाम्रो कलिलो पुस्ता बनाउनु र बचाउनुपर्छ । उनीहरूले स्वतःस्फूर्त कलम समातेर साहित्यको पटमा अवतरण गरेका दिन नेपाली साहित्यको ‘डायस्पोरिक’ पाटो थप आलोकित भएर आउँछ । उनीहरूलाई भाषा पढाउनु, नेपालको वर्तमान र विगतसँग जोड्नु, नेपाली साहित्य परम्परासँग जोड्नु, विश्वका अन्य साहित्यिक इतिहास, परम्परा र आन्दोलनहरूसँग जोड्नु जरुरी छ । यस दिशामा प्रयासहरू सुरु भएका छन् । त्यसले थप बल पाउनु जरुरी छ ।

●

लेख

# अबको नेपाली साहित्य, स्रष्टा एकता ए कता ?

● लालगोपाल सुवेदी

आजसम्म नेपाली साहित्यमा जे-जस्ता र जति सङ्ख्यामा कृति प्रकाशन भएका छन् तिनको सङ्ख्यालाई हेर्दा स्थिति राम्रै र उत्साहप्रद नै लाग्छ । युग अनलाइन प्रकाशनमा आइसकेको छ । हिजोझैँ एउटा पुस्तक प्रकाशनका लागि बर्सौं कुर्नुपर्ने अवस्था अहिले छैन । कम्प्युटरको किबोर्डमा औँला दौडाउँदै तीव्र गतिमा आफ्ना भावना तथा विचारहरू लिपिबद्ध गर्न सकिन्छ र तुरुन्त पाठकका आँखामा पुऱ्याउन सक्ने सुविधा समेत हामीलाई छ । यही सुलभजन्य सुविधाका कारण हरेक दिन संसारभरिकै कुनाकाप्चा गल्लीगल्लीबाट एकै दिनमा सयौँ कृति प्रकाशन हुन थालेका छन्, यदि नेपालभित्र र नेपाल बाहिरबाट प्रकाशित साहित्यिक कृतिहरूलाई नियाल्ने हो भने ।

कृति प्रकाशनको यस्तो रहरलाई सकारात्मक रूपमै लिनुपर्दछ । भानुभक्त आचार्यदेखि आजसम्मका स्रष्टाका कृतिहरूलाई नियाल्ने हो भने कृतिसङ्ख्या असङ्ख्य नै हुन आउँछ । लेखिन बाँकी कृतिहरूको त हिसाबै भएन । भनाइको आशय हो अत्यधिक पुनरावृत्ति छ, आजका दिनमा त रिँगटै लाग्ने पुनरावृत्ति र फोटोकपी छ, मात्र फोटोकपी ! के छ आजका समकालीन कविता र निबन्धहरूमा ? (गाली, गाली र गाली । आज प्रकाशित हुँदै गरेका कृतिहरूले जुन रूपमा गुणात्मक फड्को मार्नुपर्ने हो त्यो हुन सकेको देखिँदैन । देवकोटाको 'प्रमिथस' वा मोहन कोइरालाको 'नदी किनारका माझी' जस्तै कलालाई आत्मसात गरेर पनि विद्रोहको आगो ओकल्न सकिन्छ र सीमान्तकृतहरूको आवाजलाई मुखरित गर्न सकिन्छ । कोरा उपदेश वा नारावादी साहित्यबाट कहिले मुक्ति पाउने हामीले ?

कृतिका बाहिरी आवरण हेर्ने हो भने ती निकै चिल्ला, रङ्गीन, आकर्षक, सजधजपूर्ण र ग्लामरसजस्ता लाग्छन् । विभिन्न ब्रान्डका चाउचाउ र बिस्कुटजस्तै पो हुन लागे त आजको बजारमा देखिने पुस्तकहरू ! मानिसहरूले भन्न थालेका छन् – लाहुरे साहित्य अथवा खेताला साहित्य अथवा कार्बनकपी ! यी आरोपहरू

मिथ्या हुन् भन्न सक्ने सामर्थ्य रहरे स्रष्टाहरूमा छैन । आफूलाई साहित्यकार भनाउन लेखिदै छ नेपाली साहित्य, साहित्य बनाउनका लागि होइन । स्रष्टाहरू सजिलै आरोप लगाइरहेका हुन्छन् – हाम्रा कृतिहरू पढिँदैनन् भनेर । एउटै कुराको फोटोकपी कति पढिरहनु पाठकहरूले ?

पुस्तकको गुणस्तरकै बारेमा पनि अनेकौं भ्रमहरू छन् – मदन पुरस्कार पाएको कृति गुणस्तरीय र अन्य कृति सालाखाला । यो भ्रम बौद्धिक वर्गले नै बाँड्ने गर्दछ । अधिक बिक्रीको आधारमा प्रकाशक वा पसलेहरू भनिदिन्छन् – फलानो पुस्तक त साँच्चै उत्कृष्ट छ । मोहन कोइरालाका 'कविता' वा 'माधवी' उपन्यास के निम्न कोटिका कृति हुन् त ? आज कृतिको मानकीय मूल्य निर्धारण समेत बजारले नै गरिरहेछ । यसलाई कदापि राम्रो सङ्केत मान्न सकिन्न ।

कुनै एउटा स्वर्णिम समय थियो जसमा लेखनाथ, देवकोटा, सम, विश्वेश्वरप्रसाद कोइराला, भिक्षु, गोठाले, शङ्कर लामिछाने, पारिजात, भूपि शेरचन, माधव घिमिरे, बा^a\ग्देल, विजय मल्ल, पारिजात, रमेश विकलको समेत यथोचित मूल्याङ्कन भएको थियो । **तरुण तपसी**, **शाकुन्तल**, **मुनामदन**, **राजेश्वरी**, **लक्ष्मी** निबन्धसङ्ग्रह, **प्रेमपिण्ड**, **मुटुको व्यथा**, **मसान**, **यो प्रेम**, **भ्रमर**, **लङ्गडाको साथीदेखि माधवी**, **ज्योति ज्योति महाज्योति**, **घामका पाइला**, **आज रमिता छ** लगायत अरू पनि धेरै गुणस्तरीय कृतिहरूलाई प्राज्ञिक अनुसन्धानको प्रमुख विषयसूचीमा राखेर विभिन्न कोणबाट तिनलाई भित्रैबाट मन्थन गर्न अभिप्रेरित गरियो विश्वविद्यालय तहमा । कृतिगत मूल्यखोजका कामहरू भए । त्यति बेलाको मूल्याङ्कन तटस्थ र निष्पक्ष थियो । आज त्यो स्थिति छैन । पैसा खुवाएर कृतिहरूलाई विश्व विद्यालयका पाठ्यक्रममा आफ्नो कृति समावेश गरिएका समाचारहरूसम्म बजारमा आए, नलेखिएका कृतिसमेत पाठ्यक्रममा परे ।

आज पाठ्यक्रममा परेका कृतिहरूको गाइड बुक तयार गरेर समालोचक बन्नेहरूको सङ्ख्या पनि उल्लेख्य नै देखिन थालेको छ । नयाँ कृतिको गहन समालोचना विगत २०-२५ वर्षयता भएकै छैन । यदुनाथ खनाल, ईश्वर बराल, वासुदेव त्रिपाठी, मोहनराज शर्मा, तारानाथ शर्माहरूको जस्तो समय होइन यो । त्यतिबेलाका समालोचकहरू सिङ्गै पुस्तकालय नै निलुँलाझैँ गर्दथे । एउटै कृतिमा महिनौं घोत्लिन्थे उनीहरू । पाए र भेटेसम्मका कृतिहरू पढ्ने र तिनलाई इमान्दारीपूर्वक साहित्यिक मूल्य प्रदान गर्ने गर्थे उनीहरू । हातको औंलामा समेत

गन्न नसकिने अत्यन्त न्यून पाठक कमाएका मोहन कोइराला समेत प्रयोगवादी कविताधाराका केन्द्रीय कविमा मूल्याङ्कित भएका थिए । उनका कृति एम.ए.मा पढ्नैपर्थ्यो ।

अत्यन्त इमान्दार, अत्यन्त जिम्मेवार, लगनशील र बौद्धिक समालोचकहरूको पठन तपस्याकै बलले केही कृतिहरूलाई शल्यक्रिया गरी आन्द्राभुँडी नै देखाइदिने तत्परताका कारण हाम्रो नेपाली साहित्यको उचाइलाई हामीले देख्न पाएका हौँ । त्यसैको उज्यालोमा नवपुस्ता हिँडेको स्पष्टै छ । अभि सुवेदी, केशव उपाध्याय, कृष्ण गौतम, गोविन्दराज भट्टराईहरूले खनेको बाटो पनि स्मरणीय छ । लक्ष्मण गौतम, नेत्र एटम र पछिल्लो पुस्ताका महेश पौड्यालका नवप्रयासमा पनि आशा गर्न सकिने लक्षणहरू देखिँदै छन् । समग्र नेपाली साहित्यको जिम्मेवारीयुक्त पठन भने अत्यन्त दयनीय अवस्थामा गुज्रिरहेछ । काङ्ग्रेसले काङ्ग्रेसीलाई उचाल्ने, कम्युनिस्टले कम्युनिस्टलाई उचाल्ने, महिलावादीले महिलावादीलाई उचाल्ने, जनजातिले जनजातिलाई उचाल्ने खालको पूर्वाग्रही पठन र विवेचना हाबी हुन खोज्दै छ अहिले । पठन, विवेचना, समालोचनामा इमान्दारिता र तटस्थताको अभाव हुनुलाई राम्रो सङ्केत मान्न सकिन्न ।

सीमित बौद्धिक वर्गमै पनि पठनसंस्कृति दयनीय छ। पि.एच.डी. पदोन्नतिका लागि मात्र गर्नेहरूको सङ्ख्या उल्लेख्य छ सीमित बौद्धिक वर्गमा पनि । यसैले एकथरी पाठकहरू भन्दछन् – आजका ९० प्रतिशत साहित्यिक कृतिले बजारका चाउचाउ, बिस्कुटको झल्को दिलाउँछन् भनेर । स्रष्टा द्रष्टा दुवै व्यक्तित्व कतिजनामा होला ? खेताला लेखनले वाहवाही कमाउने र वास्तविक सर्जक ओझेलमा पर्ने रोग अझ मौलाउँदै छ भनी आलोचना गर्नेहरूको भनाइमा असत्यता भेट्न मुस्किल छ आज ।

आजको नेपाली साहित्यले उचित दिशा र गन्तव्य हराउने त होइन भन्ने आशङ्का झाँगिदो छ । कविताको बाढी छ । गजलको बाढी छ । उपन्यास, कथा, आत्मसंस्मणका कृतिहरू पनि बग्रेल्ती नै आएका छन् । कुन कृतिको साहित्यिक गुणवत्ता कति भनी पर्गेल्ने जिम्मेवार निकाय वा भावक कहीँकतै भेटिँदैन ! भेटिन्छन् त गुट-उपगुटका चस्माधारीहरू मात्रै । बोल्न सक्नेले भटाभट पिठो बेचिरहेकै छ । किन्नेले पनि धमाधम पिठै किनिरहेछ । चामल कुन कुनामा थन्केर बसेको छ भन्ने हेक्का कसैमा छैन । भनाइको तात्पर्य के हो भने अहिले नेपाली साहित्य

बरालिँदो अवस्थामा छ । नेपाली भाषामा लेखिएका बाहेकका अन्य नेपालका भाषाका साहित्यलाई नेपाली साहित्य भनिएन भन्ने गुनासो छ अर्कोतिर, अझ त्यही धरातलमा पुगेर चामल र पिठो कसले छुट्याइदिने ? हो नेपाली साहित्य बरालिएकै अवस्थामा छ ।

आज अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नेपाली भाषा साहित्यको विश्वव्यापीकरण भन्ने नारा बारम्बार भट्याइरहन्छ । यहाँ सिङ्गो नेपाली साहित्य नै बरालिएको अवस्थामा छ । सयौँ वर्षको इतिहास बनाएका साहित्यिक संस्था कुहिराको कागको अवस्थामा छन् । केही गोष्ठी र केही पुस्तकहरूको प्रकाशनमै तिनको कर्मकाण्ड पूरा भइसक्छ ।

●

समालोचना

# विलयन लेखन : मान्यता र प्रयोग

● ज्ञानु अधिकारी

## १. विषयप्रवेश

पाश्चात्य साहित्य र नेपाली साहित्यमा पनि पछिल्लो समयमा कविताको वैचारिक पक्षको मुद्दालाई लिएर धेरै आन्दोलन र अभियानहरू जन्मेका छन् । पाश्चात्य साहित्यका बिट जेनेरेसन, कन्टेम्पररी पोएट्री अभियान, पम्पलेट पोएट्री, पर्फमेन्स पोएट्री, ल्याङ्ग्वेज पोएट्री, साउन्ड पोएट्री आदि आन्दोलन र अभियानले पाश्चात्य जगत्मा कविताको क्षेत्रमा एउटा वैचारिक चिन्तन प्रक्षेपण गरेका छन् । पाश्चात्य जगत्का यस्ता काव्यिक आन्दोलन र अभियानबाट प्रभावित भएर होस् वा आफ्नै युग, देश र समाजको चिन्तन, चेतना र आवश्यकताले होस् समकालीन नेपाली कवितामा वैचारिक चिन्तन र चेतना बोकेका यस्ता काव्यिक आन्दोलन र अभियानहरू आएका छन् । यस्ता चिन्तन र अभियानका कारण स्वयम् अभियन्ता काव्यिक जगत्मा अरूभन्दा पृथक् देखिने प्रवृत्तितिर उन्मुख हुन्छन् । पाश्चात्य कविताका क्षेत्रमा होस् वा समकालीन नेपाली कविताका क्षेत्रमा आफ्नो पहिचानको अस्तित्व बोकेर काव्यिक आन्दोलन र अभियानहरू जन्मिन्छन् । केही समय निकै सक्रियताका साथ गतिशील हुन्छन् र कालान्तरमा ती इतिहासको गर्भमा बिलीन हुन पुग्छन् । वैचारिक स्पष्टता, सैद्धान्तिक स्पष्टता, सम्बद्ध अभियन्ताहरूको सक्रियता र सृजनामा निरन्तरताले काव्यिक आन्दोलन र अभियानलाई पनि गतिशील बनाई लुप्त हुनबाट बचाउँछन् ।

समकालीन नेपाली कविताका विभिन्न आन्दोलन र अभियानहरूमध्ये विलयन लेखन नयाँ वैचारिक चिन्तन, चेतना र प्रयोग लिएर देखापरेको काव्यिक आन्दोलन हो । उत्तरआधुनिकतावादी, बहुलवादी चिन्तनमात्र होइन कि, आजको वैश्विक समाज नै बहुलताको परिचायक छ । मृत्युबाहेक कुनै अन्तिम सत्य छैन भन्ने चिन्तन र चेतनाले घचघच्याएर विलयन लेखनको मूलमन्त्र समकालीन युगजीवनका यथार्थका भाष्य, महाभाष्यहरूसँगै जोडिदै गतिशील छ । सिद्धान्तमा,

विचारमा र चिन्तनमा विलयन लेखन वेदका मन्त्रजस्तै देखिन्छ भने विलयन लेखनको प्रयोगका रूपमा सिर्जिएका कविता कृतिहरू ती मन्त्रका भाष्यजस्तै लाग्छन् । समकालीन चेतना विद्रोह, अँध्यारोका विरुद्ध र तमसोमा ज्योतिर्गमयको खोजी विलयन लेखनको मूल अभीष्ट हो ।

## २. समकालीन नेपाली कविता आन्दोलनहरूमा विलयन लेखन

नेपाली कविताको इतिहास लेखनपरम्परामा पछिल्लो समयको कविता लेखनलाई समसामयिक धारा भनिन्छ र यही समसामयिक धाराको समयमा लेखिएका कवितालाई समकालीन कविता र वर्तमानमा लेखिरहेका ती कविलाई समकालीन कवि भनिन्छ । समकालीनता स्थिर कुरा वा स्थिर सिद्धान्त होइन, यो निरन्तर परिवर्तनशील, गतिशील र नित्यनवीन हुन्छ । यसरी समकालीनता क्रमश: अघि सर्दै जाने कुरा हो र यसको गतिशीलतामा विभिन्न साहित्यिक आन्दोलन र अभियानहरूले पनि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । समकालीनता सर्दै जाने कुरा भएकाले नेपाली कविताका सन्दर्भमा परम्परागत रूपमा २०३६ को सडककविता क्रान्तियताका कवितालाई समकालीन नेपाली कविता मानिए पनि वर्तमान सन्दर्भमा त्यो दूरस्थ समकालीनताले चालु वर्तमानलाई सम्बोधन गर्न सक्दैन, अत: २०४६ को परिवर्तनपछिको नेपाली कवितालाई समकालीन नेपाली कविता मान्नु उपयुक्त हुन्छ । अझै यता आउँदा २०६२/०६३ यताको लोकतान्त्रिक गणतान्त्रिक आन्दोलनपछिको नेपाली कविता समकालीन कविता हुन्छ । समकालीन नेपाली कवितामा नवीन मूल्यहरूको स्थापना, नयाँ शैलीको निर्माण, नयाँ विचारको प्रक्षेपण र परम्परागत चिन्तन र सोचाइभन्दा फरक किसिमले अभिव्यक्तिहरू प्रस्तुत गर्न यस अवधिका काव्यिक आन्दोलन र अभियानहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस्ता काव्यिक आन्दोलन र अभियानहरू विभिन्न उद्देश्यबाट अभिप्रेरित भएका छन् । खास गरेर राजनीतिक परिवर्तनको उद्देश्यबाट अभिप्रेरित काव्यिक आन्दोलन वा अभियान कवितामा नवीन वैचारिक चिन्तनको प्रक्षेपण एवं नवीन शैलीको निर्माणद्वारा कवितामा नवमूल्यको स्थापना गर्ने उद्देश्यबाट अभिप्रेरित काव्यिक आन्दोलन वा अभियान गरी दुई किसिमका हुन्छन् । २०४६ यताका राजनीतिक परिवर्तनको उद्देश्यबाट अभिप्रेरित काव्यिक आन्दोलन र अभियानहरू निम्नलिखित छन् :

(क) जनआन्दोलन कविता (२०४६)

(ख) सडक कविता आन्दोलन (२०६०)

(ग) गणतन्त्रवादी कविता आन्दोलन (२०६१)

(घ) लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च र कवितामा लोकतन्त्र गणतन्त्रसम्बन्धी तत्कालीन धेरै आन्दोलन र अभियानहरू

राजनीतिक परिवर्तनको उद्देश्यबाट अभिप्रेरित उपर्युक्त काव्यिक आन्दोलन वा अभियानसँगै कवितामा नवीन वैचारिक चिन्तनको प्रक्षेपण, नवीन मूल्यको स्थापना र नवीन शिल्पको निर्माणसँग सम्बद्ध आन्दोलन वा अभियानहरू पनि छन्। त्यस्ता काव्यिक आन्दोलन वा अभियानले नयाँ चेतनाको निर्माणद्वारा कवितामा बौद्धिक र शैलीगत क्रान्ति गर्ने आशय पनि राखेका छन्। ती काव्यिक आन्दोलन वा अभियानहरू यसप्रकार छन् :

(क) संरक्षण कवितायात्रा/आन्दोलन (२०५३/२०५५)
(पर्यावरणीय संरक्षण र पर्यावरणीय चेतनासँग सम्बन्ध)

(ख) चौथो आयाम (२०५६)
(कविताको सिद्धान्त, विचार, सम्प्रेषण र संरचनाका आयामहरूबाट अन्तर्वस्तु र शिल्पमा नवमूल्यको स्थापनासँग सम्बद्ध)

(ग) सिर्जनशील अराजकता (२०५७)
(कवितामा वैचारिक विविधता, नश्लचेतना, कवित्वको निस्सीमता र सिर्जनात्मक निर्णयका मान्यताहरूसँग सम्बद्ध)

(घ) सौहार्द साहित्यको अवधारणा (२०६०)
(प्रयोगपरक र नर्बन्ध कविता लेखनसँग सम्बद्ध)

(ङ) विशेष रङ्गवाद (२०६१)
(कवितामा विविधतामय रङ्गका रूपमा जीवनजगत्लाई हेर्ने र नयाँ शिल्पसँग सम्बद्ध)

(च) विलयन लेखन (२०६२)
(लेखनमा स्वतन्त्रता, नवीनता, बहुलता, विनिर्मिति र चित्रकलामा रङ्ग, रेखा, रूप, आकृति सबै विलयन भएझैं कवितामा यी तत्त्वहरूको विलयन हुन्छ भन्ने मान्यतासँग सम्बद्ध)

समकालीन नेपाली कवितामा देखिएका प्रमुख छवटा काव्यिक आन्दोलन र

अभियानहरूमध्ये विलयन लेखन अरूभन्दा केकस्ता मान्यताहरूमा पृथक् छ भन्ने कुरा माथि काव्यिक आन्दोलन वा अभियानका नामका मुनि कोष्ठकमा दिइएका तिनका मूल मान्यताका सङ्केतहरूले नै स्पष्ट पार्छन् । यसबाट विलयन लेखन समकालीन नेपाली अन्य काव्यिक आन्दोलन र अभियानहरूभन्दा निम्नलिखित आधारमा पृथक् देखिन्छ :

(क) विलयन लेखनले लेखनस्वतन्त्रतामा विश्वास राख्छ। कविले आफ्नै स्वतन्त्र चेतनाले लेख्छ। प्रायोजित, निर्देशित र विचारको पिँजडामा बाँधिएर गरिएको लेखन निसासिएको अभिव्यक्ति हो ।

(ख) विलयन लेखनले नवीनतामा विश्वास राख्छ। परम्परागत र पुराना कुराहरू अरूले लेखिसकेका हुनाले अबको लेखन नवीनतातिर उन्मुख हुनुपर्छ ।

(ग) विलयन लेखनले बहुलतामा विश्वास राख्छ । अहिलेको युग एउटै मात्र वाद, सिद्धान्त र मान्यताको एकल सिद्धान्तवादी युग होइन, तसर्थ लेखनमा बहुलताका नवीन मार्गतिर हिँड्नु आजको आवश्यकता हो ।

(घ) विलयन लेखनले विनिर्मितिमा विश्वास राख्छ । हरेक निर्मितिहरू जब भत्किन्छन्, त्यसपछि ती सबै तत्त्वहरू एकै ठाउँमा विलीन हुन्छन् । कविताको विनिर्मितिमा पनि हरेक तत्त्वहरूको विलयन हुन्छ ।

(ङ) विलयन लेखनले चित्रकलाको विलयन मान्यतामा विश्वास राख्छ । चित्रकलामा रङ्ग, रेखा, रूप, आकृति आदिलाई जब भिन्न भिन्न रूपमा हेरिन्छ, तिनले अर्थ दिँदैनन्, ती सबै वस्तुहरू एकै ठाउँमा क्यानभासमा विलयन भइसकेपछि ती सबैको अलगअलग पहिचान हराउँछ र एउटै चित्रकलाको पहिचान बन्छ । कविता लेखनमा पनि अनेक तत्त्व र उपकरणहरूको त्यसरी नै विलयन हुन्छ ।

## ३. विलयन लेखनका आधारका आधारभूत मान्यता र विलयन कविताको पार्थक्य

समकालीन नेपाली कवितामा विलयन लेखन सर्वथा नवीन किसिमको बहुल चेतनायुक्त, बौद्धिक चिन्तनयुक्त र समकालीन चेतनायुक्त काव्यिक आन्दोलनका रूपमा देखिन्छ। २०६२ मा कृसु क्षेत्री र मनोज न्यौपानेले यस काव्यिक आन्दोलनको घोषणा गरेका हुन् र यसको घोषणापत्रमा यी दुई कविहरूको हस्ताक्षर रहेको

छ । यसर्थ यी दुई कविहरू यस काव्यिक आन्दोलनका प्रथम अभियन्ता हुन् । यस विलयन लेखनमा पछि चेतनाथ धमला पनि समावेश भएका छन् र यी तीनैजना कविहरू मिलेर विलयन लेखनको प्रायोगिक नमुनाका रूपमा आगोको मूर्च्छना काव्य पनि प्रकाशित गरेका छन् । विलयन लेखनले लेखनमा स्वतन्त्रता, बहुलता र नवीनतालाई समर्थन गर्ने भएकाले यो काव्यिक आन्दोलन परम्परित मान्यताहरूको विपक्षमा छ । विलयन लेखनको मूलभूत अवधारणा भूमण्डलीकरण वा विश्वव्यापीकरण हो । अहिले संसार एउटै विश्वग्राम अर्थात् ग्लोबल भिलेज हुन पुगेको छ र प्रविधिका माध्यमहरूले भूगोलका सीमारेखाहरू भत्काइरहेका छन् । तसर्थ सिङ्गो पृथ्वी एउटै भूमण्डल बनेको छ । अबको साहित्यले, अबका कविताले यही भूमण्डलीय अवधारणालाई सम्बोधन गर्नुपर्छ भन्ने मान्यता विलयन लेखनको छ । विलयन लेखनका आधारभूत मान्यतालाई यसको घोषणापत्रमा यसप्रकार उल्लेख गरिएको छ :

१) संसारमा एउटै मात्र चिज स्थायी रहेछ त्यो हो, परिवर्तन ।

२) नदीको झैँ जीवनको पनि निश्चित बाटो, आकार र किनारा हुन्न रहेछ ।

३) मानिस सधैँ अज्ञानी हुँदोरहेछ । जहिल्यै मानिसले देखे, सुने, बुझे, जानेको संसारभन्दा उसले नदेखेको, नसुनेको, नबुझेको नजानेको संसार ठुलो हुन्छ ।

४) मानिसले देखे, सुने, बुझे जानेको संसार पनि सीमाहरूले छेकिएर छल भइरहेको हुन सक्छ । हाम्रो बुझाइमा धेरै अर्थहरू खुल्न बाँकी नै रहिरहेका हुँदा रहेछन् ।

५) हरेक व्यक्ति उसको अनुभव, अनुभूति, संवेदना, कल्पना र प्रतिभाले अरूभन्दा अलग हुँदोरहेछ । समग्रमा हरेक व्यक्ति अतुलनीय र विशिष्ट हुँदोरहेछ ।

६) विविधता प्रकृतिको अनुपम उपहार रहेछ, सौन्दर्य रहेछ र रहेछ जीवनको लय ।

७) मानिसले प्रकृतिलाई जित्न खोज्नु हुन्न रहेछ, मित बनाउनु पर्दो रहेछ ।

८) असल चाहना, असल भावना र असल कल्पना हुनैपर्ने रहेछ, खुसी संसारका लागि ।

९) कलाको सबैभन्दा ठुलो अभीष्ट रहेछ स्वतन्त्रता । (विलयन लेखनको घोषणापत्र)

विलयन लेखनका उपर्युक्त मान्यताले लेखनका सन्दर्भमा केही नवीन मान्यताहरू प्रस्तुत गरेको छ। अपरिवर्तनीय कुराहरूलाई मात्र स्थायी मान्ने परम्परित अवधारणाका विपरीत यस लेखनले नित्य नवीन परिवर्तनलाई स्थायी मानेको छ। यस अभियानले जीवनलाई नदीसँग तुलना गरेर नदीको बाटो, आकार र किनारा सधैँ एउटै नरहेझैँ जीवन पनि अनिश्चय हुँदोरहेछ र अनिश्चयताभित्रै जीवन नदीजस्तै गतिशील हुन्छ भन्ने कुरा देखाएको छ । विलयन लेखनले ज्ञानको व्यापकता र विराटतामा विश्वास गर्छ । मानिसले बाहिरी आँखाले देखेको, कानले सुनेको र सीमित मस्तिष्कले बुझे जानेको संसारभन्दा ठुलो नेपथ्यमा रहेका ज्ञानभण्डार विराट् भएकाले मान्छे साँच्चै सधैँ अज्ञानी हुन्छ भन्ने मान्यता विलयन लेखनले राखेको छ । विलयन लेखनको यो कुरा वैदिक साहित्यको नेति नेति अर्थात् कुनै पनि पूर्ण रूपमा जान्न सकिँदैन र ज्ञानको अन्त्य हुँदैन । वेदले भनेको यो नेतिनेतिको सन्दर्भ, विलयन लेखनको मानिस सधैँ अज्ञानी हुँदोरहेछ भन्ने कुरासँग पूरै मेल खाएको देखिन्छ। यी दुवै कुराहरू ज्ञानको असीमिततासँग सम्बद्ध छन्। हामीले जानेबुझेको सीमित ज्ञान पनि अनेकौँ सीमाहरूले छेकिएका हुन्छन् भने कतिपय बुझ्न र अर्थ खुल्न बाँकी रहेका हुने हुँदा ज्ञानको यही असीमितताभित्र सीमाबद्ध रहेर हामीले ज्ञान ग्रहण गरिरहेका हुन्छौँ भन्ने आशय विलयन लेखनको छ । यसको मान्यताअनुरूप हरेक व्यक्तिका अनुभूति, अनुभव, संवेदना र प्रतिभा फरक हुने भएकाले नै प्रत्येक व्यक्ति स्वयम्मा अतुलनीय र विशिष्ट हो । विलयन लेखनले मान्छे र प्रकृतिका बिचको सम्बन्धलाई पनि सङ्केत गरेको छ। प्रकृतिलाई अनुपम उपहार, सौन्दर्य र जीवनको लय मान्दै पृथ्वीमाथि र प्रकृतिमाथि मानिसले विजय प्राप्त गर्न खोज्नु हुँदैन भन्ने धारणा यस विलयन लेखनको रहेको छ। यो पर्यावरणीय चेतनासँग सम्बद्ध छ । विलयन लेखनले सकारात्मक भावलाई पनि आफ्नो मूल मान्यता बनाएको छ। असल चाहना, भावना र कल्पनाबाट मात्र संसारमा खुसी प्राप्त गर्न सकिन्छ भन्ने कुरा मान्छेको जीवनशैलीलाई आदर्श बनाउने चिन्तन हो । विलयन लेखनले लेखन स्वतन्त्रतालाई सर्वाधिक महत्त्व दिएको छ। कलाको सही प्रकटीकरण स्वतन्त्र अभिव्यक्तिमा हुन्छ भन्ने मान्यता लेखन स्वतन्त्रताको मूल वा चुरो कुरा हो ।

विलयन लेखनले उपर्युक्त मान्यताहरूका परिवृत्तमा रहेर लेखिने कवितालाई उच्चकोटीको कविता मान्छ। ती मान्यताभित्र रहेर लेख्नु भनेको सीमा वा बन्धनमा कैद हुनु होइन । निर्बन्धता र लेखन स्वतन्त्रता मूल अवधारणा भएकाले निर्बन्ध र

स्वतन्त्र लेखनभित्र अरू धेरै कुरा समाहित हुन्छन् । समकालीन नेपाली कविताको मूल प्रवाहमा धेरै प्रवृत्ति र प्रकृतिका कथाहरू अटाउँछन् । भावुकता र संवेदनामा रमाउने कविहरू त्यसैलाई कविता ठान्छन् । प्रगतिवादीहरू मार्क्सवादी मान्यतालाई रचनाको केन्द्र मान्छन् । प्रयोगवादीहरू अनेकौं प्रयोगका नयाँ-नयाँ सिँढीहरू चढाउँदै कवितालाई माथि पुऱ्याउँछन् । कवितामा समाज र समय लेख्नेहरू प्रायः त्यसमा नै केन्द्रित हुन्छन् । तर विलयन लेखन यी र यस्तै सबैकुराहरू एउटै बहुलताको चेतनाभित्र अटाउँछन् र सबै विलयन भएर जब एकै ठाउँमा समाहित हुन्छन् अनि अलगअलग सिद्धान्त तत्त्व, मान्यता आदिको आफ्नो निजी परिचय हुँदैन । विलयन भइसकेपछि विलयन हुन आइपुगेका तत्त्वहरू अस्तित्वहीन हुन्छन् र तिनको नयाँ परिचय निर्माण हुन्छ । जसरी चित्र बनाउँदा चित्र तयार नहुन्जेलसम्म क्यानभास, कुची, रङ्ग, रेखा आदिको अलगअलग अस्तित्व हुन्छ भने चित्र बनिसकेपछि ती सबै कुराको विलयन भई एउटा चित्र बन्छ । त्यतिबेला रङ्ग, रेखा आदि सबैको अस्तित्व त्यहीँ विलीन भइसकेको हुन्छ । विलयन लेखनले कवितामा पनि यही अवधारणा अगाडि सारेको छ । यो एक किसिमले बहुलवादी अवधारणा हो । विलयन कविहरूले यिनै अवधारणाको परिवृत्तमा रहेर कविता लेखेका हुनाले विलयन कविता र अन्य कवितामा यही पार्थक्य देखा पर्दछ ।

## ४. विलयन लेखनमा 'आगोको मूर्च्छना'

विलयन लेखन सामान्य रूपमा काव्यिक आन्दोलन वा अभियान हो, यसका मान्यताहरूभित्र छिर्दा विलयन लेखन एउटा सिद्धान्त, विचार र शैली हो । विलयन लेखनका यिनै विचार, सिद्धान्त र शैलीको समष्टिरूप विलयन लेखनका सैद्धान्तिक मान्यता हुन् भने, यी मान्यताको प्रयोगभूमि 'आगोको मूर्च्छना' हो । आगोको मूर्च्छना विलयन लेखनको प्रायोगिक काव्य हो र यसका कवि कृसु क्षेत्री, मनोज न्यौपाने र चेतनाथ धमला हुन् । यी तीनजना कविहरूले प्रथमतः लेखनको स्वरूपमा नै विलयन गरेका छन् । कुन खण्ड, पङ्क्तिपुञ्ज वा पङ्क्ति कसले लेख्यो भन्ने कहीँ छुट्याइएको छैन । यसबाट प्रथमतः काव्यको स्वरूप र संरचनामा विलयन देखिएको छ र आगोको मूर्च्छना काव्यभित्र यी तीनैजना कविहरूको विलयन भएको छ । कविताको अन्तर्वस्तु, स्वरूप, संरचना र कथ्यमा पनि विलयन छ । यो विलयन यी तीनजना कविहरूको मात्र समवेत स्वर होइन,

सम्पूर्ण नेपालीहरूको नै समवेत स्वर हो । अझ व्यापक रूपमा अगाडि बढेर हेर्दा विश्व मानव समुदायकै समवेत स्वर हो, सामूहिक आवाज हो । आगोको मूर्च्छना काव्यमा जीवनको बाटो र आकार पनि अनिर्धारित हुन्छ भन्दै अँध्यारोका विरुद्ध अब रगतको नदी निरन्तर रूपमा बग्नुपर्ने अभिप्राय आगोको मूर्च्छना काव्यमा प्रशस्त रूपमा प्राप्त गर्न सकिन्छ । यहाँ विलयनवादी कविहरूले यथास्थिति विरुद्धको गतिलाई यसरी देखाएका छन् :

तारेबारभित्र
कमलपित्त छिर्छ
र, अभिशप्त स्वरूपसँग
कायापलटका सपनाहरूमा
गरालो खस्छ
भिर भत्किन्छ
खोलामा सङ्लो पानी बग्दैन
जतातत्तै रगत बग्छ
रगताम्ये छाल उरालेर । (पृ.७)

यसरी यहाँ विलयनवादी कविहरूले स्वतन्त्रता, उज्यालो जीवनको गरी सबै बन्धित भएको हुनाले आजको मान्छे अझ त्यसमा पनि नेपाली जीवन र समाज तारेबारभित्र कमलपित्तको रोगीझैँ अभिशप्त भएर बाँचिरहेको यथार्थ व्यक्त गरेका छन् । स्वतन्त्रताका लागि अब गरालाहरू खस्नुपर्छ र खोलामा सङ्लो पानी होइन रगतको छाल उराल्नुपर्छ भन्ने कुरालाई यहाँ देखाइएको छ । आजको मान्छेले परिचयहीन जीवन बाँचिरहेको छ र आफूले जानेबुझेको सीमित संसारमा मान्छे कैद छ तर संसार व्यापक र फराकिलो छ भन्दै अपरिचयको सन्त्रासमा बाँच्नुपरेको नियतिलाई यसरी देखाइएको छ :

सन्त्रासले
कसैले कसैलाई नचिन्ने बनाएको छ
लोग्नेले स्वास्नीलाई
छोराले बाबुलाई
दाजुले बहिनीलाई
चिने पनि नचिन्नु पर्ने

अँध्यारो खण्ड र आगो खण्ड गरी दुई खण्ड छन् । यी दुवै खण्ड पूरै प्रतीकात्मक छन् । युगीन राजनीतिक त्रासदीको सूचक अँध्यारो खण्ड हो भने त्यस अँध्यारो विरुद्ध उज्यालो क्रान्तिको संवाहक र प्रतीक आगो खण्ड हो । यो अँध्यारोबाट उज्यालोतिर जाने यात्रा पथ हो तसर्थ हाम्रो पूर्वीय वाङ्मयको तमसोमा ज्योतिर्गमय अर्थात् अँध्यारोबाट उज्यालोतिर लाग भन्ने मूल अवधारणा यस काव्यले बोकेको छ । यस अवधारणाभित्र अन्तर्निहित विलयनवादी मान्यता यस काव्यका पङ्क्तिपङ्क्तिमा कुनै न कुनै रूपमा घटित भएका छन् । विलयन लेखनका मान्यता र आगोको मूर्च्छना काव्यमा अभिव्यञ्जित र अन्तर्वस्तुलाई तल विवेचना गरिन्छ ।

विलयन लेखनले स्वतन्त्रता र परिवर्तनलाई आफ्नो मूल सिद्धान्त मानेको छ । र नित्य नवीन परिवर्तनको चाहना विलयन लेखनको एउटा आधारभूत परिकल्पना हो । वर्तमानमा अँध्यारो मात्र व्याप्त रहेकाले अँध्यारोबाट उज्यालोको परिवर्तित स्वरूप अनीतिहरूका विरुद्ध नीतिको परिवर्तन, दुराचारका विरुद्ध सदाचारको परिवर्तन र अरीतिका विरुद्ध रीतिको परिवर्तन आगोको मूर्च्छनामा प्राप्त गर्न सकिन्छ :

नीति नियमलाई उल्लङ्घन गर्नु
आफ्नो धर्म
पाखण्डीहरूको खुसीलाई
आफ्नो खुसी
दुराचारीहरूको सन्तुष्टिलाई
आफ्नो सन्तुष्टि
र, चोर, डाँका, मुर्कट्टा र किचकन्नीहरूको रीतिलाई
आफ्नो रीति सम्झन्छ अँध्यारो (पृ.४)

यहाँ अनीति, पाखण्ड, दुराचार, चोर, डाँका र मुर्कट्टा प्रवृत्ति एवम् किचकन्नी रीतिका कारण यथास्थिति मात्र व्याप्त रहेको कुरा देखाएर यावत् किसिमका असङ्गतिहरू अब सङ्गतिमा परिवर्तित हुनुपर्ने आशय यहाँ देखाइएको छ । परिवर्तनको सन्दर्भ निरन्तरता र गतिसँग पनि सम्बन्धित छ ।

नदीझैँ बिर्सन पर्ने सन्त्रासमा
बाँचेको छ समय । (पृ.८)

आधुनिक सभ्यताले मान्छेलाई परिचयहीन बनाएको र संसारमा साघुऱ्याएको यथार्थ यहाँ देख्न सकिन्छ । यो अपरिचयीकृत मानवीय अस्तित्व र वर्तमानको सन्त्रासमय परिस्थितिको बिम्बचित्र हो । विलयन लेखनले यथार्थको अभिव्यञ्जनालाई पनि जोड दिन्छ । विश्वबोधी चेतनाका अनेकौँ परिवेशभित्र जब एउटै तत्त्वको विलयन हुन्छ, समाज र राष्ट्रको पनि समस्या हुन्छ । यसरी एउटा व्यक्ति विश्वव्यापीकृत हुन्छ भने विश्वका समकालीन परिदृश्यका अनेकौँ परिघटना व्यक्तिका समस्यासँग जोडिन्छन् । यस्तो अवस्थामा ह्वाइटहाउस र नारायणहिटीका परिघटना एकै ठाउँमा विलयन हुन्छन् । त्यस कुरालाई विलयन कविहरूले यसरी देखाएका छन् :

ताण्डव छ
शक्तिको मादमा
सत्ताको उन्मादमा
काबुल वा कान्तिपुर
ह्वाइट हाउस वा नारायणहिटी
बग्दाद वा सनसिटी
सर्वत्र छ ताण्डव नृत्य (पृ. १०)

ह्वाइट हाउसदेखि नारायणहिटीसम्मका र काबुलदेखि कान्तिपुरसम्मका शक्ति राजनीतिका अनेक सन्दर्भलाई देखाएर कविहरूले वर्तमानको सन्त्रासमय परिवेशलाई देखाएका छन् । यसबाट काबुल वा कान्तिपुरका परिघटना, ह्वाइट हाउस वा नारायणहिटीका परिघटना र बग्दाद वा सनसिटीका परिघटना विश्वसमस्या भएको कुरालाई देखाइएको छ । यसबाट कुनै पनि देशको वा समाजको घटना वैश्विक घटनाका रूपमा रहेका हुन्छन् भन्दै, ती सबै ठाउँमा सत्ता राजनीति ताण्डव नृत्य देखिएको सङ्केत गरिएको छ । आगोको मूर्च्छना अन्धकारको विरुद्ध उज्यालोको खोजी हो । अँध्यारोको अवसानपछि उज्यालोको उदय हुन्छ, त्यस कुरालाई यस कृतिको पूर्वार्धको शीर्षक अँध्यारो र उत्तरार्धको शीर्षक आगोले अभिव्यञ्जित गरेका छन् । यसर्थ विलयन लेखन अँध्यारोको आगो वा उज्यालोमा विलयन हुनुको सन्दर्भसँग सन्दर्भित देखिन्छ र तमसोमा ज्योतिर्गमयको अर्थ पनि यही अभिव्यक्त हुन्छ । आगोका लप्काहरूलाई उज्यालोका तीव्रता अभिव्यञ्जित गर्न आगोमा योनीबिम्ब कविहरूले देखेका छन् । यज्ञकुण्डलाई योनीका रूपमा देखेका छन् र अग्निकुण्डमा लपलपाउँदो आगोलाई सुन्दरी युवतीको नग्न मूर्तिको

बिम्ब पनि प्रदान गरेका छन् । यसबाट सम्भोगको बिम्बलाई जोडेर बुद्ध, मार्क्स, विपी र गान्धी जन्माउने अभिप्राय पनि प्रकट गरेका छन् । आगो यहाँ क्रान्तिको प्रतीक भएर पनि आएको छ । खास गरेर राजतन्त्र कालमा अँध्यारोका विरुद्ध आगो ओकेल्नु आवश्यकता भएको र राजाको प्रत्यक्ष शासनकालमा कुण्ठित भएको अभिव्यक्ति स्वतन्त्रतालाई कविहरूले यहाँ देखाएका छन् र यावत् बन्धनहरूका विरुद्ध क्रान्तिको आगो, मौन नबस्ने सङ्केत यहाँ देखिन्छ :

अपरिभाषाको हिलोमा
रोगी खस्ने भ्यागुताहरू
ट्वार ट्वार टरटराउँदा
चुप लागेर बस्दैन आगो
खोक्रोपन माथि
कङ्काल खित्काहरूले
उत्सव मनाउँदा
नबोली बस्दैन आगो । (पृ. ३४)

विलयनवादी कविहरूले क्रान्तिको अवसान हुँदैन भन्ने कुरालाई देखाएर नदीको निरन्तर गति र प्रवाहजस्तै लक्ष्यप्राप्ति नभएसम्म क्रान्तिको पनि त्यही निरन्तरता रहने कुरा प्रस्तुत गरेका छन् । यस क्रममा खास गरेर तत्कालीन राजतन्त्रात्मक शासन व्यवस्थालाई अनिष्टको सङ्केतक हाप्सिलो कराउनुको सन्दर्भसँग जोडेका छन् ।

हप्सिलो कराउँदो छ
ह्या ऽ ऽ प् ... ह्या ऽ ऽ प् ... ह्या ऽ ऽ प् ...
ह्या ऽ ऽ प् ... ह्या ऽ ऽ प् ... ह्या ऽ ऽ प् ... ह्या ऽ ऽ प् ...
वादशाहले
कतै आगोको गीत सुन्छन् कि भनेर
भयभीत छन्
भाट प्रवृत्तिहरू । (पृ. ३७)

हाप्सिलो कराउनु, अनिष्टको सङ्केत हो र यसबाट राजतन्त्रका लागि हाप्सिलो अनिष्टको सूचक भएर आएको छ र यसबाट राजतन्त्रको अवसान सङ्केतित छ । राजतन्त्रका विरुद्ध भइरहेको क्रन्ति सत्तानायकहरूले अर्थात्

कवितामा चित्रित बादशाहले सुन्छन् कि भनेर सत्ताचारणहरू भयभीत भइरहेको यथार्थलाई देखाउँदै सत्ताचारणहरूका क्रियाकलापलाई पनि अत्यन्त वीभत्स रसको प्रयोग गरेर अभिव्यक्त गरिएको छ :

भाटहरूको
भुकाइ बढ्छ
जिब्रोबाट र्‍याल चुहाउँदै
चाट्न थाल्छन्
कोपराको लेउ
ल्याप् – ल्याप् – ल्याप् – ल्याप् – । (पृ. ३९)

सत्तानायक र सत्ताचारणहरूको भाटवृत्तिलाई अभिव्यञ्जित गर्ने यस्ता धेरै पङ्क्तिहरूबाट आगोको मूर्च्छना व्याप्त छ । समकालीन यथार्थलाई अभिव्यञ्जित गर्ने यस्तो चारणवृत्ति आगोको मूर्च्छना लेखिँदा २०६२ मा जस्तो किसिमको देखिन्थ्यो यस्ता चारणवृत्तिको अन्त्य नभएसम्म बर्सौंसम्म, बर्सौंबर्ससम्म पनि शाश्वत यथार्थ देखाउने यस्ता पङ्क्तिहरूले इतिहासको नयाँ बाटो खन्नका लागि नकारात्मक रूपमै भए पनि मार्ग प्रशस्त गर्दछन् । यस्तै भावलाई समकालीन यथार्थको शाश्वतीकरण मनिन्छ । आगोको मूर्च्छना क्रान्ति चेतनाको विपठन गरिएको एउटा समवेत स्वर हो, जुन स्वर आगोको गीतका रूपमा अभिव्यक्त छ । यसबाट आगोको आविष्कार, खोजी निरन्तर निरन्तर भइरहने सङ्केत गरेर यावत् किसिमका अनाचार अस्वतन्त्रता र बन्धनहरूका विरुद्ध क्रान्तिको सङ्गीत निरन्तर रहिरहने कुरा पनि व्यक्त भएको छ :

आगोको स्वर
आगोको सङ्गीत
र आगोको शब्दमा
आगोको गीत गुञ्जिन्छ
... आगो लाग्नुपर्छ
मुखुण्डाभरि
जल्नुपर्छ
सारा पाखण्डहरू
खरानी हुनुपर्छ
खरानी । (पृ. ५० - ५४)

विलयन लेखन बहुलवादी मान्यताहरूको सम्मिश्रणवादी लेखनमा मात्र सीमित छैन । समयलाई सम्बोधन, युगीन परिवेशलाई सम्बोधन, राष्ट्रिय, अन्तर ाष्ट्रिय समस्याहरूलाई सम्बोधन र आजको मान्छेको चेतनालाई सम्बोधनहरू गरिरहँदा विलयन कविहरूले यत्रतत्र सर्वत्र असङ्गति, निषेध, वर्जना, अँध्यारो र अनेकै विषमताहरू मात्र देखेका छन् । ती विषमताहरूबाट आजको मान्छेलाई समाजलाई, देशलाई र विश्वलाई नै मुक्त गर्न क्रान्तिको आगो जलिरहनुपर्छ र सारा मुखुण्डोधारी पाखण्डीपनको अन्त्य नभएसम्म आगोको शाश्वत र सार्वकालिक मूल्य रहँदैन भन्ने कुरा पनि आगोको मुर्च्छनाले अभिव्यक्त गरेको छ ।

## ५. विलयन लेखनमा 'रगतको दरबार'

विलयन लेखनको प्रायोगिक कृतिका रूपमा आगोको मूर्च्छनापछि रगतको दरबार (२०६६) आएको छ। कृसु क्षेत्री, मनोज न्यौपाने र चेतनाथ धमलाको संयुक्त लेखनमा तयार भएको रगतको दरबारभित्र पनि कुन कविले लेखेको कुन अंश हो भन्ने कुरा कतै सङ्केत गरिएको छैन । तीनैजनाको लेखन एकै ठाउँमा विलयन भएर कुनै अमूर्तको लाजजस्तै रूपमा देखिएको छ । यसरी विलयनवादीहरूले काव्यको स्वरूप र संरचनामा पनि विलयन प्रवृत्ति अवलम्बन गरेका छन्। रगतको दरबार बाह्य रूपमा यी तीनजना कविहरूको समवेत स्वर भएर देखिए पनि यो सम्पूर्ण नेपालीको मानव समुदायको र मानव चेतनाको समवेत स्वर हो भन्ने कुरा यस काव्यमा अभिव्यक्त अन्तर्वस्तुले देखाउँछ । रगतको दरबार अझै पनि वीभत्स, रक्तपर्वको इतिहास बनेको छ र यही रक्तपर्वको कुरूप इतिहासलाई मूल विषय बनाएर विलयन कविहरूले रगतको दरबारमा कालो रक्तइतिहासको बिम्ब उतारेका छन्। विलयनवादीहरू विविधताभित्र एकत्व देख्छन् र त्यो एकत्व रगतका दरबारभित्रका विविध सन्दर्भहरूमा अभिव्यक्त भएको पाइन्छ। रगतको दरबारभित्र प्रेतात्मा, विषालु सर्प, ब्वाँसा, मुर्कट्टा, कुकुर, बाज आदि सम्पूर्ण छन् । यी सम्पूर्ण आततायी तत्त्वहरू जब एकै ठाउँमा विलयन हुन्छन् तब रगतको दरबार निर्मित हुन्छ । अन्तर्वस्तुका दृष्टिले रगतको दरबार काव्यभित्र दरबार हत्याकाण्डको भूल विषय रहेको छ तापनि परिधीय रूपमा दरबारभित्रका अनैतिकता दुराचार, पापाचार, षड्यन्त्र, हत्या, छलछद्म आदि अनेक किसिमका त्रासद बिम्बहरू आएका छन् र यस्ता त्रासद परिस्थितिहरूको समग्रता अर्थात् विलयनबाट दरबारको इतिहासको

निर्माण र विनिर्माण भएको हुन्छ भन्ने कुरा यो काव्य पढ्दा थाहा हुन्छ । कस्तो हुन्छ दरबारभित्रको कुरूप यथार्थ ? कविहरूले त्यसलाई यसरी देखाएका छन् :

दरबारभित्र
तरबारको वस्त्र लगाएर
सिंह बस्छ
बन्दुकभित्र
सर्प घुस्छ । (पृ. १०)

दरबारभित्रका यस्ता कुरूप त्रासदीलाई विलयन कविहरूले विभिन्न प्रतीकहरूका माध्यबाट व्यक्त गरेका छन् । बम, पागल, साँढे, उडुस, चक्कुको घाटीमा बसेको कीर्ना, खुकुरीको दापभित्र लुकेको जुका, भालाको टुप्पामा बसेको अरिङ्गाल र भिरको टुप्पामा बसेको जस्ता अनेकौं बिम्बहरूको प्रयोग गरेर विलयन कविहरूले दरबारभित्रको त्रासदीलाई अभिव्यक्त गरेका छन् । यी त्रासदीहरूका सबै रङ्गहरूको जब एकै ठाउँमा विलयन हुन्छ, अनि त्यहाँबाट दरबारभित्रको वास्तविक यथार्थ प्रकट हुन्छ भन्ने कुरालाई विलयन कविहरूले मिथकीय बिम्बका माध्यमबाट अभिव्यक्त गरेका छन् । पौराणिक कालको महाभारतभित्रका अनेक रक्तपर्वहरू पनि त त्रासदीका बिम्बहरू हुन् । पौराणिक मिथकीय सन्दर्भका यस्ता बिम्बहरूलाई यहाँ कविहरूले नेपालको दरबारका त्रासदीसँग समीकरण गरेर पुनर्कथनका रूपमा यसरी व्यक्त गरेका छन् :

सकुनीहरू
पासा नखेली बस्नै सक्दैनन्
सौच्दै छन्
अत्याधुनिक कपट
...आँखामा पट्टी बाँध्ने गान्धारी
दुर्योधनलाई लगाउँदै छिन्
आफ्नो अगाडि नाङ्गै आउन । (पृ. ११)

दरबार कस्तो छ र कस्तो हुन्छ, महाभारतदेखि नारायणहिटीसम्मका इतिहासको अनेक पठन र विपन्नबाट थाहा हुन्छ । यस कुरालाई पौराणिक सन्दर्भ, विश्वइतिहासका सन्दर्भ र नेपालको इतिहासको सन्दर्भबाट विलयन कविहरूले स्पष्ट पारेका छन् । दरबारभित्रका क्रियाकलाप र त्यहाँका यथार्थका अनेक रहस्यहरू

कति अश्लील र अमर्यादित हुन्छन् भन्ने कुराको बिम्बचित्रले त्यहाँ त्रासदीहरूलाई यसरी देखाएको पाइन्छ :

गीतको घाँटी रेटिन्छ
कानको
जाली फुटाइन्छ
श्लीलता र अश्लीलताको
जबर्जस्ती बिहे गराइन्छ
र हर रात
श्लीलताले
बलात्कृत हुनुपर्छ

विलयन लेखन लोकतान्त्रिक, गणतान्त्रिक चेतनाको लेखन पनि हो । विलयन लेखनका दुवै काव्यमा यस चेतनालाई प्रखर रूपमा देखाइएको छ । राजतन्त्रको समाप्ति नभई लोकतन्त्र र गणतन्त्रको आगमन हुन नसक्ने यथार्थबोधलाई देखाउँदै दरबारभित्रका माथि भनिएजस्तै अनेक त्रासदीको इतिहास त्यसले बोकेकाले दरबार विभग्न हुनुपर्छ भन्ने कथ्यमा रगतको दरबारभित्रका पङ्क्ति-पङ्क्तिहरूले त्यही विभग्नताको सूत्र ओकलेका छन् । रगतको दरबार वास्तवमा अर्थहीन अक्षरहरूको जङ्गल हो । त्यहाँभित्र जे फल्छन् फुल्छन् र देखिन्छन् त्यसका बिम्बचित्रलाई रगतको दरबार काव्यमा यसरी देखाइएको छ :

रगतको दरबार
अधिकारका नाममा
उज्यालो नदिने
घाम दिन्छ
बास्ना नदिने
फूल दिन्छ
धुन नदिने
बाँसुरी दिन्छ
अनुहार नदेखिने
ऐना दिन्छ
अर्थहीन अक्षरहरूको
जङ्गल दिन्छ । (पृ. ३४)

तसर्थ रगतको दरबार कहिल्यै पनि नेपाली जनतालाई रहरले अधिकार दिँदैन, यसैकारण विलयन कविहरूले दरबारमा कंस, रावण, हिटलर, मुसोलिनी, इदीअमिन, बोकासा आदिका षड्यन्त्रको चर्चा हुने कुरा देखाएर त्यहाँ कालो रातको युग ल्याउनका लागि सम्पूर्ण सूत्रहरूको निरन्तर खोजी भइरहने कुरा देखाइएको छ । आगोको मुर्च्छना र रगतको दरबार पढ्दा जगदीश शमशेर राणाको तीव्र कान्त्रिकाव्य नरसिंह अवतारका पङ्क्ति-पङ्क्तिको सम्झना हुन्छ। आगोको मूर्च्छना, रगतको दरबार र नरसिंह अवतार यी तीनवटै काव्य रगतको दरबारकै शृङ्खलाबद्ध इतिहासका काव्यिक दस्तावेज हुन् । कथ्यका दृष्टिले यी तीनवटै काव्यका मूल भावका बिचमा पनि विलयन भएको देखिन्छ। यसरी विलयन लेखन एक किसिमले क्रान्तिको लेखन हुन पुगेको छ ।

रगतको दरबार एक किसिमको परिवर्तन काव्य हो। परिवर्तनलाई नै सत्य मान्ने विलयन लेखनको घोषणापत्रको पहिलो सूत्र यसरी पनि रगतको दरबार काव्यमा सार्थक हुन्छ । नदीझैँ जीवनको पनि निश्चित बाटो, आकार र किनारा नभएझैँ लक्ष्यमा नपुगुन्जेलसम्म क्रान्तिले कस्तो गति र आकार लिन्छ भन्ने कुरा पनि थाहा हुँदैन, यस काव्यले यस कुराको सङ्केत गरेको छ। दरबारका सन्दर्भमा बाहिर देखे, जाने, बुझेको सत्यभन्दा धेरै रहस्यमय सत्यहरू अज्ञातको गर्भमा हुन्छन् । र त्रासदीका अनेक विद्रूप इतिहासलाई दरबारले आफूभित्रै विलयन गरेर राखेको हुन्छ भन्ने कुरा पनि यस काव्यबाट थाहा हुन्छ। यसरी विलयन लेखनका धेरै मान्यताहरू कुनै प्रत्यक्ष रूपमा र कुनै अप्रत्यक्ष वा साङ्केतिक रूपमा यस काव्यमा घटित हुन्छन् भन्ने कुरा काव्यको अन्तर्वस्तु र यसका पङ्क्तिपङ्क्तिले देखाउँछन् ।

## ६. निष्कर्ष

विलयन लेखन समकालीन नेपाली कवितामा देखिएको वैचारिक बहुलतापरक दार्शनिक, राजनीतिक र जीवनवादी चिन्तनमा केन्द्रित काव्यिक आन्दोलन हो । समकालीन युवा पुस्ताका चर्चित कवि कृसु क्षेत्रीको नेतृत्वमा अर्का कविद्वय मनोज न्यौपाने र चेतनाथ धमलासमेतले चलाएको यस काव्यिक आन्दोलनले समकालीन नेपाली कवितामा २०६० को दशकमा निकै ठुलो हलचल ल्याएको देखिन्छ । लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलन उत्कर्षमा पुगेको बेला,

त्यसै आन्दोलनको काव्यिक पृष्ठाधार बनेर विलयन लेखन पनि निकै चर्चित काव्यिक अभियान वा आन्दोलनका रूपमा स्थापित भयो । यो आन्दोलन वा अभियान घोषणापत्रद्वारा निर्देशित एउटा सैद्धान्तिक प्रतिस्थापना थियो भने आगोको मुर्च्छना र रगतको दरबार विलयन लेखनका सैद्धान्तिक प्रतिस्थापनाकै कतै प्रत्यक्षतः र कतै साङ्केतिक प्रयोगात्मक स्वरूप भएर आएका काव्य कृति हुन् । यिनमा विलयनका मान्यताहरूको काव्यिक विलयन भएको छ । तिनैजना कविहरूका कविताको एकीकृत स्वरूपको विलयन, तिनका विचार र चिन्तनको विलयन, तिनका दर्शन र मान्यताको विलयन तथा युगीन परिवेशले ल्याएका परिवर्तित राजनीतिक सन्दर्भको विलयनजस्ता विविध बहुआयामिक विलयन यस आन्दोलन र यी दुवै काव्यमा देख्न सकिन्छ। विलयनका मान्यतामध्ये घोषणापत्रको पहिलो मान्यता परिवर्तन र त्यसको निरन्तरतालाई यी दुई काव्यले सबैभन्दा बढी सम्बोधन गरेका छन् र त्यसका लागि अँध्यारोका विरुद्ध उज्यालो आगोले दरबार र दरबारिया मनोवृत्तिका शासकहरूको चेतनाभित्रको दरबारलाई डढाउनुपर्छ भन्ने कथ्यमा लगेर काव्यलाई टुङ्ग्याइएको छ। यी दुवै काव्यका अँध्यारो खण्ड र आगो खण्डले सूत्रात्मक रूपमा यही एउटै कुरा भन्छन् – तमसोमा ज्योतिर्गमय ।

## सन्दर्भसूची


क्षेत्री, कृसु, मनोज न्यौपाने र चेतनाथ धमला (२०६२), आगोको मूर्च्छना, काठमाडौँः बसुन्धरामान प्रज्ञा प्रतिष्ठान ।

............................................... विलयन लेखन घोषणापत्र २०६२ ।

............................................... रगतको दरबार (२०६६), काठमाडौँः बसुन्धरामान प्रज्ञा प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), समकालीन नेपाली कविताको प्रवृत्ति, काठमाडौँः पैरवी प्रकाशन ।

शर्मा, सुकुम (२०६४), नेपाली भाषा साहित्यमा आन्दोलन, काठमाडौँ, एकेडेमिक बुक सेन्टर ।


●

समीक्षा

# 'नाथे भात' को खोजी गर्दै जाँदा

● उपमा आचार्य

## १. विषय प्रवेश

इलाम मालापथ-२ मा जन्मिएका राधेश्यामप्रसाद गुप्ताकै साहित्यिक नाम राधेश्याम लेकाली हो । नेपाल तथा विश्वभरि छरिएर रहेका नेपालीमाझ लोकप्रिय बन्दै गएका लेकालीले साहित्यका विविध फाँटमा कलम चलाए तापनि काव्य जगत्लाई नै प्रिय विधाका रूपमा अँगालेर कविता, मुक्तक र गीतका थुप्रै सङ्ग्रहहरू प्रकाशित गरेका छन् । सधैँ प्रफुल्ल मुद्रामा देखिने र प्रायशः धेरैजसो साहित्यिक सभासमारोहमा अतिथिका रूपमा उपस्थिति जनाउने लेकाली राजनीतिमा प्रजातन्त्रवादी हुन् भने साहित्यमा समसामयिक विविधतामा उनिएका लोकतन्त्रवादी व्यक्तित्व हुन् । साहित्यिक गतिविधिलगायत विभिन्न सङ्घसंस्थामा समेत आबद्ध छन् राधेश्याम लेकाली । उनका अनेक कृतिहरूमध्ये यहाँ **नाथे भात** कवितासङ्ग्रहको सेरोफेरोमा घुम्दै कृतिभित्रको वैचारिक पक्ष, द्वन्द्वकालको प्रतिबिम्ब र वस्तुस्थितिलाई पहिल्याउने प्रयत्न गरिएको छ ।

## २. राधेश्याम लेकालीको सामान्य परिचय

इलाम मालापथ-२ मा वि.सं. २०१५ आषाढ २२ गते जन्मिएका राधेश्यामप्रसाद गुप्ताको बोलाइने नाम राधेश्याम लेकाली हो । मनमोहक चियाबगानको प्राकृतिक हरियालीमा जन्मी हुर्केका लेकालीको बाल्यकाल अत्यन्त सुखमय र उल्लासमय वातावरणमा हुर्केको बुझिन्छ । उनले आफ्नी ममतामयी आमाबाट अक्षरारम्भ गरेका हुन् भने इलामबाटै एस.एल.सी. श्रेणीमा उत्तीर्ण गरेका छन् । उनले पत्रकारितामा स्नातक तहसम्मको औपचारिक शिक्षा हासिल गरेका छन् ।

नेपालका विभिन्न जिल्लालगायत विश्वका विभिन्न देशको भ्रमण गरेका लेकाली देश-विदेशका थुप्रै पदक तथा पुरस्कारबाट सम्मानित छन् ।साहित्यिक

क्षेत्रमा अनेक पदकबाट पुरस्कृत लेकालीको साहित्यिक फाँट ज्यादै उर्वर छ, जो निरन्तर सक्रिय छ ।

## ३. लेकालीको साहित्यसाधना

वि.सं. २०२५ सालमा कक्षा चारमा अध्ययन गर्दा नै 'चङ्गा' कविता प्रकाशित गराई साहित्य प्रवेश गरेका लेकाली निरन्तर साहित्य साधनारत छन् र विभिन्न सङ्घसंस्थामा समेत कटिबद्ध छन्। यस **नाथे भात** (२०७४) सम्म आइपुग्दा उनको कृतिले एक दर्जनको सीमारेखा कोरेको छ भने अन्य सम्पादित कृतिहरू पनि प्रशस्त छन् । वि.सं. २०३९ सालमा प्रकाशित **वर्तमानको दस्तावेज** (२०३९) नामक मुक्तकसङ्ग्रह लेकालीको पहिलो प्रकाशित कृति हो भने अन्य कृतिहरूमा **प्रेमाभिव्यक्ति** (मुक्तकसङ्ग्रह, २०४३), **काठमाडौँ र काठमाडौँ** (मुक्तकसङ्ग्रह), **समयका घोडाहरू** (मुक्तक सङ्ग्रह, २०६८), **निरङ्कुशता** (कवितासङ्ग्रह, २०६७), **स्वतन्त्रताको साइपाटा** (कवितासङ्ग्रह), **प्रस्थान बिन्दु** (कवितासङ्ग्रह, २०६९), **आगत** (गीतिएल्बम, २०७३), **आगतको ढाडमा वर्तमानको सर्प** (कवितासङ्ग्रह, २०७३), **बहिष्कार** (कवितासङ्ग्रह, २०७०), **आउँदै छ एउटा मान्छे** (कवितासङ्ग्रह, २०७३) रहेका छन् ।

नेपाल केवल टेलिभिजन महासङ्घका कार्यकारी निर्देशक राधेश्याम लेकाली अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय अध्यक्ष हुन्। त्यस्तै शङ्कर लामिछाने प्रतिष्ठान तथा साहित्यिक पत्रकार सङ्घ (विशेष कार्य समिति) समेतका अध्यक्ष हुन् भने मिडिया इन्टरनेसनल तथा म्युजिक खबर न्युज डट.कम.का सल्लाहकार हुन्। नेपाल बालसाहित्य समाज, सापसका आजीवन सदस्य लेकाली अन्य विभिन्न सङ्घसंस्थामा कतै संरक्षक त कतै सदस्यमा आबद्ध रही साहित्यसाधनामा कटिबद्ध छन् ।

## ४. विषय सन्दर्भ

नाथे भात कवि राधेश्याम लेकालीको वि.सं. २०७४, भदौमा प्रकाशित भई भदौ ३१ गते शनिबार बालुवाटारस्थित उरुतारो जापानी रेस्टुरेन्टमा अनेसासका तत्कालीन अध्यक्ष कवि पदम विश्वकर्माको प्रमुख आतिथ्यमा लोकार्पित गद्य कवितासङ्ग्रह हो । यसमा २०५३ सालदेखि २०५५ सालसम्मका प्रकाशित र

अप्रकाशित लामाछोटा गरी जम्मा २१ वटा गद्यकविताहरू सङ्कलित छन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजद्वारा प्रकाशित उक्त सङ्ग्रहको संरचनामा आवरणचित्र रमेश पौडेलको छ भने कविताचित्रमा देवेन्द्र थुम्केलीको कला सजिएको छ । त्यस्तै सङ्ग्रहको कम्प्युटरमा अनुगमन प्रकाशन, अनामनगर, काठमाडौं भेषबहादुर राउत (आनन्द) को सहयोगले पुस्तक आकर्षक बनेको छ ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (वासिङ्टन डि.सी.) का अध्यक्ष पदम विश्वकर्माको प्रकाशकीय भूमिका तथा युवा समालोचक सुरेश हाचेकालीको समालोचकीय भूमिका रहेको छ । सङ्ग्रह प्रकाशनका लागि ओजपूर्ण मन्तव्य दिएका छन् निबन्धकार युवराज नयाँघरेले । ७६ पृष्ठसङ्ख्यामा संरचित यस सङ्ग्रहको अन्तिम पृष्ठमा सर्जकको सङ्क्षिप्त चिनारीसमेतले कृति आस्वादनका लागि कुतुहल प्रदान गर्दछ ।

कविता सङ्ग्रहको पहिलो कविताको रूपमा रहेको 'नाथे भात' कवितालाई नै शीर्षक चयनमा राखिनुले सङ्ग्रहको महत्त्व स्पष्ट छ । वि.सं. २०५३ सालमा लेखिएको र १४५ हरफमा संरचित यो कविता सङ्ग्रहकै लामो कविता हो, जसले कालकालान्तरलाई बोकेको आभास हुन्छ । 'भात' मानिसका लागि प्राण धान्ने आधार हो तर आधारभूत आवश्यकता भन्दैमा नैतिकतालाई पाउमुनि कुल्चिनुपर्छ त ? भन्ने व्यङ्ग्यभाव राज्य सञ्चालनको जिम्मा लिएका हरेक तह र तप्काप्रति हानिएको झटारो हो । अर्थात् यहाँ 'मान्छे बाँच्नका लागि खाने कि खानकै लागि बाँच्ने' भन्ने अभिव्यक्तिलाई केन्द्रमा राखिएको छ। यसैलाई आधार मानेर सङ्ग्रहको नाम नाथे भात राखिएको हो । अप्रत्यक्षमा यहाँ भातले अकुत अर्थ सङ्कलनलाई सङ्केत गरेको छ। अर्थमोहका लागि मरिहत्ते गर्नेका लागि यसरी झटारो हानिएको छ -

भातको डकारकै लागि मान्छेले
आफ्नै लाज उदाङ्गो पार्दो रहेछ
भातले भोक शान्त पार्ने नाममा मान्छेले
नैतिकताको रगत पिउँदो रहेछ
नाथे भातका लागि -
मान्छे निर्लज्ज नाङ्गो बन्दो रहेछ । (पृ. १६/१७)

उद्धृत कविताशंमा अर्थ सङ्कलनका लागि मानिस यतिसम्म गिरेका छन् कि आज कुनै त्यस्तो पवित्र र शुद्ध स्थान छैन, जहाँ मानवता र मानवीयता भेटियोस्। प्रत्येक घरमा अन्धकार, शिक्षामा गिरावट, अस्पतालको उपचारमा खेलवाड, राज्य सुशासनमा अराजकता, मानवअधिकार, बालअधिकार महिलाअधिकारका नाममा खेलवाड, सत्ता र कुर्सीका लागि नरसंहार तथा न्यायालयलाई बन्दी बनाइनेजस्ता विविध विषय र सन्दर्भको उद्घाटन गरिएको छ। यति मात्र हैन, आज विश्वलाई नै नाथे भातले विश्वबन्धुत्वको अमृतभावबाट वञ्चित बनाइरहेको तीतो यथार्थलाई यस कविताले मूलकथ्य बनाएको छ।

'वीर अस्पतालको बेडमा रोगी छोरा' कविताले द्वन्द्वकालीन समयले आक्रान्त समाजमा हरेक घरपरिवार आक्रान्त भइरहेको अवस्थालाई लक्षित गरेको छ। घर, समाज र राष्ट्रका धरोहर तथा उज्ज्वल भविष्यका युवा जनशक्तिमा बज्रेको पीडाले अभिभावकलाई समेत गाँजेको छ। भोक्ताले आफ्नो कर्तव्य र दायित्व वहन गर्न नपाउनुको पीडा मर्मस्पर्शी छ। दरिद्रता र अभावमा पिल्सिएर सन्तानका लागि सर्वस्व चढाउँदा पनि उपचारको निर्क्योलमा पुग्न नसकी असुरक्षित जीवन बाँच्नुपर्ने पीडा एकातर्फ छ भने अर्कोतर्फ बेथितिप्रति हतास र निराश जीवन भयावह र आक्रान्त छ। यहाँ धरतीआमा र सन्तान दुवै असुरक्षित र सन्त्रासमय जीवन बाँच्नुको मानसिक पीडालाई केन्द्रीय रूप दिइएको छ।

सन्त्रासका कारण मानिसको जिजीविषा सेलाएर गइरहेको परिप्रेक्ष्यमा वैराग्यको भाव अभिव्यक्त भएको कविता हो 'बिदा देऊ'। जसमा जीवनमा बाँच्नुको अर्थ केही नरहेको र जीवनमा गरिएका कामकुरो पनि सबै रङ्गमञ्चका नाटकसरह नै भएको बुझिन्छ। जो नाटकसँगै समाप्त हुन्छ। त्यसैगरी विसङ्गतिमा जिउनुपर्ने निरीहता र यसैमा अलमलिनुपर्ने बाध्यताले उत्साह र उमङ्ग सेलाउँदै गएको र मानिसमा वितृष्णा जागृत भएर मृत्यु नै प्रिय लाग्न थालेको भाव मार्मिक ढङ्गमा अभिव्यक्त छन्।

'मन पल्लवित भएको छ' कवितामा प्रेमप्रणयले उन्मुक्त विचरण गर्ने अभिप्राय खोजेको छ भने मानवीय जीवनलाई प्रेममय बनाउन खोजिएको छ। प्रेमी अधैर्य प्रेमातुर र कामातुर देखिने यस कवितामा शृङ्गारभाव झल्किए तापनि प्रेमिकाले पवित्र प्रेमको याचना गरेको प्रबल पक्ष देखिन्छ। अर्थात् प्रेममय याचनाले करुणरसलाई प्रश्रय दिएको छ।

मानवीय प्रबलता र सार्वभौमिक विषय समेटिएको छ 'मन दुख्छ' कवितामा। म र मेरो भन्ने भावना त्यागेर मानवतालाई नै सर्वोपरी ठानिएको छ । अरूकै लागि चिन्तितमन संसारलाई नै सुखमय र उल्लासमय बनाउने ध्येयमा लागेको छ। आफ्नै आँगनको रक्तपातमा मात्र हैन विदेशी हस्तक्षेप र आतङ्कले तर्साउँदा दुखेको मन चाडपर्व नजिकिँदा पनि रमाउन नसकेकोमा झन् धेरै दुखेको छ । अनायास जीवन गुमाउनुको पीडाभित्र फेरि विदेशमा बेचिएकी चेलीका लागि अझ बढी दुखेको छ। त्यसैगरी संसारमा जहाँसुकैको नरसंहारले कविमन आक्रान्त भएको छ । विश्वशान्तिका लागि दुखेको मन विश्व मानवतावादी विचारमा झन् धेरै पिरोलिएको छ ।

छिमेकी बनेर हितैषी पल्टिनेले बेलाबखत सन्त्रास फिँजाएर देशमा आघात पुऱ्याएको कुराको स्मरण गराउँदै जनतालाई सतर्क रहनुपर्ने सङ्केत गरिएको छ। साथै विदेशी चलखेल बढिरहेका बेला राष्ट्र र राष्ट्रियता जोगाउन अभिप्रेरित गर्दै स्वाभिमानको जगेर्नामा समेत जोड दिइएको छ । त्यसैले देशको बेथितिमा रोएको कवि हृदय सिमाना खुम्चिएकोमा यसरी पग्लिएको छ -

अस्पतालमा दबाइ नपाएर
अकालमै मरेकाहरूका लागि दुख्छ
प्रत्येक पटक अन्तर्वार्तामा
असफल भएका
होनहार परीक्षार्थीहरूका लागि दुख्छ
सिमानाका किल्लाहरू
रातारात उखेलिएकोमा दुख्छ। (पृ. २९)

## ५. निष्कर्ष

नेपाली हुनुमा गौरवबोध गर्ने कवि राधेश्याम लेकाली लोकहितकारी तथा प्रजातन्त्रवादी स्रष्टा हुन् । लगभग दुई दशकअघिका सङ्कलित कविता भएको हुनाले विद्यार्थी जीवनका सोचाइ र भोगाइले बढी प्रश्रय पाएको छ। अर्थात् कविले युवावस्थाका जोश र जिजीविषालाई कवितासङ्ग्रहमा उमारेका छन् । छिमेकी राष्ट्रको थिचोमिचोमा सरकार मौन भएकोमा, देश विचल्लीमा पर्दै गएको विषयलाई गम्भीर रूपमा लिएका छन्। जनता दुःख र पीडामा पिल्सिएका छन्। द्वन्द्वकालमा

भोगेका पीडाबोधले कवितामा प्रशस्त ठाउँ ओगटेको छ । अमानवीय, विकृत र विसङ्गत शासन पद्धतिले राजनैतिक परिवर्तनको चाहना राखेको छ । स्थिर सुशासनको वैचारिक चाहनाले आक्रोश, व्यङ्ग्य र विद्रोहको आवाज घन्काएको छ । अर्थात् परम्पराप्रति विमति दर्साउँदै नवीनताको स्वागत गर्न खोजिएको छ ।

यस सङ्ग्रहभित्रका कवितामा मायाप्रेममा डुबेको मन होस् वा सुविधामय जीवन बाँचेको जीवन होस् या देशका अनेक सूक्ष्म विषयमा नै किन नहोस्, लेखकमन नेपालका विविध समस्याका लागि चिन्तामग्न छ । स्वभिमानमा बाँच्न खोज्ने जो कोहीले पनि अन्याय सहन सक्तैन र सहन गर्न हुँदैन । आफ्नो र पराई नचिन्नेले नै देश खोक्रो बनाइरहेका छन् । देशको बागडोर समातेर तिनीहरूले आफ्नालाई लत्याई परचक्रीलाई विश्वास गरेका छन् । त्यस्ता नेताका भर नपरी आफै सचेत बनौँ भन्दै जनतालाई चलाख भई बस्न सङ्केत गरेका छन् । जन्मभूमिमा आँखा लगाउने चतुर सिकारीलाई विश्वास नगरौँ । जसले हाम्रा राष्ट्रिय सम्पदामा आघात पारी ढुकुटी रित्याउने चलखेल मात्र गर्दछन् भने तिनीहरू हाम्रो अस्तित्व नै मेटाउने प्रयासमा लागिपरेका छन् । त्यस्ता षडयन्त्रकारीसँग होसियार र सचेत रही हामी एकअर्कामा विश्वास राखौँ र देशरक्षामा जुटौँ भन्ने आशय कृतिको मूल कथ्यका रूपमा अभिव्यञ्जित छ ।

सरल, सहज भाषाशैली तथा भाव र लयको उचित संयोजनले कविता लयात्मक र बोधगम्य बनेको छ । कविताको शीर्षक र कविताको वैचारिक भावसमेतमा कलात्मक संयोजन पाइन्छ । अर्थात् भन्न चाहेको कथ्यलाई बिम्ब, प्रतीक अलङ्कारको उचित प्रयोजनले कविता आकर्षक बनेका छन् । शब्द संयोजन आफैमा व्याख्यापूर्ण रहेको हुनाले पाठकलाई बोझिलोपनको आभास हुँदैन । त्यसैले प्रत्येक कविताका भावले पाठकको हृदयलाई छोएको छ । समग्रमा सङ्ग्रहले देश, समाज तथा मानवीयताको पक्षमा सशक्त रूपले वकालत गरेको छ ।

पूर्वको इलाममा उम्रिएको टुसा आज विशाल हरियाली फाँट बनेको छ । अब यसको स्वच्छ र निर्मल बतास धर्ती र आकाशसम्म फिजियोस् । हार्दिक शुभकामना ।

●

लेख

# अनेसासको आगामी नेतृत्व : सम्भावना र चुनौतीहरू

● पदम विश्वकर्मा

स्थापनाको २९ वर्षको इतिहास बोकेको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को केन्द्रीय कार्य समिति निर्वाचनको सङ्घारमा उभिएको छ। संस्थापक अध्यक्ष होमनाथ सुवेदीपश्चात् यस कार्य समितिले विभिन्न चौधजना व्यक्तित्वहरूको नेतृत्व प्राप्त गरिसकेको छ। यस अवधिमा संस्था स्थापना, विस्तार र विकासका थुप्रै चरणहरू पार भइसकेका छन् ।

उमेरका हिसाबले छिप्पिँदै गएको यो संस्थाले अन्तर्राष्ट्रिय स्तरमा विभिन्न उपलब्धिहरू हासिल गरिसकेको छ र नेपाली भाषा-साहित्यको उन्नयनमा उल्लेखनीय योगदानसमेत गरेको छ। यिनै योगदान र उपलब्धिहरूलाई आत्मसात गर्दै ती उपलब्धिहरूलाई अझ व्यापक, गतिशील र परिष्कृत बनाउँदै लैजानु आजको अपरिहार्य र आवश्यकता हो ।

अनेसासको आगामी नेतृत्वसम्बन्धी केही विचार र धारणाहरू तल प्रस्तुत गरेको छु :

## १. असल र पारदर्शी नेतृत्व :

नेतृत्व धेरै प्रकारका हुन्छन् । अनेसास स्वयम्सेवामुखी, सार्वजनिक प्रकृतिको संस्था हो। सबै पक्ष, तह, क्षेत्र र व्यापक जनमानसलाई समेटेर लैजाने, प्रजातान्त्रिक र संस्थागत बहस, छलफल र त्यसबाट पारित निर्णयहरू कार्यान्वयन गर्नसक्ने नेतृत्व आजको आवश्यकता हो। अनेसासको नेतृत्व विश्वभरिका नेपाली साहित्यकारहरूको साझा संस्था हो भन्न सकिने, पारदर्शी, संस्थागत शैलीको हुनु आवश्यक छ। व्यक्तिवादी र स्वनिर्णायक नेतृत्व आजको युगमा मान्य हुन सक्दैन । संस्थागत रूपमा अवस्थित निकाय, समितिहरूसँग समन्वय, आपसी परामर्श, छलफल र त्यसबाट पारित निर्णयहरूको कार्यान्वयन गर्नु नै प्रजातान्त्रिक प्रक्रिया मान्न सकिन्छ। संस्थाको आर्थिक तथा गतिविधिहरू पारदर्शी हुनु आजको

समयको माग हो । शुल्क तिरेका, आर्थिक सहयोग गरेका सदस्यहरूले पारदर्शीताको चाहना राख्नु स्वाभाविक हो । त्यसैले अनेसासको आगामी नेतृत्व समन्वयकारी, विश्वमा स्थापित लोकतान्त्रिक अभ्यासमा विश्वास राख्ने र पारदर्शीतामा विश्वास राख्नसक्ने हुनु जरुरी छ ।

## २. **डायस्पोरिक संस्थाको विकास** :

अनेसास डायस्पोरामा नेपाली साहित्यको सम्बर्धन र उन्नयनका निमित्त स्थापित संस्थाको रूपमा चिरपरिचित छ । नेपाल आफ्नो जन्मस्थान, भाषा-साहित्य र संस्कृतिको उद्गमस्थल भएकाले आफ्नो जन्मभूमिसँग घनिष्ट सम्बन्ध कायम गरी सहकार्य, सहअस्तित्वमा रही प्रवासमा रहेका भाषाभाषीहरू र नेपाली साहित्यलाई अभिवृद्धि गर्नु यसको मूलभूत आशय हो ।

हालसम्म यसलाई डायस्पोरा उन्मुख बनाउन प्रयासहरू भएका हुन् तापनि केही समयावधि, केही गतिविधि, केही परिवेशमा यसले निरन्तरता पाउन नसकेको आभास भएको छ । विगतका कमीकमजोरीलाई आत्मसात गर्दै आगामी नेतृत्वले यसको मर्मलाई अङ्गीकार गर्दै समयसापेक्ष रूपमा अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ । यस पक्षलाई संस्थाको विधि, विधान, कार्यगत नीतिहरूलाई आवश्यक रूपमा परिमार्जन गर्दै जानसक्नु अबको नेतृत्वको चुनौतीको रूपमा रहेको देखिन्छ।

## ३. **समन्वयकारी नेतृत्व** :

अनेसासको वर्तमान विधानले प्रदत्त गरेका विभिन्न निकायहरूले आ-आफ्नास्तरबाट योगदान गर्दै आएको सबैमा विदितै छ । अनेसासका च्याप्टरहरू, केन्द्रीय कार्यसमिति, बोर्ड अफ ट्रस्टी यसका मुख्य निकायहरू हुन् । नेतृत्वले संस्थाको लक्ष्य, उद्देश्य र विधानअनुरूप कार्य गर्न सहमत प्रकट गरेर संस्थाको जिम्मेवारी ग्रहण गरेपछि आफ्नो दायित्व र भूमिकाबमोजिम यी तिनै मुख्य निकायलगायत अनेसासका अन्य मुख्य समितिहरूजस्तै पुरस्कार समिति, पूर्व अध्यक्ष परिषद्, सल्लाहकार समितिलगायत विभिन्न निकायहरूसँग समन्वयकारी र सकारात्मक भूमिका निर्वाह गर्नसक्ने नेतृत्वको अपरिहार्यता देखिन्छ । विधान तथा नीतिनियमले प्रदत्त गरेका अधिकार र व्यवस्थाअन्तर्गत रही संस्थाभित्रका सबै निकायहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्नसक्ने नेतृत्व आजको आवश्यकता हो ।

## ४. सहकार्य र सहअस्तित्व :

सहकार्य र सहअस्तित्व आजको समयको माग हो। परिवर्तित समयअनुसार समुदायमा थुप्रै साहित्यिक र सामाजिक संस्थाहरू पाइन्छन् । ती संस्थाहरूसँग हातेमालो गर्दै सहकार्य गर्दै समन्वयात्मक ढङ्गले अघि बढ्नु र अन्य गैरसरकारी निकायहरूसँग हातेमालो गरेर अघि बढ्न सकेमा संस्थाले समुदायमा हाम्रो भूमिका निर्वाह गर्न सक्छ, जसले दीर्घकालीन विकासको रूप लिन सक्दछ । घमण्डी र एकलौटी नेतृत्व पुरानो शैलीको नेतृत्व भएकाले अबको नेतृत्व सहकार्य र सहअस्तित्वमा विश्वास राख्नसक्ने हुनु जरुरी छ ।

## ५. संस्थागत विकासमा जोड :

अनेसास एक विश्वव्यापी संस्था भैसक्यो । यसका च्याप्टर र सदस्यहरू विश्वव्यापी रूपमा फैलिएका छन्। संस्थाको विस्तारका साथसाथै यसको संस्थागत विकास पनि जरुरी हुन आउँछ। कैयन ठाउँहरूमा च्याप्टरहरू खोलिएका छन् र केही समयपछि नै ती च्याप्टरहरू निस्क्रिय हुनुका साथै विलय पनि हुन पुगेका छन्। सदस्यहरू विस्तार भएका छन् तर उनीहरूसँग समन्वय, सम्पर्क हुन सकेका छैनन् । सदस्यहरू चुनावमुखी मात्र बन्नुपरेको तीतो यथार्थ हामीसामु छर्लङ्ग छ। थुप्रै गतिविधिहरू आरम्भ भएका छन्, तिनको निरन्तरता हुन सकेको छैन । गतिविधिहरू सुरुवात गर्नु मात्रै उपलब्धि होइन, तिनीहरूको निरन्तरता, सम्बर्धन, संरक्षण पनि हुनु जरुरी हुन्छ। संस्थाका निकायहरू र गतिविधिहरूलाई संस्थागत गर्दै लैजानु पनि सङ्गठनको महत्त्वपूर्ण पाटो हुन आउँछ। त्यसैले अबको नेतृत्वले संस्थाको संस्थागत पाटोलाई उत्तिकै ध्यान दिन सक्नुपर्दछ ।

## ६. समयानुकूल गतिविधि सञ्चालन :

अनेसासका गतिविधिहरू प्रायः परम्परागत शैलीका छन् । समयको परिवर्तनसँगै ती गतिविधिहरूलाई समयानुकूल बनाउन जरुरी देखिन्छ । नेपालीहरूको घना बस्ती रहेका ठाउँहरूमा नेपाली भाषाका कक्षाहरू सञ्चालन गर्ने, विदेशका क्याम्पसहरूमा नेपाली विषयमा पढाइ गर्न आवश्यक प्रयास गर्ने, अनलाइनमार्फत विश्वभर रहेका नेपालीहरूले स्नातक, स्नातकोत्तर शिक्षा हासिल गर्नसक्ने वातावरण तयार गर्ने, विदेशमा हाइस्कुलहरूमा नेपाली भाषा ऐच्छिक भाषाका रूपमा पढ्न पाउने व्यवस्था गर्ने, लेखक उपचार खर्च कोष स्थापना गर्ने,

अनुवादमा विशेष जोड दिने र नेपाली साहित्यका उत्कृष्ट कृतिहरूलाई विश्वव्यापी बनाउनेलगायतका थुप्रै नयाँ र समयानुकूल गतिविधि सञ्चालन गर्नसक्नु आजको नेतृत्वको चुनौती रहेको देखिन्छ ।

७. सक्रिय र योगदानमुखी नेतृत्वको खाँचो :

नेपाली संस्कारमा चुनावका बेला सक्रिय हुने र चुनावपछि निष्क्रिय हुने, पद लिएर केही नगर्ने, आफ्नो पदको पदीय दायित्व पूरा नगर्ने प्रचलन प्रशस्तै भेटिन्छ। चुनावमा भाग लिने र आफ्नो जिम्मेवारी निर्वाह नगर्ने केही पदाधिकारीहरूको कारण नेतृत्वमा केही पदाधिकारीहरू मात्रै सक्रिय हुनुपर्ने स्थिति आउँछ। फलस्वरूप त्यो संस्था कमजोर बन्न पुग्छ वा निर्धारित कामकाज समयमै पूरा हुन सक्दैन । हाम्रो समाजमा पद ओगटेर बस्नुहुन्न भन्ने धारणाको विकास भैनसकेको पाइन्छ । अनेसासमा यस्ता समस्याहरू विगत लामो समयदेखि नदेखिएका होइनन् । त्यसैले अबको नेतृत्वमा जान चाहने महत्त्वाकाङ्क्षी जोसुकैले पनि आफूले समय दिनसक्ने वा नसक्ने, सक्रिय रूपमा आफ्नो जिम्मेवारी बहन गर्नसक्ने वा नसक्ने त्यस पक्षमा विचार गरेर मात्र निर्वाचनमा जानु आवश्यक देखिन्छ ।

**८. दीर्घकालीन योजनाहरू तर्जुमा :**

अनेसास व्यापक विस्तार भैरहेको परिप्रेक्ष्यमा यसका गतिविधिहरू योजनागत रूपमा व्यवस्थित ढङ्गले सञ्चालन हुनु आवश्यक छ। यसको हालसम्म दीर्घकालीन योजना तय नभएको अवस्थामा अनेसासको आगामी दसवर्षे योजना तर्जुमा गरी ती योजनाअनुसार लक्ष्य प्राप्त गर्नसक्ने नेतृत्व चयन हुनु वान्छनीय देखिन्छ ।

**९. विधि-विधान कार्यान्वयन :**

जुनसुकै संस्था पनि उक्त संस्थाको विधि-विधानअनुरूप सञ्चालन हुनु जरुरी हुन्छ । विधिविधान बाहिर रहेर गरिएका निर्णय तथा गतिविधिहरूले भविष्यमा संस्था धरापमा पर्न सक्छ। संस्थाको विद्यमान विधानअनुरूप त्यसका गतिविधिहरू सञ्चालन हुन नसकेमा संस्था लापर्वाही मात्र नभएर छिन्नभिन्न हुन पनि सक्छ । त्यस्ता खतराबाट संस्थालाई बचाउन अनेसासको आगामी नेतृत्व संस्थाको विधि-विधानअनुरूप सञ्चालन हुनु जरुरी देखिएको छ ।

लेख

# भाषा–साहित्य सम्मेलन : सधैँको स्मरण

● हरिप्रसाद काफ्ले 'शैव'
हाल : बोस्टन, अमेरिका

यस उत्तर अमेरिकाको बोस्टन सहर शैक्षिक तथा राजनीतिक इतिहासमा स्वर्णित छ । राजनीति र शिक्षा आफैँमा पूरक हुन् । शिक्षा राम्रो भए राजनीति राम्रो हुन्छ, राजनीति राम्रो भए शिक्षा राम्रो हुन्छ । जब यी दुवै राम्रो हुन्छ अनि भाषा-साहित्यको सम्मान हुन्छ । भाषालाई शिक्षाले ठुलो सहयोग गरिरहेको हुन्छ भने साहित्य सिर्जनालाई राजनीतिले निकै प्रभाव पारेको हुन्छ ।

शीर्षकलाई सङ्क्षेपमा सर्सर्ती सार्नुपर्दा गतवर्षको सेप्टेम्बर फस्टलाई स्मरण गर्छु । एनआरएनए आइसीसीको भाषा-साहित्य उपसमितिद्वारा आयोजित प्रथम अन्तर्राष्ट्रिय सम्मेलन भएको मिति हो सेप्टेम्बर १ र २ ।

अनेसासका केही केन्द्रीय कार्यक्रमहरू, अनेसासका च्याप्टरका थुप्रै कार्यक्रमहरू, सिर्जना उत्सवका कार्यक्रमहरू र राजमित्र स्मृति प्रतिष्ठानका कार्यक्रमहरूले बोस्टनवासी नेपालीहरू आफ्नो मातृभाषा, कला, साहित्य र संस्कृतिको पूर्ण स्मरण गर्न पाइरहेका छौँ । यसका लागि यी सम्पूर्ण सङ्घसंस्थाहरूप्रति कृतज्ञता दिनैपर्छ । संस्था भएर नै व्यक्तिले कार्यक्रमको आयोजना गर्न र उपस्थित हुन सफल हुने त हुन् नि ! त्यसैले संस्था प्रमुख हो, व्यक्ति होइन तर संस्थाको प्राण तिनका गतिविधि नै हुन्, सुन्दर कार्यक्रमहरू नै हुन् । यी कार्यक्रम संस्था र कुर्सीहरूले गर्दैनन् । ती कुर्सीमा बस्ने सचेत व्यक्तिले गर्ने हो, कुशल कार्यकर्ताबिना कार्यक्रम सफल हुँदैनन् र संस्था तिनै कार्यकर्ताको जीवन्ततामा बाँचेको हुन्छ ।

बोस्टननिवासी साहित्यिक व्यक्ति महेश्वर पन्तजीको ठुलो प्रयास र सक्रियताले उक्त सम्मेलन सफल भएको हो । बधाईका पात्र हुनुहुन्छ उहाँ । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति, साहित्यकार गङ्गा लिगल, एकेडमीका विभागीय प्रमुख प्राज्ञ हेमनाथ पौडेल, रेडियो नेपालका कार्यक्रम संयोजक कवि रमेश पौडेल नेपालदेखि आउनु, एनआरएनए आइसीसीका उपाध्यक्ष सोपिला राजभण्डारी,

हिक्मत थापा र गोविन्दप्रसाद अधिकारीहरूको उपस्थितिले दुवै दिनको कार्यक्रम रोचक रहेको थियो ।

पहिलो दिनको कार्यक्रम एनआरएनए म्यासाचुसेट्स च्याप्टरको कार्य समितिले खर्चदेखि कार्यक्रम सञ्चालनसम्मको ज़िम्मेवारी लिएको थियो । क्यानडाबाट सुरेन उप्रेतीलगायत अन्य साथीहरूको उपस्थिति थियो भने सानफ्रान्सिस्कोबाट साहित्यकार सर्वज्ञ वाग्ले (कार्यक्रमका सञ्चारप्रमुख) र न्युह्याम्पसायर राज्यबाट ईश्वरी भट्ट (कार्यक्रमका आर्थिक संयोजक) कवि सिर्जना शर्मा र एनआरएनए च्याप्टरका अध्यक्ष डम्बर कडरियालगायतका अन्य साथीहरूको उपस्थिति थियो भने एनआरएनए म्यासाचुसेट्स च्याप्टरका अध्यक्ष प्रेम तामाङजीको सभापतित्वमा गरिएको यो पहिलो दिनको कार्यक्रम परिचयात्मक तथा साहित्यिक गोष्ठी थियो ।

अनेसास बोस्टन च्याप्टरका अध्यक्ष यम पौडेल र अन्य सदस्यहरूको साथमा अनेसास केन्द्रका सचिव कवि लालगोपाल सुवेदी र अन्य बोस्टन कविहरू दीपा राई पुन, अनु शाह, हरि थापा, ममता कर्माचार्य, पत्रकार कृष्णराज खनाल, एनडब्लुजिएन अध्यक्ष शान्ति जोशी, साहित्यकार सुशील नेपाल, एनआरएनए आइसीसी सदस्य तृष्णा शर्मा, पूर्व सल्लाहकार विजय शर्मा, बोस्टनका सामाजिक अभियन्ता विष्णुमणि आचार्य, राम थापा, एनआरएनए युएसएका सल्लाहकार डिन भट्टजी आदि थुप्रै सामाजिक अभियानका सक्रिय व्यक्तित्वहरूले खचाखच भरिएको कार्यक्रम सभाकक्ष रातिको दस बजेसम्म शोभायमान थियो ।

यसरी केही व्यक्तिको नाम उल्लेख गर्नु र धेरैको नाम छुटाउनुको कारण केवल समयाभाव हो, नियत होइन, सबैको नाम लेख्दा यो लेख अझ सुन्दर हुने'थ्यो तर सम्भव भएन यसपटकलाई ।

लामो लेख पढ्न पट्यार लाग्छ तर इतिहास सुरक्षित हुन्छ भन्ने बिर्सनु हुँदैन साहित्यकारले । साहित्यिककार इमान्दार भएन भने समाजका राजनीतिज्ञ कदापि हुँदैनन् । वेद, पुराणहरू हेरौँ-हेरौँ ती लेखकहरू, कति इमान्दार भएर तत्कालीन समाजको चित्रण गर्न सफल छन्, ती कृतिहरूमा यद्यपि वर्तमान समाजमा त्यो सामाजिक रीतिथिति नमिल्ला । तुलनात्मक रूपमा आजको समाज सुखी होला कि त्यतिबेलाको समाज सभ्य थियो होला ! साहित्य र साहित्यकारको बलियो हतियार नै इमान्दारी हो ।

भोलिपल्ट नेपाली महिलाहरूको विशेष पर्व तीज परेकोले उपस्थितिमा

निकै असर पऱ्यो । पञ्चकन्याको हातबाट विमोचित कृति **नेपाली मुक्तकमा नारी हस्ताक्षर** (सम्पादन : रमेश पौडेल) र **अन्तरदेशीय नेपाली कथाहरू** (प्रकाशन : नेपाल प्रज्ञा-प्रतिष्ठान) कार्यक्रमको सफलता र आकर्षक रह्यो ।

अनेसास बिओटी अध्यक्ष गीता खत्री, अनेसास पूर्व अध्यक्ष पदम विश्वकर्माले अनेसासले भाषा साहित्यमा गरेको योगदानको विशेष चर्चा गरिरहेको छ। त्यसमा एनआरएनएले पनि यसरी कार्यक्रम गर्नुबाट अनेसास अझ सक्रिय हुनुपर्छ भन्ने सूचना बुझेको सुझाउनुभयो ।

साहित्यकार सर्वज्ञ वाग्लेद्वारा सञ्चालित दोस्रो दिनको कार्यक्रम लामो भए पनि महत्त्वपूर्ण व्यक्तित्वहरूको मन्तव्यले सम्मेलन सार्थक हुन पुग्यो ।

अन्त्यमा, यस्ता साहित्यिक सम्मेलनको छुट्टै स्मारिका निस्किनुपर्थ्यो । यति ठुलो साहित्यिक कुम्भमेलामा वाचन गरिएका साहित्यिक रचनाको राम्रो समीक्षात्मक लेख कतै प्रकाशित हुनुपर्थ्यो । आर्थिक रूपमा ठुलो खर्च, गहन विचारहरूको प्रवचनहरूको अभिलेखले अर्को कार्यक्रमलाई टेवा दिने हुन्छ । यसैगरी अनेसास केन्द्रका चार/पाँचओटा अन्तर्राष्ट्रिय सम्मेलन, तीनओटा च्याप्टर सम्मेलन र सिक्किममा सम्पन्न नारी सम्मेलनजस्ता ऐतिहासिक कार्यक्रमको एक-एकवटा स्मारिका हुनुपर्छ। अनेसासले सुषुप्त अवस्थामा रहेकालाई जागरण गर्ने र स्थापित साहित्यकारहरूलाई सम्मानपूर्वक लेखन अभियानमा लागिरहन प्रेरणा दिइरहेको छ भने एनआरएनएले यो प्रथम सम्मेलनपछि अहिले आप्रवासी साहित्यकारहरूको अभिलेख सङ्कलन प्रारम्भ गरिरहेको छ। एनआरएनएको आफ्नो मूलभूत उद्देश्य र लक्ष्यभित्रै नेपाली भाषा-साहित्य, कला र संस्कृतिलाई पनि अटाएर यसको संरक्षण र सम्बर्धनमा लाग्नुले अनेसासलाई सहकारी बन्न सहज बनेको छ ।

नियमित रूपमा सबैतिर अनेसासले कार्यक्रमहरू व्यापक रूपमा गर्न सकेको भए र विदेश जन्मे/हुर्केका बालबालिकालाई सरल पाठ्यपुस्तक निर्माण गर्न सकेको भए सायद एनआरएनएले भाषा-साहित्यको जिम्मा अनेसासलाई नै सुम्पिन्थ्यो कि !

●

# छन्दोबद्ध कविता खण्ड (भाग-२)

कविता

# वियोग

● दुर्गा रिजाल

लुकेछ छन्द बन्द भो फुरेन आत्मभावना
मभित्र डस्छ दुःखले वियोगको छ साधना
न भर्छ राग कण्ठले कृपा लुकेछ भारती
मबाट पुत्र खोसिँदा हुँदैछ रागमा खति ।
॥१॥

फुरे त शब्द माधुरी म गर्छु छन्दमा कुरा
म हाँस्न नाच्न सक्दथे चढेर भाव टाकुरा
हराउँदैछ भावना गिराउँदैछ दुःखले
विरक्तिए थचारिए सशक्त चेतना गले ।
॥२॥

अभावजन्य भावना पिलो बनेर टन्कियो
उराठ भै उजाड़िएँ मभित्र अग्नि दन्कियो
अनेक याद सम्झना दिमागभित्र दौडिए
दिँदैछ दैव यातना म राग हीन छोडिएँ ।
॥३॥

रुवाउँदैछ यादले बिहान रात दैनिक
वियोग कष्ट दैव हे ! नदेन चोट मार्मिक
अपार योग स्नेहमा सहर्ष बाँच्छ जिन्दगी
सुरीति उल्टियो भने धराप थाप्छ जिन्दगी ।
॥४॥

बजोस् न कृष्ण बाँसुरी सुनेर दुःख शेष होस्
विरक्त डाह शान्त होस् अमोल चेतना खुलोस्
विदीर्ण रङमञ्चमा नचाउँदैछ जिन्दगी
वियोगले सताउँदा अगाडि रोकियो गति ।
॥५॥

अँधेरिदैछ जिन्दगी छ दूर पुत्र रोसनी
हजार प्रश्न उठ्दछन् सवाल शून्य आँगनी
अनेक दर्द आँतमा लिएर हाँस्नु के गरी
अमोल भाग्य उल्टियो डुबें म शोकपोखरी ।
॥६॥

मबाट मातृवन्दना उठेर गर्छ याचना
चुँडेर बाल कोपिला सुगन्ध छैन फाँटमा
बदल्न शोक शक्तिमा मिलेन मित्र ओखती
उमङ्ग भङ्ग भो गयो वियोग शोकमा मति ।
॥७॥

●

कविता

# मसानमा नि जाग है

● हरि घिमिरे

भिडेर लड्न सक्तछौ युवा तिमी नहच्कने
तिमीसितै छ आश यो पछाडि ता नफर्कने
प्रशस्त शक्तिस्रोत हौ तिमी अभेद्य दुर्ग हौ
अमर्त्य वीर पुत्र हौ, नमासिने स्वराष्ट्र हौ

हिमाल शुद्ध भूमिको पवित्रता बचाउन
असत्य क्रूर नेत्रमा घमण्ड नै हटाउन
तिमी बढे युवाहरू अझै अगाडि बढ्दछन्
सुरक्षणै स्वदेश धर्म हो नि भन्न थाल्दछन्।

न आ यता, नखोज् हिमाद्रि मृत्तिका, डढाउलान्
सशस्त्र हातले त्यहाँ शरीर नै जलाउलान्
न भोक भन्छ वीरले न शोक साँच्न सक्तछ
स्वदेश भक्त हो युवा युगौँ नि बाँच्न सक्तछ।

न धाक दे, न हाँक दे मिचेर मृत्तिका कण
लिएर शक्ति आउँदा नबिर्स युद्धका क्षण
घुँडा जमीन टेक्न पर्छ होशियार है तँ नि
युवा न हो नसा-नसा रक्त बगा'र हिँड्छ नि।

फकाउँदा कदापि मान्छ शत्रु ! यो असम्भव
लडेर शक्तिले स्वभूमि पाइने सगौरव
भने युवा तिमी कतै सशङ्कितै त छैन है
डटेर भिड्न खोज है मसानमा नि जाग है।

●

कविता

# जय जय पावनभूमि हरे !

● सुदीपभद्र खनाल

वीर विराङ्गन रक्त विरेचन चम्चम चम्चम छन् खुकुरी
स्वप्न सहीद र वीर अकिञ्चन प्लावित निर्मल हे नगरी
नित्य अखण्डित प्राकृत मण्डित सुन्दरताले सुस्मित हे
यो दिल भन्दछ हो जय हो जय हो जय पावन भूमि हरे।

काननको धन स्रोत अनेकन छन् जडि लाखनलाख अरे
भव्य सुसंस्कृत संस्कृति उन्नत काव्य कलामय जीवन रे
मन्दिर गुम्बज लेक मधेस छ धुक्धुक धुक्धुक एकल हे
यो दिल भन्दछ हो जय हो जय हो जय पावन भूमि हरे।

शैल शिवालिक फाँट अनेक र दूर्गम दुर्ग र घाँटि हरे
ताल नदी नद कुण्ड र निर्झर फूल अनेकन सुस्मित रे
शृङ्ग उतुङ्ग र भीम पहाड छ वक्ष र मास्तिर शीर अरे
यो दिल भन्दछ हो जय हो जय हो जय पावन भूमि हरे।

हे युग नायक वीर अजेय र विश्व प्रशंसित शुभ्र ध्वजा
हर्पल कञ्चन निश्छल निर्मल देव तपोस्थल भूतल हा !
हे रिपुमर्दन स्वत्व अकिञ्चन ज्योति प्रज्वल्लित मातर हे
यो दिल भन्दछ हो जय हो जय हो जय पावन भूमि हरे।

वैर निशेचित शान्ति निकेतन उन्नति सत्पथ रञ्जन हे
बुद्ध विरेचन धूर्जटि लोचन लोक निरञ्जन पावन हे
हे गणतान्त्रिक लोक नियन्त्रित भाग्य प्रवर्धक शैलज हे
यो दिल भन्दछ हो जय हो जय हो जय पावन भूमि हरे।

●

कविता

# उर्दी

● राजेन्द्र श्रेष्ठ (राज)
न्युयोर्क

आफ्नै आँगनमा पसेर धमिरा पार्दै छिया यो झन
निद्रा त्याग जुरुक्क जाग जन हो नेपाल जोगाउन
भाषा, धर्म तथा समाज बदली सार्दै छ सीमा पनि
के बाँकी रहला सबै बदलिए बिर्से स्वयम् को भनी ।

आमाको फरिया लुछेसरह नै सीमा लुछेको हरे
कोही बोल्न सकेन देश मिचिँदा नेता मुछेको परे !
आफ्नो आँगन जोतपोत छ अरू अस्तित्व जाला उठ
हे सर्कार सहन्न नागरिकले लौ एकतामा जुट ।

हाम्रो नाम थियो अझै पनि छ त्यो, नेपाल गोर्खा भनी
आँखाको अघि नै स्वदेश लुटिँदा बस्छौ छिमेकी गनी
आफ्नै आँगनमा पराइ बलियो, जागौँ युवा हो उठ
गाह्रो हुन्छ भरे पराइ भरिए, रोकौँ, युवा हो उठ !

माटो आदर गर्न मर्न पछि को पर्ला ? युवा हो उठ
छाती बज्र बनाउँदै युवक हो आमा पुकारी उठ
हावा वेग समान भै दस दिशा झण्डा निकाली उठ
आमा आँसु पुछौँ जुटौँ सबजना सीमा धकेली उठ ।

कस्तो खेल छ त्यो छिमेकतिरको साम्राज्यवादी गुट
सीमास्तम्भ कहाँ छ बुझ्न कति छन् बाँकी नगुम्दै उठ
खेल्दै छन् यसरी मिचेर जननी, खोजौँ सुरक्षा उठ
गोर्खेको निज स्वाभिमान नढलोस् जागौँ युवा हो उठ ।

●

कविता

# हे प्यारे !

● देव भट्टराई

भो भो क्यै पनि चाहिँदैन गहना बेकार लाग्छन् सुन
खाली होस् बरु नाक कान र गला पर्दैन क्यै लाउन
हीरा हार गलाभरि तिलहरी चाहिन्न सिक्री पनि
झुम्का मङ्गलसूत्र भन्दिन दिनुस् नत्थी बुलाँकी भनी ।

नौगेडी शिरफूल माग्दिनँ भयो औँठी म मागूँ किन ?
भो बाला रिङ चन्द्रमा टप फुली पर्दैन केही दिन !
साडी ब्लाउज भो परेन महँगा चोली लगाउन्नँ म
सच्चा प्रेम शिवाय आखिर कतै सौन्दर्य पाउन्न म ।

आफ्नो लायक सम्झिए हजुरले आफ्नो बनाई लिनुस्
त्यो आफ्नोपनमा रमाउँछु मिठो माया मलाई दिनुस्
त्यो भित्री मनदेखि उठ्दछ भने सत्प्रेम बर्साउनुस्
अर्काको नहुनूस् कुनै किसिमले संसार मेरै हुनुस् ।

मेरो आउँछ सम्झना यदि भने आफ्नै भनी सम्झिनुस्
साँच्चै बिर्सनकै म लायक भए भैगो भयो बिर्सिनुस्
हे मेरो भगवान् ! सदा हजुरको दासी बनूँ के गरी ?
यौटै चाह छ कृष्णको हृदयको प्यारी बनूँ बेसरी ।

●

# कथा/लघुकथा/नाटक खण्ड

कथा

# बार्सिलोना एभिन्यु

● नीलम कार्की 'निहारिका'

मुख्य पात्रहरू : सेबास्का
घर नम्बर - १९७७, नोरा र म
अनि अन्य पात्रहरू !

म ग्यारेज खोल्नुभन्दा अगाडि नेबिगेटरमा आफू जाने घरको त्यसले दिएको निर्देशनतिर लाग्नुअघि छोरीको स्कुल जानु छ, इलेमेन्ट्री स्कुल । ब्याटल अफ बुकबारे कार्यक्रम छ स्कुलमा । अभिभावकलाई निम्तो पठाएका छन् ।

कार्यक्रम एकदम निर्धारित समयमा सुरु भएको भए तापनि केही प्रश्नहरू थपिँदा लम्बिन जान्छ । निर्धारितभन्दा चौध मिनेट तन्किन्छ समय ।

कार्यक्रम समापनपश्चात् गाडी स्टार्ट गर्नुअगाडि सेबास्कालाई फोन गर्छु - 'म आउँदै छु, दस मिनेटजति ढिला हुन जानेछ । असुविधाका लागि क्षमाप्रार्थी छु ।'

स्कुल एरियामा बढी नै सावधान हुनुपर्छ गाडी चलाउँदा । यस क्षेत्रमा भएको सानो-सानो गल्ती पनि क्षमायोग्य हुँदैनन् । अस्तिमात्र एक मित्र जेनीले तीव्रगतिका लागि ट्राफिकबाट पाएको जरिवाना पर्चाको कारण उनको इन्सुरेन्सको चार्ज ह्वात्त बढेको छ भन्थी । मात्र पाँचजति बढी थियो होला भन्दै थिई । बीस माइलको ठाउँमा पच्चीस । छोरीलाई पिकअप गर्न आउने हतारोमा गरेको गल्तीमा पाएको दण्ड त्यो ।

'अब यो एक जरिवानाले राम्रो पाठ सिकेको छु ।' जेनीले भन्थी ।

सावधानीपूर्वक स्कुल एरिया काटेपछि म मोबाइलमा खोज्छु नोरालाई । मतलब नोराको नम्बर । अनि डायल गर्छु ।

- 'म आउँदै छु । अहिले होप मिल स्ट्रिटमा छु । तिमी एकदम तयार भएर बस्नू, हामी यसै पध्र मिनेट ढिला हुने भैसक्यौं ।'

म हतारमा छु । एकदम हतारमा । मान्छेलाई त्यसरी प्रतीक्षा गराउनु राम्रो मानिँदैन भनेर सतर्क हुँदाहुँदै पनि ढिला भइ नै हाल्यो ।

नियमभन्दा छिटो गाडी हाँकेर त्यो समय समाउन पनि त सकिएन । अझै चार ट्राफिक लाइट पार गर्नु छ, नोराकहाँ पुग्न नै । त्यसपछि जानु छ सेबास्काकहाँ, अर्थात् मुख्य गन्तव्य ।

नोराको अपार्टमेन्ट अगाडि गाडी रोकिन नपाउँदै देख्छु - ऊ निस्किसकेकी छ ।

म सिसा खोल्छु ।

'भित्र नपसी जाने ?' नोराको औपचारिकता ।

'तिमी किन यति विधि फर्मल छौ, मलाई फर्मालिटी किन चाहियो ? ल, छिटो बस !' दायाँतिरको सिटमा सङ्केत गर्छु । नोराको हातले तान्दा ढोका खुल्न मान्दैन, म देब्रे हातले बटन थिची भित्रबाट अनलक गरिदिन्छु, अनि खुल्छ ढोका ।

'केही दिन यता मेरो गाडीको ढोकामा समस्या आएको छ ।' फिस्स हाँस्छु ।

'घर हेर्न जाँगर मरिसक्यो, यति हेरियो र ! यो रियल स्टेटको मान्छेले घर देखाएर नथाक्ने रै'छ । पचास घर देखाइसक्यो होला, अझ झर्को मान्दैन । हाँसिरहन्छ ।' नोरा अगाडिको ऐनामा अनुहार हेर्दै बोल्छे ।

'बिजनेस मैयाँ, बिजनेस ! यसलाई भन्छन् बिजनेस । तर आज भने ऊ आफू आउँदैन रे, गएर हेर्नू भनेको छ, ठेगाना दिएको छ। अस्ति डाक्टरसाहेबहरूले त्यो घर हेरिसक्नुभयो नि त ! माफ गर, आज म जान सकिनँ, तै तिमीले राम्ररी देखाइदिनू भनेको छ मलाई नै । अब मैले पो कमिसन माग्नुपर्ला जस्तो छ, त्योसँग ।'

'सकेको झार्नू, माग्नु पर्सेन्ट अनि बाँडुला, मजाले सपिङ गरुँला नि !' नोरा पनि ठट्टामा ठट्टा मिसाउँछे ।

नोराहरू यो सहरका लागि नयाँ हुन् । नोरा र मेरो श्रीमान् एकै अस्पतालमा काम गर्छन् । अनि हामी दुई उहीँ जन्मभूमिदेखिका साथी । लामो समयको अन्तरालपछि पुनः यहाँ आएर भेट भएको । जीवनको यो घुम्तीमा पुगेर ! मेरो श्रीमान्, म र हाम्रा नानीहरू चार वर्षदेखि यस सहरमा छौँ । नोराहरू पनि घर किनेर यही ठाउँमा स्थायी बसोबास गर्ने मनसायले यता बसाइँ सरेका । नोरा भन्थी - 'एक अनुसन्धानले रिटायर्डका लागि सबैभन्दा उत्तम सहर भनी यहाँलाई प्रमाणित गरेकाले पनि बढी आकर्षित भएका हुन् रे !' डाक्टर बुढाथोकी भन्थे - 'देश नै छाडी आएपछि जहाँ बसे पनि उस्तै त हो । कति सरिरहनु ? अब ढुक्कले एक ठाउँ बस्ने । पछिसम्म सर्न नपर्ने गरी ।'

हामी स्काई बो रोडमा छौ । फेरि रेडलाइटमा पर्छौं । गाडी आइरहेको छैन भने रातो बत्तीमा पनि दायाँतिर जान मिल्ने हुँदा म हेरेर छिटो स्टेरिङ घुमाउँछु ।

अब हामी एक मिडल स्कुलअगाडि छौँ । पहेँला लामा स्कुलबसहरू लस्करै विश्राममा छन ।

'यहाँ घरहरूको मूल्य पब्लिक स्कुलको रेटिङअनुसार हुन्छ भन्नेबारे थाहा नै थिएन ।' नोराले स्कुलबसतर्फ हेरेर भन्छे ।

'हो त स्कुल राम्रो भएको ठाउँमा घर पनि महङ्गो हुन्छ भन्ने हामीलाई पनि पहिला थाहा नै थिएन, झण्डै हामी फसेका थियौँ ।' म पुलुक्क नोराको अनुहार हेरेर भन्छु ।

'थ्याङ्स् गड, धन्न तिमीहरूले हामीलाई समय भन्यौ हामीलाई पनि बचायौ फस्नबाट ।' नोराको आँखा कृतज्ञ छ ।

एरिजोना हुँदा नै कम्प्युटरमा हेरेर, घर किनी सिधै आफ्नो घरमा आउने योजनामा थिए उनीहरू । 'आफै आएर बुझेर-हेरेर किन्न सल्लाह दिएका थियौ' हामीले । जुन ठाउँमा अहिले हामी जाँदै हुन्छौँ, त्यो पनि सामुदायिक स्कुल राम्रो भएको क्षेत्र हो । हामी स्कुललाई नै मुख्य आधार मानेर घरहरू हेर्दै छौँ ।

हाम्रोबाट नजिक किन्ने मन थियो उनीहरूलाई । बिरानो ठाउँमा मातृभाषा मिल्ने नजिक भइदिँदा हामी दुई परिवारलाई नै अति उत्तम हुने थियो । बिक्रीका लागि एक घर पनि नभएको हुनाले सम्भव भएन । छिमेकी हुन पाइएन ।

नोराको रोजाई नयाँ घर हो । 'अरू बसिसकेको घरमा के जीवन बिताउनु ?' उसले भनिरहन्थी । तर राम्रा स्कुलको नजिक नयाँ घर पाउन गाह्रो हुने हुँदा ऊ बल्ल-बल्ल पुरानोमा राजी भएकी छ ।

पहिला उही नोरा भन्थी - 'छोराछोरी बरु प्राइभेट स्कुल हाल्छु, नयाँ घर नै किन्छु ।' सामुदायिक विद्यालयका लागि स्कुलक्षेत्र तोकिएको भए तापनि प्राइभेटमा जहाँ बसे पनि पढाउन पाइने हुँदा त्यसो भनेकी । तर विद्यालय पुऱ्याउन/लिन आफू नै जानुपर्ने भएकाले नोराको श्रीमान् त्यसमा सहमत भएनन् । हामीले पनि सबै हिसाबले हेर्दा सामुदायिक विद्यालय पढाउनु नै उचित भन्ने राय पेस गरेका थियौँ ।

अहिले भने नोरा मानसिक रूपमा तयार छ, सामुदायिक विद्यालय पढाउन र पुरानो घर किन्न ।

डा. बुढाथोकीको भने सुरुदेखि सोचाइ भिन्न थियो नोराको भन्दा । जोडीको मत एकै ध्रुवतिर फर्केको छ अहिले ।

'पुरानो भए पनि कन्डिसनको हुन सक्छ । हेरौँ, हेरेर के जान्छ ?' यसरी मेरा श्रीमान्‌ले भनेपछि सुरु भएको थियो पुराना घरहरू पनि हेर्न ।

यसै पनि अहिले जहाँ बसेका छन् छ महिनाको करार हो ।

'घर खोज्न चार महिना अझ बाँकी छ । दलालहरू जति पनि निःशुल्क सेवा दिइरहेका छन् ।' नोरा हाँस्छे ।

'पछि हामीले किन्ने भइयो भने एकसाथ कसेर लिनेछ मैयाँ अहिलेको सबै सेवाको पनि सेवा-मेवा ।'

मेरा श्रीमान् र डा. बुढाथोकीलाई साह्रै मनपरेको छ अहिले हामी हेर्न जाँदै गरेको घर । नोराको चित्त बुझ्न बाँकी नै छ ।

'नोराको ब्रेनवास गरिदिनू है भाउजू !' डा. बुढाथोकीले अघिल्लो दिन भनेका थिए ।

नोरालाई घर देखाउने/मनाउने जिम्मा पूर्णतः मेरो काँधमा परेको छ ।

मेरो नेभिगेटर बोल्छ - 'यौर डेस्टिनेसन इज इन यौर राइट ।' हाम्रो गन्तव्य दायाँमा रहेछ, बार्सिलोना एभिन्यु, घर नम्बर-१९७७ ।

ईट्टाको दुईतले घरअघिल्तिर गएर रोकिएको छु । घरको दायाँतिर गाडी निस्कने साँघुरो पक्की बाटो छ । अनि घुमेर पसिने ग्यारेज ।

'मलाई यस्तै पछाडि ग्यारेज मनपर्छ । अगाडि फर्केको ग्यारेज त थुनिराख्दा ठीकै हो, तर खोलेको बेला भने दाँत खसेको मान्छे हाँसेजस्तो लाग्ने क्या ! अझ सामान त्यही भण्डार गर्ने गरिएको छ भने हेर्न लायकको हुन्न ।' म भन्छु ।

मनपरेको सबै कुरा आफूसँग कहाँ छ र ! मेरै घरमा अघिल्तिर नै फर्केको ग्यारेज छ । हो, थोते मान्छे हाँसेजस्तो देखिन्छ खोलेको बखत । झट्ट सम्झन्छु ।

'खोजेको, रोजेको सबै कुरा कहाँ पाइन्छ ? सम्झौता गर्नुपर्छ । जीवनमा पाइलैपिच्छेको सम्झौताको सानो नमूना मात्र यो ।' म आफ्नो ग्यारेज स्मरणपश्चात् फेरि भन्छु ।

निस्कने बाटो छलेर गाडी पार्क गर्छु ।

हरियो दुबोको पल्लो छेउ लस्करै उभिएका बोटमा फूलहरू मुस्कुराइरहेछन् । आउने-जानेसँग यसरी नै मुस्कुराउँछन् फूलहरू, यिनको धर्म पनि त यही हो । 'तर फूलमा यौवन आउनुपर्छ मुस्कुराउन । तर मलाई भने फक्रेकोभन्दा कोपिला

नै सुन्दर लाग्छ ।' म टिप्पणी गर्नसमेत भ्याउँछु । आफ्नो धारणा प्रस्तुत गर्न छिटै अघि सर्ने मेरो पुरानो बानी कायम नै छ ।

हामी गाडीबाट ओर्लन नपाउँदै एक वृद्ध महिला बाहिर निस्किन्छिन् । मेरी हजूरआमाजस्ती वृद्धा ।

उनी हाँस्दै स्वागतमा हात उठाउँछिन् - 'हेलो !'

नजिक पुगेपछि वृद्धा आफ्नो गोरा हात मिलाउँछिन् । सेबास्का उनको नाम ।

'तिमीहरूसँग भेट्दा खुसी लाग्यो ।' उनको भाषामा भनेकी हुन्छिन् ठीक यही अर्थमा ।

म ढिला भएकोमा पुनः माफी माग्छु ।

'चिन्ता नगर, केही भएको छैन । ठीक छ ।' हाम्रो समयप्रतिको असजकतालाई सहजसँग लिइदिन्छिन् । अझ भन्छिन् - 'हामी फुर्सदमै छौँ । उमेर पनि फुर्सदिलो छ हाम्रो ।'

हाम्रो संस्कृति, हाम्रो बानीअनुसार नै भित्र पस्ने तरखर गर्दा जुत्ता खोल्न खोज्छौँ । उनी जुत्तासँगै जान सक्ने बताउँछिन् ।

उनी पुनः हामीलाई जुत्तासँगै जान सक्ने बताउँछिन् । हातको इसाराले पनि रोक्न खोज्छिन् । हामीलाई अप्ठ्यारो महसुस हुन्छ ।

तर हामी सेबास्कालाई हेरेर एकपटक मुसुक्क हाँसेर जुत्ता खोल्छौँ ।

निहुरिँदा मेरा आँखा उनको चाउरी परेको नाडीमा पर्छ । मसिनो नाडी, छालामा मुजा परेको छ । अघि उनीसँग हात मिलाएको बखत मेरो ध्यान त्यसतर्फ पुगेकै रहेनछ ।

अनि, ढिला नगरी हाम्रो भेटको मुख्य प्रयोजनतर्फ लागिन्छ ।

सेबास्का आफ्नो घर देखाउन सुरु गर्छिन् ।

सुरु हुन्छ आगन्तुककोठाबाट ।

भित्तामा ठुलो घडी छ, लामा-लामा हातजस्ता सुई घुमिरहेछ, निरन्तर । आवाजबिनाको गतिमा !

- 'हामीले किनी ल्याएपछिको उमेर जोड्ने हो भने, यो घरजत्ति नै उमेरको भयो यो घडी । मलाई लाग्छ, दोकानमा सजिएर धेरै समय बिताउन पाएन यसले ।

मिस्टर म्याथ्यु सोखिन पुरुष हुन् । बजारमा यो मोडेलमा निस्किनासाथ यहाँको भित्तामा झुण्डिन आयो । बेट्री थाक्छ, तर यसका अनवरत चल्ने हात थाक्दैनन्, अहिले पनि ठीक समय दिइरहेको छ । हाम्रो दिन-रातको हिसाब यसैले राख्छ । अनि उमेरको पनि !'

ढोकाबाट भित्र पसेपछि देब्रेतिर छ आगन्तुक आउँदा भेट्ने कोठा ।

प्राकृतिकजस्तो लाग्ने रूख छ त्यहाँ, झण्डै मेरो उचाइको । बुट्टेदार टेबल छ त्यहाँ र र छालाको कलेजी सोफा अनि एक भित्तामा टाँसिएको दराजमा छन् मोटा-मोटा किताबहरू र अर्कोतिर छ विशाल तेलचित्र ।

त्यहाँबाट अझ भित्र छ, ठुलो स्नानकोठा । त्यसबाहिर ठुलो सिसा लाएको सोकेस । कलात्मक बुट्टा खोपिएको छ फ्रेममा ।

त्यहाँबाट भित्र पारिवारिक बैठककोठा छ। अङ्ग्रेजी एल आकारको सोफाले धेरै ठाउँ ओगटेको छ र पनि खुल्ला भाग उत्ति नै छ ।

भित्तामा एक फोटो छ, ठुलो आकारको फ्रेममा कैद । पाँचजना मानिस अनि एक कुकुरको फोटो । त्यो फोटोमा बसेका दुईमध्ये जवान महिला सेबास्का नै हुन् भन्ने ठम्याउन गालाको कोठी नै पर्याप्त हुन्छ। सँगैको लोग्नेमान्छे उनको पति हुनुपर्छ र, आमाको काखमा छोरा हुनुपर्छ, बाबुकी काखको सानो छोरी र उभिएको चाहिँ जेठो छोरा हुनुपर्छ, मेरो अनुमानमा ।

म केहीबेर उभिइरहन्छु। पारिवारिक विशाल फोटोमा आँखा टासेर सेबास्काले पछाडिबाट बाहिर निस्कने ढोका खोलिसकेकी हुन्छिन् ।

प्रश्नको गठरी बोकेर उनलाई पछ्याउँछु, चुपचाप । काठको पर्खालले घेरेको छ घरलाई अँगालो हालेजसरी । ठुलो भाग दुबोले ढाकेको छ, छेउ-छेउमा नानाथरीका फूलका बोट छन् । कुनै कोपिला नलाग्ने हरिया बोट मात्र पनि छन्, हातेमालो गरेझैँ उभिएका छ यस्ता बोटहरू । कुना-कुनामा सल्लाका रूख आकाश छुन हुत्तिरहेका छन् । दुई सल्लाको बिच पिग छ, अनि अलि पर ट्री-हाउस ।

- 'गएको वर्षसम्म यहाँ स्विमिङपुल थियो, हामीले पुरिदियौँ । तर फेरि बनाउन सकिन्छ त्यहीँ । त्यो ट्री-हाउस भने यत्तिकै छ । मेरो श्रीमान्लाई यो हटाउन मन छैन । उहिले छोराछोरीका लागि बनाइदिएको । उनीहरू आफैँ आमा-बाबु भइसकेर पनि यो यत्तिकै छ । बर्सेनी पालिस लगाउन मान्छे डाक्छन् मेरा श्रीमान् । चम्काउन भन्छन् ।'

बोलिरहेकी सेबास्कालाई हेर्छु, हेरिरहन्छु म । उनका आँखाहरूभित्र पसिसकेका छन्, अलि भित्र नै । अनि लाग्छ आँखामा पानीको पोखरी छ र नानी पौडी खेलेको छ त्यहाँ ।

पछाडि अग्लो पारेर काठ बिछ्याएको ठाउँमा म गएर यताउता गरिरहेछु । त्यहाँभन्दा पर खुल्ला छ । छिमेकीको घरको पछिल्तिर रूख अनि फूलका बोटहरू छर्लङ्ग देखिन्छन् ।

हामीलाई सेबास्का अब भान्साकोठा देखाउँदै छन् । बिच भागमा चुलो छ ।

आधुनिक चौडा चुलो । 'यो भने हामीले पछि फेरेको हो ।' अर्थ्याउँछिन् उनी ।

चिल्लो काठ बिछ्याएको छ भुइँमा ।

- 'पहिला मेरो श्रीमान् घर बनाउने ठेक्का लिने काम गर्थे । त्यो हुनाले हामीले आफैँ समान रोजेर र हुन सक्नेजति सुविधायुक्त, बनाउंन कोसिस गरेका थियौँ ।'

खोलेर देखाउँछिन् माइक्रो-वेभ र भाडा माझ्ने मेसिन पनि, काठको सुन्दर दराजभित्र छन् ती ।

दायाँतिर नास्ता गर्ने ढुङ्गाको गोलो टेबल छ । टेबलमाथिको बत्ती पनि उत्ति नै आकर्षक । हेर्दा पनि नयाँ छ, एकदम नयाँ । म सोचिरहेछु - के यी सबै छत्तीस वर्ष पुरानै हुन् त् ?

'यो राम्रो पित्तल हो । र, त्यही बेलादेखि यहाँ छ ।' उनी मेरो आँखाको भाखा बुझेर, मुस्कुराउँदै जवाफ दिई अर्को कोठातर्फ लाग्छिन् ।

त्यहाँ छ फर्मल डाइनिङ । गन्न भ्याउँछु, आठ कुर्सी छन् र छ विशाल टेबुल ।

'यी कुर्सीहरू भरिँदैन आजकल । कुनै समय थियो पुग्थेन बस्न । खाली कुर्सीका लागि मान्छेले पर्खिनुपर्थ्यो, अहिले मान्छे पर्खिरहेछन् कुर्सीहरू । यी टेबल र कुर्सीहरूको प्रयोग नभएको धेरै भयो । घरभर मान्छे हुनको निम्ति कि क्रिस्मस आउनुपर्थ्यो या नयाँ वर्ष । त्यो पनि पहिलाजस्तो कहाँ ? अब हामीसँग को रमाइलो गर्न खोज्छ ? के रमाइलो नै बाँकी छ र !' 'ए अँ, हाम्रो जन्मदिनको बखत भने फूलहरू धेरै दिन नसुकी रहन्छन् र केकले रेफ्रिजेटरमा ठाउँ पाउँदैन । घर बेचेपछि यी सामानहरू पनि बेच्नु छ हामीले ।' कुर्सी सुमसुम्याउँदै भन्छिन् ।

पछिल्लो वाक्यको अर्थ म लगाउँछु, उनको भनाइको तात्पर्य - तँ चाहन्छेस् भने यी सामान पनि किन्न सक्छेस् ।

सेबास्का बोल्छिन् - 'अब हामी सानो घरमा बस्नेछौँ । अब किनिने घरमा यी सबै कुरा अटाउने छैनन् । तर सबै सामानलाई मैले राम्रो स्याहार गरेकी छु । हुन पनि मैले एक जीवन मेरो छोराछोरी र यो घरलाई मात्र दिएकी हुँ । छोराछोरी स्कुल गएपछिको समय यही घरलाई नै पनि छोराछोरीजस्तै स्याहार गर्थें । उनीहरूको शरीर मुसारेजस्तै मुसारेकी हुँ ।'

हामी भित्रबाट नै सिँढी ओर्लिएर ग्यारेजमा छौँ । ग्यारेजको भिता पालिस लगाएको काठले बनेको छ । माथि सिलिङको बुट्टा साधारण घरको बैठककोठाको जस्तो छ ।

'म एक सेक्रेट देखाउँछु ।' उनी उत्साहित र चञ्चल बालिकाजस्तो हाउभाउमा बोल्छिन् यतिखेर ।

र एक रिमोट थिच्छिन् । त्यहाँ च्याप्टो फलेक तन्कँदै आएर सानो स्टेज बन्छ ।

- 'केटाकेटी खेल्न निकै उपयोगी र भेला-पार्टीका लागि आकर्षक हुन्छ । मेरो छोरीलाई गीत गाउन र अभिनय गर्न अति मनपर्ने, त्यो हुनाले पनि यो बन्यो ।'

मेरा श्रीमान्ले हिजो राति नै यसबारेमा बखान गरिसकेको हुँदा हेर्न उत्सुक भए पनि नौलो भने मानिनँ । तर आफ्ना आँखाले देखेपछि रमाइलो भने पक्कै भो । सिनेमाको बयान सुन्दा र आफैँले हेर्दाको पृथक्ताजस्तो ।

'अब हामीलाई यो स्टेजको प्रयोजन रहेन ।' उनी रिमोट थिच्छिन् । अघिको दृश्य हाम्रो आँखाबाट हराउँछ ।

'नातीनातिनालाई काम लाग्छ, भनी नबिगारी राखेको ।' उनी भन्छिन् ।

स्निग्ध छ त्यहाँ, सभाकक्षजस्तो फराकिलो पनि ।

उनी एक ढोका खोल्छिन्, 'यो स्टोरका लागि । यो भने मेरो डिजाइनमा बनाइएको ।'

चार सिँढी उक्लेर थोरै माथि जान्छौँ ।

अब हामीलाई बाहिरबाट नै देखाउँछिन् 'यहाँ सुत्ने कोठा छ । पहिला आगन्तुकहरूका लागि थियो यो । अहिले हाम्रो सुत्ने कोठा भएको छ ।'

उनलाई अलिअलि श्वास फुलेजस्तो हुन्छ । उनी रोकिन्छिन्, तर सामान्य हो भनी सङ्केत गर्छिन् । केही रोकिएपछि पुनः बोल्छिन् - 'आजभोलि माथि उक्लिरहन सकिँदैन र पर्दैन पनि । यहीँ तल खान्छौँ, यहीँ सुत्छौँ । यहीँ तल्लो तला पनि धेरै भएको छ ।'

अब उनी बिस्तारै उक्लिँदैछिन् माथिल्लो तलातर्फ, पित्तलको रेलिङ समातेर ।

पछि-पछि छौँ हामी ।

माथि चारवटा सुत्ने कोठाहरू छन् । एक छ लामो मिडिया कोठा अनि छ लुगा धुने मेसिन राखेको अर्को कोठी पनि ।

'त्यो बेला सबैको लुगा माथि नै हुने हुँदा यहाँ माथि सजिलो हुन्थ्यो । अहिले यति लन्ड्रीका लागि मात्र उक्लिनुपर्छ ।' लुगा धुने कोठातर्फ सङ्केत गर्दै भन्छिन् ।

मास्टर बेडरुमसँग जोडिएको स्नानकोठा नै साधारण एक कोठाजत्रो छ । हामीलाई अवलोकन गराएलगत्तै भन्छिन् - 'अब के गर्नु यत्रो फराकिलो ? मान्छे सुकेर चमेराजत्रो भइयो । जता छिर्‍यो त्यहीँ हराइन्छ ।'

उनी केही स्मरण गर्दै मुस्कुराउँछिन् । सेबास्काको यतिबेलाको मुस्कान भिन्न छ । युवती मुस्कान !

'यो ऐना, मैले स्पेसल अर्डर दिएर मगाएको । त्यो बेला ऐना लजाउँथ्यो होला । अब आफूलाई लाज लाग्छ यही ऐना हेर्न । चाउरी परेको अनुहार देखाएर किन यति सुन्दर ऐनाको अपमान गर्नु ?' मजाक पनि गर्छिन् उनी ।

तर त्यही ठट्यौलीमा आँखा भिजेका छन् उनका । अनि बुढेसकालको अत्यास छ एकाएक त्यो अनुहारमा ।

हामी मिडियारुममा छौँ, किताबले भरिएको छ । लाग्छ, स-सानो पब्लिक लाइब्रेरी, सार्वजनिक पुस्तकालय हो ।

'यी पुस्तकहरूलाई के गर्ने ? डोनेसन गर्ने कि सस्तोमा बिक्री गर्ने भन्ने सन्दर्भमा छलफल गर्दै छे । यो घर किन्नेले यी पुस्तकलाई प्रेम गर्ने हुनुपर्छ भन्ने ढिपी पनि छ, मेरो श्रीमान्को भने ।'

पूर्वमा कौसी छ अनि छन् दुई आराम कुर्सी ।

अब सानो कोठा अगाडि लान्छिन् उनी । 'यो हाम्रो लक्की कोठा हो । लक्की ऊ त यो दुनियाँमा छैन, तर उसले हाम्रो लागि भरपर्दो साथी छाडेकी

छ । तल आराम गर्दै छ उसको सन्तान, मेरो श्रीमान् रहनुभएको कोठामा । त्यही थुनिदिएकी छु अहिले ।'

एक कोठामा पस्नु अगाडिको खुला ठाउँमा सेतो कपडाले केही छोपेर राखिएको छ । सेबास्काले कपडा उठाउँछिन्, एक ठुलो पियानो सुरक्षित राखिएको रहेछ ।

उनी देखाउँदै भन्छिन् - 'तिमी यो घर किन्ने निर्णयमा पुग्यौ भने म तिम्रो बच्चाका लागि यो उपहार दिनेछु, तर तिमीले लिन स्वीकार गरे मात्र ।'

अतीतलाई दलिनतिर आँखाले खोज्दै उनी भन्छिन् - 'एक समय यो खुब बजाउँथेँ म, छोरी लिन्डाको साना औँला समाएर सिकाउँथेँ ।'

उनी अतीतमा कावा खेलिरहिछन् । पियानोनिरको कुर्चीमा बस्छिन् । 'खुइयऽ...' आवाजपछि भन्छिन् - 'अब बाँकी कोठा आफैँ हेर्नू है ! त्यो त्यो ।' बसेकै स्थानबाट औँलाले सङ्केत गर्छिन् ।

उनी आफू हामी सँगै हरेक कोठामा पुगेर खाली ओछ्यानहरू देखाउन मन गरिनन् ।

अनि हामी पनि तनक्क सुकिला तन्ना कसेर राखिएका बाँकी कोठा ढोकाबाट नै हेर्छौं ।

म घरिघरि नोराको अनुहार हेर्छु, घरी हेर्छु सुकिला तन्ना कसेर राखिएका खाली ओछ्यानहरू ।

अब, हामी तीनजना तल ओर्लन्छौँ ।

सेबास्का भन्छिन् - 'के खान मन पराउँछौ ?'

- 'धन्यवाद, हामी केही नखाऊँ कि ! अलि हतार पनि छ ।'

'मैले पकाएको चिया पिउन मन पराउँछौ भने मलाई खुसी नै लाग्नेछ । धेरै भयो चियामा आफ्नो कला देखाउन नपाएको, सही अर्थमा खाइदिने मान्छे नभेटेको । म एक जीवन भान्सामै बिताएकी महिला हुँ । चिया पिउन परेकोमा तिमीलाई धिक्कार लाग्ने छैन ।' सेबास्का मुस्कुराउँछिन् ।

म स्वीकृतिमा बोल्छु - 'मेरी आमा पनि मीठो चियाको निम्ति आफ्ना पाहुनाबिच प्रख्यात हुनुहुन्छ । आमाले बनाएको चिया नपिएको धेरै भएछ ।' हामी बैठककोठामा छौँ । मेरा आँखा भित्ताको फोटोमा छन् । मान्छे पाँच अनि लक्की गरी छ जनाको उही पारिवारिक विशाल फोटो ।

सेबास्का चिया लिएर आउँछिन् ।

- 'नियमले त बिक्रीका लागि एजेन्टलाई दिइसकेपछि ग्राहक आउँदा घरधनी यहाँ नहुनुपर्ने हो । तर हामीले त्यसको पालना गरेनौँ । किनकि किन्छु भनी हेर्न खोज्ने सबैलाई म मेरो घर देखाउन मन पराउन्नँ । र मूल्य पाएँ भन्दैमा जो भेट्यो उसैलाई घर बेच्न पनि चाहन्नँ ।'

आश्चर्य ! बिक्रीमा राखेको सामानका लागि ग्राहकको छनोट गर्ने बिक्रेता पहिलो पटक भेटेकी हुन्छु मैले ।

'हप्तामा एकदिन माथि पनि सफा गर्ने मान्छे आउँछ, होइन भने तल सबै सफा गर्ने काम आफैँ गर्छु । मलाई मेरो घर धूलोले छोपिएको मन पर्दैन । आफ्नै बच्चा फोहोर भएजस्तो लाग्छ ।' छोडाएर फोकेर खाने केही बियाँ हाम्रो अघिल्तिर राखिदिँदै भन्छिन् ।

'मलाई यो घरको साह्रै माया लाग्छ ।' उनको बोलीमा मात्र होइन, अथाह स्नेह तरङ्गित छ ती वृद्ध आँखाहरूमा पनि ।

नोराको सिधा सोधाइ - 'त्यसो हो भने किन यो घर बेच्न लागेको त ? के म सोध्न सक्छु ?'

'अवश्य सक्छौ सोध्न ! अहिले हाम्रो लागि यो घर निकै ठुलो भयो । हामी थोरै भयौँ यो घरका लागि । हिजो अझ साँघुरो पो भयो कि भन्नेजस्तो पनि हुन्थ्यो । अहिले यो समाली नसक्नुको फालाफाल । सबै छोराछोरी अलग बसे । आफ्नो इच्छाअनुसारको आधुनिक घर बनाएर । अब नचाहिने भो यो घर । यस्तै रहेछ, कहिले मान्छेका लागि घर अपुग, कहिले घरको निम्ति मान्छे !'

'अनि यो घर बेचेर यहाँहरू कहाँ जानुहुन्छ ?' भुटेको फर्सीका बियाँ नङले फोक्दै नोरा प्रश्न थप्दै जान्छे ।

'यही बार्सिलोना एभिन्युको पल्लोछेउ, सानो घर हेरेका छौँ, एकतले । हिँड्न धेरै नपर्ने । आफू आफ्नै घरभित्र पनि नहराइने । त्यहाँ पनि कतिञ्जेल बसिन्छ र अब ? स्थायी घरमा सर्ने बेला पो भो ।' माथितिर हेरेर बोल्छिन् ।

भित्रबाट कुकुर बाहिर निस्कन्छ । पछि-पछि एक वृद्ध । दुई घनिष्ट मित्रजस्ता ।

उनी भित्ताको चित्र हेरेर भन्छिन् - 'लक्कीले हाम्रो लागि छाडेर गएकी साथी, मिस्टर डन यही हो । हाम्रो ख्याल राख्छ ।'

आफ्ना श्रीमान्सँग परिचय गराउँछिन् - 'उहाँ मिस्टर म्याथ्यु, मेरा श्रीमान्, आराम गर्दै हुनुहुन्थ्यो ।'

म्याथ्यु, सेबास्काभन्दा निकै नै वृद्ध ।

हो, म्याथ्युछेउमा सेबास्का तरुनी पो देखिने रहिछन् ।

म्याथ्युसँगको हाई, हेल्लो पछि हामी बिदा हुने तरखरमा छौँ ।

सेबास्का बोल्छिन्, आँखा चम्किलो पार्दै - 'तिमीले यो घर किन्यौ भने हामीलाई बेला-बेला यो घरमा आउन दिनुपर्छ । केवल हेर्न र भेटघाटका लागि अनुमति । यहाँ आउँदा हामीलाई आफ्ना छोराछोरी भेटेजस्तो लाग्नेछ ।'

'यो घर किन्ने उपयुक्त ग्राहकका लागि मेरी श्रीमतीको यो मुख्य सर्त हो ।' हामीलाई बिदा गर्दै बिस्तारै म्याथ्यु थप्छन् ।

नोराले हुन्छ को सङ्केतमा टाउको हल्लाउँछे ।

म गाडी अलिकति पछाडि लगेर, घुमाई अगाडि बढाउने सुरमा छु ।

नोरा र म, हामी दुवै एकदमै मौन छौँ ।

शून्य !

अझै अघि बढेर बार्सिलोना एभिन्यु छाडी, रेफोड रोडमा गाडीले चालिस माइलको गति लिन लागेपछि बल्ल म बोल्छु - 'नोरा ! हामी हुर्किएको घर-आँगन हाम्रा बा-आमालाई चाहिनेभन्दा बढी नै फराकिलो भैरहेको होला है ?'

●

कथा

# आभूषण

● पुनम काफ्ले

सुन्दर बिहानी, नरम घामका किरणहरू पहाडको टाकुराबाट निस्केर खाडीचौरतिर फैलियो ।

एघार वर्षको उमेरमा रतेली, नयाँ पोसाकमा फ्रयाकफुरुक गर्दै कापीकलम च्यापेर पाठशाला जान घरबाट बाहिर निस्की । रतेलीकी आमा चमेलीले हँसिलो मुहार लगाएर गहभरि आँसु जमाइन् । रतेलीकी हजूरआमा भने जुठेन्लोमा चुठ्दाचुठ्दै ठूलठुला आँखाले एकपटक नातिनीलाई, एकपटक बुहारीलाई हेरेर कसैको नभाको स्वाङ भन्दै फत्फताउन लागिन् । काम असरल्ल थियो, घरधन्दा सकाएर पर्मामा पुग्न हतार थियो, सासूको गनगन सुन्ने फुर्सद चमेलीलाई थिएन, उनी भित्र लागिन् । बुढी हजूरआमाको, नातिनीलाई विद्यादान होइन, कन्यादान दिएर पूण्य कमाउने ठुलो इच्छा थियो, उनको ओठ चलिरह्यो ।

पहिलो दिन, अप्ठ्यारो मान्दै रतेली पाठशाला पुगी । गुरुआमा शिन्जाले सबैलाई लाम लागेर आ-आफ्नो कक्षाकोठामा जाने आदेश दिनुभयो । रतेलीले सबैको गोडामा चप्पल, आफ्नो गोडा हतारमा आउँदा नाङ्गो भएको, बल्ल चाल पाई । ऊ एउटा गोडाले अर्को गोडा छोप्ने प्रयास गर्दै अगाडि बढी ।

गुरुआमा शिन्जाले कक्षा एकका नयाँ विद्यार्थी सबैको नाम सोध्नुभयो, सबैले आ-आफ्नो नाम बताए । रतेलीले आफ्नो नाम रतेली भनेको सुनेर सबै विद्यार्थीहरू गलल्ल हाँसे । रतेलीले फेरि एकपटक रातो मुख लगाई । रतेलीकी आमा चमेलीले छिमेकीको बिहामा रतेली खेल्दाखेल्दै छोरी जन्मेकीले उनको नामै रतेली भएको रे !

शिन्जालाई विद्यार्थीहरूको हाँसो ठीक लागेन, उहाँले रतेली छेउ गएर भन्नुभयो, रतेली ! तिमी यति राम्री छ्यौ, यति उज्याली छ्यौ, तिम्रो नाम उजेली है अबदेखि ?

गुरुआमाको कुरा सुनेर रतेली सङ्कोचले मुस्कुराई । अनि उजेली भई ।

शिन्जाले कालोपाटीमा कपुरी क, खरायो ख लेख्दै विद्यार्थीहरूलाई भट्याउन लगाउनुभयो, रतेलीले पनि सास दबाएर ओठ चलाइन् । उनलाई यी अक्षरहरू आफूले पढेर होइन, भाइ-बहिनीहरूले घरमा पढेको सुनेर कण्ठाग्र भएका थिए ।

ट.. न..न...न.., घण्टी बज्यो, विद्यार्थीहरू कक्षाकोठाबाट निस्केर कोही भकुण्डो गुडाउन थाले, कोही खान थाले । सिरसिर बतास चलिएरहेको थियो, रतेलीले पनि खाजा खाने बेला यही होला भन्ठानेर आमाले हालिदिनु भएको च्यूरा र कुराउनीको पोको सुनकोशी छेवैको ढिस्कोमा बसेर फुकाइन् ।

चार बजे गाउँ नै ढाक्नेगरी बङबङ धूलो उडाउँदै विद्यार्थीहरू फर्के, रतेली पनि छेको तान्दै घर फर्की । उसको मुहारमा विशेष प्रकारको खुसी र उन्मादहरू थिए, चमेलीले छोरीको निधारभरि झरेका कपालहरू समेटेर चिम्टी लगाइदिइन् ।

हजूरआमाको सहयोग थिएन, पढ्ने रहर हुँदाहुँदै पनि आमा काममा जाँदा भाइ-बहिनी हेर्नुपर्ने हुनाले रतेलीले आफ्नो चाह मार्नु परेको थियो, उसले पुलुक्क आमातिर मायाले हेरी, अनि दिनभरिको तीतोमिठो अनुभव सँगाल्दै मकै भटमास खान थाली ।

रतेली, उजेली बनिसकेकी थिई, उसको मिहिनेतले उसलाई पढ्न र बुझ्न सजिलो पार्दै गयो, अनि कक्षा पनि चढ्दै गई फुर्सद पाए कि पुस्तक लिएर पढ्नु उसको स्वभाव बनिसकेको थियो ।

एक साँझ, रतेली माथि चोटामा बसेर किताब पढ्दै थिइ, चमेली मेलापातबाट फर्केकी थिइनन्, भाइ-बहिनीहरू खेल्न गएका थिए । चमेलीको किताबको पाना पल्टाइको खऱ्याकखुरुकबाहेक अरू केही आवाज थिएन ।

हजूरआमा, त्यही खऱ्याकखुरुकको आवाजलाई पछ्याउँदै माथि चोटामा बिस्तारै उक्लनुभयो । नातिनी किताबमा तल्लीन भएर पढिरहेको देखेर उहाँको पारो चढिगो ।

'तेरिमा डङ्किनी, म त मूसाले धान खाएको होला भनेर माथि उक्लेको, यो पो पढ्दै रहिछ', भनेर हजूरआमाले उजेलीको ढाडमा बेसरी डिमक्याउनु भयो । घरमा केही गर्ने होइन, आमाचाहिँ यतिबेलासम्म मुन्टेकी छैन, यसो केही गर्दै गरे हुन्न ? बिहान भो त्यही पुस्तक, बेलुका भो त्यही पुस्तक' भनेर हजूरआमाले उजेलीले पढेको पुस्तक हुत्याइदिनु भयो । चमेली आइपुगिसकेकी थिइन्, सासूले

छोरीलाई पिटुन्जेल त उनी चुप लागिन् तर जब उहाँले उजेलीको किताब हुत्याइदिनु भयो तब चमेलीको रीस थामिएन ।

'हैन आमा, कत्ति त्यै नातिनीको खेदो खन्नु हुन्छ ? त्यसले के मात्र गरोस् ? यही घरपरिवार भनेर पढ्न पाइन, भाइ-बहिनी हेरेर बसिदिएकाले मैले खेतीपाती हेर्न सकेँ, नत्र ... ।'

'उजेलीले, स्कुल गएको सपना देखेँ आमा, भन्दा मेरो मुटु चरचरी चिरिन्थ्यो तर उतिबेला म विवश थिएँ । उसले पोहोरदेखि बल्ल पढ्न जाने मौका पाएकी छ, तपाईं किन रातदिन कच् कच् गर्नु हुन्छ ? जमाना कहाँबाट कहाँ पुगिसक्यो, मलाई त पढ्न दिनु भएन भएन, मैले सहेँ, नातिनीलाई त्यसो गर्न पाउनु हुन्न आमा', भनेर चमेलीले बर्सौंदेखिका वेदनाहरू ओकलिन् । चमेलीको लोग्नेले आफ्नो आमामाथि मुख चलाई भनेर स्वास्नीको गालामा कस्सिएर चड्काए ! हजूरआमालाई बल्ल शान्ति मिल्यो । आमा हाँस्दै र छोरा रिसाउँदै तलतिर ओर्लिए ।

आफ्नो कारण आमाले समेत पिटाइ खाएकाले त्यो अबोध बालिकालाई असाध्य नरमाइलो लाग्यो । काँचका टुक्राझैँ टुटेका उसका कोमल भावनाहरू आमातिर हेर्दै रुन थाल्यो ।

सासूको गनगन त चमेलीले सहेकै हुन्, आज दुलाहाले कुरै नबुझेर पड्केको देखेर उनीलाई असह्य भयो, उनी पनि रुन थालिन् ।

उजेलीले कुटाइ र पिटाइले छरिएका पुस्तकहरू समेटेर आमालाई अँगालो हालेर भनी, 'आमा ! म अब पढ्दिन, तपाईं नरूनूस् ।' चमेलीको हिक्का छुट्यो, उनी पनि छोरीलाई अँगालो हालेर रुन थालिन् ।

आमाको आँखाबाट झरेका आँसुका ढिक्काहरू छोरीको गाला हुँदै बगेर गयो । चमेलीले छोरीको ढाड सुम्सुयाइन्, उजेलीले धोतीको सप्कोले आमाको आँसु पुछिदिई । चमेलीले उजेलीलाई म्वाईं खाइन्, उजेलीले म्वाईंको साथसाथै आमाको नुनिलो माया पनि पाई ।

आफ्नै सोच ठीक, आफूले चाहेकोजस्तै हुनुपर्छ भन्ने धारणाले चर्केको वादविवादभित्र रुम्मलिएर चमेली पुरानो संसारमा पुगिन् ।

चमेली पनि हुनेखानेकै छोरी थिइन्, तर चाँडो बिहा गर्नुपर्ने परम्पराअनुसार उनको पढ्ने तीव्र चाह हुँदाहुँदै पनि बिहा गर्नुपर्‍यो । उनीभन्दा मुनिका भाइ-

बहिनीहरूले पढ्ने मौका पाए, बहिनी स्कुलमा पढ़ाउन थालिन्, भाइ सरकारी अड्डा जान थाल्यो तर पनि उनले भाग्य र समाजलाई कहिले कोसिनन् । दुईचार वर्ष अगाडि सहरबाट गाउँमा प्रौढशिक्षा सञ्चालन गर्न भनेर सरकारी कर्मचारी आएर गाउँभरि प्रचार गरे । सासूको सहमति नपाए पनि दुलाहाको सहमतिले उनी भर्ना भइन् । दुईचार अक्षर सिक्न नपाउँदै सासूको कच्कच्ले छोडिन् पनि । आफूले पढ्न नपाए पनि छोराछोरीलाई पढाएर ठुलो मान्छे बनाउँछु भन्ने उनको अठोट आज चकनाचुर पार्न खोज्दा उनको मन नराम्ररी दुख्यो ।

त्यस रात चमेलीलाई निद्रा लागेन, राम्रो काम कहिल्यै नदेख्ने, खालि खोट मात्र देख्ने, सासूभन्दा पनि दुलाहासँग उनले साह्रै चित दुखाइन् । उजेलीको बालमनोविज्ञान पनि नराम्ररी चोइटिएको थियो, उसले घरको शान्तिका लागि स्कुल नजाने निधो गरी ।

संसार बदलिए पनि, सोच बदलिन सकेन भने प्रगतिपथमा लम्कन गाह्रो हुँदोरहेछ ।

भात खाएपछि उजेली जुठो भाँडा उठाएर जुठेल्नातिर लागि, 'अबेर होला नी' चमेलीले छोरीतिर हेर्दै भनिन् । उजेलीको विभाजित मनले बिस्तारै बोल्यो – 'म स्कुल जान्न आमा ।'

छोरीको कुरा सुनेर चमेली झस्किन् ।

'के भनेको त्यो ? आइज यता', भन्दै चमेलीले दुई चुल्ठो बाटेर छोरीको कपालमा रिबन बाँधिदिइन् ।

हजूरआमाको कुदृष्टि चमेली र उजेली दुवैमा पर्‍यो, उजेली र चमेलीले एकअर्कालाई हेरे । चमेलीको आँखामा आशाको ज्योति जस्ताको त्यस्तै थियो भने उजेलीको आँखामा हजूरआमाको डर ।

चमेलीले छोरीलाई नियाल्दै, छोरीको अन्तर्मन पढिन् र छोरीलाई ढाडस दिँदै माया गरिन् । उजेली भक्कानिन खोज्दै थिई, चमेलीले 'ल, ल, छिटो गरेर पढ्न जा', भनेर छोरीलाई अह्राइन् । उजेलीले एकपटक च्यातिएको पुस्तक सुमसुम्याई, अनि 'सुँक्क, सुँक्क' गर्दै छेको तानेर बाहिर निस्की ।

खै आज किन किन ? चमेलीको मन बेठेगानको भइरहेको थियो, उनले पिँढीबाट तल झरेर आफ्नो आँखाबाट ओझेल नहुन्जेल छोरीलाई हेरिरहिन् ।

छोरीको दुःख, आमाको दुःख, छोरीको सुख, आमाको सुख । चमेलीको मन

पनि गह्रुङ्गो भयो, उनले लामो सास तानेर स्थितिलाई सामान्य पार्न खोजिन् । उनको पीडाहरू बाहिर निस्केनन्, भित्रभित्रै बगेर गयो ।

'अति सर्वत्र वर्जयेत्' हजूरआमा फेरि फत्फताउनु भयो । चमेली केही बोलिनन्, यो कस्तो विवेचना हो प्रभु ? चमेलीको मौनता भने बोल्यो ।

'छोरीलाई कुहाइराख, नाक काट्छे, आमा नै उस्तै, आमा गतिली भए पो छोरी गतिलो हुन्छे', भन्ने जस्ता सदाको तीखो वचनहरूलाई हावामा उडाउँदै चमेलीले छोरीलाई ठुलो मान्छे बनाएर आफ्नो इच्छा-आङ्काक्षालाई डोऱ्याइन्, फक्राइन्, तर सासूलाई केही भनिनन्, सासूको अहित कहिल्यै चिताइनन् ।

चमेलीमा विवेक थियो, उनले सासूको उजेलीप्रतिको माया र चिन्ता नबुझेकी होइनन् । जुन नातिनीलाई रातरातभर जागा भई छातीमा राखेर सुताउने, लुरी छ भनेर धेरै ख्वाउने हजूरआमाले नातिनीको कुभलो कसरी चिताउन सक्थ्यो र ? कन्यादान गऱ्यो भने पूण्य कमाइन्छ भन्ने हजूरआमाको रुढीवादी विचार नै बोलेको हो । चमेलीले यस्तै सोचिन्, मन दुखे पनि कहिले अपकार ठानिनन् ।

कुनै पनि बालकको प्रथम पाठशाला उसको परिवार हुन्छ र प्रथम गुरु एक चेतनशील आमा । शिक्षा भन्नु पढ्नु मात्र होइन, समय, परिस्थिति, समाज र व्यावहारिकताको ज्ञान पनि हो । चमेलीले शिक्षा त हासिल गरेकी थिइनन् तर त्यस्तो अप्ठेरो परिवारमा बसेर पनि छोरीलाई दह्रो बनाउँन अनेक ज्ञान दिएकी थिइन्, शिक्षाको महत्त्व बुझाएकी थिइन् ।

हो, यिनै आमाको पूर्ण साथ र सहमत पाएर उजेलीले एस.एल.सी. परीक्षा पास गरिन् । साथीहरू विवाह गर्दै गए, उनले पढ्न छाडिनन्, उच्चशिक्षा हासिल गरिन् । एघार वर्षमा विवाह होइन, पढाएरै उभ्याउने एउटा अशिक्षित आमाको दृढसङ्कल्पलाई उनले सफल पारिन् । मानिसको जीवनमा शिक्षाले मात्र होइन चेतनाले पनि ठुलो भूमिका खेल्दोरहेछ भन्ने उपमा चमेलीले दिइन् । उजेलीले कन्यादान होइन, आमाबाट, सिर्फ आमाको लगावबाट शिक्षादान पाइन् । यो आमाको वरदानले उजेलीको मान, प्रतिष्ठा र सुख बढ्यो, उनको वर्तमान र भविष्य उज्ज्वल रह्यो ।

'भाउजू, बाहिर मान्छे भेट्न आ'छ ।'

'यति बेला ?' शिन्जाले मनमनै भनिन् र उनी तल ओर्लिन् ।

'ओहो, उजेली तिमी ?' भन्दै उजेलीसँग आएको युवकतिर शिन्जाले हेरिन् । दुवैले आदरभाव दर्साउँदै शिन्जालाई नमस्कार गरे ।

उजेलीले आफ्नो झोलाबाट विवाहको निम्तो झिकेर 'मिस ! यो तपाईंलाई, उहाँ मेरो हुनेवाला दुलाहा, शोभन ।' भनेर चिनाइन् । 'ओहो ! बधाई बधाई, जोडी पनि कति राम्रो !' शिन्जाले खुसी व्यक्त गरिन् । शिन्जाको मिठो कुरा सुनेर उजेली पनि प्रसन्न भइन् । 'आउनुपर्छ है 'मिस'', उजेलीले शिन्जालाई नम्र निवेदन गरिन् ।

'म आउँछु, अवश्य आउँछु, मेरो हिम्मतवाली चेलीको बिहामा नआउने त कुरै हुँदैन ।'

उनीहरू हतारमा थिए, छोटो भलाकुसारीपछि गए, तर शिन्जाको मन भने खुसीले उम्लिरह्यो । शिन्जाको उजेलीको परिवारसँग बेलाबखत सम्पर्क हुन्थ्यो, उजेलीको सङ्घर्षको कथाले मन विचलित पनि पार्दथ्यो तर आज धेरै वर्षपछि, शिन्जाले सन्तोषको सास फेरिन् ।

नामजस्तै उज्याली उजेली !, नामजस्तै सौम्य, शोभन ! शिन्जा, उनीहरू दुवैको शालीनता देखेर मुस्कुराइन् ।

उजेलीको शिक्षारूपी आभूषणको आभा चम्किरह्यो ।

●

कथा

# प्रियसी रोबर्ट

● **सुरेन उप्रेती**
अटवा, क्यानाडा

कृस्बी अफिस बिदा भएपछि घरमा आयो । घरको बरन्डामा खुट्टा राख्न नपाउँदै रुबीले ढोका खोलिन् । रुबीले दुवै हात फैलाएर वेलकम होम माइ स्विटहर्ट भन्दै मुस्कुराएर अँगालो मारिन् । रुबीको स्पर्शले कृस्बीलाई दिनभरि काममा व्यस्त हुँदा दुखेको टाउको हल्का भएको महसुस भयो । हाउ आर यु स्विटी भनेर रुबीको कपाल सुम्सुम्यायो । दुवैजना घरभित्र पसे । गह्रुङ्गो भारी बिसाउँदाझैं गरेर कृस्बीले थाकेको शरीर सोफामा बिसायो । सोफा लचक्क भएर भासियो । रुबीले कफी ल्याएर टेबलमा राखिदिइन् । रुबी आएर कृस्बीको छातीमा टाउको अड्याएर बसिन् । कृस्बीले बायाँ हातले रुबीलाई अँगालो मार्दै दायाँ हातले कफी समात्यो । कफीलाई सुरुप्प पार्दै वाउ ! कस्तो मिठो कफी स्विटी भन्दै औँलाले रुबीको केस सुमसुम्यायो । रुबी कृस्बीको छातीमा टाउको अड्याउँदै टाइ खुकुलो बनाइदिइन् । रुबीको बायाँ हातका पातला औँलाहरूले सटको टाँक खोले । रुबीको बायाँ हातका औँलाहरू कृस्बीको चिउँडो र घाँटीमा बिस्तारै चल्न थाले । रुबीको सिल्की कपालबाट मिठो वास्ना पोखिँदै थियो । यो पलले कृस्बीलाई स्वर्गीय आनन्द पाएको महसुस गऱ्यो । कफीको घुट्को पिउँदै कृस्बीले सिलिङमा आँखा टाँस्यो र सोचाइमा हरायो ।

उसको नाम कृष्णबहादुर थियो । बेल्जियम आएर पनि बिसौँ वर्षसम्म ऊ कृष्णबहादुरका नामले नै चिनिन्थ्यो । बेल्जियममा उसले झण्डै तीन दशक बिताइसकेको छ । बेल्जियममा आउँदाका सुरुका दिनहरू सम्झिँदा आज पनि उसका शरीरमा काँडाहरू उम्रन्छन् । नेपालमा हुँदा उसको सधैँ एक्लै कोठामा सुत्ने बानी थियो । बाहिर सडकमा कोही मानिसले खोक्दा पनि उसलाई निद्रा लाग्दैनथ्यो । बेल्जियममा आएपछि बेसमेन्टको एउटै कोठामा दस/बाह्रजनासँगै सुत्नुपऱ्यो । कति रात त आँखा झिमिक्क नपारी उज्यालो हुन्थ्यो । सँगै सुतेकाहरूले घुरेको, ग्याँस फालेको र खोकेको आवाजले निदाउन त के ! सास फेर्न पनि गाह्रो

हुन्थ्यो । त्यसै त बेसमेन्टमा राम्रोसँग हावा आउँदैन । त्यसमाथि बाह्रजना एउटै कोठामा सुत्नुपर्दा त बिहान हुँदा मरिने हो कि भन्ने डर हुन्थ्यो । धेरै दिन नसुतेर होला, एकपटक त ऊ पागलजस्तै भएको थियो । बङ्गालीहरूको रेस्टुरेन्टमा दिनभरि भाँडा माझेर थकित हुँदै राति कोठामा आउँथ्यो । घरमा आएर सुत्न पनि नपाउने । कानमा प्लग लगाएर पनि सुत्न प्रयास गऱ्यो । तर पटक्कै निद्रा लागेन । केही दिनपछि साहूलाई भनेर रेस्टुरेन्टकै एउटा कोठामा सुत्ने व्यवस्था मिलायो । तब मात्र राम्ररी सुत्न पायो ।

तर त्यस रेस्टुरेन्टमा पनि उसलाई तीन महिनाभन्दा बढी ठहर्न गाह्रो भयो । सोझा नेपालीहरू काम भनेपछि मरिमेटेर गर्छन् । ऊ पनि सरासरी काम गर्थ्यो । जति धेरै काम गऱ्यो, साहूले अझ धेरै काम थोपर्थ्यो । कहिले-कहिले दिक्क हुँदै यो साहू भन्नेको जात जति गरे पनि खुसी नहुने रहेछ मनमनै भन्थ्यो । अरू कामदारहरू भने साहू आउँदा काम गरेजस्तो गर्थे । अरू बेला छाडा-छाडा जोक्स भनेर बस्थे । उनीहरू नै साहूका प्यारा थिए । जो होचो, उसका मुखमा घोचो भनेझैँ उसलाई नै हेप्थे । खास गरेर यी साउथ एसियनहरू भारतीय, पाकिस्तानी, बङ्गाली साहूहरूलाईझैँ काम गरेर चित्त बुझाउनै गाह्रो रहेछ । यिनीहरू काम गर्ने मानिसलाई त नोकर नै सम्झन्छन् । जहाँ पुगे पनि यिनीहरूको बानी सुध्रदैन कृष्णबहादुरले मनमनै दिग्दारी पोख्थ्यो । यिनीहरूलाई त बेल्जिकहरूले मात्र ठिक पार्छन् । समयभन्दा एक मिनेट पनि अगाडि नआउने र समय सकिएपछि एक मिनेट पनि नबस्ने । बसिहाले पनि ओभरटाइम लिने गर्छन् । इमिग्रेन्टहरूझैँ जति गरे पनि केही भन्न नसक्ने ।

धेरै थिचाइमा परेपछि कमिलाले पनि शिर ठाडो पार्छ रे भन्थे । सोझो कृष्णबहादुरालई पनि धेरै रिस उठेछ । एकदिन साँझमा रेस्टुरेन्ट बन्द हुन लागेको बेला थियो । कृष्ण साबुनपानीले तन्दुर र ग्रिलहरू सफा गर्दै थियो । साहूको भान्जो बेलाल आएर कृष्णबहादुरलाई अलि छिटो काम गर भनेर कराउन थाल्यो । केहीबेर त कृष्णले बेलालका कुरा नसुनेझैँ गरेर काम गरिरह्यो । फेरि पनि बेलाल कराएपछि उसको रिसको पारो तातेछ । उसको पालो आरीमा भएको साबुनपानी नै बेलालका अनुहारमा खन्याइदियो । कहाँ त्यतिले मान्थ्यो र ! कृष्णबहादुर उफ्रिएर गएर दुई/तीन लात्ती थप्यो । बेलालचैँ रुँदै मार गया मार गया भन्दै त्यहाँबाट भागेर बेपत्ता भयो ।

त्यसपछि कृष्णबहादुरलाई त्यहाँ काम गरेर बस्न मन लागेन। कृष्ण बहादुरले सेक्युरिटीको तालिम लिएर सेक्युरिटी गार्ड भएर काम गर्न थाल्यो । सेक्युरिटी गार्डको काम पनि सधैँ नपाइने। बोलाउँदा जानुपर्ने नत्र काम नै नहुने। पाँच/छ महिनामा पनि फुल टाइम काम पाएन। अब दिक्क मान्दै एउटा जापानिज सुसी रेस्टुरेन्टमा कामका लागि आवेदन दियो । नभन्दै कृष्णले त्यस जापानी सुसी रेस्टुरेन्टमा काम पायो। सुसी रेस्टुरेन्ट सफा र काम गर्न पनि हल्का थियो। उसले यस सुसी रेस्टुरेन्टमा काम गर्न थालेपछि उसको जीवनमा प्रगतिका किरणहरू झुल्कन थाले । कृष्णका दिनहरू राम्रा आउँदै गए । अधुरा कामहरू पनि बन्दै गए । उसको बेल्जियममा बस्ने कागज पनि यहीँ आएपछि मिल्यो । यहाँ आएर डिसवासरबाट काम थालेको थियो। सेफको सहयोगी हुँदै मुख्य सैफसम्म बन्यो।

उसले अरू धेरै नेपालीहरूलाई पनि सुसी बनाउन सिकायो। उनीहरूलाई काममा पनि लगाइदियो। बिस्तारै सामाजिक काममा पनि सरिक हुँदै गयो। अरू नेपालीहरूसँग परिचय बढ्दै गयो। अरू नेपालीहरूसँग आवतजावत सुरु गयो। दसैं, पार्टी, पिकनिक आदिमा भेट बाक्लिंदै गयो । साथीहरूका परिवार देख्दा उसलाई पनि कता-कता कुत्कुती लागेर आउँथ्यो । अँगालो मारेको जिस्किएको देख्दा उसको मनै रोमाञ्चित हुन्थ्यो। उनीहरूलाई नदेखेझैं गरेर चिहाएर हेर्थ्यो। साथीका श्रीमतीहरूले मिठा परिकारहरू बनाएको, अतिथि सत्कार गरेको देख्दा उसलाई आफ्नै गाउँघरको याद आउँथ्यो। साथीहरूले पनि कहिले विवाह खुवाउने हो भनेर पटक-पटक जिस्क्याइरहन्थे। उसका साथीहरू कामबाट घरमा आउँदा श्रीमतीहरूले दिएको न्यानो माया देख्दा उसलाई पनि विवाह गर्ने भावना बढ्दै गयो।

बेल्जियम आएको चार वर्षपछि नेपाल गयो। नेपालमा गएर विवाह गऱ्यो र श्रीमती लिएर आयो। कृष्णबहादुरले विवाहपश्चात् के-के गर्ने, थुप्रै सपनाहरू देखेको थियो । विवाहपछि मात्र जीवन पूर्ण हुन्छ । नत्र त अधुरो जीवन भन्ने गर्थ्यो । साथीहरूझैँ मायामा रम्ने र स्वर्गीय आनन्द लिने सपनाहरू देखेको थियो। तर उसको जीवनमा उसले सोचेजस्तो भएन। उसले कल्पना गरेजस्तो बन्दै भएन। खै कसले हो भनेका थिए रे - मानिसहरू हतारमा विवाह गर्छन् र फुर्सदमा पछुताउँछन्। उसलाई पनि विवाह गरेर बेल्जियम आइपुगेपछि क्रमशः त्यस्तै आभास हुन थाल्यो।

आफ्नी श्रीमतीसँग कुनै मानवीय संवेदनाहरू नभएझैं लाग्न थाल्यो । कामबाट थाकेर घरमा आउँदा पनि कुनै मिठास छैन । कुनै मायाप्रेम र सद्भाव छैन । उसलाई एकातिर विरक्त लाग्दै गयो । तर उसले हार मानेन । सोच्यो यदि मानिसले कुनै जनवार र पन्छीहरूलाई त माया दिएर तालिम दिएर आत्मीय बनाउन सक्छन् भने मान्छेलाई किन सकिँदैन र ! 'म उसलाई मायाले पगाल्छु र एउटी मायालु नारीमा रूपान्तरण गर्दछु' भनेर लागिपर्‍यो । हप्ता अन्तमा विभिन्न रमणीय स्थलहरूमा भ्रमण गरायो । उनीहरू समुद्रका तटमा घुम्न जान्थे । क्रुजको हप्तादिनसम्मको यात्रामा लग्यो । श्रीमतीलाई मनपर्ने लुगा, गहना र शृङ्गारका सामग्रीहरू किनिदियो । भाडामा बस्दा हीनताबोध होला भनेर किस्ताबन्दीमा एउटा घर किन्यो ।

आफूले काम गर्दै गरेको रेस्टुरेन्ट किनेर रेस्टुरेन्टको मालिक बन्यो । केही समय रेस्टुरेन्टमा व्यस्त बनेर चलायो । रेस्टुरेन्ट राम्रो चल्न थालेपछि समय मिलाएर युनिभर्सिटीमा पढ्न जान थाल्यो । उसकी श्रीमतीलाई पनि पढ्न पठायो । श्रीमतीले पनि फ्रेन्च भाषाका बेसिक कक्षादेखि पढ्न थालिन् । उनीहरूका एक छोरी र एक छोरा जन्मिए । श्रीमतीले पनि युनिभर्सिटी सकिन् । कृष्णबहादुर छोराछोरीलाई खुवाउने-पियाउने सबै सकेर रेस्टुरेन्टमा हेर्न पुग्थ्यो । समय मिलाएर युनिभर्सिटीमा पढ्न पनि पुग्थ्यो । श्रीमतीलाई पढाइमा कुनै कमी नहोस् भनेर सधैं चिन्तित हुन्थ्यो । श्रीमतीलाई कुनै काममा पनि लगाउँदैन थियो । श्रीमती घरमै हुँदा पनि छोराछोरीहरू भोकै सुतेको भेट्दा उसको मन त्यसै अमिलो हुन्थ्यो । श्रीमती फोन र कम्प्युटरमा मात्र अल्मलिने । बच्चाहरूसँग पनि सधैं झर्को र फर्को मात्र गर्ने । कहिल्यै राम्रो र मिठो वचन नसुनिने । श्रीमतीको यस्तो बानीले कृष्णबहादुरलाई विरक्त लाग्न थाल्यो । मैले यो सबै दुःख गरेको केका लागि ? परिवार भनेको यस्तै हो भने किन परिवार चाहियो जस्ता विरक्तका सोचाइहरू आउन थाले । के नारीहरू यस्ता पनि हुन सक्छन् र भन्ने लाग्न थाल्यो । अरूप्रति दयामाया नआए पनि आफ्नो सन्तानप्रति त अलिकति दयामाया आउनुपर्ने हो नि ! कृष्णबहादुरलाई आफ्ना सबै सपनाहरूमा कुठाराघात भएझैं लाग्न थाल्यो । कृष्णलाई अब उसकी श्रीमती मात्र हैन सबै महिलाहरूसँग नै एक प्रकारको वितृष्णा हुन थाल्यो । सबै नारीहरू नै विवेक र संवेदना नभएका हुन्छन् भन्ने लाग्न थाल्यो । उसलाई मानिसले जति पढे पनि यो विवेक र संवेदना प्राप्त

गर्नसक्दा रहेनछन् भन्ने लाग्यो । कृष्णबहादुरको स्वभाव पनि परिवर्तन हुँदै गयो । नाच्न गाउन भनेपछि हुरुक्कै हुने कृष्ण अब एकान्तप्रेमी हुँदै गयो । छोरा र छोरीलाई राम्रो पढाएर इलममा लगायो । उनीहरू पनि युनिभर्सिटीको पढाइ पूरा गरेर आ-आफ्नो जीवन सम्हाल्न थाले । कृष्णबहादुर भने अर्को सहरमा बसाइ सरेर गयो । उसले आफ्नो नाम पनि परिवर्तन गरेर कृष्ण र बहादुरको एक-एक अघिल्ला अक्षरहरूबाट कृस्बी नाम राख्यो । रुबीलाई जापानबाट झिकायो । उनी आइपुगिन् । रुबी संसारका मोडल र नृत्याङ्गनाहरूभन्दा पनि राम्री छिन् । उनको छिनेको कम्मर । लामा सुरिला मुलायम हातहरू । पातला ओठ मृगनयनी आँखा । सलक्क परेको सुनकेस्रे कपाल । कविले मुक्तकण्ठले वर्णन गर्ने रूप यस्तै हुनुपर्छ । उत्कृष्ट चित्रकारले कल्पना गरेको चित्रजस्तै छन् रुबी । स्वर्गका राजा इन्द्रका अप्सराहरू रम्भा, उर्वशी, तिलोत्तमा भनेका पनि यस्तै हुनुपर्छ । कृस्बी प्रफुल्ल हुन्छ । कृस्बीले उनलाई पाएर स्वर्गीय आनन्दको अनुभूति गर्छ । कृस्बीले रुबीलाई राम्रा-राम्रा लुगा लगाइदिन्छ । दिनभरि रुबी घरमा बस्छिन् । कृस्बी अफिसबाट आउँदा स्वागत गर्न ढोकामै आउँछिन् । कफी बनाएर ल्याउँछिन् । उसले कफी पिउँदा रुबी कृस्बीको छातीमा टाउको राखेर बस्छिन् । कृस्बीसँग दिन कस्तो भयो भनेर जानकारी लिन्छिन् । कृस्बी रुबीलाई लिएर विभिन्न ठाउँमा घुम्न जान्छ । रुबीसँगै दुःखसुखका कुरा गर्छ । दुवैजना रमाउँदै हात समाएर हिँड्छन् । माया साटासाट गर्छन् । कृस्बीको अँगालोमा बाँधिएर माया दिन्छिन् । तर रुबीलाई प्रोग्रामिङ गरेर राखेजति मात्र आउँछ । उनी दस हजार डलरमा अर्डरअनुसार बनिएकी रोबर्ट हुन् ।

●

कथा

# आँसुका दुई कुण्ड

● **रश्मि भट्ट**
न्युयोर्क, अमेरिका

न्युयोर्क आएर बसेको दुई वर्ष बित्दा पनि कतै घुम्न जाने अवसर मिलेको थिएन। सधैँ काम, थोरै पैसा, खटाइ धेरै, कमाए जति भाडामै सकिने। टाढाटाढा स्टेटको त कुरै छाडौँ, बसेकै वरपर पनि घुम्न पाएकै होइन। संयोगले नजिकका नातेदार घुम्न भनेर बस्ने गरी आउनुभएको मौका पारी म पनि साथी बन्दै बिदा लिएर निस्कँ। पहिलो यात्रा नियाग्रा फलबाट सुरु भयो। अमेरिका र क्यानडाको सीमामा जोडिएको नियाग्राको सौन्दर्यको वर्णन त यस कथामा के अट्ला र ? त्यसमाथि अगस्टको गर्मीमा पानीको छर्रा र सौन्दर्य। एकरात त्यहीँ बसेर भोलिपल्ट फर्कियौँ। न्युयोर्कमै बसेर पनि तपाईंले त कहीँ घुम्नु, डुल्नु भा'को रहिन्छ, हामी त घुम्न भनेरै आएको पुरापुर घुमेरै जान्छौँ। म किन, के कति कारणले घुम्न, डुल्न पाउँदिन, सक्दिनँ उनीहरूलाई सुनाइरहन मनै लागेन। हो भन्या देखे घुमेकी छैन मैले। दुई तीनवटा स्टेट घुमेपछि पाँचौँ दिनको गन्तव्य न्युयोर्क नै भयो। मेरो खुसीको सीमा रहेन। बिदा सकिएको, भोलिपल्ट काममा फर्किहाल्नु छ र आफ्नो बसाईको नजिक आइपुगियो। उनीहरूले स्ट्याचु अफ लिबर्टी, ट्विन टावर, वर्ल्ड टावर सेन्टर, ब्रुकलिन ब्रिज घुम्न जाने इच्छा राखे। हुन पनि न्युयोर्कको घुम्ने खास ठाउँ नै यति हो। बिहान नौ बजेबाट नै सुरु भयो हाम्रो यात्रा।

घुम्नफिर्न पाए कसलाई नरमाइलो लाग्ला ? झन् यिनीहरू त खुबै रमाउने टोली रहेछन्। मख्ख छन्। म पनि पहिलो पल्ट नै यो घुम्दैछु, केही प्रश्न नगरून् भन्ने चाहन्छु म। उनीहरूसँगै दङ्ग परेर रमाएँ म पनि। यो गर्मीमा समुद्रमाथि सयर के वर्णन गर्नु ? फर्केर फेरि वर्ल्ड ट्रेड सेन्टर हेरियो। खुब रमाए त्यहाँ पनि उनीहरू, मलाई भने माथि पुगेपछि हल्का रिङ्गटा लाग्यो। साँझमा २०११ सेप्टेम्बरमा ध्वस्त भएको ट्विन टावरको भू-भाग हेरेर जाने उद्देश्य राखी त्यता लागियो। भग्नावशेषमा दुईवटा ठुला-ठुला पानीका कुण्ड बनाइएका रहेछन्। दुईवटै कुण्डको चारैतर्फ डिलभरि मरेका, सनाखत हुन सकेका सबै मानिसहरुको नाम लेखिएको रहेछ। अमेरिकी इतिहासमा कालो दिन भनेर चिनिने यसलाई आँसुको आहाल भने अझ राम्रो हुन्छ। उनीहरू तीनैजनाले घुमिघुमी फोटो खिचे,

आनन्द लिए । फोटो खिच्दैगर्दा उनीहरूको मन विचलित भयो भएन, मलाई केही थाहा भएन । मेरो भने त्यसअघि घुमेका सबै रमणीय क्षणहरू रिलमा गए र यो कुण्डमात्रै रियल भएर घुम्न लागे । दुःख र धेरै पीडा दर्दले आजित भइसकेकी म यस्तो ठाउँ र दृश्य हेर्नै नसक्ने भएकी छु । के-के सम्झेर भावुक भइहाल्यो मन । दस वर्षदेखि हराएको भाइ, देशमा द्वन्द्वले मारिएका सत्र हजारको आँसुले कुण्ड बनाउने हो भने कत्रो होला त त्यो कुण्ड ? हे भगवान् मान्छे नमरेको कुन ठाउँ होला ? गीतको बोलजस्तै - मर्ने कसैलाई रहर हुँदैन, मान्छे नमर्ने पहर हुँदैन ।

मेरो आँखाबाट बर्बर्ती आँसु बग्छन्, म थाम्नै सक्दिनँ । तपाईंहरू घुम्दै गर्नुस्, म एकछिन बस्छु भनेर उता फर्कंदै रूमालले आँसु पुस्छु । म किन यहाँ आएँ, रूवाई त मसँग नै प्रशस्त छ । द्वन्द्वकालमा हत्या, हिंसा मात्र देखेभोगेकी र सुनेकी र त्यसबाट विक्षिप्त भएको मेरो मन अझै केही यस्तो देख्दा नसम्हालिने नै रहेछ । जानी नजानी यस्तो ठाउँमा किन घुम्न आएँ म ? घुम्न त यस्तो ठाउँमा पर्छ, जहाँ घुमेर मनमा आनन्द र शान्ति मिलोस् । आफूसँग भएका सम्पूर्ण दुःख, दर्दहरू पनि हराएर जाऊन् । कतिका आमा-बाबु, दिदी-बहिनी, छोराछोरी, दाजुभाइ, प्रेमी-प्रेमिका परे होलान् ? संसारभर आँसुका भिन्न-भिन्न कहानी छन् तर यहीँ बसेर कर्म गरेकाले होला, कति नराम्ररी चिमोट्यो यसले मलाई । हाइस्कुलमा पढिरहेका मेरी छोरीहरू हरेक वर्ष सेप्टेम्बर एघारको दिन यस्तो भएको हो रे ! उस्तो भएको हो अरे ! भन्दै गफ सुनाउँछन् । थोरै भावुक पनि बन्छन् । आफ्ना गुरु र साथीहरूबाट उनीहरूले सुनाएको एक प्रसङ्ग - घटना भएको दिन राष्ट्रपति जर्जबुस फ्लोरिडाको एक इलेमेन्ट्री स्कुलमा बसेर साना बच्चाहरूसँग पढाउँदै थिए र कसैले कानमा आएर केही भन्यो तर उनले दुःखी नभएजस्तो, हतप्रभ नभएजस्तो गरी निस्के रे ! त्यसपछि दुःखको ठुलो सास फेरे रे ! भगवान्ले जोगाए उनलाई, देशलाई अनन्य क्षति पुगे पनि भाग्यले बाँच्न सफल भए रे उनी । यो सारा रक्तरञ्जित षड्यन्त्र सिङ्गो अमेरिका र उनलाई नै सिध्याउने थियो । मान्छेका हाहाकार, चित्कार त कति कति के वर्णन गर्नु ? जसले यसरी अरे, अरे मात्र सुन्यो, सुन्नेलाई त यति पीडा भयो भने साँच्चै भोग्नेहरूलाई कस्तो भयो होला ? आफन्त गुमाएर त्यहाँ पुग्नेहरूको मुटु यो आँसुको कुण्ड देखेर कति भक्कानिएला ? म सहजै अनुमान लगाउन सक्छु । यसका साथै मलाई नराम्रा समाचार सुन्दासुन्दै र देख्दा लागेको झस्किने यो रोग कुन देशमा गएर समाप्त होला त भगवान् ?

नियाग्रा फल्सको झरना भएर बगेको पानी पनि पानी नै हो । सललल बगेको हड्सन नदीको पानी पनि पानी नै हो । लिबर्टी अफ स्ट्याचुको दुई फन्को घुमाई

पनि समुद्रको पानीभित्रै हो, ती पानीमा त्यस्तो आनन्द आउने, सुखी र मोहित हुने तर यो पानी देख्नासाथै विचलित भइहाल्ने मान्छेको मन, त्यसमा पनि मेरो मन किन यति काँतर ? हे भगवान् ! जीवन सुखदुःख हो, घटना-प्रतिघटनाको सङ्गम हो, मिलन हो, बिछोड हो, तर यो अप्राकृतिक, असामयिक, वीभत्स घटनाहरूको दृश्य कहिल्यै सुन्न, देख्न, भोग्न नपरोस्, कहीँ कसैले, कुनै राष्ट्रले । जीवनमा हाँसो खुसी थोरै र दुःख-दर्दका पाटो धेरै छन् भने मानिस यस्तो अवस्थामा छिटै दुःखी हुने रहेछ । म माओवादी चरम द्वन्द्वकालमा हराइरहेको मेरो भाइलाई सम्झन्छु, आज दस वर्ष भयो, मरे बँचेको पत्तो भएन । ती पानीका दुई पोखरी नै मेरो आँखाभित्र पसेर बर्सन्छ तर केही गर्न सक्दिनँ म । फेरि हिन्दीको एक भनाइ सम्झन्छु - सुख तो आती जाती हे, दुःख तो हमारा साथी हे । मानिस सुखका कुरा भुसुक्क बिर्सन्छ, दुःखका कुरा सम्झी-सम्झी रुन्छ, यस्तै छ संसार ।

हामीले यस घटनामा अत्यन्तै अकल्पनीय, अमानवीय क्षति बेहोरेका छौँ, यो यहाँ मर्ने हामी सबैले र सिङ्गो राष्ट्रले हामीले यस घटनामा अत्यन्तै अकल्पनीय, अमानवीय क्षति बेहोरेका छौँ, यो यहाँ मर्ने हामी सबैले र सिङ्गो राष्ट्रले बगाएको आँसु हो भनेर जुगौँजुगको स्मरणका लागि सरकारले बनाएको हो भन्ने कुरा यो हेरेपछि जोकोहीले पनि अनुमान लगाउन सक्दछ । अमेरिकी सरकारले यसको अति राम्ररी संरक्षण र सुरक्षा गरेको छ । यसरी द वर्ल्ड टावर पनि घुमिसकेपछि साँझको आठ पनि बजिसकेको हुन्छ । म उनीहरूलाई बाई, बाई गरेर फर्कन खोज्छु । उनीहरू भने फेरि अरू चार-पाँचवटा स्टेट घुम्न बुकिङ गरिएका बस र प्लेन समात्न हतारिन्छन् । साँच्चै हो, धन हुनु पनि अत्यन्त राम्रो कुरा हो, नेपालको पैसाले अमेरिका, त्यो पनि दुई-दुई महिना घुम्न सक्ने हैसियत राख्छन् यिनीहरू । मलाई उनीहरूको कमाइको स्रोत के हो ? कसो हो ? केही चाह पनि छैन र म अनुसन्धान अधिकृत पनि होइन । जीवनभरि कमाएर, जोगाएर, यो घुम्ने सपना साकार गरेका हुन सक्छन् । तीनैजना साठी-बैसठ्ठी उमेरका छन्, रिटायर्ड हुन् । मेरो भने यो पाँच दिनमा हप्ताभरिको तलब त गएकै छ, त्यसमाथि पनि भोलि भनेको समयभन्दा पाँच मिनेट ढिलो भएँ भने पनि जागिरै जाला भन्ने डर । म मात्र हैन धेरैजसो अमेरिका बस्ने प्रवासीको हालत यस्तै छ । अमेरिका बस्ने भन्नु मात्र हो, थोरै कमाइले महङ्गो अपार्ट भाडा तिर्नका लागि हप्तैभरि जसो काममा हिँड्दाहिँड्दै नै समय सकिन्छ, जुनी जान्छ । बस् अमेरिका बस्या छ भन्यो, गर्व गऱ्यो, सकियो । म भने फेरि फेरि घुम्न सके पनि नसके पनि यो रुवाउने र आफ्नो देशको दसबर्षे द्वन्द्वकालको सम्पूर्ण पीडा बल्झाउने ठाउँमा घुम्न नआउने वाचाका साथ ट्रेन समातेर घर फर्कन्छु ।

लघुकथा

# कान्छाको प्रतीक्षा

● अनुराधा शाह

तिमी परदेशमा छौ कान्छा म यहाँ हरपल तिम्रो यादमा तडपिरहेको हुन्छु । तिमीले दिएको हाम्रो मायाँको चिनो हाम्री छोरीलाई हेरेर म विगतका दिन सम्भेर बसिरहेको हुन्छु । म हाम्री नानीलाई पधेँरामा पानी भर्न जाँदा पनि सँगै लिएरै जान्छु । म हरसम्भव कोसिस गर्छु तिम्रो बा र आमा लाई खुसी राखूँ, तर सधैं असफल हुन्छु । आमा सधैं तिम्रो तस्बिर हेरेर रुनु हुन्छ । अब त बा र आमाको आँखाको ज्योति पानी धमिलो भइसक्यो । त्यही पनि सकिनसकी देउरालीतिर आँखा ओछ्याउनु हुन्छ, अनी तिम्रो कदकाठीको मान्छे देख्यो कि आशावादी बन्नुहुन्छ । सायद आशाको विपरीत तिमीलाई नदेख्दा देउरालीमा, मजेत्रोले आँसु पुछ्दै भन्छिन् - घरको छानो नचुहेको भए, साहुको ऋण नलागेको भए, मेरो छोरो विदेसिनु पर्दैन थियो । हिजो मसँग आमा भन्दै थिइन् - मेरो कान्छालाई फापरको रोटी कस्तो मन पर्छ, ऊ खट्टे र कसार भनेपछि त हुरुक्कै हुन्थ्यो । हिजो साँझपख छिमेकीले तल्लोघरे बाजेको छोरो धन कमाउन लाहुर गएको थियो, उतै मरेछन् भनेर खबर ल्याएछन् । त्यो खबरले आमालाई निकै पिरोलेको छ । पिँढीमा बसेर तिम्रो बाटो हेर्ने त उहाँले बानी नै बनाइसक्नु भयो । हरि ठुलो बाकी छोरीले पनि छोरा पाइछन् । पूरै परिवार कति खुसी थिए । कान्छा मलाई पनि एउटा भुतुमुने छोरा पाउने रहर नभएको त कहाँ हो र ?

मेरो त के कुरा गर्नु र कान्छा ? तिम्रो पिरतीमा भाखा हाल्दै रनवन घन्काएको याद आउँछ । रातदिन तिमीलाई नै सम्झिन्छु । दौँतरीको जोडी मिलेर मेलापात गरेको देख्दा भक्कानो फुटछ मनमा । मेरो तिमीसँगै जुनी बिताउने रहरहरू पनि खै सपना देखेरै बित्ने भो ! कोखमै छाडेर गएको छोरी पनि अब त दुईवर्ष पुगिसकी । हिजो भर्खर को कुरा हो, तोते बोलीले - आमा ! मेरो बा कहिले आउने ? भनेर सोध्दैथिई । यदि तिमी यहाँ हुँदो हौ त, पाटीमा खरीले बाह्रखरी लेख्न सिकाउँथ्यौ होला । बिन्ती कान्छा ! तिमी अब घर फर्क, मलाई केही चाँहिदैन तिम्रो सट्टा । अब आउँदा नफर्किने गरेर आऊ है कान्छा ! बरु रुखोसुखो जस्तो हुन्छ, साग र सिस्नो भए पनि मिलिजुली खाउँला है कान्छा ! बिन्ती तिमी फर्क कान्छा ! तिम्रो आफ्नै डाँडापारिको घाम भइसकेको बा र आमालाई सम्झेर फर्क । छोरीले बाउको न्यानो काख नपाएर हुर्किदै गरेको यो समयको मूल्य सम्झेर फर्क कान्छा ! ●

कथा

# ढाका विमानस्थलमा भेटिएका नेपाली

● **शिव लामिछाने**
भर्जिनिया, अमेरिका

अमेरिका कोरोना भाइरसको प्रकोपले आक्रान्त छ । दुई महिनादेखि बेरोजगारी बढेको छ । काम बन्द भएकाले मुरारी पनि घरमै अन्योलमा समय बिताइरहेको छ। मे महिनाको अन्त्यतिर हो, मुरारीले मोबाइलमा देख्यो - नेपालमा ह्वार्‌ह्वार कोरोना भाइरस भित्रिँदै छ भन्ने कसैको लेख । लेखमा यो पनि थियो - भारत र अरू देशबाट नेपाल फर्कंदै गरेका नेपालीहरूले नै यो रोग नेपाल भित्र्याइरहेका छन् । मुरारीलाई नराम्रो लाग्यो । यतिका वर्ष यी नेपाली नेपाल भित्रिँदा र नेपालबाट बाहिरिँदा नेपालीहरूमा सधैँ आश मात्र भरिएर आउँथ्यो । सिङ्गै देश कृषिप्रधान मुलुकबाट रूपान्तरित भएर वैदेशिक रोजगारबाट अर्थतन्त्र सुदृढ भएको देश भनेर विश्वमा नयाँ पहिचान दिन सफल थियो ।

एकाएक गएको पाँच महिनादेखि विदेश पसेका करिब ६० लाख नेपालीहरूले एकपछि अर्को गर्दै रोजगारी गुमाए। बस्ने काम नभएपछि, गर्ने काम नपाएपछि देश फर्कनुको विकल्प थिएन । तर हवाइ उडान यही महामारीका कारण रोकिएकाले सबै अलपत्र परे। खुला सीमा भए पनि भारतबाट समेत नेपालीहरू सहज रूपमा नेपालीले नेपालमा प्रवेश पाएनन्। मुरारीले छ वर्षअघि नेपाल फर्कंदाको एउटा घटना सम्झ्यो ।

ऊ नसोचेको बाटोबाट स्वदेश फर्कंदै थियो । सन् २०१४ को दसैंको पूर्वसन्ध्या थियो । नेपालका लागि सस्तोमा हवाइ टिकट पाउनै मुस्किल । विदेशी पर्यटकहरूको नेपाल घुम्ने मौसम पनि यही । संसारका कुना-कुनाबाट मातृभूमि फर्किरहेका नेपालीसमेतलाई बोक्न अन्तर्राष्ट्रिय उडानहरू व्यस्त थिए। अमेरिकादेखि काठमाडौँ आउने सहज हवाइमार्गको टिकट नपाएकाले मुरारीले वासिङ्टन डी.सी.देखि दोहा, दोहादेखि ढाका र ढाकाबाट काठमाडौँसम्मको संयोजित उडानका लागि टिकट लिएको थियो। धेरै दिनको प्रयासपछि विमानस्थलमा धेरै समय बस्नु न पर्ने। यसैले लामो दूरीको टिकट नै उसले निश्चित गरेको थियो।

दोहाबाट ढाका उड्नेहरूको पङ्क्तिमा धेरै नेपालीहरू थिए । विमानभित्र नेपालीपन र नेपाली बोलचाल, खवाइ र व्यवहारमा प्रस्ट थियो। विमानभित्र रहुञ्जेल स्थानीय बसमा यात्रा गरेजस्तो सहज अनुभव भइरहेको थियो मुरारीलाई । उसले सोच्यो - नेपालीहरू आफू-आफूमा यति धेरै हल्लाखल्ला गर्ने गर्छन् । यो सबै अपनत्वका कारण त हो । यसरी कुराकानी गर्न पाउँदा भाषाका कारण देशभित्रै छु भन्ने आभास पनि त मिल्छ नि !

ढाका विमानस्थलको यात्रु स्थानान्तरण कक्षभित्र पस्दा अघिदेखि नै नेपालीहरूको एक हुल रहेछ। दुई वर्षसम्म अङ्ग्रेजी र स्पेनिस भाषा सुन्दा-सुन्दा विरानो बनेको उसका कानले नेपाली शब्दलाई हावाबाट टपाटप टिपिरहेको थियो। हलभित्र पस्दा देख्यो - कोही प्लास्टिकका सिटमा लमतन्न सुतेका थिए, कोहीचाहिँ हात उचाल्दै अनेकन हाउभाउ र इसारा गर्दै आफ्ना कुरालाई प्रमाणित गर्न प्रयास गर्दै थिए । बसेरै उघिरहेका नेपाली युवाहरूको अर्को समूह त्यस कक्षको अर्को कुनामा थियो ।

मधुरो बल्बको प्रकाशमा हलको एक छेउमा दुई बङ्गाली कर्मचारीहरू बोर्डिङ पास दिन तयारी गर्दै थिए । नेपालीहरू कुराकानी, छलफल र विभिन्न विषयको मतमतान्तरमा मस्त थिए । नबुझिने गरी आएको आवाजले हल सन्ध्याकालमा बाँसको झ्याङमा बास बस्न लागेका चराहरूको आवाजजस्तै सुनियो । को के भनिरहेको थियो भनेर अलिक पर बसेर सुन्ने मानिसले बुझ्न सम्भव थिएन । मुरारी पनि त्यही हुलमा मिसियो ।

एकैछिनमा दुईमध्येको एक बङ्गालीले यात्रीतिर हेर्दै भन्यो - 'इदर आओ।'

उसको हातको इसारा सबै यात्रीतर्फ थियो। एकैचोटि करिब चालिसजना सो कर्मचारीको पहिलो बोलावटमै कर्मचारी डेस्कको अगाडि उभिन पुगे। अरूहरू उठेर त्यता जाँदै थिए। हेर्दाहेर्दै पचासौँ जनाको उपस्थितिले अग्लो डेस्क छोपियो। डेस्कको पछाडि उभिएको होचो कर्मचारी देखिन छोड्यो । यस्तो अस्तव्यस्त विमानस्थल देख्दा मुरारीले नयाँ बसपार्क नबन्दै सुन्धाराको अगाडितिरका टिकट काउन्टरमा हुने गरेको भीड सम्झ्यो । लाइनमा बसे पनि पालो आइहाल्छ नि ! यी सबैले बोर्डिङ पास नपाइकन काठमाडौँका लागि जहाज उड्ने पनि त होइन। ऊ बसिरह्यो ।

मुरारी बङ्गाली बुझ्दैन । पहाडमा जन्मेर बाल्यवय पार गरेर काठमाडौँ प

सेको उसले जीवनका छालहरूमा तैरिँदै काठमाडौँमा दुई दशक जीवन गुजाऱ्यो। बाँकी रहेको अनिश्चित जीवन सुखमय बनाउने सपना देखेर चालिस काटेपछि विदेशमा श्रम-पसिना पोख्ने योजनासहित ऊ नेपालबाट बाहिरियो । उसको जीवनभरि बङ्गाली भाषा र बङ्गाली भाषीसित कहिल्यै भेट भएन । ढाका विमानस्थलको त्यो कालो वर्णको ख्याउटे कर्मचारीले बोलेको वाक्य हिन्दीकै लवज थियो । अझ हातको सहज इसारा भएकाले उसले बुझिहाल्यो ।

यात्रीहरूको भीड बढ्ने क्रमले परिवेश थप अस्तव्यस्त हुँदै थियो । कसबाट त्यसले बोर्डिङ पास दिन सुरु गर्छ भनेर हेर्न मुरारी उत्सुक भयो । करिब एकसय जना नेपालीहरू सानो हलको एक कुनामा बोर्डिङ पास लिने होडमा अटेसमटेस उभिए । त्यो ख्याउटे बङ्गालीले बोर्डिङ पास बाँडेन । उसका आँखाहरू भने त्यही रमितामा एकोहोरिएका थिए । पाँच मिनेटजति कर्मचारीसित जिस्कँदै नेपाली युवाहरू समय काटिरहेका थिए । बिहानको दस बजे काठमाडौँका लागि विमान बङ्गलादेशको उड्ने तालिका थियो । बिहान ६:१५ बजेदेखि पास लिनेको भीड जम्मा भएको थियो ।

प्रत्येक यात्रुसित पासपोर्ट र हवाइ टिकट मागेर बङ्गालीले एक-एकवटा वृत्ताकार ढ्याक दियो । हात-हातमा ढ्याक लिएर यात्रीहरू पूर्ववत् शैलीमा हल्लाखल्ला गर्दै आए । मुरारीलाई पक्का भयो, त्यो कर्मचारीले अब भने बिना भीड नै सहज रूपमा बोर्डिङ पास दिनेछ । यात्रुहरू घट्दै गएपछि मुरारीले डेस्कका होचा कर्मचारीलाई बसेकै ठाउँबाट देख्यो । भीड पूरै घटेर एक/दुईजना बाँकी रहेपछि उसले पनि ती कर्मचारीलाई दिनुपर्ने कागज दियो । तीनसय उनन्चालिस नम्बर भएको सेतो भुइँमा नीलो अक्षरले लेखिएको एक ढ्याक दिएर कर्मचारीले उसलाई आठ बजेपछि आउनु भन्यो ।

जन्मस्थल फर्कने हतार । आठ नबज्दै डेस्कमा आइपुगेका कर्मचारीलाई घेर्न नेपाली युवायात्रीको समूह फेरि जऱ्याकजुरुक उठ्यो । यसपालि ती कर्मचारीले इदर आओ भन्नु परेन । बरु करिब पाँच मिनेटको तयारीपछि अघिकै कालो ख्याउटे कर्मचारीले फटाफट नेपाली युवाहरूको नाम भट्याउन थाल्यो । अघि दिएको वृत्ताकार ढ्याकको नम्बर बोलाउला भनेको त नामै पढेर बोलायो । हलै गुञ्जाउने स्वरमा उसले चिच्याउँदा कसैले नसुन्ने कुरै थिएन । उसले बोलाएपिच्छे नेपाली युवाहरूमध्ये केहीले अझ चर्को स्वरमा उसलाई सघाउँदै सोही नाम बोलाइदिए ।

आवश्यक नपरेका कुरामा पनि ती दाजुभाइको चासो भएकामा मुरारीलाई भित्रैदेखि हाँसो लाग्यो ।

'रामबहादुर तामाङ' भनेर बोलाउँथ्यो विमानस्थलको त्यो कर्मचारी । भीडबाट अझ चर्को स्वरमा 'रामबादुर' भनेर अर्कोले थप्थ्यो । सिटमा बसेका दस/बाह्रजनामध्येको अर्कोले थप्थ्यो - 'ए रामबादुर तामाङ हैन, रामबहादुर गुरुङ' होला । एकछिन हल हाँसोले गुञ्जायमान हुन्थ्यो । त्यतिको हल्ला हुँदा पनि त्यो कर्मचारी पटक्कै रिसाएको थिएन । ऊ मजा लिएर हिन्दी र बङ्गाली मिसाएर बोलिरहेको थियो ।

बिस्तारै भीड घट्न थाल्यो । यसैबिच कर्मचारीले उसको नाम बोलायो । थरको उच्चारण मिलाउन सकेन । उसलाई हाँसो उठ्यो । त्यहाँ भएका थोरै उभिनेमध्ये एकले मुरारीको थर शुद्ध उच्चारण गरिदियो । त्यो कर्मचारीले थर फेरि दोहोऱ्यायो । उसका हातमा हवाइ टिकटसहितको बोर्डिङ पास बल्ल प्राप्त भयो । अबको करिब दुई घण्टामा विमान बङ्गलादेशबाट काठमाडौँसम्मको यात्राका लागि उसको मिनेट गन्ती सुरु भयो ।

यसैबिच विमान पर्खेको नेपाली यात्रीको भीडमा फेरि चर्काचर्की सुरु भयो । यसपालि स्याङ्जाका चक्रपाणि खनाल र नुवाकोटका रामसिंह बम्जनका बिच विवाद परेको थियो ।

चक्रपाणि भन्दै थिए - 'म जाबो एकलाख त नेपालै बसेर कमाउन सक्छु । मलाई नाथे पच्चिस/तीस हजारका लागि विदेश आइरहनुपर्दैन ।'

रामसिंहले भने - 'गोरुझैँ जोतिएर फर्केको छ, एकलाख कमाउँछु भनेर धाक दिन्छ । किन मुन्टिएको त विदेशमा ? नेपालमै बसेको भए हुन्नथ्यो ?'

बिचमा अर्कोले थप्यो - 'चौटा खान आएको नि ! विदेश हेर्न आएको । हैन त ?

रामसिंह र चक्रपाणिसित मुरारीले बिचको बसाइमा कुराकानी गर्न भ्याएकाले चिनजान गरेको थियो । अर्को को थियो उसलाई थाहा भएन । तर लाग्थ्यो, उनीहरू एकै कम्पनीमा काम गर्ने साथीहरू हुन् । उनीहरू समूह-समूहमा बसेर यसैगरी विमान उडानको समय पर्खिरहेका थिए । मुरारी केहीबेर त्यस कक्षबाट बाहिर निस्कियो । बिहानको बेला विमान अवतरण र उडानको तालिका नभएर होला, बाहिरको भागमा विरलै मानिसहरू हिँडेका देखिन्थे । झण्डै एक

करोड मानिसको बसोबास भएको ढाका सहरको विमानस्थल सुनसान थियो । विमानस्थलका कर्मचारीहरू सरसफाइमा लागेका देखिन्थे । खानेकुराका लागि उपयुक्त स्थान नदेखेर ऊ फेरि भित्रै फर्कियो ।

भीडमा उस्तै नबुझिने खालको हल्ला थियो । एकजना भलाद्मी पल्लो कुनाको कुर्सीमा थिए, उनी मोबाइलमा केही खोजिरहेका थिए । मुरारी नजिकैको कुर्सीमा गएर बस्यो । उसले उनको नाम सोधेर कुराकानी गऱ्यो । फ्लोरिडामा बसेर डाक्टरी पेसा गर्दै गरेका पुडासैनी थरका ती व्यक्ति पनि धेरै वर्षपछि काठमाडौँ जाँदै रहेछन् । मुरारीको जस्तै टिकटको समस्याले उनले पनि बङ्गलादेशको मार्ग भएर टिकट लिएका रहेछन् ।

उनले भनिहाले - 'यो मार्गबाट नेपाल जाँदा सुटकेसको पोस्टमार्टम हुन्छ भन्नेसुनेको छु । यसपालि आफैँ परिने भइयो ।'

मुरारीले सोध्यो - 'के यहाँको विमानस्थलमा त्यस्तो काम हुन्छ रे?!'

ती डाक्टरले भने - 'अँ, यहाँको विमानस्थलमा यात्रीहरूको सामानको सुरक्षाको समस्या छ रे । हेर्नुस् न, बोर्डिङ पास लिने बेलाको यो अवस्था । कसले कहाँ भनेर यो समाधान हुने, यहाँका कर्मचारीको बानी नै यस्तै परेपछि ..... !'

मुरारी मुस्कुरायो मात्र । उसलाई चिन्ता लाग्यो, छवटा मोबाइल, दुईवटा आइप्याड, अमेरिकादेखि ल्याउनै नपर्ने कुरा, चारवटा घडी पनि हालेको छ । के-के बाँकी रहला अब, त्यो पनि चारवटा मोबाइल त अरूको नासो ।"

समयभन्दा झण्डै तीस मिनेट ढिलो गरी बिमान उड्यो । विमान उड्नुअघिको दौडादौड र भित्र पसेपछिको हल्लीखल्ली उस्तै थियो । आफ्नो घर नेपाल जो जाँदै थिए, कसलाई कसको डर ? अरूलाई पर्ने सकसको के चिन्ता ? केही युरोपेली र अमेरिकी पर्यटक पनि विमानमा थिए । उनीहरू यी यात्रीको चालमाल अनौठो मानेर हेरिरहेका थिए । विमानभित्रको हल्लीखल्लीले चार घन्टाभन्दा बढीको उडान पनि एकैछिनमा सकिएजस्तो भयो । करिब तीन बजे काठमाडौँको अध्यागमन विभागमा पुगेपछि पनि कुराकानी र भीडभाड उस्तै भइरहेको थियो । अरबी मुलुकहरूमा सँगै काम गरेका साथीहरू मातृभूमि आएपछि अब छुट्दै थिए । त्यसले झन् थप कुराकानीको सिलसिला जोडिइहाल्थ्यो ।

लगेज लिने खण्डमा ओर्लिएपछि पनि मुरारी त्यही भीडमा थियो । मानिसहरू आफ्नो लगेज उठाउँदै थिए । मुरारीको नीलो रङको एक ठुलो र दोहादेखि लगेज

भनेर गणना गरिएको उसको ह्यान्डक्यारी दुवै सँगै आए । लगेजहरू पोस्टमार्टम गरेजस्ता देखिएनन् । सही सलामत रूपमा आए । ऊ खुसी भयो । अघिका डाक्टर पनि झुलुक्क देखिए तर बोलचाल भएन । सुटकेस र ह्यान्डक्यारीलाई दुवैलाई ट्रलीमा राखेर मुरारी जाँचकक्षतिर गयो । नेपाली युवाहरूको भीडलाई कर्मचारीहरू जाँच गर्दै थिए । हाते झोलामा निकै खानतलासी लिइरहेका थिए ।

मुरारीलाई एक कर्मचारीले सोध्यो - 'कहाँ गएर आउनुभएको ?'

उसले भन्यो - 'अमेरिकाबाट ।'

'एउटा सुटकेस त्यहाँ राख्नुस् ।' कर्मचारीले भन्यो ।

त्यो ठाउँ भनेको एक्सरे गर्ने टेबल थियो । बाँकी झोला र ह्यान्डक्यारी लिएर उता जानुस् भनेर उसले अगाडि इसारा गऱ्यो, जहाँबाट सुटकेस एक्सरे भएर निस्कन्थ्यो ।

एक्सरेको कर्मचारीले फेरि सोध्यो - 'सुटकेसमा के छ ?'

मुरारीले प्रस्ट भनिदियो - 'पाँच/छवटा अरूको नासो मोबाइल र दुईवटा आइप्याड छन् ।'

उसले भन्यो - 'ल, जानुस् ।'

थुप्रै केरकार नेपाली कामदारमाथि भएको देखेर मुरारीलाई नराम्रो लाग्यो । उनीहरूले प्रतिवाद नगरी झोला खोलेर एक-एक सामान देखाएको पनि उसले देख्यो । पच्चिस/तीस हजारको जागिरका लागि परिवार, खेतीपाती र देश छाडेर विदेश जान्छन् । विदेश गएर पनि महिनैपिच्छे ऋण तिर्ने र परिवारको गुजारा चलाउने नाममा पैसा पठाइरहन्छन् । कुनै न कुनै रूपमा त्यो रकमको केही अंश सरकारको कोषमा पुग्छ । तर ती प्राणीहरू देश फर्कंदा तिनले के ल्याए भनेर केरकार गर्नु र झोला खोतल्नु ? घर आउने हतारमा पट्याउन नभ्याएका कपडा झोलाबाट निस्कँदा नै कर्मचारीले थाहा पाउनुपर्ने हो । मुरारीलाई एकैछिनमा देखेको त्यो दृश्य नराम्रो लाग्यो ।

विमानस्थलबाट बाहिर निस्कँदा नेपाल भित्रिएका अरूजस्तै मुरारी पनि ट्याक्सी चालकको तानातानमा परिहाल्यो । त्यो दृश्य झन् हेर्नलायक र सम्झनलायकको थियो ।

अमेरिकामा भइरहेको कोरोना प्रकोप र अमेरिकामा पछिल्लोपल्ट भएको एक भयानक आन्दोलनका कारण काम छुटेर मुरारी घरमा थन्कियो । नेपाल

भित्रिँदै गरेका प्रवासका नेपाली कामदारहरूको यो घटना छ वर्षपछि उसको मानसपटलमा फेरि नाच्न थाल्यो । बिचमा एकपटक नेपाल गएर फर्केको हो, त्यो पनि अब त पूरै दुई वर्ष भइसकेछ । कोभिड-१९ नाम दिइएको कोरोना भाइरसका कारण अमेरिकामा पाँच महिनामा एक लाखभन्दा बढी मानिसहरू मरिसकेका थिए । विश्वभरि यसको प्रकोप फैलिएपछि नेपालबाट बाहिर गएर काम गर्ने कामदारहरूको नेपाल फर्कने क्रम बढिरहेको थियो ।

मुरारीले सम्झन थाल्यो, झण्डै साठी लाख नेपालीहरूले बाहिर बसेर नेपालमा पैसा पठाएरै नेपालको अर्थतन्त्र उठेको हो । राजनीतिक अस्थिरता र कर्मचारीतन्त्रको मनोमानीले गर्दा देशको विकास हुन सकेन । त्यसको परिणाममा युवाहरू देशका जग्गाजमिन बाँझो छाडेर विदेशमा खेतीकिसानी, पशुपालन र ज्यालादारीमा पसिना बगाउन पुगे । कतिले विदेशमा काम गरिरहेका छन्, कति अन्योलपूर्ण भविष्य लिएर देश फर्कँदै छन् । मुरारीले कलेजमा हुँदा वक्तृत्वकलामा बोलेको थियो - 'युवा जोश जाँगर, रगत र पसिना विदेशमा पोखेर नेपालीहरू जीर्ण र बुढो शरीरले देश फर्कन्छन् । देशले यस्ता अनुत्पादक जनसङ्ख्याको भार बोक्नुभन्दा युवाहरूलाई देशमै काम दिएर रोक्नुपर्छ । देशको मुहार फेर्नुपर्छ । नेपाललाई सबै नेपालीले गौरव गर्नसक्ने मुलुक बनाउनुपर्छ ।'

अहिले मुरारी सम्झिरहेको छ - उसले बोलेका ती कुराले उसलाई कलेजस्तरीय प्रतिस्पर्धामा स्वर्णपदक दिलाएको थियो । अहिले त्यो स्वर्णपदक उसको गाउँको भत्केको घरको भित्तामा खिया लागेर झुण्डिरहेको होला । ऊ आफूले बोलेका कुरा आफैले पूरा गर्न नसकेर अहिले अमेरिकामा आइपुगेको छ । पचास वर्षको उमेरमा अनिश्चित भविष्यको बाटोमा हराइरहेको छ । देश गएर के काम गर्ने, सरकारले के काम उसलाई दिने ? पराईको भूमिमा कतिञ्जेल यस्तो अनिश्चयको यात्रा हिँडिरहने ? छ वर्षअघि नेपाल जाँदा मुरारीले आफूलाई अमेरिकामा बसेको अनि श्रमका लागि अरू देशमा पुगेका नेपालीभन्दा फरक दर्जाको नेपाली ठानेको थियो । उसले सहयात्रामा पनि अरू नेपालीलाई सभ्यता नभएका, बोल्ने ढङ्ग नभएका नेपालीका रूपमा हेर्ने गरेको थियो । अब देश फर्कँदा उसको हैसियत पनि विदेशबाट फर्केको नेपाली नै हो । उसको कार्यक्षेत्र पनि उही पुरानो बाँझो जमिनमा गएर खेतीपाती गर्ने नै हो । श्रमिक त श्रमिक नै हो । सरकारी क्षेत्रमा जान उमेरले दिँदैन, सूचनाप्रविधिमा ऊ दक्ष नै भएको

भए पनि सरकारले उसलाई दिने कामको सिर्जना अहिलेसम्म गर्न सकेको छैन । छ वर्षअघि ढाका विमानस्थलमा चक्रपाणिले भनेजस्तै ऊ पनि नेपालमा बसेर एकलाख महिनामा सजिलै कमाउन सक्थ्यो । सबै खर्च कटाएर पनि बचत साठी हजार सजिलै हुने थियो । ऊ पनि किन अमेरिका पस्यो, उत्तर आफैसित भएन ।

सम्झँदा-सम्झँदै मुरारी फेरि ढाका विमानस्थलको उही अध्यागमन कक्षमा पुग्यो । ऊ त्यही दृश्यमा हराउन थाल्यो, जहाँ छ वर्षअघि भेटिएका नेपाली युवाहरूको भीडमा, ऊ पनि खुसीसाथ हाँसिरहेको छ । तीमध्ये कति त त्यतिबेलै देशमा रोकिए होलान्, कति यीबिचका वर्षमा नेपाल फर्केर नेपालै बसे होला । कोभिडको महामारीले देशतिर लखेटेकाहरूको अवस्थाचाहिँ यसपालि के होला ?

मुरारीलाई त्यतिखेर युवाहरू देश फर्कंदाको खुसी र निर्दोषपन अहिले साह्रै प्रिय लाग्न थाल्यो ।

●

# कवितामा नारी हस्ताक्षर (गद्य कविता खण्ड) (भाग-३)

कविता

# दुःखको पहाड र आमा

● मनु लोहोरूङ राई

कुनै एउटा यस्तो समय थियो
जुन बेला मेरी आमाको भाग्यमा समयको आगो
मानौँ कुनै सुकेको झाडीमा
कसैले एक्कासि कोरिदियो सलाई
त्यो समयको आगोमा रातदिन जलिरहेकी हुन्थिन्
मेरी आमा ...

आफ्नो मुटुको घाउमा मलम लगाएर
आफ्ना बच्चाहरूलाई
आफ्नो आँखाले सुरक्षा
र प्रेमको बार लगाइदिई रहन्थिन्
अझै आलो याद छ यो मानसपटलमा
जस्तै पीडाको भूमरीमा पनि
हरियो बाँच्ने तरान आफैभित्र खोज्नु
मैले मेरै आमाबाट सिकेको हुँ
जस्तै दुःखको पहाडले थिचे पनि
आँसुले एकान्तमा पीरहरू
बगाई पठाउनुपर्छ भनेर
मलाई मेरै आमाले सिकाएकी हुन्

आफ्नै लोग्नेको व्यवहारबाट न्याय नपाएकी
मेरी आमासँग आँसुको महासागर थियो
तर त्यो महासागरलाई पँधेराको पानीमा बगाइदिन्थिन्
र दुःखको सुमेरू उठाउँथिन् हरेक साँझ बिहान
आफ्ना छोराछोरीले खाएको देखेरै
आमा अघाउँथिन् सधैँजसो
छोराछोरीले लाएकै देखेर
हरेक चाड मनाउँथिन्, आमा
छोराछोरीहरूको खुसीभित्र
आफ्नो मुस्कान भेट्टाउँथिन्, आमा
हरेक हिउँद-बर्खामा

छोराछोरी रमाएर नाच्थे आँगनमा
तब आमाले आफ्नो सबै दुःख जितेर
विजय प्राप्त गर्थिन् ... सायद !

जीवनभरि साथ दिन्छु भनेर
काँधमा दायित्वको जुवा बोकी सघाउने
आधा हिस्सा (लोग्ने) ले
अचानक श्रीमतीकै दर्जा दिएर
परस्त्री भित्र्याएर रीस र माया दुवै बाँडेपछि
कुन (?) विवाहित स्वास्नी मान्छेलाई
बिभ्दैन होला मुटुमा किला ...
संसार पूरै अँध्यारो त्यस दिन
जुन दिन आफ्नै छोराको अंश काट्ने
र आफ्नै जीवनको खुसी काट्ने ठूलो तरवार
एक्कासि घरको सङ्घार नाघेर भित्र छिरी
तर परिस्थितिले घोप्ट्याएको अन्धकारमा पनि
संयमित भएर जीवनको उज्यालो पर्खिनुपर्छ भनेर
मैले मेरै आमाबाट सिकेको हुँ

मेरो आमाको शिरमा फुलेको
पतिभक्ति-फूल ओइलिएर भुइँमा झरिसकेको थियो
र पनि हरेक दिन आमा भन्थिन्
नानी ! आँखामा गुलाफ रोप्नु पाप होइन
एकै दुई मुटु एक ज्यान बनेर जिउने इच्छा
अर्कैको हृदयमा नामसारी भए पनि
आफ्नो अन्तरहृदयको दयाको दायरा बनाइराख्नू !
भनेर मलाई मेरै आमाले भनेकी हुन्

अझै आमा भन्छिन्
दुःखको पहाड चढ्दै गएपछि
आफू चट्टान भएर अडिन सकिन्छ
र आजसम्म तिमीहरूकै कारणले म
काला पत्थर भएर बाँचेको छु ।

●

कविता

# चङ्गा

● राखी गौचन

हो मैले उड़ाएको थिएँ
त्यो रङ्गीविरङ्गी चङ्गा
आज रूखमा झुन्डिइरहेको छ
स्वीकृति लिनु पर्थ्यो कि
शताब्दीयौँको संस्कारले दिएन ।

रातमा देखिने सपनाहरू मेरो वशमा थिएनन्
दिनमा देख्ने सपनालाई कैद गर्दै एउटा होड
विजयको होड साथीभाइबिच
प्रथम हुने तँछाडमछाड

उसको उडानको उचाइ मेरो हातको लटाइको
निर्देशनमा निर्धारित थियो
एकसरो धागोमा अडिएको जीवन
जोखिम उठाउन बाध्य जहाँ
जीवनसँग विच्छेद सुनिश्चित प्राय: थियो
तर मेरो पौरुषेय आडम्बरको आतङ्कलाई
बिर्सेको झैँ गरी
स्वतन्त्रताको झुटो आकाशमा उड्छु भनी
ऊ पनि धेरैबेर नाची हाँस्यो
रमाई केहीबेर क्षितिजमा
मेरो आँखाले भेटेसम्म हेरिरहेँ
क्रूर कसाइझैँ करुणामय दृश्य
जब अवश्यम्भावी मृत्युको सङ्केत आयो
ठुलो हावाको वेगसँग ऊ डग्मगाएको देखेँ
त्यो निरीह विचरो
लटाइको धागोबाट
मुक्त हुँदै थियो ।

एक्कासि रूखमा आएर रङ्गमञ्चको अभिनय
मेरो निर्देशन समाप्त भो
आज ऊ लड्रिहेको छ त्यो रूखमा त्रिशङ्कुझैँ
मेरो अहम्को इतिहासले निर्मित उसको नियति

आज दिन बित्यो फेरि अर्को नयाँ
उमङ्गको साथ अर्को होडमा छु
फेरि अर्को चङ्गाको अवसान हुनेछ
विद्रोहको आवाज़ सुनिन्न कहीँ
निर्जीव वस्तुको मौनता
मरेर के फरक पर्छ र ?
मेरो मनोरञ्जन उसको समाप्ति
त्यसैले त स्वार्थी भन्छु आफूलाई ।

●

कविता

# चङ्गा चेट

● कल्पना सुवेदी

कसरी तिमीले उडायौ
धक फुकाएर
मेरो मनको
माड लगाइएको
लट्टाईको धागो अनि
रङ्गिबिरङ्गी चङ्गा
माथिमाथि आकाशमा

हो म पनि यसरी नै
उड्न चाहन्छु
तिम्रा विश्वासका
प्रेमिल धागाहरूसँगै
जो लट्टाईमा बेरिएका छन्

तिमीले दायाँ-बायाँ गर्दा
निडर लहराउँछु
तिमी तलमाथि गर्दा
बेफिक्री बिन्दास
एक्रोफोबिया भए पनि
एकनाशले उडिरहन्छु
ताकी जिन्दगीमा तिमीलाई
जेलिएका गाँठाहरू खोल्न नपरोस्
जीवनका लट्टाई बटार्न नपरोस्

उडान सधैँ
माथि माथि
आकाशमा नै होस्
कहिल्यै मनको
चङ्गा चेट नहोस् ।

●

# म

● नम्रता गुरागाईं
नर्थ क्यारोलाइना, अमेरिका

हो, भन्ने गर्थें म
मेरो आकाशको तारा झार्छु
बग्दै गरेको पानीलाई ठप्प पार्छु
पौडने कला छ
पर्दा समुद्र तरेरै छोड्छु
जब जिम्मेवारी थपियो ममाथि
आफैलाई बिर्सिएर
बाडिएँ सन्तानहरूमा
माया दिएँ, लिन जानिनँ
थोरै दिन मान्दै मानिनँ ।

समयको ड्राइभर म
यात्रीहरू बोकेर दौडिरहेँ
अझै दौडिरहेकै छु
बिसौनी नआउने यात्रामा
दौडनुको मजा अर्कै रहेछ
दौडदा-दौडदै रोकिएर
अलिकति तातेमा बाँडिएँ
अलिकति तोतेमा बाँडिएँ
पढाइ र बढाइमा बाँडिएँ
सत्य होला धेरै समय
म आफू आफैबाट टाढिएँ ।

हरेक नयाँ दिनमा
घामले क्षितिजका ओठहरूमा लाली पोत्दा
खै, मेरा ओठहरू कस्ता देखिए
ऐना हेर्नै बिर्सिएछु
घरअगाडिको फूलबारीमा
घरपछाडिको कोठेबारीमा
भान्सा, धारा र पँधेरामा
र बाँकी नातागोता, छरछिमेक र साथीभाइमा
बाँडिँदा-बाँडिँदा
कस्तो विडम्बना
म आफ्नै रहरसँग बाँडिन बिर्सिएछु
गुनासो केही लागेन
माया दिनकै लागि
वीर बनेँ
पाइला सर्न नमान्ने उकाली चढेँ
पाइला छोडिने ओराली झरेँ
स-साना खोल्सा तरेँ
भयानक जङ्घार पनि तरेँ
सत्य होला
सबै अरूकै लागि गरेँ
आफूलाई त न कोरेँ न बाटेँ
भित्री रहर न कसैसित साटेँ ।

●

कविता

# निष्कर्ष

● विजयासिम
न्युयोर्क, अमेरिका

म मौन छु
निःशब्द छु !
अवरुद्ध छन् शब्दहरू गलामा
आवाजको औचित्यले
आफ्नो हिसाब माग्न थालेको छ !
मैले दिएका विश्वासका ऋण बोकेर
तिम्रो इमान्दारिताले आत्मदाह गरेको छ
म बोल्दिनँ जानेरै !
पीडा चर्कीचर्की घुर्दछन्
मेरो अनन्त रङ शान्ति भत्काउन
आजकल,
केवल आँसुहरू जमर्को गर्दथे बोल्न
म सोच्दथेँ
काफी छ !
रुझेका मन पढ्न भ्याएनौ सायद तिमीले
मन संवादमा व्यस्त छ आफैँसँग
हैन, निकृष्ट मानिस बुझ्दैन त्यो !
सुस्तसुस्त पत्ता पाएँ
आँसु निकै महङ्गा रहेछन्
आजकल बजारमा निकै सर्टेज
बरू रगत बिक्दा रहेछन् प्रशस्त यहाँ
आँसुको मूल्य रहेछ अमूल्य
बल्ल थाहा लाग्यो !
तिमी बेमूल्य अभिनय धितो राखेर
मेरो रङ्गीन सपना किनिरह्यौ !
खबरदार !
अब तिमी निर्दोष मुटुको बाटो नआउनू
त्यो गल्लीको दोकान बन्द छ !
तिम्रा लागि
तिमी आँसु किन्ने मान्छे
नआऊ है !
व्यर्थ हुनेछ तिम्रो यात्रा
किनकि त्यहाँ अब
तिम्रा लागि आँसु बिक्दैनन् !
अब त म
मुस्कानका फूलहरू बेच्ने गर्दछु
निकै गौरवका साथ !
म बेच्ने गर्दछु मिठा मुस्कानहरू
नयाँ जीवनका आयामहरू !
जसका मूल्य तिर्न तिम्रो क्षमता छैन !

●

कविता

# रेमको जादुयी स्पर्श

● नीरा शर्मा

मलाई छोडेर गएपछि
उसले
घाम, पानी, बतास, आकाश
जो-जो भेट्यो सबैसँग
उपहारमा पठाइरह्यो घाउहरू
जसलाई मैले
प्रेमको जादुयी छडीले छोइदिएँ
र फूलमा परिणत गरिदिएँ
मसँग थिएन
उसलाई पठाउनका लागि
प्रेमबाहेक अरू केही
मैले प्रेम पठाइरहेँ

ऊसम्म पुग्यो कि पुगेन मेरो प्रेमोपहार
तर उसले पठाएका घाउहरू सबै
प्रेमका जादुयी स्पर्श पाएर फूल भए
झरी बनेका मेरा आँखाहरू
एक्कासि ओभाना भए
निराश थियो नीरस थियो जिन्दगी
ऊर्जा भरिएर आए
कलेटी परेका ओठहरूमा
मुस्कान लहराए
साँचै जादु छऱ्यो प्रेमको स्पर्शले

सोँच्छु
मलाई
पीडाको घाउ
उपहार दिएको खुसीमा
उत्सव मनाइरहेका उसलाई
थाहा भयो भने
कि उसले दिएका घाउहरू
यसरी फूलमा परिणत भइरहेछन्
के होला ?
कस्तो होला त्यसबखत उसको मनोदशा ?
प्रेमको जादुयी छडी चुमिरहेछु म त !

●

कविता

# निर्भीक अन्तर्मन

● दीपा राई पुन
अमेरिका

धमिलो सम्झना छ - बाल्यकालको
बिहानै आमाको स्वरसँग जाग्नु
कटेरोमा गाईको कुँडो पकाउनु
भान्सामा चिया तयार गर्नु
बिहानको घरधन्दा सकेर
हत्केला र नाडीमा लागेको कालो मोसो
थुकले पुछ्दै स्कुल दौडनु !

फेरि पनि
कक्षामा हार्न मन नलाग्नु
के थियो होला मभित्र त्यस्तो ?

भान्सामा नाच्दानाच्दै भात डढ्नु
गीत गाउँदागाउँदै तरकारी डढ्नु
कक्षामा कसरी राम्रो गर्ने सोच्दासोच्दै
दाल भुसुक्क सुक्नु !

स्कुलमा केटाहरूसँग 'भाले जुधाइ' खेल्नु
पटक्कै हार्न मन नलाग्नु
आमाले कराएको सुन्दै नसुन्नु
केही त अर्थ थियो होला नि !

बर्सौं बितेर गए पनि
अझै हुन्छ मनमा खुल्दुल

आमा भन्नुहुन्थ्यो
अर्काको घर जाने जात
तिमीहरूको अहिले हो काम खाने

मलाई
आमाले दिएका सबै काम सकेर
अरू थुप्रै काम गरूँ लाग्थ्यो
आमाको ज्ञानी छोरी भएर
सबैको प्रिय बनूँ हुन्थ्यो
तर, इच्छाहरूले अभिव्यक्ति पाएनन्
आफैँभित्रको मान्छे
चुपचाप आफैसँग हुर्कियो
के म छोरी भएर जन्मेर हो ?

बर्सौं बित्यो
केही फरक छन् हरफहरू
जीवनकथाको अनुच्छेदमा
तर उस्तै छ कथा

आज
कर्तव्य र जिम्मेवारी सकेर

समय निकाल्छु
र कोर्छु
मनभित्रका केही भावहरू
अनुत्तरित प्रश्नहरू मलाई औँला ठड्याउँछन्
समयसँग हार्न मान्दैनन्

यतिखेर जीवनको कठघरामा उभिएर
आफैँलाई सोध्न मन लाग्छ
भात, तरकारी र दाल डढेजस्तै
के इच्छाहरू डढ्नुपर्छ ?

आफू जन्मेको घर आफ्नो नहुने
छोरी हुनुको सजायँ कसले बनायो ?
घर नहुनु !

थर नहुनु
आफ्नै अस्तित्वका लागि
एक्लै
आफैसँग युद्ध कहिलेसम्म गरिरहनु !

दिनहरू उत्तरदायित्व बोकेरै आउँछन्
चुल्हाचौकादेखि चोटा हुँदै जागिरसम्म
रातहरू
चुपचाप हक जताएर
कुनै पनि समय
बलात्कार गरेर जान्छन्
त्यही दिन र रातको समयबाट
समय चोरेर
आमालाई छकाएर
टेबलमुनि लाल्टिन बालेर पढेजस्तो
यो झलमल्ल सहरमा
आफ्नै मनको दियो निभ्न नदिएर
आफैँलाई पढिरहेछु

त्यो बेलादेखि यो बेलासम्म
मैले
मलाई नै खोजिरहेको रहेछु ।

●

कविता

# आमा

● कमला प्रसाईं

छाम्छु ओछ्यानमा आमालाई निद्रामा पनि
बालापनको याद अझै ताजै छ !
फेरि पनि आमाको काखको न्यानो माया पाउन
किन-किन आज पनि यी आँखाहरू आतुर छन् !

तिम्रा ती निःस्वार्थ पनहरूसँग नजिक भैदिएकी भए
कास आज पनि हरपल बिताउने थिए आमा तिमीसँगै !
हरेक चाडपर्वसँगै तिमीलाई खोजेकी हुन्छु आमा !
किन-किन तिमीबिना आकाश पनि खुलेको देख्दिनँ
आमाको तृष्णाले बादलहरू पनि मडारिएको देख्छु !
आँखाका सपना अनि विपनाहरू आमाबिना अधुरो लाग्छन्
हिजोको बालापनको इतिहास बिर्सन खोज्दा पनि
किन-किन बिर्सन सक्दिनँ सक्दिनँ आमा !
जस्तै अँध्यारो औँसीको रात पनि
तिम्रो छायाँले उज्यालो बनाउने गर्दथ्यौ आमा !
साँच्ची नै तिमीबिना र तिम्रो आशीर्वादबिना सन्तानको
भविष्य अधुरो हुन्छ !
आमा तिम्रो माया त संसारकै पवित्र माया
आमा तिम्रो माया त संसारकै पवित्र माया ।

●

कविता

# म के गरूँ ?

● रजनी श्रेष्ठ
भर्जिनिया

जीवनको ढुकढुकीसँगै विचारका शृङ्खलाहरू
तरङ्गित छन् दिशाविहीन आँधीजस्तै
मन छट्पटिरहन्छ खुल्ला आकाशमा
मडारिँदै बादलजस्तै ।

हावाले जता डेरायो उतै
शान्तिको लहर समेट्न
अनन्त यात्राको बिन्दुमा
एकमुठी शान्तिको आभास माग्न ।

विशाल हृदय बोकेको समुद्रछेउ पुग्छु
साउती माग्न
समुद्रले जिस्क्याइरहन्छ
घरिघरि छाल उर्लिएर
छुन आउँछ
माया गरेर थपथपाएजस्तै
लाग्छ जीवनको परिभाषा उजागर गरिरहेछ
म टोलाएर उभिरहन्छु
मौनता नियाल्दै भरिलो समुद्रका आवेगहरू
समभावमा समर्पित भएको पाउँछु

विवश भएर हेरिरहेछ संसारका रीतहरू
स्वार्थको पारिजातमा झाँगिएका
रूखहरू
जतातत‌ै लटरम्म फलेका फलहरू ।

सोच र विचारको साङ्लो बाँधेर
जीवनको जिजीविषा खोतल्न पुग्छु
मौनतामा मेरा मनका तरङ्गहरू
उज्यालो धामसँगै रङ्गिदिन्छ
रङ्गीन सशक्त किरणहरू
सुन्दर प्रकृतिको सहचारी मित्र बनेर

यथार्थता !
मानिसको मानसिकतामा
उब्जिने सोचहरू
कति फरक रहेछ
जिउने बाटोहरू
कति फरक छ
जिउने अभिव्यक्तिहरू !

●

# निबन्ध/नियात्रा/संस्मरण खण्ड

संस्मरण

# सिर्फ अर्को एकदिन भए

(बुवालाई सम्झेर)

● भारती गौतम

'बालाई आज अस्पतालबाट घर ल्याउने भनेको थियो आइसक्नु भयो ?'

'दिदी, हजुरले अब धैर्य गर्नुपर्‍यो ।'

आजभन्दा झन्डै दुई दशक अगाडिको भदौको झरिलो बेलुकी (नेपालको बिहान) बा अस्पतालबाट घर फर्किसक्नु भएको होला अनि ढुक्कले लामो कुरा गरौँला भनी त्यो समयको दुर्लभ कार्ड किनेर बल्ल-बल्ल लागेको फोनको जवाफमा आएको अचला (मेरी भाइबुहारी) को त्यो वाक्यले मलाई छिनैमा टुहुरी बनाएको थियो । झन्डै डेढ दशकको परदेश बसाइमा कहिल्यै सुन्नु नपरोस् ठानेको समाचार सुन्नु परेको त्यो रात मेरो जीवनको सबैभन्दा कालो, घना, भयभीत र क्रूर रात थियो । त्यो एक वाक्यले परिवर्तित मेरो जीवन अनायास बर्सौं वृद्ध हुनपुगेको थियो, मेरो टाउकाबाट छानो, मेरो आँगबाट कपडा, मेरो भोकबाट भोजनको साथसाथै मेरो शरीरबाट आत्मा हराएको जस्तो हुनपुगेको थियो । एकातिर म निमेषमै वृद्ध हुन पुगेँ भने अर्कोतिर म मेलामा छुटेको बालकजस्तो समेत हुन पुगेँ ।

एकहप्ता अगाडि सामान्य छाती दुखेर अस्पतालमा पुर्‍याइनु भएको मेरा बा भोलिपल्ट घर फर्किने हुनुहुन्थ्यो । हरेक महिना मैले गर्ने फोनको मितिले डेढ महिना नाघ्न आँटेको भए पनि अस्पतालबाट फर्केपछि निर्धक्क कुरा गरेर केही दिनमा भेट गर्न नेपाल जाने मेरो योजनाको प्रारम्भको अन्त्य बिना सूचनाको प्रलय बनेर मेरो हृदयको पिँधैमा गाडियो ।

भोलिपल्ट अस्पतालबाट डिस्चार्ज भएर घर फर्किने भनेको राति नै हृदयाघातका कारण अर्कै लोकको यात्रालाई वरण गरिसक्नु भएका मेरा बा ले सुन्न नसक्ने गरी कहालिएको क्रन्दन मेरो मनको एकछेउमा ठोक्किएर अर्को छेउमा तरङ्गित हुनपुग्यो अनि बाहिर भने भक्कानिएर मेरो अन्तर्पीडा पोखिइरह्यो, बगिरह्यो भदौरे झरी बनेर । एकघन्टाभन्दा बढी कुरा गर्न भनेर किनेको २० डलरको फोन कार्ड, नेपाल जाने टिकट बुझ्न ठिक्क पारेका ट्राभल

एजेन्सीका नम्बरहरूसँग आँखा जुधाउन गाह्रो मेरो जीवन विखण्डित टुक्राटुक्रा छरिन थाल्यो ।

मेरा बा मेरा लागि एउटा अभिभावक, एउटा प्रशंसक, एउटा अस्तित्वबोध, एउटा संरक्षक मात्र नभएर मेरो सर्वश्व हुनुहुन्थ्यो । चाबीले चल्ने खेलौनाजस्तो मेरो जीवनका तमाम आरम्भको आरम्भ मेरा बुवा मेरो जीवनखेलौनाको एकमात्र चाबी हुनुहुन्थ्यो ।

हात्तीलाई अन्धाहरूले गरेको वर्णनजस्तो मेरा बा पनि थुप्रै व्यक्तित्वबाट आ-आफ्ना दृष्टिअनुसारले परिभाषित हुनुहुन्थ्यो । उहाँको विद्वत्ताका रोचक प्रसङ्गहरूको घुइँचोमा मेरा बा सहजै भेटिनुहुन्थ्यो ।

'नौ भाषामा सिपालु विद्या सागर' – यज्ञेश्वर निरौला ।

'काशीको विद्यार्थी जीवनमा एकैरातमा उहाँले संस्कृतका चारसय श्लोक कण्ठ पार्नुभएको थियो अरे' - डा. माधव पोखरेल ।

'उनलाई महाकवि श्रीहर्षको नैषधिय चरित महाकाव्य समग्र कण्ठै थियो । चित्तधर हृदयको सुगत सौरभ नेवारी भाषाको महाकाव्य सुनाएकोमा प्रभावित भएर सत्य मोहनजोशीले भाजुरत्न कंशाकारकोमा प्रवचन गर्न समेत लगाएछन् ।' - भरतराज पन्त

'१४ वर्षको बालकले अत्यन्त रोचक ढङ्गले चौतारामा बसी पुराण वाचन गरेको दृश्यले बटुवाहरू पनि चकित भए । १४ वर्षको उमेरमा पुराण भन्ने ती बालको नाम हेमचन्द्र पोखरेल ।' - बालकृष्ण पोखरेल

'खास गरेर देवकोटाका कृतिहरूको अर्थ लगाउन र वास्तविक अभिप्राय पत्ता लगाएर व्याख्या गर्नमा उहाँ माहिर हुनुहुन्थ्यो ।' - कालीप्रसाद रिजाल

'काकाको छन्द गाउने स्वर असाध्य सुमधुर थियो । संस्कृत, नेपाली, हिन्दी (सिनेमाका गीतसहित), उर्दु, बङ्गाली सबै उत्तिकै सुमधुर स्वरमा गाउन सक्नुहुन्थ्यो ।' - डा दुर्गा पोखरेल

'एउटा अद्वितीय प्रतिभाका धनी' - खेमराज केशवशरण

मेरा बा को नाम हेमचन्द्र पोखरेल, धनकुटा बहुमुखी क्याम्पसको परिधि उहाँको कार्यक्षेत्र । उहाँको असीम विद्वत्ताले परिधि तर मुलुकभरि समाहित थियो । विद्वत व्यक्तित्वहरूले गरेका परिभाषाका मेरा बा दिवङ्गत भएको समाचार रेडियोले समाचारमा सम्मिलित गर्‍यो, पत्रपत्रिकाले आफ्ना पानाहरूका कुनामा छापे ।

'उहाँ अरू दस वर्ष बाँच्नुभएको भए दुर्लभ कृतिको जन्म हुन्थ्यो होला' कसैले भने ।

धनकुटाको सट्टा काठमाडौँ बस्नु भएको भए उहाँको उचित कदर हुन्थ्यो होला, कसैले भने ।

यसरी अप्रत्याशित ढङ्गले जीवनबाट मेरा बा अस्ताउँदाका प्रतिक्रियाहरू देउरालीमा ढुङ्गा चुलिएजस्तै चुलिन थालेका थिए, आफन्तबाट आफन्तका आफन्तबाट आफ्नै तरिकाले आफ्नै अनुभवको सेरोफेरोमा सीमित ।

तर मैले गुमाएका बा देशको विभूति हैन, एउटा प्रकाण्ड विद्वान् हैन, सात भाषाको ज्ञाता हैन, चार दशकभन्दा बढी उहाँले भिरेको प्राध्यापनको पगरी पनि हैन तर मेरो अस्तित्वको आधार हुनुहुन्थ्यो । उहाँलाई गुमाउँदा, मैले मेरो हिजोको विश्वास र भोलिको आस्था गुमाएकी थिएँ । मेरा लागि मेरा बा परदेश जाँदा सुटकेस मिलाइदिने सहयोगी हुनुहुन्थ्यो । शरीरको कुन भागको दर्द मेट्न कुन औषधी खाने भनी थाहा पाउने वैद्य हुनुहुन्थ्यो । मेरा बा तीजको दरखाने दिन आफूले जानेका मिठाई र हलुवा पुरी तयार गरिदिने भान्से हुनुहुन्थ्यो । मेरा हरेक सफलतामा सबैभन्दा बढी थपडी मार्ने अन्धभक्त हुनुहुन्थ्यो । आफ्ना गोजीमा जहिले पनि मेरो तस्बिर बोकेर हिँड्ने एउटा कटिबद्ध पुजारी हुनुहुन्थ्यो । तल बेल्हाराको फेदीमा खेती गर्ने मानबहादुर उसको छोरीका लागि जस्तै मेरा बा मेरा लागि सिर्फ एउटा सामान्य तर अद्वितीय बा हुनुहुन्थ्यो ।

हामी छोराछोरीका लागि वा सर्वश्व भएजस्तै घरमा कहिल्यै नटुट्ने जनावर, बिरुवा अनि तरकारीका लहराहरूका लागि बा उनीहरूको जीवन हुनुहुन्थ्यो । 'म्या...' बाले खोकेको सुन्नेबित्तिकै टाट्नाका बाख्राले बोलाउँथे । 'म्याउ...' मूसा ढुकेर ढोकाको पछाडि लुकेको बिरालो बाको छेउमा लुटपुटिन आउँथ्यो । 'बा...' गोठमा बाँधेको बाच्छाले बासँग एकमुठी सालिम्मो माग्थ्यो । खर्स्याक्क गरेर बार्दलीको पल्लो छेउमा बस्ने सेतो खरायो बाको पदचाप तर्फ कान फर्काउँथ्यो । कुकुर, बिरालो, खरायो, गाईको बाच्छो अनि बाख्राको पाठालाई बाले आफूले खानेजति नै खाना मुछेर सधैँ अलिअलि दिने गर्नुहुन्थ्यो । तरकारी गोड्न अनि सुन्तला अम्बा टिप्न बारीमा निस्किए नै पिच्छे हातमा केही सालिम्मो र वन्सो च्यापेर बाच्छा र बाख्रालाई हातैले खुवाउने वा उनीहरूलाई पढ्न सक्ने अभिभावक हुनुहुन्थ्यो ।

बर्सौंको प्रवास बसाइमा घर सम्झिँदै मन अमिलिएको बेला 'नानी यसपालि त एक महिनै कटिसक्यो फोन नआएको किन हो ?' भनी मेरो फोनको प्रतीक्षामा दिन गनिरहने मेरा बा त्यही मिठो वाक्य हुनुहुन्थ्यो ।

'किन फोन राखिहाल्न हतार गरिस् नि ?', घन्टौँ कुराकानी गरिसकेपछि पनि फोन राख्न गाह्रो मानेर मेरा कुरा सुनिरहने एउटा अनुपम श्रोता हुनुहुन्थ्यो ।

'अझै दस दिन बाँकी तँ आउन, त्यतिबेलासम्म त म बाँचिरहौँला र ?'

मलाई देख्न बाँकी दस दिन पनि दस युगजस्तो ठान्ने एकजना अनन्य बात्सल्यको मुहान हुनुहुन्थ्यो मेरा बा ।

'नानी यसो भनेको यसो हो कि के चाहिँ हो ?' आफूमा भएको अथाह विद्वत्तालाई भन्दा मेरो अनभिज्ञताको सीमितालाई स-सम्मान विश्वास गर्ने बा मेरो हौसला हुनुहुन्थ्यो । मप्रतिको अगाध स्नेहको झरी मेरा सन्ततिमा समेत बर्साएर ममतामयी भेलमा मेरा छोराछोरीलाई पनि निथ्रुक्क रुझाउने मेरा बा अमृत वर्षा हुनुहुन्थ्यो ।

मेरा बा मेरो आफ्नै परिभाषा हुनुहुन्थ्यो । मेरो आफ्नै ऐना हुनुहुन्थ्यो । मैले चढेका साना-साना थुम्काथुम्कीलाई सगरमाथा आरोहणको उत्सवका झङ्कार अनि आतिसबाजीको चमकले हाम्रो घर-आकाश उज्यालो पार्ने एउटा वफादार 'चियर लिडर' हुनुहुन्थ्यो । श्रीमद्भागवत्को कथा भन्न व्यसासनमा बसेको चौध वर्षको कलिलो पण्डित हैन मेरा बा, मेरा रहरका फूलहरू टिपेर मेरो हर्ष कण्ठस्थ पारी मेरै जीवनी भट्ट्याएर नथाक्ने आदरणीय आस्था हुनुहुन्थ्यो ।

जब जब वसन्त फर्किएर लटरम्म हाँगामा नुहुन थाल्छ । जब जब रूखहरू आफ्ना हराएका वस्त्र पुनः पहिरिएर हरियै हराभरा हुनथाल्छन् । जब जब यो मुलुकका बजारहरू, दोकानहरू, दोकानका तखताहरू बाबुहरूलाई मन पर्ने र मन पर्न सक्ने सुट, टाई, जुत्ता, कोट, कलम, चस्मा, अत्तर, आलमारी, टेलिफोन, टेलिभिजनहरूले चुलिन थाल्छन् । जब जब सानासाना नानीहरू बाबुहरूको हात समाएर उफ्रिँदै नाँच्दै पार्क, रेस्टुरेन्ट र सिनेमा हलहरूभित्र नयाँ देशमा झन्डा गाडेको नेताजस्तै गमक्क फक्रिन थाल्छन् त्यसबेला म आफूलाई एउटा पराजित योद्धाजस्तो अनुभव गर्न पुग्छु । सर्वश्व हरण भएको शरणार्थीजस्तै भावनारहित आफूलाई निरीह पाउँछु ।

मेरा बालाई बेग्लाबेग्लै परिभाषाले सम्झिनेहरूको मानचित्रबाट मेरा बा पनि गृहयुद्धबाट हराएको सोभियतसङ्घ या चेकोस्लोभाकियाजस्तो भैसक्नु भएको हुनुपर्छ । उनीहरूको मानचित्रमा स्मृतिका नक्साहरू जन्मिइसकेको हुनुपर्छ । तर मेरा लागि मेरा बाको आकृति जति पुरानो भयो त्यति महत्त्व थपिदै जाने पुरातात्त्विक वास्तुकलाजस्तो रहेको छ ।

सारा शुभकामनाका अक्षरहरू, कृतज्ञताका कविताहरू, समर्पणका भावहरू मिलाएर मेरा बासँग सिर्फ अर्को एकदिन पाउन पाए मेरो जीवनको सारा अतीत, वर्तमान र सम्पूर्ण भविष्य एकै निमेषमा समर्पण गरिदिन्थेँ । मेरा बासँग फगत एकदिन पाए म आफैलाई बिर्सिदिन्थेँ । मेरा बासँग सिर्फ एकदिन पाए म अनन्त अनन्तसम्म तृप्त हुने थिएँ ।

'मोटर चढेर घर्घर फर्फर उडाई झन्डा
मन्त्री बनी अनेकौँ सुख चैन गर्नु भन्दा,
मैला सबै बढारी पारिदिने पवित्र
च्यामे भएर जन्मू नेपाल देशभित्र' - स्वर्गीय हेमचन्द्र पोखरेल ।

साथमा बुवा भएकाका लागि अनि मनभित्र बुवाको स्मृति कुँदिएका सबैप्रति 'ह्याप्पी फादर्स डे' ।

(अमेरिकी 'फादर्स डे' को अवसरमा)

●

नियात्रा

# बुराउँसेका द्रौपदी

● युवराज नयाँघरे

ओहो, एक मान्छे हिउँ परेछ !

कति धेरै हिउँ । कति सुकिला हिउँका थुप्रा । कति उरुङखात हिउँका रासैरास । कति सुहाएको हिउँको छरछार ।

गजबको हिउँचुली अग्लिएर बादलै हुने भएछ ।

तीन असारको एकाबिहानै ।

लाग्ना लेकबाट फर्केपछि सम्साँझै सुतेको थिएँ म । औधी थाकेर होला, जता ढल्केको थिएँ, उतै बिउँझे छु । फेरि निकै जाडो लागे'थ्यो सिमीकोटमा ।

बिहान चारै बजे उठेर बाहिर हेर्दा देखियो - कोञ्चोलुम्बा हिमालमा एक मान्छे हिउँ ।

सिमीकोटका चारै कुनामा हिमालैहिमाल छन् । अझ पश्चिम-दक्षिणपट्टिको याङ्गर हिमाल आज हुनसम्म अग्लिएछ रातभरिको धुम्म, हावा र बादलको चेपचापले ।

हिसे लामाले तातो कफी खुवाए । उनकै पिँढीमा बास बसे'थें म । सात बज्न लाग्दालाग्दै आइपुगे - कोन्ज्योक । मभन्दा उनी नै हतारिए बढ्ता ।

'बुराउँसे पुगौं ।'

भाइ उत्तम भट्टराईले मलाई सूचना गरे'थे - 'सिमीकोटमा कोन्ज्योक लामाले तपाईंलाई भेट्नेछन् । बहुपति प्रथाबारे केही न केही बुझेर फर्कनु होला । तिनको सहयोग मिल्नेछ तपाईंलाई ।'

यति सङ्केत नै मेरा लागि ब्रह्माण्ड भए'थ्यो ।

जिब्रो खुइल्याउँदै त्यसपछि हामी लाग्यौं माथ्लो गाउँ । गाउँ राम्रोसँग बिउँझिइसकेको थिएन । धुम्मिएको थियो बादल ।

खच्चड र घोडा खेद्नेहरू घाँडा र बाखर कस्दै थिए । हल न चल भएका

खच्चडका ढाडमा दिनभरि बोकिने भारी चढिँदै थियो । अब तिनको ढाडमा बोकिएर जान तयार भइरहे'थ्यो समय ।

'एक घण्टामा पुगिन्छ बुराउँसे !'

कोन्ज्योकले माथ्लो गाउँ कटेर पूर्व-उत्तर बेगिएको ठुलो बाटोमा पुगेपछि भने ।

'सिमीकोट डाँडा ताकेर गएको बाटो लम्किदै छौँ हामी ।'

उत्तर पसारिएको बाटोको पूर्व मानसरोवर विद्यालय टुप्लुकियो । त्यसमा केटाकेटी हस्याङफस्याङ गर्दै आइरहे'थे ।

कान ठुडिरहेथ्यो चिसोले । आँखामा आँसु टिलपिल हुँदै थियो । गाला डामिरहे'थ्यो हावा लागेर ।

घोडा र खच्चड घण्टी बजाउँदै सिमीकोट जाने र आउने हुल बढ्तै थियो । बाटोमा ट्र्याक्टर नि हुइँकिन्थे ।

'यी हेलिमा बोकिएर झरेका हुन् सिमीकोट !'

'अनि बोकेको कुकुरले मृग मार्छ त ?'

'मार्दा रै'छन् । मान्छे समेत मारिसके ।'

कोन्ज्योक बोल्दा ट्र्याक्टर रकेट भएर निकै पर पुगिसके'थ्यो । पाँच/सात केटाकेटी पछाडि झुम्मिए'थे । धुलो उडेर वरपरका हिमाल ढाकिए छपक्कै ।

ooo

पूर्वतिर सेल्मु काङ मुस्कुराइरहे'थ्यो । दक्षिणतिर मार्गो लेकमा नि हिउँ फुसफुसाएको देखिन्थ्यो । पश्चिम र दक्षिणतिर पसारिएको थियो तब्लिङ लेक ।

छ हजार माथिका हिमाल नेपालमा मनग्गे छन् । तिनको नामै छैनन् । मैले वरिपरिका अरू हिमालबारे चासो राख्दा यस्तै छनक पाएँ कोन्ज्योकबाट ।

बुराउँसेलाई बाघाचाल्ना डाँडाले छेकेको थियो ।

तोर्पा, लिमाटाङ, वरगाउँ, दोजाममा धेरै परिवार बहुपतिद्वारा जीवन धानिएका गाउँ रहेछन् । यी गाउँ निकै पर भएकाले म सिमीकोट नजिकैको बुराउँसे गाउँ गइरहेको थिएँ ।

बाटो घुमी-घुमी उत्तर भएर पूर्वतिर हानिए'थ्यो । गरैगरा थिए बाटा दक्षिण । भिराला र टेके सुलुलु तलै पुगिने गरामा चिनु जतातत्तै उम्रेको देखिन्थ्यो ।

'यो चामल जस्तै सानो दानाको अन्न हो !'

'असोजमा पाक्छ !'

लामा बोल्दै छन् ।

हुमने खोला वरपर फापर, चिनु, कोदो, कागुनु र सिमी रोपेका गरा देखिए । कतै-कतै केराउ, जौ, गहुँ पनि लहलहाएको देखिन्थ्यो । हिमालपारि जतिखेरै काठ्ठिने सिरेटो, कक्र्याउने ठिही र सुख्खा हावा चलेर पानी नै जम्ने माटोमा फलोस् पो के र !

बुराउँसेको मृत्यु संस्कार हुमने खोलामै गरिँदो रहेछ । खोला नाघेर हामी पूर्व लाग्यौँ । दक्षिणतिरका हिउँचुली झन् उज्याला, अग्ला र झर्झराउँदा देखिए । म रोकिइ-रोकिई हेरिरहेको छु चारैतिरका हिमाल ।

गुरु पदम सम्भवले रलिङ हिमालनिर गुम्बा बनाउन थाल्दा जमिन चर्किएछ । उनले ध्यान लगाई हेर्दा त्यहाँ अपसगुन भएको पत्तो लाएछन् । अनि अलिक पर बनाएछन् गुम्बा । रलिङ गुम्बासँगैका चहकिला हिमाल खुबै देखिए ।

'गर्मी पो भयो !'

मैले गलबन्दी खोलेर कम्मरमा बाँधेँ । अनि पुछेँ चिटचिटे पसिना ।

'बाटोले माया गरेछ !'

कोन्ज्योकले ठट्टा गरे ।

तेर्पे र हलुका उकालो बाटो नापिरहेका छौँ । बिहानै भए पनि बाटाभरि बुराउँसे गाउँबाट सिमीकोट जाने, भारी बोक्नेहरूको ताँती छ । तल हिल्दुङ गाउँ देखिन्थ्यो । उवा र गहुँ लहलाएका गराले हिल्दुङ गाउँ निकै रमाइलो देखियो । नाल्ला गाउँ पनि टुप्लुकियो ।

कोन्ज्योकका आफन्तीहरू बाक्लै भेटिन्छन् बाटोभरि । बहुपतिबारे बढी बुझ्न आफन्तीहरूबाट नै सकिने भएकाले चिनारु गाउँमा गइरहे'थ्यौँ हामी ।

एक घण्टा लाग्यो गाउँ पस्न ।

बुराउँसे पस्ने बेलामा एउटा जस्तापाता र काठे आग्लो ठोकिएको बार थियो । बिहान चार बजे खोलिने र बेलुकी नौ बजेपछि बन्द हुने सूचना टाँसिए'थ्यो ढोकामा ।

'जोवा र झुमा पाल्नेले बदमासी नगरुन् भनेर होला !'

कोन्ज्योकले कुरा खोले ।

छुप्चा कट्यो । माथ्लो बाटो भएर गाउँ छिऱ्यौँ हामी । भरे फर्किंदा तल्लो बाटो आउने सल्लाह भयो ।

'त्यसो गर्दा गाउँ पूरै घुमिन्छ !'

कोन्ज्योकले भने ।

म त यो र त्यो भन्ने हालतमा थिइनँ । 'जे-जे बराजु सोही-सोही नाति' थिएँ म ।

बस्ती पस्दा मैले सोधेँ - 'कति छन् घर धुरी ?'

'पचहत्तर घर लामाका । पाँच घर होलान् दलितका ।'

औँला भाँचे लामाले ।

झुमा आँगनमा बाँधिरहेका देखिए । माथि दलानभरि देखिन्थे खलो चुट्नेहरू । छुर्पी बनाउनेहरू घिउ मथिरहेका भेटिन्थे ।

लुङतर हल्लिरहेथे हरेक घर-आँगनमा ।

असोजमा रोपेर साउनमा पाक्दो रहेछ उवा र गहुँ । झण्डै वर्षदिनमा पाक्छ यताको अन्नबाली । त्यै बेलामा पानी नपरे खर्चेको पसिनाको हविगत के होला ?

मनमनै चिथोरिएँ म ।

लामाहरूको आफ्नै चलन छ बिहे बटुलोको । मामाकी छोरी रोजी-रोजी, फुपूकी छोरी खोजी-खोजी बिहे गर्ने परम्परा रहेछ उनीहरूको । सकेसम्म कुटुम्ब परको नभएर गाउँमै गर्ने नियम यता नि रहेछ ।

बुराउँसे वरपर ४ गाउँ रहेछन् । सबै लामा र दलितको बसोबास रहेछ त्यहाँ । बिहेवारी यिनै चार गाउँभित्र गर्ने बसेको रहेछ थिति ।

'उँभो जाऊँ पैसा छैन, उँधो जाऊँ पैसा छैन, हेली के गरी चढूम् ?'

रलिङ गुम्बाबाट फिरेकी पाना बुढासँग भेट भो बाटैमा ।

फिर्को घुमाएर ऊन काट्तै आइथिइन् - प्यारु बुढा । दुवै रलिङ गुम्बाबाट फर्केका रहेछन् ।

सैँडासम्म पुग्दा पाखी बुन्ने धागो बन्ला कि तिनको !

चाइनिज पैसाको माला मैले देखाएर सुहाएको भनेँ । प्यारुले भनिन् - 'कैथो निको ठट्टा गर्दो !'

उनीहरू बिदा भए ।

'अब हरेक घर नपसी हुँदैन । निस्केपछि मात लागिहाल्छ ।'

कोन्ज्योकको चिन्ता छ ।

बुराउँसे पसेपछि मैले गाउँ हेरेँ सरर्र । ठुला-फराकिला काठ, ढुङ्गा र माटोले बनेका घर छन् । अगाडिपट्टि घाम ताप्न, खलो चुट्न र अन्न सुकाउन मिल्ने खुल्ला दलान छ ।

अघिल्तिर एक खम्बे लिस्नो छ । हरेक घरमा लुङतर छन् - फिर्फिराइरहेका ।

छाम जोत लामाको घरमा पस्यौँ ।

काठे भऱ्याङ चढेर भित्र-भित्र हुँदै भान्सामै पुऱ्याए कोन्ज्योकले ।

'ओहो, कति तातो कोठा !'

त्यत्तिकै छ धुँवाको उकुसमुकुस । वरिपरि झर्केका थाल, कचौरा, गिलास । चाइनिज चुलो । तिब्बती गलैँचाको झिलिमिली । रङ्गीचङ्गी थर्मस र अनेक बोतलहरू । काठे ऱ्याकभरि थाल, बटुका, अङ्खोरा र काँटा-चम्चा भरिभराउ थिए ।

बस्न नपाई सत्कार पाइयो ।

कचौराका तीन ठाउँमा घिउ दलेर जाँड आयो । छाम जोतकी पत्नीले कपालमा तीन ठाउँमा घिउ दलिदिइन् । ठुली आमा थिइन् - कोन्ज्योककी । उनको आशीर्वाद पाइयो ।

बहुपति संसार हेर्न घर-घर पसेको छु ।

प्राचीन कालमा अनेक कारणले एउटी नारीले परिवारका सबै दाजुभाइलाई पति मान्ने चलन थियो । त्यो अहिले पनि केही ठाउँमा जीवित छ हुम्लातिर ।

जेठो दाजुसँग बिहे भए पनि सबै सम्बन्ध अन्य भाइहरूसँग पनि हुने रहेछ । पत्नीको रोजाइमा सहबास भए पनि जेठोको हकदाबी प्रायः हुने रहेछ ।

बहुपति प्रथाका आफ्नै विशेषता छन् ।

परिवारको सम्पत्ति बाँड्नु नपर्ने, घरको गोपनीयता भङ्ग नहुने, एउटै श्रीमतीबाट परिवारका सन्तान वृद्धि हुने, परिवार नफुट्ने आदि गहकिला पक्ष यो परम्परामा रहेछन् । त्यत्तिकै नराम्रा पक्ष पनि बहुपतिमा नभेटिने होइनन् ।

बटुको पर सारेँ । साह्रै कर गरेपछि चोती, दाल र केही गाँस भात खाएँ ।

अनि बिदा भयौँ हामी ।

काम्लो ओढेर बसेकी ठुली आमाले कुन्चेले दाँत कोट्याइन् । अनि फेरि काम्लोको दुई फेर अठ्याइन् । पिन्सियो नि आफ्नै खालको ।

बाहिर ओखर, आलु र स्याउ जतातातै फलेका, झुत्तिएका र बाटोभरि लटरम्मै देखिन्थे । कान्लैपिच्छे थिए घरहरू ।

बुराउँसे गाउँको उत्तरपट्टि छङ्छङाइरहेको थियो क्षुता लुङवा । घट्ट खोलामा पाँच/छ वटा घट्ट रहेछन् । घट्ट जानेहरूको ताँती नै थियो ।

अघिको टासीले टाउको चिलाउला जस्तो भयो । अब फेरि कति ठाउँमा घिउ दल्नुपर्ने होला । 'टासी' सम्मान सम्झें ।

उत्तरतिर गयौँ हामी ।

जोवाको छालामा उवा सुकाउने, छुर्पी राख्ने र गहुँ पोको पारिरहेकाहरू देखिन्थे । बोल्दा नि ती काममै जोतिइरहे'थे ।

घरैपिच्छे थिए मौरीका घार । ठुला-ठुला ढुङ्गा, काठे बाकस र धोद्रिएका मुढामा मौरीका घार बनाइएका थिए ।

उत्तरपट्टिको हिमाल चम्चमाइरहे'थ्यो ।

'बुरी खा भन्छौँ हामी !'

'टोपीटालेहरू पञ्चमुखी भन्छन् !'

हिमाल देखाएर कोन्ज्योकले भने ।

अलिक तल झोवा लामाको घरमा पस्यौँ ।

उनले पनि टासी सम्मान गर्दै घिउ दलिन् टाउकोमा । बटुको तेर्सियो उवाको जाँड । मैले ओठमा लगेर त्यत्तिकै छोडेँ ।

कोन्ज्योकका आँखा राता भइसके'थे ।

झोवाको भान्साबाट पनि उम्किनै पर्‍यो । बसिरहने धेरै समय थिएन । म बुराउँसेका भित्री संसारसँगै बहुपतिका जोडी खोजिरहेको थिएँ ।

खर्कबाट आएका गारा लामाले कराए कोन्ज्योकलाई - 'किन नपसेको घरमा ?'

तल्लो बाटोमा आइपुगे'थ्यौँ हामी । फेरि फर्केर पस्यौँ - गाराको घरमा ।

भऱ्याङ उक्लेर माथ्लो तलाको भित्री कोठा भएर भान्सामा पस्यौँ । खर्कबाट दूध, घिउ ल्याए'थे गाराले । छुर्पी बनाउन ठिक पारेको एक धोक्रो आलो नौनी थियो । हामीले दूध खायौँ - चौँरीको ।

कोन्ज्योकले थपी-थपी खाए झुमाको मोही ।

आठ/नौ झुमा पालेका गारासँग तिसौँ वर्षको खर्कको अनुभव रहेछ । छ/सात दुहुना झुमाको हेरविचार गर्न खर्क जाने गर्दा रहेछन् उनी ।

अहिले छोराले दार्चुलाबाट झुमा ल्याएकोले दूध राम्रै आएकोमा उनी खुसी थिए ।

'अघेर जमानामा मान्छे राम्रो । अचेल जमानाको मान्छे अर्कै भयाको ।'

गाराले अनुभव सुनाए ।

बाह्र/तेह्र वर्ष यतादेखि पाठा पाल्न छोडेछन् उनले । साह्रै हैरान पाएको उनको भनाइ थियो ।

'भेडासँग जाँदो, भारी बोक्तो अनि घुँडा दुख्दो !'

उनले पीडा सुनाए ।

गाराका कुराले छाती गह्रङ्गो पारी बिदा भयौँ । उनका कुरामा मन छड्किइरह्यो निकैबेर । दुःखसँग लडी-लडी हिँडेको ज्यानले कोसँग गर्ने हारगुहार ?

अलिक मास्तिर छिरिङ हिसी लामाको घरमा पस्यौँ । त्यहाँ पनि चिया र छुर्पी खायौँ । नसोधी जाँडको कचौरा तेर्सिइहाल्थ्यो । बाटोले जाँड नखा भने नि जाडोले कचौरा तान्न जोस्याउँथ्यो ।

झण्डै बाह्र बजेतिर हामी बस्तीको तल्लो फेदतिर झर्‍यौँ । यहाँबाट बुरीखा हिमाल अत्यन्तै सुन्दर देखिन्थ्यो ।

'हामीले कुनै बहुपति जोडीसँग भेट्यौँ त ?'

मैले खसखस पोखेँ ।

'भेट्यौँ नि । सोझै सोध्नु पो भएन त ।'

'कसैले भनी पनि हाल्छन् । धेरैको जोडाजोडी थाहा भइहाल्छ गाउँमा ।' कोन्ज्योकले कपालको घिउ पुछपाछ गरे ।

हिजोआज यौन सम्बन्ध, कानुनी जटिलता र अनावश्यक सामाजिक चासो हुने हुनाले बहुपति प्रथा कम हुँदै गइरहेको रहेछ ।

कुनै समय जेठो दाइ खर्कमा जाँदा वा भाइहरू व्यापारका लागि 'तल' जाँदा एकै पत्नीसँग दाजुभाइको आवश्यकताअनुसार सहबास हुन्थ्यो । खेतीपाती, अन्नपातको थोरैबाट पनि परिवार चलाउन सहज ठानिएको बहुपति हिजोआज व्यक्तिगत स्वतन्त्रताको खोजीसँगै घट्दै गएको सुनिन्थ्यो ।

कोन्ज्योकले बस्तीको माझमा पुगेपछि भने - 'कुन्डोल लामाले छिरिङ हिसी र पेमा छिरिङ दुई दाजुभाइलाई नै पति मानेर बसेकी छन्। रिञ्जिन लामाले नाक्पु र नरेन्द्रलाई पति मानेर जीवन बिताइरहेकी छन् बुराउँसेमै ।'

ओहो, म नाम सुनेर म झसङ्गिएँ !

मैले पति चैं भेटेको रहेछु । तर पत्नी भेटेर तिनको मुखबाट केही कुरा सुन्ने रहर औधी थियो मेरो । नपाएकोमा खिन्नता भयो । दिक्क लाग्यो ।

'सिमीकोट बजारमै एउटी दिदी छन् । उनी डराउँदिनन् आफ्ना कुरा भन्न ।

'म भेटाइदिउँला नि !' कोन्ज्योकले मेरो पिरलो बुझेर भने ।

छ्यो कोजोङ, लामा कोजोङ, गेनुन कोजोङ अर्थात् ३ भगवान्लाई सम्मान गर्दै तीन ठाउँमा दलेको घिउको पित्को मेरो कपालमा घामले बगाइरहे'थ्यो । म बुराउँसे गाउँको चालचलन अलि-अलि बुझ्न पाएकोमा हर्षित थिएँ ।

अघिल्लो दिन बाटोमा बहुपतिबारे बुझेका कन्जोक लामाले मलाई टिपाए'थे - 'हाक्पामा तीन, लामा खोल्सीमा दुई, खगाल गाउँमा चार, च्यादुकमा तीन, केर्मीमा छ, यालबाङमा दुई, याङ्गरमा दुई, मुचुमा दुई, तुम्कोटमा एक, यारीमा तीन, वरगाउँमा तेह्र, तोर्पामा छ, लिमाटाङमा नौ, बुराउँसेमा सत्र बहुपतिवाला परिवार छन् ।'

अनौठो मान्यता र संस्कृतिमा बाँचिरहेको बहुपति प्रथा हुम्लाका यी लामा गाउँबाहेक अन्त छैन होला ।

बुराउँसेबाट अघि आएकै बाटो हामी फर्किरहेका थियौँ । घाम चर्केको थियो । हावा पनि सिर्सिराइरहेकै थियो । हिउँ पनि फुसफुसाइरहे'थ्यो मास्तिर । पूरै नयाँ संसार पढेर फर्किएँ म बुराउँसेबाट !

●

नियात्रा

# उरुबाम्बा उपत्यका

● गीता खत्री
न्युयोर्क

गोधुलितिर हामीलाई पेरु रेलले उरुबाम्बा उपत्यकामा पुऱ्याइदियो । त्यहाँ पुग्नुभन्दा केही अगाडिदेखि नै पानी पर्न सुरु भइसकेको थियो । यो क्षेत्रमा कति बेला घाम लाग्छ र कति बेला पानी पर्छ र कतिबेला हुरीबतास चल्छ, निश्चित नहुने कुरा हामीले थाहा पाइसकेकोले छाता र रेनकोटको बन्दोबस्त गरेरै आएका थियौँ । रेलबाट उत्रेदेखि छाता आवश्यक भइहाल्यो । हामीले बास बस्ने होटेल स्टेसनबाट हिँडेर पाँच मिनेटजति टाढा रहेछ । अस्थायी खाले बजार जसलाई म खातेबजार भन्न रुचाउँछु, स्टेसनबाट होटेलसम्मको बाटो यिनै खातेबजारको बिचबाट जाँदोरहेछ। हामी छाता र रेनकोटले छोपिएर होटेल पछ्याउँदै हिँडिरह्यौँ। बुक गरेको होटेल त्यहाँको सबैभन्दा राम्रो दर्जामा पर्नेरहेछ । बजारको अन्तिम लाइनमा होटेल रहेछ । त्यसपछि कुनै बस्ती छैन । यही बाटोबाट सबै बसहरू 'माच्चुपिच्चु' को टुप्पासम्म यात्री लिएर जाने र फर्कने गर्दा रहेछन् । अलि-अलि भिज्दै, अलि-अलि रुझ्दै सुमाक होटेल पुग्यौँ । होटेल विशाल थिएन । भीडभाड र चहलपहल भने निकै थियो । रुझ्दै पुगेका हामीलाई ढोकामा नै स्वागत गर्न आइपुगिन् पेरुभियन सुन्दरी । हाम्रो चिसो छाता लिएर अगाडिको बिनमा राखिन् । हामीलाई सजाएर राखिएको काउचमा बस्न अनुरोध गरिन् । त्यसपछि हामीहरू सबैको पासपोर्ट लिएर रिसेप्सन डेस्कतिर गइन् । केहीबेरपछि हामीलाई छुट्याइएको कोठाको कागजी साँचो (की कार्ड) लिएर आइन् । त्यसपछि हाम्रो गाइड ओस्कार भोलि बिहान छ बजे होटेल आइपुग्ने वाचा गर्दै हामीबाट बिदा भयो । समय बितिसकेको त थिएन तर पनि रात खसिसकेको थियो । पानी बन्द भएको भए एकछिन बाहिर घुमेर आएपछि होटेलभित्रै रातिको भोजन गर्ने विचारले बाहिर निस्कियौँ । पानी बन्द भइसकेको रहेछ । पहाडको बिचमा भएर हो कि, निशा निकै बाक्ली भइसकेकी थिइन् । बजारतिरको पातलो बत्तीले अलि-अलि बाटो देखिन्थ्यो । कतै हिलो, कतै पानीको खाल्डाखुल्डी पनि थिए । ठुलो ठाउँ नभएकाले हामीले आँट गरेर निस्कियौँ । मधुरो प्रकाशमा बजारभरि मान्छे थिए । अन्य किनमेलमा भन्दा

पनि रेस्टुरेन्ट, बारहरू खचाखच थिए । साथै मुग्लिनतिरकै जस्तो भात खानलाई हात समातेर तान्न आउनेको पनि भीड थियो । सबै रेस्टुरेन्टमा हात तान्नका लागि मान्छे खटाउने चलन रहेछ । कतै रक्सीले मातिएर बसेका जवानहरू पनि देखिए । यसरी हिँड्दै जाँदा एउटा राम्रो चर्चको ढोकामा पुग्यौँ । त्यतिबेला पनि प्रार्थना गर्नेहरूको भीड थियो । एक घण्टाजति घुमेर फेरि होटेल फर्कियौँ । कतै-कतै ज्यादै अँध्यारो भएकाले फोनकै फ्ल्यास लाइट पनि बाल्नुपर्‍यो । भोलिको दिन पानी नपरोस् भन्ने कामना गर्दै त्यो रात 'सुमाक' मा बितायौँ ।

उज्यालोमा एक, दुई घण्टाको मेरो सोचाइ, मेरो भोगाइ र मेरो देखाइमा यो ठाउँको नाउँ 'उरुबाम्बा खोँच' हुनुपर्ने हो । तर सक्कली नाउँ 'उरुबाम्बा उपत्यका' राखिएको छ । उपत्यका भनेर भन्नु उपयुक्त जस्तो मलाई लागेन । मैले भोगेको काठमाडौँ उपत्यका, मैले देखेको पोखरा उपत्यका, अनि मैले सुनेको दाङ उपत्यका पो उपत्यका हुन् । विशाल डाँडाहरूले चारैतिरबाट घेरिएको, बिचमा विशाल समथर भू-भाग भएको ठाउँ पो उपत्यकाको परिभाषाभित्र पर्छन् । अग्ला-अग्ला डाँडाको बिचमा खोला, खोलाको किनारतिरको केही भू-भाग समथर, केही भिरालो खोँचकै परिभाषामा पर्नुपर्ने हो । यहाँ तलतिर उरुबाम्बा नदी कञ्चन पानी लिएर छङछङ बगिरहेकी छे । नदी सडकबाट करिब बीस, पच्चिस फिटजति तल मात्रै हो । नदी भएतर्फ एउटा अग्लो पहाड छ, जसको टुप्पो हेर्नका लागि पूर्वेली ढाकाटोपी लगायो भने त्यो टोपी पछाडि नखसेसम्म टुप्पो देखिँदैन । ओबेस मान्छे पर्‍यो भने त उसको पेट नै त्यो पहाडको छातीमा ठोक्किन पुग्ला-पुग्ला जति नजिक छ । खोलावारि जहाँ हामीहरू अहिले बस पर्खिरहेका छौँ, यतापट्टिको पहाड अलि सानो र अलिकति पछि हटेको जस्तो देखिन्छ । पछि हटेको भन्नु भन्दा पनि आमाले आफ्नो प्यारो छोराछोरीलाई काखमा राख्नको निम्ति काख फैलाएको जस्तो । आमाको काखमा जति बस्ती अटन सक्छ, त्यति नै हो 'उरुबाम्बा उपत्यका' । यहाँको बस्ती भन्नु नै बन्द व्यापार हो । त्यसैले ती घरबस्ती, होटेल, लज, रेस्टुरेन्ट र पसलहरू नै यहाँको बस्ती र बासिन्दा हुन । यीबाहेक यहाँकै स्थायी वस्तु र स्थायी बासिन्दा केही भएजस्तो मलाई लागेन । पर्यटन व्यवसायका लागि मात्र सिर्जना गरिएको बस्ती हो । यहाँ भेटिने मान्छेहरू कि त पर्यटक हुन्, कि त व्यापारी हुन्, कि त कामदार ।

हामीहरूको अन्धविश्वासी परम्परा भन्छन् - खै के हो ? भगवान्ले सबै मान्छेलाई के भन्छन् रे भने - 'हे मानव हो, तिमीहरू आँट गर, म तिमीहरूको साथमा हुनेछु । म तिमीहरूको चाहना पूरा गरिदिनेछ ।' बिहानको नित्यकर्म

सकेर साढे छ बजेतिर हामी बिहानको खाना खान होटेलको डाइनिङ हलमा सामेल भइसकेका थियौँ । खाना खाने मन नभए पनि त्यो डाडाँको टुप्पामा के राम्रो खाना मिल्ला, कुन बेला खानाको समय मिल्ने हो, निश्चित नभएकाले रुचेको खाने निधो गऱ्यौँ । सात बजेतिर ओस्कारको प्रतीक्षा गर्दै होटेल बाहिर निस्कियौँ । यतिबेला पानी पर्ने कतै छाँट थिएन । नीलो आकाशमा बादलका टुक्राटाक्री पनि थिएनन् । कलिलो घाम तिनै वरिपरिका पहाडको टुप्पालाई म्वाइँ खाँदै-खाँदै तल-तल आइरहेको थियो । हामी वरपर देखिने खोलानाला, ढुङ्गा, बगर, रूखपात, गल्छी आदि राम्रो लागेका जति चिजबिज, वस्तु सबैको तस्बिर लिँदै थियौँ, ओस्कार आइपुग्यो । होटेल चेक आउट गरेर हाम्रा सामानहरू ट्रेन स्टेसनमा पुऱ्याइदिनका लागि होटेलका मान्छेलाई जिम्मा दिइसकेका थियौँ । उनीहरूलाई हामीले चढने ट्रेनको नम्बर र समय पनि दिएका थियौँ । त्यसैले अब हामी एउटा हाते झोलामै ओस्कारका साथ बस स्टपतिर लाग्यौँ । बस स्टप धेरै पर थिएन । बिहान छ बजेदेखि नै बसहरू माच्चुपिच्चुतिर दौडन थालिसकेका थिए । बसमा चढ्ने यात्रीहरूको लाइन भने निकै लामो थियो । पहाडी बाटोमा चल्न पर्ने बस भएर होला धेरै ठुला थिएनन् । बसमा तीसपैतिस जना जति बस्न मिल्ने । बस पालैपालो गरेर आइरहेका थिए, यात्रीहरू पनि पालैपालो चढिरहेकै थिए । करिब एक घण्टाजतिमा हाम्रो पालो आयो । यी बसहरू एउटै रङ र एउटै साइजका थिए । सायद एउटै कम्पनीले ठेक्का पाएको होला । बस हरियो रङको, सफा सिट, सिटमा पनि नम्बर लगाइएको थियो । तर जो जता बसे पनि हुने । लामो दूरी नभएकाले जुन सिटमा बस्दा पनि खासै फरक नपर्ने । बस आरामदायी थिए ।

बसको ताँती एकपछि अर्को गर्दै जङ्गलको बिचमा बनेको बाटोमाथि विभिन्न साना-ठुला डाँडाहरूको खोँच, भञ्ज्याङहरू पार गर्दै उकालो लागिरहेको थियो । जति-जति बस माथि पुग्थ्यो, त्यसमा पनि डाँडाको पूर्वी पाखामा पुग्दा कमलो घामले छोएका परपरसम्म देखिने सुन्दर हरिया पहाडहरू, नीलो आकाश अनि गहिरो फेदी र ठाउँ-ठाउँमा देखिने नागबेली सडकको चित्र मान्छेले जीवनमा विरलै देख्न सकिने अवस्था हो । ती दृश्यहरू जीवन रहेसम्म मुटुभित्र बसिरहने छाप पनि हो । कुनै-कुनै भञ्ज्याङबाट माच्चुपिच्चुको दृश्य पनि झल्याकझुलुक देखिन्थ्यो । ती दृश्यहरूलाई आँखा नझिम्क्याई हेर्दै, कहिले अत्तालिँदै कहिले चिच्याउँदै र तिनलाई मनभित्र सजाउँदै हामी माच्चुपिच्चुको ढोकामा पुग्यौँ । यो यात्रा करिब आधा घण्टाजति थियो ।

बसबाट उत्रियौँ। पहाडै त हो, फराकिलो ठाँउ त थिएन। बस घुमाउनसम्म पुग्ने ठाँउ थियो । यहाँबाट भित्र पसेपछि बाथरुमको व्यवस्था रहेनछ । त्यसैले सबैले आ-आफ्नो बन्दोवस्त यतै गरेर भित्र जानु उपयुक्त । बाथरुम गइरहनुपर्ने यात्रीलाई भने अलि अप्ठेरो नै पर्नेरहेछ। हामी पनि बाथरुमतिर लाग्यौँ। बाथरुममा बेग्लै प्रवेश शुल्क पो रहेछ। एक जनाको एक सोल। एक अमेरिकी डलर बराबर तीन पेरुभियन सोल सटही दर रहेछ । यस हिसाबमा माच्चुपिच्चुमा बाथरुम त महङ्गै पऱ्यो । नेपाली रुपैयाँमा त तीसपैँतिस नै भयो । पहाडको टुप्पोसम्म पुऱ्याएको सेवाका लागि त्यति त चल्ला नि !

'माच्चुपिच्चु' पेरुको कुस्को राज्यस्थित 'आन्डिज' पर्वत शृङ्खलामाथि पन्ध्रौँ शताब्दीमा 'इन्का' जातिले बनाएको बलियो ढुङ्गैढुङ्गाको किल्ला हो । यसको उच्चाइ समुद्र सतहबाट ७,९७२ फिट माथि छ । मानवबस्तीका लागि विभिन्न कुराहरूको आवश्यकता हुन्छ । माच्चुपिच्चुसँग सायद ती सबै कुराहरूको अभाव थियो होला। तिनै कुराहरूलाई महसुस गरेर समयको प्रवाहसँगै इन्काहरूले बिस्तारै यसलाई छोडिदिए । यो ठाउँको मुख्य विशेषता भनेको यहाँ बनेका विशालकाय ढुङ्गे घरहरू र ढुङ्गेलो बारी नै हो। घर बनाउन प्रयोग गरिएका ढुङ्गाहरू यति विशाल छन् कि तिनका तौलको अन्दाजसम्म पनि गर्न सकिन्न । दस/बीसजना जवान मान्छेले त हल्लाउन पनि सक्दैनन् होला । ती ढुङ्गाहरूको कटाइ यति राम्रो र चारकुना मिलेको छ कि आजभोलिको मेसिनले काटेर मिलाएको भन्दा पनि राम्रो देखिन्छ। ती ढुङ्गाहरूको जोडाइ सिमेन्ट, बालुवा, माटो, ढुङ्गा आदि कुनै पनि वस्तुको प्रयोगबिना नै गरिएको छ। कुनै घर एक तल्लाका छन् भने कुनै घर दुई/तीन तल्लासम्मका पनि छन्। सबैभन्दा माथि केही समथर (अन्दाजी दस/बीस बिघाजति) जग्गा छ होला। यो समथर जग्गाको तीनैतिर भिरालो पहाड छ। त्यो भिरालो पहाडलाई पनि ढुङ्गैढुङ्गाको पर्खाल लगाएर तल्लातल्ला बनाएर खेतीको निमित्त जग्गा बनाइएको छ। तीन/चार फिटदेखि दस/बाह्र फिटसम्मको चौडाइका साना-साना सुर्काहरू बनाइएका छन्। तिनै सुर्काहरूमा त्यसबखत त्यहाँ बसोबास गर्ने 'इन्का' हरूले आफूलाई आवश्यक पर्ने अन्नबाली लगाउँथे अरे ! अहिले पनि ती सुर्काहरूमा हरियो दुबो उम्रिएर बारी हरियै देखिएका छन्। माथि टुप्पाबाट हेर्दा यस्तो देखिन्थ्यो 'उरुबाम्बा' खोलादेखि माथिसम्म ढुङ्गैढुङ्गाको भऱ्याङ लगाइएको छ । जिउज्यानको खतरा हुने भएकाले अहिले यात्रीहरूलाई कुनै पनि सुर्कातिर जाने वा ओर्लने अनुमति छैन। हरेक सुर्कातिर ओर्लन सक्ने ठाउँमा सुरक्षाकर्मीहरू

तैनाथ गरिएका छन् । 'लामाहरू' आ-आफ्ना बच्चाबच्ची तथा परिवारसहित त्यही हरियो दुबोमा चर्दै थिए । उनीहरूका चिटिक्क परेका पाठाहरू, जसलाई 'अलपाका' पनि भनिन्छ, दुबोतिर नहेरी आफ्नी आमाको मिठो दूध चुसिरहेका थिए । अन्दाजी दुई/तीन हजार यात्रीहरू रङ्गीचङ्गी पहिरनमा हरियो डाँडाभरि छरिएका थिए । एक टुक्रा बादल पनि नदेखिएको नीलो आकाशलाई हातैले छुन सकिन्छ कि जस्तो । फुत्त उफ्रेर एउटाबाट अर्को डाँडामा पुग्न सकिन्छ कि जस्तो लाग्ने । मानौँ, 'माच्चुपिच्चु' आफै एउटा सप्तरङ्गी पहाड हो । मलाई त लाग्यो स्वर्गको एउटा टुक्रा धर्तीमा हामीलाई स्वर्गीय आभास दिन देवीदेवताहरूले पठाइदिएका हुन् । बिहान बस चढ्ने बेलाको विशाल लाइन र भीड देख्दा त हामीले माथि गएर फोटा खिच्ने ठाउँ पनि पाउँदैनौँ कि जस्तो लागेको थियो । मान्छे जतिसुकै धेरै भए पनि प्रकृतिका अगाडि केही होइन रहेछ । बिहानको भीड डाँडाभरि छरिँदा त कता हो कता । यस तीर्थस्थलमा एकैछिन बसेर सोच्दा यस्तो लाग्थ्यो कि आधुनिक स्वर्ग यही हो । सिद्धार्थ गौतमले जस्तै घरपरिवार छोड्नसक्ने भए, पेटपूजा गर्न नपर्ने भए, केटाकेटीको भविष्यको आशामा डुब्न नपर्ने भए र जिन्दगीका अनगिन्ती आशा र रहरहरू मनबाट निकाल्न सक्ने भए यही माच्चुपिच्चुको शिखरमा आएर ध्यानमा बसिदिन्थेँ । यत्रो दुःखकष्ट झेलेर इन्काहरूले यो किल्लाको निर्माण किन गरेका होलान् । यसको रहस्य बाहिर आउन अझै सकेको छैन । यहाँ दिनमा पच्चिस सयभन्दा बढी पर्यटकहरूले पाइला टेक्छन् अरे ! हामी तिनै पच्चिससय भित्र पर्‍यौँ । चार घण्टा बितेको हामीलाई पत्तै भएन । हामीलाई त्यही दिन कुस्कोसम्म फर्कनु थियो । तल-माथि दायाँ-बायाँ उक्लँदा-ओर्लंदा हामी थाकी पनि सकेका थियौँ । जीवनमा कहिले नदेखेको अति सुन्दर र मनमोहक सपनामयी ठाउँप्रतिको हाम्रो आर्कषण र उत्ताउलोपनाले मात्रै हामीलाई शक्ति दिइरहेको थियो । भोक लागिसकेको थियो । त्यसैले हामी माच्चुपिच्चुबाट बिदा लिने मुडमा अघि बढ्न थाल्यौँ । माच्चुपिच्चुको सेरोफेरो घुमेर प्रवेशद्वारमा आइपुग्दा-नपुग्दा मेरो मन माइतीबाट बिदा हुन लागेकी बेहुलीको जस्तो हुन पुगेछ । यहाँबाट मलाई टाढिनु थियो नै, बस्न आएको त हैन । तैपनि कमलो मन पग्लियो । ढोका बाहिर अध्यागमन कार्यालयजस्तै एउटा टेबुल राखेर अध्यागमनको छापजस्तै 'माच्चुपिच्चुको भ्रमण गरेर प्रस्थान' पुरातात्विक पार्क, माच्चुपिच्चुको छाप पासपोर्टमा लगाइदिने चलन रहेछ । यो पनि आफूले भ्रमण गरेको तिथि, मिति र समय सम्झनामा राख्न सजिलो बनाइदिएको राम्रै लाग्यो । बसमा बिहानको जस्तो भीड थिएन । खिन्न मन लिएर हामी सबैजना बसमा बस्यौँ ।

# जीवन अघि बढ्नका लागि हो, लड्न होइन

● आचार्य राजन शर्मा (भीमसेन सापकोटा)

कुनै पनि सफल र शक्तिशाली व्यक्तिको जीवन सजिलो विगतको जगमा अडिएको हुँदैन । तसर्थ घाउका खतहरू हेरेर दुःखी हैन गौरवान्वित बन्नुहोस् । किनकि ती खतहरू उनै तपाईंलाई सफल बनाउने कारक बन्न सक्छन् । उड्ने चाहना राख्ने मान्छेले पहिला उभिन, हिँड्न र दौडन सिक्नुपर्दछ । अनि टाढाको गन्तव्य राख्ने मान्छेले थकाईलाई चुनौती दिँदै लामा फड्का मार्नै पर्छ । प्रकृतिको नियम नै यस्तै छ कि, जसको जुन कुरामा उत्कट इच्छा हुन्छ, त्यसले त्यो प्राप्त गरेरै छाड्छ । यसको उदाहरण हो, पशुपंछी । पशुपंछी सबैलाई प्रकृतिले भोकै राख्दैन तर गुँडमा गएर भने कसैले पनि भोजन वितरण गर्दैन ।

त्यस्तै तपाईं चाहना गर्नुहोस् असल कुराको, त्यसपछि त्यो चाहना, अरूलाई घात नगर्ने खालको छ, तपाईं त्यसमा लगातार लाग्नुभएको छ, त्यसमा तपाईंको निष्ठा गाँसिएको छ भने त्यो वस्तु प्राप्त गर्न मन्दिर, चर्च वा मक्काहरूमा धाउनै पर्दैन तपाईंलाई खोज्दै ईश्वर नै अनेक रूपमा त्यो वस्तु दिन आइपुग्ने छन् ।

सपना देखेर मात्र साकार हुँदैन, त्यसलाई साकार गर्न सङ्घर्ष गर्नुपर्छ । अमेरिकी पूर्व राष्ट्रपति अब्राहम लिङ्कनले एकदिन भनेका थिए – 'म एकदिन यो देशको प्रभावशाली राष्ट्रपति बनेर दासप्रथा उन्मूलन गर्नेछु ।' यो सपना देख्दा उनी सामान्य र छाक टार्न नसक्ने गरिब थिए तर उनको त्यो सपना र सपनालाई निरन्तर सिँचाई गर्ने कडा प्ररिश्रम र आत्मविश्वासले उनलाई त्यो प्रभावशाली व्यक्ति बनाई छाड्यो । उनले शरीर छाडेको युग बितिसक्यो तर आज पनि अमेरिकाको वासिङ्टन डिसीस्थित उनको 'लिङ्कन मेमोरियल' अगाडि पुगेर विश्वका करोडौं मानिस श्रद्धाले शिर झुकाउँछन् । हाम्रै देशका कवि देवकोटाले लेखेको उक्ति आज पनि संसारको प्रेरणा बनिरहेको छ, 'उद्देश्य के लिनु उडी चन्द्र छुनु ।'

असफल हुनासाथ हामी भन्ने गर्छौं कि 'मलाई समयले कहिल्यै साथ दिएन' तर प्रकृतिले मानिसअनुसारको घडी कहिल्यै बनाएको हुँदैन ।

संसारमा असम्भव भन्ने केही छैन र मैले गर्न लागेको काम असम्भव अवश्य छैन भन्ने विचार मनमा राख्नुहोस् । तपाईं आफ्नो काममा मन लगाएर र आफ्नो पुरा शक्ति लगाएर गर्नुभएमा जस्तोसुकै काम पनी पुरा गर्न सक्नुहुन्छ । अरूलाई असम्भव लागेका कुराहरू पनि तपाईंले गर्न सक्नुहुन्छ। संस्कृत सुभाषित श्लोकमा भनिएको छ 'जो इच्छामात्र राख्छ, इच्छाको दास बन्छ - प्राप्तिका लागि कुनै पहल नै गर्दैन, ऊ सधैँ संसार र सांसारिक वस्तुको दास बन्छ, जो इच्छाहरूभन्दा माथि उठ्छ, उसको यो संसार नै दास बनिदिन्छ ।

आशायाः ये दासाः तेदासाः सर्वलोकस्य ।
आशा येषां दासी तेषांदासायते लोकः ॥

आज सोचेको भोलि नै पुगेन भनेर निराश नहुनोस् । तपाईं जन्मिन पनि त नौ महिना लागेको थियो । रूखमुनि पुरिएका बीजहरू उम्रिएर फेरि ठुलो रूख बन्न कयौँ वर्षा, घाम, तुषारो र आँधी सहन गर्नुपर्छ । थोमस एल्बा एडिसनलाई विद्युत पत्ता लगाउन ९९९ पटक असफलताको झापड सहनु परेको थियो । तसर्थ यी पङ्क्ति पढ्नासाथ एउटा विचार गर्नुहोस् कि, संसारमा सबैभन्दा ठुलो शक्ति, बम, बारुद र गोलाभन्दा बेजोडर ईश्वर वा प्रकृतिभन्दा पनि मजबुत वस्तु 'विश्वास' छ । त्यो विश्वास अरूले बनाइदिएर हुँदैन आफैँ बन्नुपर्छ, एकपटक त्यो जगाएर हेर्नुस् तपाईं तपाईंको रोजाईको जुनसुकै क्षेत्रमा पनि सफल हुन सक्नु हुनेछ । आजै सफल भइएन, धन, दौलत कम छ, जीवन निराशामा गयो, यस्तो सोचमा कहिल्यै नपर्नुहोस् । तपाईंसँग रुनका लागि १०० दुःख छन् भने हाँस्नका लागि हजार सुख हुन सक्छन् । जीवनलाई हेर्ने र सोच्ने आ-आफ्नो दृष्टिकोण हुन्छ ।

कारण त्यही हो, अनुभव, परिस्थिति, मूल्य-मान्यता, सङ्गत त्यो अनुसार फरक हुन्छ । कसैले बनाइदिएको पद, प्रतिष्ठा, सम्पन्नताको असली मालिक तपाईं हुनुहुन्न । 'बोकेको कुकुरले मृग मार्दैन ।' आफ्नै खुट्टामा उठ्न नसकेर अरूको बलमा उठ्न खोज्ने मान्छे अरू गल्नासाथ जतिबेला पनि ढल्न सक्छ । तसर्थ अरूको भरमा सम्राट बनेर पनि दुःखी हुनुभन्दा स्वाभिमानी भिखारी बनेर खुसी हुनु जाति ।

आफु खुसी रहन सक्नु र नसक्नु आफैँमा भर पर्छ 'त्यसैले त भाग्वद् गीता भन्छ, 'मनएवमनुश्याणां कारणं बन्धमोक्ष यो ।' यस्तै हेलनकैलरले भनेकी छिन् 'आशावादिताले मानिसलाई दुःख र आपतको आँधीबाट सुख र सफलताको शिखर चुम्न सिकाउँछ ।'

शरण राईको यो लघुकथाले झैँ मरेर पनि कसरी अमर रहन सकिन्छ त एउटा सुखद तरङसहितको सन्देश जोडौँ ।

'एकदिन मर्नैपर्छ । किन नखाने रक्सी ?' भन्दै क्षणिकले रक्सी छाडेन ।

'एकदिन म राष्ट्रपति हुन्छु । रक्सी छाडेर बाँच्यो भने हेर्ने छौ ।' शिक्षकले भनेको थियो ।

'हा ... हा ... हा ...' यो सुनेर मरीमरी हाँस्दै क्षणिकले भनेको थियो, 'राजतन्त्र भएको देशमा राष्ट्रपति ?'

क्षणिकले रक्सी छोडेन । पत्नीले आजित भएर उसलाई छाडी । सम्पत्ति र स्वास्थले उसलाई छाड्यो । एकदिन रक्सी खाँदाखाँदै उसले धरती छाड्यो । शिक्षकले पनि राजनीति छाडेन । राजनीतिको नसा रक्सीको भन्दा डरलाग्दो हुन्छ । पहिला-पहिला ऊ प्रजातन्त्रका लागि लड्यो । प्रजातन्त्र प्राप्तिपछि लोकतन्त्र र गणतन्त्रका लागि लड्यो । सपनामा पनि नचिताएको गणतन्त्र प्राप्त भयो ।

धेरै वर्ष पहिला क्षणिकले रक्सी छाडोस् भनेर मात्र 'आफू राष्ट्रपति हुन्छु' भनेको थियो । उसले पनि नसोचेको कुरा, ऊ राष्ट्रपति हुन्छ । राष्ट्रपति भएपछि ऊ युवाकालको साथी क्षणिकलाई सम्झन्छ । 'एकदिन मर्नै पर्छ' ऊ भन्थ्यो ।

'एकदिन मर्नै पर्छ' सम्झेर राष्ट्रपति शिक्षकको आँखामा आँसु टलपल गर्छ ।

'देश र जनताको मायाले राष्ट्रपति शिक्षकको आँखामा आँसु टलपल गरिरहेको छ ।' समर्थकहरूले तस्बिरसहित प्रचार गर्छन् । 'एकदिन मर्नै पर्छ' सम्झेर लोभ पापको दलदलबाट उनी टाढा रहन्छन् र लोकप्रिय हुन्छन् ।

'एकदिन मर्नैपर्छ !' जसले यो सम्झेर काम गर्छ, उसले नराम्रो काम गर्दैन ।

राष्ट्रपति वा सर्वसाधारण आममान्छे सबैले एकदिन मर्नै पर्छ । राम्रा काम गर्नेहरूको अन्तर्मनमा जुन सन्तोष हुन्छ, नराम्रा काम गर्नेहरूको ठुलो दुर्भाग्य उनीहरूले कहिल्यै त्यस्तो सन्तोष अनुभूत गर्न सक्तैनन् ।

राम्रा काम गर्नेहरू मरिसकेपछि पनि मानिसहरूको हृदयमा जीवित रहन्छन् । तर नराम्रा काम गर्नेहरू मर्नुभन्दा अगाडि नै मानिसहरूका आँखामा मरिसकेका हुन्छन् ।

मानिस जब आफ्नो खुसीको मालिक आफैँ बन्छ तब उसलाई संसारको विरक्तिको विषादीले कहिल्यै छुन सक्दैन ।

तपाई, वा म हामी सबै त्यो खुसीको सम्राट बन्न सक्छौँ, मात्र जरुत छ त्यो उत्कट रुचिको । ●

# गीत/गजल/मुक्तक खण्ड

गीत

# देशमाथि

● ज्योति पौडेल
न्युयोर्क

परेवाका एक जोडी घरको धुरीमाथि
माया प्रीति यस्तै रहोस् मेरो देशमाथि ।

एक चिम्टी माटो लिई निधारमा लाऊँ,
यै देशको बयानमा यौटा गीत गाऊँ
तिहारमा फूलको तोरण सातै नदीमाथि
सुखशान्ति यस्तै रहोस् मेरो देशमाथि ।

चारैतिर हरियाली निर्मल आकाशमुनि
झुत्ती खेल्छन् बयेलीमा ज्योति छायाँ पनि
यै देशमा बिच्छ्याइदिऊँ धर्तीजत्रो छाती
श्रद्धा-भक्ति यस्तै रहोस् मेरो देशमाथि ।

●

मुक्तक

# मुक्तक

● सुनील संगम
बेलायत

कुरो चाहिँ मिठो गजब आहा सरकार अपार गर्छ
आत्तिनु पर्दैन निर्धक्क भन्छ सरकार उद्धार गर्छ
के गर्नु नागरिकको पीडा दुःख त आफैसँग रहेछ
यहाँ उद्धारको नाममा पनि सरकार व्यापार गर्छ ।

●

मुक्तक

# मुक्तक

● रूपक श्रेष्ठ
बेलायत

टिपेर कुर्चीमा चढाउने तल्लाघरे भाइ बनेको छ
ढल्दाढल्दै थमाउने माथ्लाघरे दाइ बनेको छ
महाभूकम्पको महालक्ष्मी भित्र्याइनसक्दै फेरि
कोरोना उसलाई अर्बौंको जर्सी गाइ बनेको छ ।

●

गीत

# पारि हरियो

● डा. ऋषि बस्ताकोटी
नर्थ क्यारोलाइना

वारिबाट पारि हरियो, पारिबाट वारि हरियो
यो जिन्दगी हरियोकै भ्रममा परियो ।

छितिजपारि राम्रा-राम्रा डाँडापाखा देख्छु
सपनाका चुलीहरू त्यही हेरेर लेख्छु
सपनाकै पछि लागी के-के गरियो
वारिबाट पारि हरियो, पारिबाट वारि हरियो
यो जिन्दगी हरियोकै भ्रममा परियो ।

जाडो हुँदा जिन्दगीमा तातो खोज्दै हिँडें
सेतो मिल्दा जिन्दगीमा रातो खोज्दै हिँडें
कहिले यता, कहिले उता, धेरै सरियो
वारिबाट पारि हरियो, पारिबाट वारि हरियो
यो जिन्दगी हरियोकै भ्रममा परियो ।

●

# गजल

● ज्ञानेन्द्र गदाल

पाप होस् या पुण्य, लाख होस् या शून्य,
स्वीकार मनले गरेपछि, धर्मराउनु हुन्न ।

आफ्नो भलाई हेर्ने, सुझाव आउन सक्छ,
भनून जसले जे भनून, लड्खडाउनु हुन्न ।

स्वार्थ बोल्न सक्छ, मुटु पोल्न सक्छ,
निलकण्ठ बन्नलाई, तिल्मिलाउनु हुन्न ।

क्षमाभन्दा ठुलो, पुण्य केही छैन,
प्रतिशोधको भावनाले, छटपटाउनु हुन्न ।

तँछाडमछाड गर्दै, हत्ते हाल्छन् मानिस,
आखिर जाने त घाटमै, गड्गडाउनु हुन्न ।

●

## गजल

● गोबर्द्धन पूजा
बोस्टन, अमेरिका

जहाज चढी विश्वभरि आयो कोरोना,
त्रास बोकी मुटुभरि छायो कोरोना ।

चीन भन्छ हाम्ले होइन आफै आएको हो,
ट्रम्प भन्छन् चिनियाँले ल्यायो कोरोना ।

न त यसलाई भिसा चाहिने न त निम्तो-पत्र,
बिन्ती मलाई भन्दे कसले बनायो कोरोना ।

सास फेर्न गारो भयो, खोक्न हुँदै हुन्न,
मान्छे भन्छन्, जिन्दगी नै रुवायो कोरोना ।

बनाएर विज्ञानको यस्तो कारागार,
सुन्न पाइयोस् औषधिले समायो कोरोना ।

दुनियाँको मुटु-फोक्सो खाई नअघाउने,
छिट्टै आओस् भन्ने दिन अघायो कोरोना ।

●

## गजल

● नीलकण्ठ सुवेदी
सचिव, अनेसास डि.सी. च्याप्टर

देशको माया बढेर गयो नेपाल रुँदै छ,
दक्षिण आँखा लागिनैरह्यो नेपाल रुँदै छ।

फुटायो भाइ उसैका लागि फाइदा ठानेर,
छिमेकी हाम्रो हाँसेर खायो नेपाल रुँदै छ।

नेपाली युवा मुग्लान पारी सम्झेर स्वदेश,
पलायो आशा वेदना सह्यो नेपाल रुँदै छ।

झगडा हामी नगरौँ सधैँ मिलेर बसौँ न,
सबैका सामु नराम्रो भयो नेपाल रुँदै छ।

वरिष्ठ नेता नझुक त्यता बेहाल नपार,
मनमा हाम्रो विरक्ति छायो नेपाल रुँदै छ।

●

# गजल

● **निरु न्यौपाने**
लिस्बेन, पोर्चुगल

माया गर्छु तिमीलाई भन्दिनँ तिमी मन पराउँछौ,
सपनीमा नसोधी आउछौ विपनीमा कता हराउँछौ ?

झल्किन्छ अपार प्रेम झुकेका प्यासी नजरहरूमा,
प्रेमिल भाका नजरका कि अधरले भन्न डराउँछौ ।

तिम्रो एक इसारा कुरेको पनि बर्सौं भएछ,
पक्का एकदिन मायाको भिखारी बनाउँछौ ।

बाबा आमापछि धेरै माया गरेको एक मान्छे,
मेरो त्याग अनि समर्पण के सार्थक गराउँछौ ?

गन्तव्य यो प्रेमको अन्तिम सास तिम्रो काख,
नजरमा एक नजर त मिलाउ सत्य ठहराउँछौ ।

●

# केही मुक्तक

● **आनन्द श्रेष्ठ**

**मुक्तक १**
समयले जन्मायो र जिउने बनायो
समस्याले गाँजेपछि पिउने बनायो
बेहोस हुँदा सम्झिन र च्यातेँ जिन्दगी
होसमा आउँदा त्यही जीवन सिउने बनायो ।

**मुक्तक २**
धेरै जोस बोकेर थोरै सम्हालिन जरूरी छ
पत्थरको जवाफ पत्थरले नै दिन जरूरी छ
राजनीतिमा राजनीति थपेरै भए पनि ए हजुर !
छिमेकीले हडपेको भूमि फिर्ता लिन जरूरी छ ।

**मुक्तक ३**
बुद्धि पलाउँछ जसको उसले बुद्धि तिखार्छ रे !
ज्ञानी जन्माउँछ जसले आफ्नो बुद्धि निखार्छ रे !
देख्छ अगाडि न त पछाडि घमण्ड चढेपछि
त्यस्ताले पछि पर्नुपर्ने गरिकन बुद्धि बिगार्छ रे !

**मुक्तक ४**
मेरो आँखा तिम्ले हेर्ने नजर भैदियोस्
मेरो छाती तिम्रै गाउँ सहर भैदियोस्
हिजोजस्तै आज अनि भोलि बनेर
आनन्दले सुन्न पाउने खबर भैदियोस् ।

**मुक्तक ५**
कामीले बनाएको खुँडा मन्दिरमा पसिरहेछ
कामी बाहिर र पुजारी मन्दिरभित्र बसिरहेछ
आँखामा यस्तरी घोच्यो कि दलित शब्दले
बिचराको आरनमा धर्धरी आँसु खसिरहेछ ।

# ए वासन्ती पालुवा

● **हरिमाया अधिकारी खतिवडा**
कङ्कर्ड, न्यु ह्याम्पसायर, अमेरिका

ए वासन्तिक पालुवा तिमी फेरि पलायौ
उमङ्ग, जोस र जाँगर लिई फेरि मौलायौ ।

म सुतिरहेको सर्पजस्तो मान्छेलाई
फेरि केही गर्नुपर्छ भनी टेरी लगायौ ।

तिम्रा ती कोमल पातहरू मभित्र सल्बलाई
मेरो सुप्तचेतना छामी हेरी मुस्कुरायौ ।

सबै रोकिए घरमा दैलोभित्र बसिरहे
मलाई प्रेरणा दिँदै साथी मेरी बनायौ ।

तिम्रो सौन्दर्य दर्शन गर्न मानिसको भीड
यहाँ सुन्दरी तिमी भेट्न हामी आज सुसेली आयौ।

●

# गजल

● **स्पन्दन विनोद**
**(विनोदप्रसाद धिमाल)**
अध्यक्ष, अनेसास पोर्तुगल

आँगनीमा सयपत्री-गोदावरी, ढकमक्क भेटिन्न,
एकैफ्कर खुसीको साँफ्क, फ्कमक्क भेटिन्न ।

म त्यस्तो देशको, नागरिक छु साथी,
स्वतन्त्र बाँचेको यौटै, गमक्क भेटिन्न ।

दुनियाँ माँफ्क चम्कियो, सगरमाथा - लुम्बिनी
आज देशभित्रै तुँवालोले, चमक्क भेटिन्न ।

वृद्धाश्रममा बुढाबुढी, महङ्गी हत्या-हिंसा बलात्कार,
यसलाई उछिनेर देश अघि, लमक्क भेटिन्न ।

अर्थतन्त्र धान्न युवा, प्रदेशमा बेचिँदा पनि,
देशको ढुकुटी किन होला, टमक्क भेटिन्न ।

●

# गीत

● **पुरु सुवेदी**
साउथ राइडिङ, भर्जिनिया, अमेरिका।

सन्तान सबै एकजुट छन्, रीसराग कसैमा छैन,
नातिले तिमीले भनेको पायो, आमा आँखा खोलिदेऊ ।

छोरीज्वाइँ सब खुसी छन्, भन्जो डाक्टर भयो,
तिमीले साँचेको खाना खायो, आमा आँखा खोलिदेऊ ।

तिम्रा आफन्त तिमीले चाहेजस्तै भएका छन्,
सन्तान सबैमा खुसी छायो, आमा आँखा खोलिदेऊ ।

छेउमा केक, फूल राखी, हजार बत्ती बाली कुरेका छन्,
प्रकाश देखियो, सूर्य उदायो, आमा आँखा खोलिदेऊ ।

तिमीले संसारका शुभेच्छुकहरूलाई धन्यवाद भन्यौ,
सब आत्माले फेरि गजल घन्कायो, आमा आँखा खोलिदेऊ ।

अविरल शुभकामना आफै पढ्न, सुन्न, सबैलाई चिन्न,
देखेँ तिम्रो मनले झन् मुटु धड्कायो, आमा आँखा खोलिदेऊ ।

तिम्रो जन्म उत्सव आयो, आमा आँखा खोलिदेऊ,
'पुरु' ले तिम्रो गीत गायो, आमा आँखा खोलिदेऊ ।

●

गीत

# दुई मुक्तक

● अरूण पौडेल
भनपा-२०, चितवन ।
हाल : योकोहामा, जापान

(१)
जसलाई साथी ठानेर गयो उही साथी अजिब भेटियो
हराएको छोरीको लाश त्यही घर नजिक भेटियो
हत्यारालाई पत्ता लगाई कारवाही गरियोस् भन्दा
डि.एन.ए.मा पनि राजनीति प्रभाव अधिक भेटियो ।

(२)
हत्यारा लुकाउन अनेक कष्ट गरेर
प्रहरीकै आगाडि प्रमाणहरू नष्ट गरेर
थर्काएर पठाइएको छ हेर्न दिइएन भित्र
बाआमाले भनेका छन् प्रस्ट गरेर ।

●

मुक्तक

# मुक्तकहरू

● ऋषि बराल
पोखरा-६, लेकसाइड

(१)
तेल थप्दै दियो बाल्ने पाला भएछु
फूल थिएँ गाँसिएर माला भएछु
भन्थ्यौ मलाई दिलको राजा बनाउँछु
सौभाग्यको सिन्दूर पोते बाला भएछु ।

(२)
दुई मुटु एक भयो गाँसिएर
छुट्टिन गारो भयो टाँसिएर
होस् गर माया भन्थे दलदल हो
जानीजानी सकियो भासिएर ।

(३)
सम्झनाले सताउँछ किन होला घरिघरि
शून्यताले बास गर्छ जब छैनौ वरिपरि
कोही भन्छन् तिमी एउटा कोही देउता मेरो
छोडिदियो उसैले नै चुडिएको फूलसरी ।

●

हाइकु

# पाँच हाइकु

● **कृष्ण बजगाईं**
बेलायत

१.
चञ्चल याद
निर्जन बनवास
अग्निपरीक्षा ।

२.
रातको गन्ध
सम्बन्धको हिसाब
चिसो ओछ्यान ।

३.
बागी समय
पल्लवित धरती
सिउँडी फूल ।

४.
लाशको नदी
सम्झनाको मलामी
प्रेम सन्नाटा ।

५.
लाहुरे फूल
मरुभूमिको यात्रा
उजाड बस्ती ।

●

हाइकु

# हाइकु

● **सबी श्रेष्ठ**
लिसबोन, पोर्चुगल

१
मुल्य के छ र ?
सडकको धुलो हुँ
कुल्चिए हुन्छ ।

२.
रातो गुलाब
टाँसिन्छ यो मुटुमा
मेरो के दोष ?

३.
म लड्छु सधैँ
शीत, सिरेटोसँग
न्यानो आशमा ।

४.
लाज लाग्दैन ?
माटोको परजीवी
थुक्क तँलाई ।

५.
हाँगाको मन
के थाहा रोयो कति
म झर्ने फूल !

●

# र अन्त्यमा ...

हाइकु

# हाइकुहरू

● **राधेश्याम लेकाली**
अध्यक्ष
केन्द्रीय कार्य समिति

बिहेघरमा
पुतलीको जोडी छ
आफू छु एक्लो ।

पानी बग्दै छ
बिजुली निदायो कि
दौडाइदेऊ ।

झण्डा उचाली
राधेश्याम लेकाली
बन्यो नेपाली ।

●

हाइकु

# तीन हाइकु

● **प्रकाश पौडेल ‘माइला’**
वरिष्ठ उपाध्यक्ष
केन्द्रीय कार्य समिति

गरागरामा
धानका बालाहरू
यो तातेसिना ।

फुजीको फेदी
तातेसिनाको यात्रा
हाइकु मेला ।

मिर्मिरे घाम
शीताम्य दूबोहरू
भिजेकी तिमी ।

●

# गजल

● **गणेश घिमिरे**
महासचिव, केन्द्रीय कार्य समिति

खुकुरी बनायो कसैले धारबिनाको,
र बनायो आफूलाई विचारबिनाको ।

ए तक्दिरलाई दोष दिनेहरू हो सोच,
कस्तो होला मान्छे कुनै आधारबिनाको ।

अचेल त यस्तो पनि लाग्न थालेको छ,
कता बरालिएला देश सरकारबिनाको ।

मन छोटिँदोरहेछ पर्खाइ लम्बिएपछि,
मौका आउला नआउला इन्तजारबिनाको ।

ज़बर्जस्ती यहाँ मुस्कुराउन लगाउँछन्,
बोकूँ कसरी म यो भारी प्यारबिनाको ।

●

# हार्दिक आभार

## सुशील नेपाल

सुशील नेपाल कवि तथा कथाकार हुन् । फुटकर रचना प्रकाशनको इतिहास चार दशकभन्दा बढी छ उनको । अमेरिकाको बोस्टनमा रहेर एकातर्फ कवि लेखकहरूलाई प्रोत्साहन र पुरस्कृत गर्दै आइरहेछन् भने अर्कोतिर आफैले पनि निरन्तर रूपमा कविता र कथाहरू लेखिरहेका छन् । उनी 'राजमित्र स्मृति प्रज्ञा पुरस्कार' का संस्थापक हुन् । उनी हरेक वर्ष मोती जयन्तीको अवसरमा आफ्नै राजमित्र प्राङ्गणमा भव्य कार्यक्रमको आयोजना गरी आफ्ना पितामाताको नामबाट स्थापित पुरस्कार प्रदान गर्ने गर्दछन् । अनेसास दर्पण प्रकाशनका लागि उनीबाट प्राप्त सहयोगका लागि हामी धन्यवाद व्यक्त गर्दछौँ ।

## विकास विष्ट

विकास विष्ट अनेसास न्युयोर्क च्याप्टरका पूर्व अध्यक्ष हुन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय सदस्य र कोषाध्यक्षमा रहेर समेत २ कार्यकाल पूरा गरेका उनी गीत र कविता क्षेत्रका राम्रा प्रतिभा हुन् । उनको गीतैगीतको पुस्तकाकार कृति प्रकाशित छ भने कतिपय गीत स्वरबद्ध र सङ्गीतबद्ध समेत छन् । न्युयोर्कमा धेरै स्रष्टाहरूलाई एकताबद्ध गरेर अनेसासको बृहत् परिवार निर्माण गर्न उनले खेलेको भूमिका अत्यन्त स्मरणीय छ । अभिनय कलामा समेत पोख्त छन् उनी । 'अनेसास दर्पण' का लागि प्राप्त आर्थिक सहयोगका लागि हार्दिक धन्यवाद भन्न चाहन्छौँ ।

## प्रकाश पौडेल 'माइला'

प्रकाश पौडेल 'माइला' हाइकु कविताका एक बलिया खम्बा हुन् । हाइकुको

सिङ्गो इतिहास कण्ठ छ उनलाई । रस, ध्वनि, अलङ्कारले अलङ्कृत कविता लेख्न एउटा सिद्धहस्त कवि जति गहिराईमा डुब्दछ त्यति नै गहिराईमा डुबेर हाइकुहरू लेखेका छन् उनले । रामकुमार पाँडेसित मिली निकालिएको 'हजार हाइकु' कृति नै यसको बलियो उदाहरण हो । दर्जन बढी कृति लेखन र सम्पादन गरेका उनको कथासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । साथमा राष्ट्रिय दैनिक पत्रिकाहरूमा नियमित लेख-रचनाहरू प्रकाशित भइरहन्छन् ।

प्रवासी नेपाली साहित्यको सन्दर्भमा बिर्सन नहुने नाम हो प्रकाश पौडेल 'माइला' । आफूले पनि लेख्ने, लेख्नका लागि अरूहरूलाई अझ धेरै प्रोत्साहित गर्ने र सुन्दर साहित्यिक वातावरण निर्माण गर्ने प्रवृत्ति उनमा पाइन्छ । साहित्यिक संस्थाको उन्नतिका लागि ज्यानै दिएर लागिपर्ने स्वभावका कारण स्रष्टाहरूमाझ लोकप्रिय समेत छन् उनी । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजमा एक दशकभन्दा लामो इतिहास बनाएका उनका ठोस कामहरूको सूची पनि लामै छ । 'अनेसास दर्पण' प्रकाशनका लागि आर्थिक सहयोगमा हात बढाउने उनी नै पहिला व्यक्ति हुन् । यसका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

## सुनील संगम

सुनील संगम राम्रा गीतकार हुन् । रेडियो नेपालमा २०५७ सालमा उत्कृष्ट गीतकार पुरस्कार जितेका उनले गीतकै पुस्तकाकार कृतिमा अनेसास गीत पुरस्कार पाएका छन् । यसबाहेक गजल र मुक्तकमा समेत उनको कलम सार्थक बन्दै गएको छ । गजल र मुक्तकका कृतिहरू प्रकाशित गर्ने योजनामा छन् उनी । अनेसासमा उनको पनि एक दशक जति लामो इतिहास छ । युरोपबाट उपाध्यक्ष पदमा निर्वाचित भएका उनले यसपटक 'अनेसास दर्पण' का लागि आर्थिक सहयोग गरेका छन् । हार्दिक धन्यवाद छ उनलाई ।

## ईश्वरी भट्ट

ईश्वरी भट्ट अनेसास न्यु ह्याम्पसायर च्याप्टरका संस्थापक महासचिव हुन् । संस्थापना कालदेखि आजपर्यन्त नै प्रधान सम्पादकको भूमिका निर्वाह

गर्दै आएका उनी अनेसास बोर्ड अफ् ट्रस्टीअन्तर्गतको पुरस्कार समिति २०१८-२०२० का सदस्य समेत हुन् भने गैरआवासीय नेपाली सङ्घ, न्यु ह्याम्पसायरका संस्थापक अध्यक्ष भएर उनले प्रवासी नेपालीहरूको हक, हित र प्रतिष्ठाका लागि खट्ने कर्मशील व्यक्तित्वको चिनारी बनाएका छन् आफ्नो क्षेत्रमा ।

'आमा र माटो' तेस्रो च्याप्टर सम्मेलन जापानमा विमोचन गरिएको कवितासङ्ग्रहका कवि ईश्वरी भट्ट एक कुशल सर्जक हुन् । देशप्रेम, संस्कृतिप्रेम र समसामयिक विषयवस्तुमा कलम चलाउँदै आएका भट्टका कविता मर्मस्पर्शी हुन्छन् । न्यु ह्याम्पसायर क्षेत्रका स्रष्टाका रचनाहरूलाई समेटेर निकालिएको साहित्यिक पत्रिकाका संयोजक र प्रधान सम्पादक हुन् उनी । उनी आफू मात्र लेख्दैनन्, अरूलाई पनि लेख्न प्रेरित गर्छन् । न्यु ह्याम्पसायर त्यस्तो क्षेत्र हो जहाँ नेपाली बालबालिकाहरू अनेकौँ सिर्जनात्मक कर्ममा भाग लिइरहन्छन् । साँस्कृतिक कार्यक्रमहरू हुन्छ त्यहाँ । यसरी नेपाली साहित्य, कला र संस्कृतिलाई दोस्रो पुस्तामा हस्तान्तरण गर्नेजस्तो महत्त्वपूर्ण कार्यहरू गरिरहेछन् उनी । यस्ता मनकारी व्यक्तिले अनेसास दर्पणका लागि समेत ठुलो सहयोग गरेका छन् । उनलाई हार्दिक धन्यवाद भन्न चाहन्छौँ हामी ।

## अनेसास न्यु ह्याम्पसायर च्याप्टर

अनेसास न्यु ह्याम्पसायर च्याप्टर सिङ्गो अनेसास परिवारमै अनुकरणीय च्याप्टर हो । नीलुकृष्ण गिरी, ईश्वरी भट्ट, हरिमाया अधिकारीजस्ता कर्मशील र मनकारी सयौँ नेपालीहरूले बनेको यस फूलबारीमा प्रतिभारूपी अनेकौँ फूलहरू मगमगाइरहेछन् अहिले । बालकेन्द्रित धेरै कार्यक्रमहरू हुन्छन् त्यहाँ । अनेसासका अन्य च्याप्टरको दाँजोमा यसले गरेको आर्थिक प्रगति पनि रहरलाग्दो छ । अग्रज स्रष्टाहरूको सम्मान गर्दै आएको छ यस च्याप्टरले ।

'अनेसास दर्पण' का लागि समेत सहयोग गर्न भ्याउनु भनेको साँच्चैको महानता हो । हार्दिक धन्यवाद छ न्यु ह्याम्पसायर च्याप्टरलाई ।

## पदम विश्वकर्मा

अनेसासमा पदम विश्वकर्मा चिनाइरहनुपर्ने नाम होइन कुनै पनि प्रवासी नेपाली स्रष्टाहरू माझ । एक कार्यकाल केन्द्रीय महासचिव, दुई कार्यकाल केन्द्रीय अध्यक्ष र अहिले बोर्ड अफ् ट्रस्टिज उपाध्यक्षको रूपमा कार्य गरिरहेका उनको 'पदम विश्वकर्मा' नाम नै काफ़ी छ। अनेसासका देशविदेशका साहित्यिक कार्यक्रमहरूमा निकै नै बाक्लो उपस्थिति जनाएर साहित्यप्रति तन, मन र धनद्वारा समर्पित बनेका छन् उनी । यति धेरै सक्रियता अन्य कमै व्यक्तिमा देख्न सकिन्छ ।

कविताबाट साहित्यिक यात्रा अगाडि बढाएका पदमको कलम अहिले कथा, गीत, गजलमा पनि बाक्लिँदै गएको छ। पछिल्ला चरणका रचनामा उनको अनुभव र स्वाध्ययनको टड्कारो छाप पाइन्छ । बारबारको सभा-समारोहको उपस्थिति र स्वाध्ययनबाट उनका रचनामा आइरहेको निखार नवप्रवेशी स्रष्टाका लागि वास्तवमै प्रेरणाको विषय हो । उनका रचनामा निकै राम्रो प्रगति भएको अनुभव हुन्छ, उदाहरण हो नवराज वि.क.माथि लेखिएको कविता । 'अनेसास दर्पण' का लागि प्राप्त आर्थिक सहयोगका लागि धन्यवाद भन्दछौँ ।

## आचार्य राजन शर्मा

आचार्य राजन शर्माको वास्तविक नाम भीमसेन सापकोटा हो। सकारात्मक सोचको अभियन्ताका रूपमा उनको परिचय निकै फराकिलो बन्दै गएको देखिन्छ। आफ्ना प्रवचनहरूका माध्यमबाट मानव मूल्यको जगेर्नाका लागि गरेका कार्यहरू निकै प्रशंसनीय लाग्छन्। हामी सबै सकारात्मक पथका पदयात्री बनेमा विश्वभरि नै शान्ति छाउँछ र विश्व मानवतामै ठुलो प्रगति हुन्छ भन्ने उनको धारणा छ । उनी एकातर्फ ध्यान, योग, प्राणायामको प्रशिक्षणहरू दिन्छन् भने अर्कोतर्फ सकारात्मक सोचबारेका प्रवचन पनि दिइरहेका हुन्छन् ।

नेपाली साहित्य पनि सकारात्मक सोचयुक्त हुनुपर्छ, निराशा, कुण्ठा साहित्यको विषय हुनुहुँदैन भन्ने तर्क अघि सार्दछन् । यौन, युवतीका नखशिख वर्णन आदिमा उनी त्यति रुचि राख्दैनन्। पूर्वीय आदर्श र चिन्तनको उज्यालोमा

हिँडेर विश्वमा हामीले हाम्रो परिचयको छाप छोड्नुपर्छ भन्ने उनको मान्यता छ। उनका सकारात्मक सोचबारेका मन्तव्यहरूमा निकै प्रौढ़ता झल्किएको हुन्छ। अनेसासलाई आर्थिक रूपमा सम्पन्न बनाउनुपर्ने हाम्रो लक्ष्य हुनुपर्छ भन्नेमा उनी जोड़ दिइरहेका हुन्छन्। सँधै हँसमुखका साथ प्रस्तुत हुने उनी व्यवहारमा सरल र सहयोगी देखा पर्छन्। अनेसासमा उनको उपस्थिति एक दशककै हाराहारीको छ। 'अनेसास दर्पण' प्रकाशनका लागि प्राप्त आर्थिक सहयोगका लागि हार्दिक धन्यवाद भन्न चाहन्छौँ।

## लालगोपाल सुवेदी

लालगोपाल सुवेदी युवापुस्ताका सशक्त कवि तथा गीतकार हुन्। उनका कविता, गीत, बालकविता, निबन्ध, समालोचना, व्याकरण र सन्दर्भ पुस्तकसहित १८ कृति प्रकाशित छन्। एम.ए. नेपालीमा गोल्डमेडलिस्ट सुवेदीले नाम चलेका विद्यालय, महाविद्यालयमा नेपाली विषयमा १८ वर्ष शिक्षण गरे भने आर.आर. क्याम्पसमा प्राध्यापन समेत गर्न भ्याए। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रथम स्थानसहित ३ पटक पुरस्कृत बनेका उनले राष्ट्रिय प्रतिभा तथा युवा वर्ष मोती पुरस्कार प्राप्त गरेका छन्। अमेरिका गएपछि अनेसासमा सन् २०१२ देखि नै सम्बद्ध रहँदै आएका छन्। 'अनेसास दर्पण' का लागि प्राप्त आर्थिक सौजन्यका लागि सम्पादक समूह धन्यवाद भन्न चाहन्छ।

## राधेश्याम लेकाली

राधेश्याम लेकाली वि.सं. तिसको दशकबाटै नेपाली साहित्यमा उदाएका स्रष्टा हुन्। बीसौँ वर्षदेखि दर्जनौँ ख्यातिप्राप्त साहित्यिक संस्थाहरू हाँक्दै अगाडि बढाउने क्रममा बटुलेका बहुविध र दीर्घ अनुभव निश्चित रूपमा अनेसासको पूँजी बनेको छ जुन विभिन्न सभा, समारोह र कार्यक्रमहरूमा प्रतिबिम्बित भएका छन्। नेपाली साहित्यलाई विश्वव्यापीकरण गर्न, पुरस्कारहरूलाई मर्यादित बनाउन र अनेसासको आकार बढाउन गरिएका कार्यहरू साँच्चै नै स्मरणीय छन्।

लेकाली स्वयम्मा पाका स्रष्टा हुन्। तीनदर्जन त उनका प्रकाशित कृतिहरू

छन् । उनी आफैमा चौतारी पनि हुन् । प्रवासबाट नेपाल जाने सयौँ कवि-लेखक झोला बिसाउन जाने उनैकोमा हो । प्रवासका सयौँ स्रष्टालाई साहित्य यात्रामा हिँडाएका छन् उनले । आर्थिक सौजन्यका लागि हार्दिक धन्यवाद दिन चाहन्छौँ हामी ।

## गणेश घिमिरे

गणेश घिमिरे अनेसास परिवारमा युवावयको रहरलाग्दो जुझारु नाम हो । गजल र कविता क्षेत्रमा यत्रतत्र सर्वत्र जुझारुपन भेट्न सकिन्छ। उनका गजलहरू राम्रा र मीठा छन् । पछिल्लो चरणमा आएका गद्यकविताहरू पनि निकै राम्रा र मर्मस्पर्शी छन् । नेपालमा एकल कविता वाचन गर्ने क्रममा धेरै लेखक कवि लेखकको मन जित्न सफल भएका थिए उनी । अनेसास संवाद कार्यक्रम चलाएर प्रदर्शन गरेको कुशलता अत्यन्त प्रशंसायोग्य छ। ठूला सभा-सम्मेलनको आयोजनामा देखाएको कुशलता अर्को प्रशंसायोग्य पाटो हो । कतै सक्रियता कतै सहयोगी मनबाट गणेश घिमिरे गणेश घिमिरे बनेका छन् । आर्थिक सौजन्यका लागि हार्दिक धन्यवाद भन्दछौँ ।

●